# मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म

(जीवनी)

नइ प्रकाशन

२०५२

# मोदनाथ प्रश्रित
## भुइँदेखि शिखरसम्म

नरेन्द्रराज प्रसाई

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : nai.com.np
शुद्धाशुद्धि : लवप्रसाद भण्डारी
आवरण सज्जा : रमेश पौडेल
प्रथम संस्करण : २०७९ साल
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १६६
मोल : तीन सय रुपियाँ
© सुरक्षित, २०७९ (2023)
ISBN:978-9937-786-00-3
A Biography of Mod Nath Prashrit by Narendra Raj Prasai

देशभक्तिपूर्ण सङ्घर्षमा समाहित हुनेहरूलाई
समर्पण !

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

नरेन्द्रराज प्रसाईको नेपाली भाषासाहित्यमा सङ्गठनात्मक शैली र सिर्जनात्मक कार्य बराबरी मानिन्छ । प्रसाईको सिर्जनात्मक लेखनकार्यमध्ये जीवनीलेखनलाई मुख्य रूपमा लिइन्छ । प्रसाईद्वारा लिखित तथा सम्पादित साढे सात दर्जनजति कृतिमध्ये साढे दुई दर्जन जीवनीकृति प्रकाशित भइसकेका छन् भने आठ सयवटाजति फुटकर लेख र जीवनी प्रकाशनमा आइसकेका छन् ।

नरेन्द्रराज प्रसाईद्वारा लिखित **मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म**मा सङ्क्षेपमा भए पनि नेपालको समकालीन राजनैतिक व्यवस्थाको अवस्थाको टड्कारो परिचय दिएको पाइन्छ । यस ग्रन्थमा डा.प्रश्रितको जीवनको सम्पूर्ण तथ्यलाई सङ्क्षेपमा नै भए पनि एकएक गरेर सग्लो रूपमा प्रस्तुत गरिएको छ । यस कृतिभित्र नेपालको कम्युनिस्टको इतिहासका पृष्ठहरू पनि गाँसिएका छन् । साथै यस कृतिले नेपाली साहित्यको सग्लो रूपरेखाको चित्रण गर्न पनि भ्याएको छ । अनि यस कृतिले नेपाली भाषासाहित्यका महारथी डा.मोदनाथ प्रश्रितलाई जसरी र जुन रूपमा उभ्याएको छ त्यसरी नै नेपाली साहित्यको स्थिति र व्यवस्थाका कुरा पनि सँगसँगै औँल्याउँदै लगिएको छ । त्यसैले पनि प्रस्तुत कृति पठनीय मात्र नभएर सङ्ग्रहणीय पनि छ भन्ने हामीलाई लागेको छ ।

**मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म**नामक कृति प्रकाशन गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# विषयसूची


- भुइँदेखि शिखरसम्मको मेरो यात्रा– **मोदनाथ प्रश्रित** • ११
- मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म– **लेखकीय** • १७

१. मोदनाथ प्रश्रितका पुर्खा र बुबाको चिनारी • ३७
२. मोदनाथ प्रश्रितको जन्म र शिक्षा • ४५
३. मोदनाथ प्रश्रितको आर्थिक अवस्था • ५४
४. मोदनाथ प्रश्रितको दु:खद र विपद्को पारिवारिक जीवन • ६१
५. मोदनाथ प्रश्रितको कविता गौतमसँगको सहयात्रा • ६५
६. मोदनाथ प्रश्रितका छोराबुहारीको रोचक कथा • ७५
७. मोदनाथ प्रश्रितको राजनीतिक जीवन • ८०
८. मोदनाथ प्रश्रितको पुष्पलालप्रतिको श्रद्धा • ९४
९. मोदनाथ प्रश्रितको मदन भण्डारीसँग सम्बन्ध • १०१
१०. मोदनाथ प्रश्रित र शान्ता मानवीको प्रसङ्ग • १०७
११. मोदनाथ प्रश्रितको मन्त्रित्व • ११५
१२. मोदनाथ प्रश्रितको देशभक्ति र पृथ्वीनारायण शाह • १२७
१३. मोदनाथ प्रश्रितको विद्रोह, सीप र कला • १३५
१४. मोदनाथ प्रश्रितको साहित्यिक यात्राको बीउ • १४१
१५. मोदनाथ प्रश्रितको क्रान्तिकारी सांस्कृतिक यात्रा • १४६
१६. मोदनाथ प्रश्रितको साहित्यिक पत्रकारिता • १५६
१७. मोदनाथ प्रश्रितको कलाकारिता • १५९
१८. मोदनाथ प्रश्रितको नेपाल प्रज्ञाप्रतिष्ठानसँगको नाता • १६४

१९. मोदनाथ प्रश्रितको नेतृत्वमा देवकोटा शतवार्षिकी • १६९
२०. मोदनाथ प्रश्रितको देशविदेश भ्रमण • १७७
२१. मोदनाथ प्रश्रितका पुरस्कारहरू • १८४
२२. मोदनाथ प्रश्रितका कृतिहरू • १८८
• **लेखक परिचय** • २०१

# भुइँदेखि शिखरसम्मको मेरो यात्रा

नरेन्द्रराज प्रसाई सामाजिक जीवनका विविध पक्षहरूलाई व्यवस्थित रूपले खोजी अध्ययन गर्ने, आफूलाई विशेष रूपले घत लागेका विषयलाई प्रकाशनद्वारा अघि सार्ने कामहरूमा अनवरत रूपले क्रियाशील भएको कुरा सर्वविदित नै छ ।

यो कुरा म फेरि पनि भन्दै छु– 'म जेलजीवनबाट बाहिरिएपछि धेरै साहित्यकारहरूसँगको सम्पर्कमा रहेँ । त्यही क्रममा साहित्यिक अभियन्ता नरेन्द्रराज प्रसाईको लेखनसँग पनि क्रमश: परिचित हुन थालेँ । खास गरेर त्यस बेलादेखि नै उनले लेख्ने गरेका समाजमा विशेष कर्म गरेर पनि अँध्यारामा रहेका मानिसहरूका जीवनीले मलाई निकै प्रभाव पार्दै आएको थियो । किनभने कथा, कविता लेख्नेहरूको त हाम्रो साहित्यमा बाहुल्य नै छ तर अरूको कथा अर्थात् जीवनी साहित्यले भने अझै मौलाउने अवसर पाएको छैन । यसै फाँटका कामहरूमा अविश्रान्त लेखक नरेन्द्रराज प्रसाई लागिपरेका छन्, जुन समग्र साहित्यिक संसारका लागि नै उपलब्धिको कुरा हो ।'

नरेन्द्रराज प्रसाई र मेरो राजनीतिक सिद्धान्त जहाँ र जेजस्तो भए तापनि अहिले हामी राजनीतिमा सक्रिय छैनौँ । हामीबीच लामो समयदेखि साहित्यिक रूपमा सम्बन्ध मौलाउँदै आएको छ । यसै सन्दर्भमा मेरो जीवनका विविध पक्षलाई खोज्दै, समेट्दै अन्तत: एउटा महत्त्वपूर्ण पुस्तक नै तयार भएको देख्दा प्रसाईप्रति मैले हार्दिक कृतज्ञता ज्ञापन गर्न कर्तव्य ठानेको छु ।

प्रसाईले मेरो पूर्वजको इतिहास तथा वर्तमान, हाम्रो घरगृहस्थी, मेरो राजनैतिक गतिविधि र साहित्यिक जीवन एवम् मैले गरेका सामाजिक कार्यलाई शृङ्खलाबद्ध रूपमा समेटेर मेरो जीवनयात्राका विविध पक्षलाई एउटा लामै मालाका रूपमा यसै कृतिभित्र उनेका छन् । मेरा प्राय: सम्पूर्ण गतिविधिहरू 'मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म'भित्र समावेश भएका कारण यस कृतिभित्र मेरो विशेष मोह बढेको छ ।

प्रसाईले हाम्रो पूर्वजहरूको इतिहासलाई पनि पारा मिलाएर खोतलेका छन् । हाम्रो परिवारको सामाजिक, साहित्यिक, सांस्कृतिक, राजनैतिक आदि विषयमा हामीले केके काम गर्दै आयौँ ? हाम्रो परस्परको सम्बन्धले विगतदेखि वर्तमानसम्म केकस्तो रूप लिँदै आयो ? हामीले विगतको सामन्तवादी समाजका घातक तत्त्वहरूलाई कसरी परास्त गर्दै आयौँ ? समग्र विश्व विकासको प्रक्रियामा हाम्रो परिवारको जीवनयात्रा कतिको गतिशील भएको छ ? हाम्रो समाजलाई युगानुरूप गतिशील तुल्याउन हामी कतिको जागरूक र सक्रिय भएका छौँ ? त्यस बखतदेखि अहिलेसम्म हाम्रा चिन्तन केकस्ता देखिए ? विविध बखेडा बाजी गर्ने र तिनीहरू नै समाजमा नाइके हुने, तिनैबाट आफ्ना मित्रहरूलाई मात्र अघि बढाउने र जतिसुकै योग्य भए तापनि आफ्नो विपरीत ठानिएकाहरूलाई ध्वस्त पार्न पनि अघि सर्ने प्रवृत्तिलाई हामीले कसरी परास्त गर्न सक्छौँ ? राष्ट्रमा हामी के कसरी प्रताडित भइरहेका छौँ ? यी इत्यादि कुराको बिम्ब समाएर यस पुस्तकमा सौन्दर्यमूलक ढङ्गबाट प्रस्तुत गर्न लेखक सफल भएका छन् ।

समग्र विश्व युगानुरूप अघि बढिरहेका बेला हाम्रो समाजका अधिकांश गतिविधि भने उल्टो गतितिर बढिरहेको देखिन्छ । विकासको द्रुत गतिमा अगाडि बढिरहेको विश्वमाझ हाम्रा सोच र योजनाहरू कस्ता छन् ? यी यस्ता प्रसङ्गले हाम्रा मानसपटमा खुलदुली मच्चाउँदै

छन् भने अहिलेको अवस्थालाई मनोवैज्ञानिक ढङ्गबाट लेखकद्वारा यस कृतिमा प्रस्तुत भएको देखिन्छ ।

म एउटा लेखक, साहित्यकार; अध्ययन, चिन्तन, सिर्जनाबाट आफ्नो क्षमताअनुसार समाजलाई मैले केकस्तो दिन सक्छु ? अहिलेसम्म मैले आफ्नो साहित्य सिर्जना, राजनीतिक चेतना, सांस्कृतिक गतिविधि, मेलमिलापका भावना आदिबाट समाजलाई जे दिन सक्छु, म त्यही दिने प्रयत्न गरिरहेको छु । ती तथ्यलाई समेत प्रसाईका कलमले यस कृतिमा खुलाएको यथार्थ मैले पाएँ ।

हामीलाई साहित्यिक, सांस्कृतिक, सामाजिक चेतनाले जेजति प्रेरणा दिइरहेका छन्, तापनि विज्ञानको क्षेत्रमा हाम्रो स्थिति निकै कमजोर छ । होहल्लाको हैकमका आँधीबेहरीहरू उफ्रँदै छन् । यस्तो स्थितिलाई युगानुरूप ढङ्गले अघि बढाउन हामी धेरैभन्दा धेरै जनतालाई कसरी उत्प्रेरित गर्न सक्छौँ ? अहिलेको सबभन्दा जटिल समस्या यही हो । यसबारे बहुसङ्ख्यक जनतामा जागरूक चिन्तन र अग्रगमनको सिद्धान्तमा आधारित सोचको आवश्यकता पर्ने कुराबारे पनि प्रस्तुत कृति लक्षित देखिन्छ ।

मेरो जीवनयात्राका साहित्य, संस्कृति, कला, समाजशास्त्र, राजनीति, आयुर्वैदिक चिकित्सा, शिक्षालगायतका विविध पक्षबारे नरेन्द्रराज प्रसाईले जेजस्तो चित्रण गरेका छन् त्यो मेरा निम्ति गौरव गर्नलायक विषय बनेको छ । वास्तवमा ‘मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म’ जीवनीकृति मेरो समग्र जीवनको एउटा स्पष्ट आकृति भएको मैले ठहर गरेको छु ।

नेपालका थरीथरीका झन्डाहरूले सकारात्मक र नकारात्मक दुवै थरी प्रतिक्रिया देखाइरहेका छन् । आफैँले उठाएका क्रान्तिलाई आफैँ भत्काउने, एकतालाई अनेक प्रयत्नले भत्काउने द्वन्द्व चलिरहेको वर्तमान स्थितिमा हामी सकारात्मक पक्षमा सहयोद्धाका रूपमा अघि

बढ्न सकौँ भन्ने मान्यताको सन्देश प्रसाईले प्रस्तुत कृतिमार्फत दिएका छन् । उनी जुन सिद्धान्तका पारखी भए तापनि उनले झन्डा र ढुङ्गामुढा उठाएको कसैले देख्न सकेका छैनन् । तर उनी सशक्त कलमवीरचाहिँ हुन् र त्यही कलमको साइनो गासिँदै जाँदा तीन दशकदेखि नरेन्द्रराज प्रसाई र मोदनाथ प्रश्रितलाई साहित्यको एउटै चौतारामा बसेको अरूहरू धेरैले देख्न पाए । यस विषयको उचाइ प्राप्त गराउने तत्त्व नै साहित्य हो ।

नरेन्द्रराज प्रसाईको नेपाली साहित्यप्रतिको निष्ठा र समर्पण सबैका लागि अनुकरणीय छँदै छ । राजनीतिक मातमा परेका खेतालाहरूले प्रसाईको गौरवपूर्ण साहित्यिक यात्रालाई बिटुल्याउन अनेक प्रपञ्च नगरेका पनि होइनन् र प्रसाईको लेखनी मास्नेहेतु जुलुस नगरेका पनि थिएनन् । तर ती पानीका छिपछिपे ओसका रसायनले खोइ के अर्थ राख्न सक्यो त ? आफूहरू गर्न नसक्ने र अरू गर्नेको ईर्ष्या र डाहा गर्ने त हाम्रो संस्कृति नै हुन थालिसकेको छ । तर पनि यी सबै छेकबार पन्साएर प्रसाई साहित्यिक सिर्जनात्मक र सङ्गठनात्मक साधनामा एकोहोरो व्यस्त देखिए र उनले जितेको कारण पनि यही नै हो । साहित्य, संस्कृति, मित्रता, उद्यमशील चिन्तनमा सकारात्मक सोचसहित अग्रसर भइरहने प्रयत्नमा एकताबद्ध भएर अघि बढ्न सकिन्छ भन्ने पाठ र विपरीत सिद्धान्तका मान्छेलाई केकस्तो तरिकाले प्रस्तुत गर्न सकिँदो रहेछ भन्ने कुरा प्रसाईले यसै कृतिमार्फत प्रकट गरेका छन् । यस कृतिबाट युगानुरूप समाज र विश्वले प्रेरणा पाउनेछ भन्ने मैले आशासमेत गरेको छु ।

जीवनीलेखनमा सिद्धहस्त मानिएका नरेन्द्रराज प्रसाईबाट मेरो जीवनी लेखिनाले नेपालको राजनीतिक क्षेत्र र नेपाली साहित्य संसारमा बेग्लै महत्त्व राख्छ भन्ने मेरो ठम्याइ छ । आफ्नो सिद्धान्तमा बज्र र चट्टानझैँ मानिएका एउटा गैरगणतान्त्रिक लेखकबाट मेरो जीवनीकृति लेखिनु विशेष आश्चर्यको कुरा त हुँदै हो, तर पनि यति

निष्पक्ष र खुलस्त भएर मेराबारे लेखिएको घटनालाई फेरि अर्को आश्चर्य नै मान्नुपर्ने हुन्छ ।

नरेन्द्रराज प्रसाई स्वभावैले खरो, निर्भीक, निस्पक्ष र दूरदर्शी चेत भएको तथ्य नेपाली समाजमा प्रस्टै छ । नेपाली भाषासाहित्यका तिनै भक्तद्वारा मेरो जीवनी लेखिनुलाई मैले मेरो जीवनको महत्त्वपूर्ण पुरस्कार सम्झेको छु ।

उत्कृष्ट साहित्यद्वारा हाम्रो राष्ट्रलाई निरन्तर अघि बढाउन नइ र नइ प्रकाशन सक्रिय रूपमा क्रियाशील भइरहेको छ । वर्तमान राजनीतिको धमिलो, मैलो, फोहोर खेलको भासमा नपरी निरपेक्ष भएर बिनाभेदभाव र बिनापूर्वाग्रह वाङ्मयलाई शिरैमा बोकेर अगि बढिरहेका नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई अथवा नइको यो रीत अझै फस्टाइरहोस् भन्ने मैले कामना गरेको छु ।

२०७९.३.६

**• मोदनाथ प्रश्रित**

# मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म

मोदनाथ प्रश्रित कुनै बेला नेपाली कम्युनिस्टका धाम थिए । उनको नाउँ लिएर गर्व मान्ने मान्छे पनि थिए । उनको कृति पढेपछि कम्युनिस्ट भइन्छ भन्ने भावना पाल्ने पनि थिए । खास गरेर नेपालमा बहुदलीय व्यवस्थाको आगमन भएपछि अर्थात् २०४६ सालपछि मोदनाथ प्रश्रित नेपाली कम्युनिस्टहरूमध्ये पुष्पलालका अनुयायीदेखि झापाविद्रोहबाट पलाएका तमाम कम्युनिस्टका आदर्श गुरु भए । त्यतिखेर मोदनाथ प्रश्रितको आयश्रोत भनेको नै उनका कृति बिक्रीबाट आउने रकम हुन्थ्यो । वास्तवमा उनका किताप लोकप्रिय थिए र खुबै बिक्थे । उनले लेखेका कृति त्यस बेला पसलमा राख्नासाथै हारालुछै हुन्थे । धेरै बिकेका कारण उनका कितापहरू अरूहरूले कपी गरेर पनि छापेर बेच्थे । उनी मलाई भन्थे– 'त्यस्तालाई मुद्दा हालौँ भाइ !' म भन्थेँ– 'सरस्वती चोरेर खाउन्, बेचेर खाउन्; दाजु चुप लागौँ !'

नेपाली कम्युनिस्ट आन्दोलनमा लागेका मध्ये (पुष्पलालदेखि झापाविद्रोहबाट पलाएका कम्युनिस्टसम्मको) हिसाबकिताप गर्ने हो भने मोहनचन्द्र अधिकारी, मोदनाथ प्रश्रित, सीपी मैनाली, अष्टलक्ष्मी शाक्य, वामदेव गौतम, प्रदीप नेपाल, कमल कोइराला आदि भारतका वा चीनका भरिया या हुलाकी भनेर कहिले चिनिएनन् । उनीहरूलाई विशुद्ध नेपालवादी भनेरै चिनिन्थ्यो । अझैसम्म पनि यी केही व्यक्तिहरूलाई कुनै पनि देशका वारिसे भनेको सुनिएको छैन ।

यता नारायणमान बिजुक्छे 'रोहित', मोहनविक्रम सिंह, निर्मल लामा, चित्रबहादुर केसी आदिहरू पनि नेपालवादीकै छविमा स्थापित भए । अब अरूहरू अरू देशका वारिसे भए अथवा देशभक्त चिन्तक भए त्यसबारे इतिहासले दूधको दूध र पानीको पानी छुट्ट्याउने नै छ । त्यसबारे मलाई 'तित्राको मुख बैरी' हुनुपरेको पनि छैन । यति हो, मेरो देशमा चाहिँ कुनै पनि नेता लेण्डुप दोर्जेचाहिँ नभइदिऊन् किनभने मलाई हरेक अवस्थामा मेरो देश सार्वभौम नेपाल नै चाहिन्छ ।

गोविन्द भट्टको शब्दमा भन्ने हो भने 'मोदनाथ प्रश्रित नेपाल कम्युनिस्ट पार्टीका एउटा जीवन्त व्यक्तित्व हुन्, जसको अभावमा त्यस पार्टीभित्र ठूलो खाडल भेटिन्छ ।' नेपालमा बहुदलीय व्यवस्था आएपछिका दिनमा नेपाल कम्युनिस्ट पार्टी एमाले पनि सरकारमा पुग्यो । त्यस सरकारका हर्ताकर्ता मन्त्रीका रूपमा मोदनाथ प्रश्रित पनि देखिएका थिए । त्यस बेलादेखि उनको सामाजिक हैसियत पनि खच्किन थालेको थियो । त्यसैले पछिल्ला दिनमा प्रश्रितले मलाई भनेका थिए– 'कसैलाई बिगार्नु पर्‍यो भने मन्त्री बनाइदिए हुन्छ ।'

'कसैलाई बिगार्नुपरे त्यसलाई मन्त्री बनाइदिए हुन्छ' प्रश्रितको यो वाणी मलाई बेठीक पनि लाग्दैन । तर देशमा केही गर्नु छ भने त्यसले मन्त्री हुनै पर्छ भन्नेको प्रमाण लक्ष्मीप्रसाद देवकोटाको मन्त्रित्व र मोदनाथ प्रश्रितको मन्त्रित्व हेरे पुग्दछ । एक जना महाकवि र अर्को एक जना फेरि महाकवि नै नेपालका शिक्षामन्त्री भए । दुवै महाकविले देश र जनताका लागि काम गरे । दुवै जना महाकविको मन्त्रित्वमा अरूहरूको जैँ विवाद पनि आएन । दुवैले आआफ्नो कार्यकालमा आआफ्नो पद सहज, सरल र शालीन तरिकाले सम्पन्न गरेका थिए । यी दुवै जना मन्त्री भएर पनि बाँचे । आआफ्नो छोटो पदीय अवधिमा देवकोटा र प्रश्रितले जेजे गर्न भ्याए त्यहीत्यही गरे ।

यी दुवै जना मन्त्री भएर नेपालको मन्त्रीको इज्जतको अ‍ॅ टड्कारो रेखाङ्कन कायम गरिदिए ।

●●

आजभन्दा तीस वर्षअघि नै मैले मोदनाथ प्रश्रितबारे कलम चलाउन थालेको थिएँ । सुरुका दिन भेटेपछि उनीबारे मैले मेरो डायरीमा केही शब्द कोरेको थिएँ । अनि क्रमश: डायरी भरिएपछि मैले 'स्वयम्भूपछाडि' भन्ने एउटा निबन्ध लेखें । अनि त्यो निबन्ध मैले 'मेरो मोती पुरस्कार'नामक निबन्धसङ्ग्रह (२०४९)मा छपाएँ । मैले प्रश्रितबारे सुरुमा लेखेको उक्त निबन्ध यहाँ पनि जस्ताको तस्तै राख्ने सन्दर्भ ठानेको छु–

'मोदनाथ प्रश्रित नारायणघाटको कुनै एउटा ठाउँमा बस पर्खेर उभिइरहेका रहेछन् । त्यही ठाउँमा यिनले बस चढ्न खोज्दा बसले नै यिनको देब्रे खुट्टा किचिदिएछ । त्यसपछि घाइतेलाई काठमाडौँ ल्याई शिक्षण अस्पतालमा भर्ना गरिएछ । यस कुराको सुइँको डा.तारानाथ शर्माले पाएछन् । अनि यो जानकारी उनैबाट मैले पनि पाएँ । भनौँ, डा.शर्माले टेलिफोनबाट मलाई यसबारे बेलीबिस्तार लाए । डा.शर्माको कुरा सुन्दासुन्दै मेरो मन ळवाट्टै अर्घाखाँची पुगेको थियो । त्यसै बेला मेरो मन आफ्ना गुरुहरूका हातबाट अबिर र मालाले ळकिळकाउ भएका बालकमाथि केन्द्रित भयो । अथवा राम्राराम्रा कविता रचेबापत गाउँमा अबिरजात्रा गराइएका नौ वर्षका मोदनाथ प्रश्रित मेरो हृदयमा मुस्काइरहे । म यस्तै कल्पनामा डुबिरहेका बेला टेलिफोनबाट अर्को संवाद निस्क्यो– 'भाइ ! हेर्न जाने होइन त ?' त्यसपछि मेरो मन फुर्तिलो भएको अनुभूति मैले तत्कालै समेटेको थिएँ । डा.शर्माको साहित्यकारहरूप्रतिको सकारात्मक विचारको कीलो फेरि मेरो हृदयमा गाडियो । त्यसपछि हाम्रो वार्ताको निचोड सोही दिनै अस्पताल जानेमा टुङ्गियो ।

चिसो र धुम्म परेको दिन भए तापनि दुई बजेपछि मैले मेरो मोटरसाइकललाई घट्टेकुलोबाट चाबेलको सरस्वतीनगरतिर फर्काएँ । बाटाभरि मेरो दिमागमा दरिद्र जीवनसँगको तँछाड र मछाड भन्ने सङ्घर्षमा जुधेको एउटा युवकको दृश्य नाचिरह्यो । एउटा सशक्त कवि, प्रस्ट पत्रकार र इमानदार चित्रकारलाई भेट्ने मेरो अभिलाषाले आकाश छोइरहेको थियो । जिन्दगीका प्रत्येक इन्चमा ठेस लाउँदै कहिले कथा भन्ने, कहिले पुराण लाउने अनि कहिले न्वारान र सराद्धे गर्ने खिदिमको एउटा पण्डितसँग भेटघाट गर्न मेरा इच्छाहरू सलबलाइरहेका थिए । जीवनका एकएक पाइलामा बेगमबेलीका तीखातीखा काँडाहरू टेकेर गाउँका जनताको औषधि गर्दै हिँडेका एउटा वैद्यलाई मेरो मनले पछ्याइरहेको थियो । विभिन्न आँधीबताससँग मुकाबिला गर्दै गाउँका बालबच्चा र तन्नेरीहरू पढाउने एउटा शिक्षकसँग बात मार्न मेरो मुख चिलाइरहेको थियो । त्यति मात्र होइन, चौबिस वर्षको उमेरमा मदन पुरस्कारद्वारा सम्मानित एउटा स्रष्टालाई भेट्न मेरो आकाङ्क्षाको वेग दौडिरहेको थियो । वास्तवमा नेपालका यिनै एउटा अभागी साहित्यकार हुन्, जसले आफ्नो पुरस्कार पनि सुनारका आरानमा लगेर कुटाएका थिए । भनौँ, विवशताले गर्दा मान्छेले आफ्नै मुटु पनि निमोठनामठ गर्छ भन्नेको प्रमाण प्रश्रित स्वयम् भएका थिए । दयनीय अवस्थामा गुज्रेको घरको अभिभावक भएपछि यिनले आफ्नो घरमा राखेको मदन पुरस्कारको चाँदीको प्रमाणपत्रको चिनोसमेत लगेर सुनारकोमा जोखाएका थिए अनि बत्तिस तोला चाँदी बेचेर यिनले दुई सय बासट्ठी रुपियाँ गाँठो पारेर ल्याएका थिए । प्रमाणपत्र बेचिसकेपछि त्यस दिन प्रश्रित धुरुधुरु रोएका थिए । त्यस दिन यिनको छाती भत्केको थियो, यिनको कलेजोमा तातो सुइरो रोपिएको थियो र यिनको टाउकामा पुस १५ को असिना बर्सेको थियो ।

यस्तै कल्पनामा लुकामारी खेल्दाखेल्दै डा.तारानाथ शर्माको आँगनमा मेरो मोटरसाइकल रोकियो । एकछिनपछि डा.शर्मा र म

बाहिर निस्क्यौँ । सरस्वतीनगरदेखि चाबेल चक्रपथको पुल पुगेपछि हामी पश्चिमतिर हान्नियौँ ।

बाटामा हाम्रा टिप्पणी प्रश्रितकै विषयमा मौजुद थिए । वास्तवमा मैले प्रश्रितलाई भेट्न आठ वर्षअघिदेखि जोड गरेको थिएँ । एक पटक यिनलाई भेट्न एक जना अधिकारीसँग म केन्द्रीय जेल पनि पुगेको थिएँ । तर त्यहाँ पनि हाम्रो भेट हुन सकेको थिएन । त्यसैले यिनलाई भेट्ने कौतूहलमा त्यस दिन मेरो मन एकत्रित भएर शिक्षण अस्पतालभित्रै पुगेको थियो ।

हुन त मैले प्रश्रितलाई नभेटे तापनि यिनको प्रशस्तै जानकारी लिएको थिएँ, पढेको थिएँ र सुनेको थिएँ । त्यसमाथि पनि जयप्रसाद यूके मसँग प्रश्रितको वकालत गरिरहन्थे । प्रश्रितको खाने, बस्ने र बोल्ने, लेख्ने बारेमा मलाई यूके रटाइरहन्थे । किन हो कुन्नि ! जयप्रसाद यूके बारम्बार मोदनाथ प्रश्रितकै गीत गाएर हिँड्थे । मानौँ, यूकेको जिब्रोमा नै प्रश्रितको नाउँ टचाप्पै टाँसिएको थियो । यूकेसँगको सङ्गतले गर्दा नै मैले पनि सानैदेखि प्रश्रितको व्यक्तित्वको सम्मान गरेको थिएँ । वास्तवमा मेरा लागि पनि प्रश्रित यूकेले मानेका जस्तै नेपाली साहित्यका आदरणीय महारथी थिए ।

झापा र काठमाडौँको बसउठमा मैले यूकेबाट केही साहित्यकारहरूको जानकारी हासिल गरेको थिएँ । सुरुसुरुमा मलाई पारिजातको नालीबेली भन्ने पनि यूके नै थिए । यूकेकै मुखबाट मैले पारिजातको जीवनकथा सुनेर दु:खित भएको थिएँ । त्यसपछि नै पारिजातसँग भेटघाट गर्दै गर्ने मेरा छातीमा टुसो उम्रेको थियो । त्यसैले यिनीसँग भेटघाट गर्ने मैले अवसर खोजिरहेको थिएँ । पारिजातको सोचाइमा एकोहोरिँदा एकोहोरिँदै एक दिन मैले नेपाल टेलिभिजनको पर्दामा यिनलाई देखेको थिएँ । वास्तवमा त्यस बेला यिनले टेलिभिजनबाट बोल्दा म निक्कै भावुक भएको थिएँ । त्यस कार्यक्रमले मलाई निक्कै प्रभावित पारेको थियो । अथवा २०४४

असार ६ गते बेलुका ८ बजेको समय मेरा लागि एउटा अचम्मको क्षण थियो किनभने मैले त्यस दिन यिनको जीवनको एउटा हाँगो सुनेको थिएँ, यिनलाई देखेर रमाएको थिएँ, यिनका कुरा सुनेर झोक्राएको पनि थिएँ । त्यसपछि भने यिनलाई भेट्न मेरो मनमा तीव्र रूपले उत्सुकता बढ्न थाल्यो अनि यिनलाई एउटा चिठीचाहिँ लेख्ने निर्णय गरेँ । त्यो चिठी मैले नेपाल टेलिभिजनबाट उनको कुरा सुनेको चार दिनपछि लेखेको थिएँ ।

चिठी त पठाएँ तर उनलाई नभेटिन्जेल मलाई उकुसमुकुस भइरह्यो । अथवा पारिजातलाई प्रत्यक्ष रूपमा नदेखिन्जेल मैले मेरो मस्तिष्कबाट सानोतिनो नै भए पनि सास्ती पाइरहेँ । त्यसैले केही दिनपछि मेरा पाइला सामाखुसीको म्हैपीतिर बढे ।

पारिजातका घरमा मेरो प्रवेश भएपछि मेरो शरीर नै जिरिङ्ग भयो । यिनको कोठाको वातावरणले मेरो मन नै सिरिङ्ग भयो । म तत्कालै निराश भएँ, अथवा यिनको कोठाभित्र पसेपछि चाहिँ मलाई मेरो शिर खसेजस्तै लाग्यो । वास्तवमा त्यस बेला तिनको कोठाको वातावरण मेरा लागि सपनासरि थियो । त्यसमाथि पारिजात ओछ्यानमा बसेर चुरोटको धूवाँसँग लुकामारी खेलिरहेकी थिइन् ।

त्यस दिन पारिजात र मेराबीच केही औपचारिक केही अनौपचारिक बातचितहरू भए । केही समयपछि तिनको कोठाभरिको दृश्यलाई आँखामा गुट्मुटचाएर म फर्कें । बाटाभरि पनि मलाई नरमाइलो लागिरह्यो । नेपाली साहित्यकी एउटी ताराको त्यस्तो स्थिति मेरै आँखाले सुमसुम्याएपछि म अत्यन्तै दु:खित भएको थिएँ । यिनले आफ्नो घरको स्थिति आफ्ना मुखले नबोले तापनि मैले यिनका कृतिहरूमा पढिसकेकै थिएँ; फेरि त्यस दिन यिनको अनुहारमा दु:खात्मक अवस्था बोलिरहेको मैले महसूस गरेँ । स्वाभिमानताकी प्रतिक भएर बस्ता यिनको जीवनमा आर्थिक कारणबाट यसरी ठिँगुरा ठोकिएको थियो । अनि यस्ती आत्मसम्मानमा बाँचेकी साहित्यिक

महारथीलाई भेट्न म प्राय: यिनका निवास पुग्ने गर्थें, यिनको कुँजिएको शरीर हेर्थें र भित्रभित्रै रुने गर्थें ।

पारिजातको घरको अवस्था, पारिजातको अनुहारको छनक र पारिजातको छातीको मुस्लोको कल्पनामा म कहिलेकाहीँ मोदनाथ प्रश्रितको गीतको एउटा हरफलाई दोहोऱ्याउने गर्थें । यिनका विषयमा प्रश्रितको गीत सम्झने कारण के थियो भने एक त प्रगतिशील साहित्यकार सम्झनेबित्तिकै म यी दुवै जनालाई एक्कै चोटि सम्झने गर्थें, अर्को कुरा २०२४ सालअघि मोदनाथ प्रश्रितकी आमाको आर्थिक अवस्था अहिले मैले मेरै आँखाले हेरेकी पारिजातको अवस्थाजस्तै थियो । त्यसैले मेरा आँखा, मन र पाइला म्हैपीमा पुग्दा म यही गीत सम्झन्छु– 'तिमीझैँ रुने नेपालभरि असङ्ख्य आमा छन् ।'

हुन त मोदनाथ प्रश्रितकी आमाले पैँतिस वर्षकै उमेरमा पोते चुँडिन्, चुरा फोरिन् र सिन्दूर पुछिन् । कम्तीमा पनि प्रश्रितले आफ्नी आमाका लागि केही गर्न सकेनन् त्यो बेग्लै कुरो हो; तर उनकी आमाका लागि छोराहरूको आशा नै त यथेष्ट थियो । पारिजातका लागि त त्यस्तो कुनै आशा थिएन । यिनका त जिउनीका लागि लेख्ने औँला पनि घुम्रिएका थिए, बाउँडिएका थिए र कुँजिएका थिए । एउटी बहिनी सुकन्याको आधार, श्रद्धा र भरोसामा मात्र यिनले सास फेरेकी थिइन् ।

जे होस्, मोदनाथ प्रश्रितले लेखेका कुनैकुनै कुरा प्रगतिशील भनिने मान्नेहरूमा मात्र मिल्दैनन्, यिनका प्राय: केही कुरा हाम्रा समाजमा गएर कहीँ न कहीँ टम्मै मिलेर बसेका हुन्छन् । वास्तवमा प्रश्रितका केही लेखहरू पढ्दा म धेरै चोटि भक्कानिएको पनि थिएँ अथवा 'गौरी', 'नासो', 'पाताल प्रवास', पारिजातका संस्मरणहरू, लीलासिंह कर्माका संस्मरणहरू, 'कन्फेसन्स्', लिङ्कन, चाओ अनलाए र तोल्सतोईका कथाकहानी पढ्दा जसरी मेरो छाती फुट्थ्यो, त्यस्तै प्रश्रितका संस्मरणात्मक रचनाहरूले मलाई भौँतारिने पारेका थिए ।

जीवन भनेको प्रेरणाबाट नै हुर्कने तत्त्व नै त रहेछ । कुनै पनि ठूला मान्छेका जीवनका पानाहरू कताकता आफ्नाजस्तै भएको थाहा पाइयो भने त्यस्तो मान्छेलाई नै देखुँदेखुँजस्तो लाग्दो रहेछ, चिनुँचिनुँजस्तो लाग्दो रहेछ र बोलुँबोलुँजस्तो लाग्दो रहेछ । त्यसैले यस्ता व्यक्तित्वसँग भेटघाट गर्ने मीठो आकाङ्क्षा बोकेर डा.तारानाथ शर्माको ओतमा म शिक्षण अस्पताल पुगेँ । शिक्षण अस्पतालको मूल ढोका टेकेपछि पुन: मेरो मन प्रश्रितको गोलघरमा पुगेको थियो । एक समय गोलघरको कालो कोठरी पनि यिनको साथी थियो । कोर्रा, सिस्नो, खोर्सानी, आलपिन र बिजुलीको करेन्ट लगाई मूर्च्छा पारिएका मोदनाथ प्रश्रित त्यस दिन अत्यन्तै सुरक्षाका साथ मेरो छातीमा बसिरहेका थिए । कठै ! नेपाली साहित्यका एउटा ओजस्वी स्रष्टाले पुसमाघमा पनि चिसो सिमेन्टमा दिन बिताउनुपर्थ्यो, रात कटाउनुपर्थ्यो । छोरो ठूलो हुन्छ, धेरै पढ्छ र कमाएर ल्याउँछ भन्ने आमाको आशालाई विवशताको मुठीभित्र कच्याककुचुक पारेर प्रश्रित जेलमै भौँतारिएका थिए, त्यहीँ बसेर नेल लाएको खुट्टालाई हेरीहेरी रोएका थिए । यी त्यहाँ भित्र घटेका विचित्रविचित्रका घटनाले भन्दा पनि आमाका सुर्ताले भक्कानिएका थिए । आफ्नी प्रेयसीका सम्झनाले पनि यी त्यत्तिकै एकोहोरिएका थिए, छटपटाएका थिए र भटभटाएका थिए । प्रश्रितका यस्तै जीवनसँग मैले आफ्नो भावना जोडेर कल्पिँदाकल्पिँदै हामी अस्पतालको चौथो तलामा पुगिसकेका थियौँ । वास्तवमा त्यस बेला भने मेरो मनभित्र प्रश्रितको राजनीतिक जीवन देखा नै परेन । त्यस बेला मेरो भावनामा प्रश्रितको साहित्यिक जीवनले मात्र पिङ मच्चाइरहेको थियो ।

हाड विभागको जनरल वार्डमा डा.शर्मा र म भित्रियौँ । दैलाको छेउकै शय्यामा मोदनाथ प्रश्रित ढल्किरहेका रहेछन् । घाइते शरीर भए तापनि यिनको अनुहार अत्यन्तै उज्यालो देखिन्थ्यो । मैले प्रश्रितको शय्याको छेउमा गएर नमस्कार गरेँ । डा.तारानाथ शर्माले

आफ्नो नाउँ बताएपछि प्रश्रितले मुस्कुराउँदै भने– 'दाजुलाई नचिन्ने त कुरै छैन ।' अनि एकछिनपछि मपट्टि फर्केर प्रश्रितले भने– 'तपाईंलाई चिनेको जस्तै लाग्छ नि !' मैले आफ्नो नाउँ बताउँदै भनें– 'म नरेन्द्रराज प्रसाई हुँ' त्यसपछि डा.शर्मा बोले– 'नरेन्द्रराज प्रसाई ।'

त्यसपछि त्यहाँ हामीबीच रमाइलो कुलो बग्न थाल्यो । डा.शर्मा र प्रश्रितले विभिन्न सवालजबाफ गरिरहे । वास्तवमा प्रश्रितसँगको त्यो भेट मेरा लागि मात्र होइन, डा.शर्माका लागि पनि पहिलो चोटि नै थियो । यो आपसी भेटघाटमा यी दुवै साहित्यका देउरालीहरू गद्‌गद देखिन्थे । शर्माको पनि प्रश्रितलाई भेट्ने इच्छा मुटुमै गाँठो परेर बसेको थियो । अनि प्रश्रितको पनि शर्मालाई भेट्ने इच्छाको गुजुल्टो ठूलो भइसकेको रहेछ । त्यसैले होला २०४८ पुस १४ गते यी दुवै महारथी गर्वित थिए । भनौँ, केटाकेटीहरू पहिलोपल्ट आफ्नो मावलीघर पुग्दा कति खुसी हुन्छन्, त्यो भेटबाट शर्मा र प्रश्रित त्यति नै खुसी देखिन्थे । नेपाली साहित्यका यी दुवै भरपर्दा शिखरहरूले त्यहाँ आआफ्ना सुक्खदुक्ख तन्काउँदै फुकाउँदै गर्न थाले । त्यस बेला यिनीहरूको बातचितको प्रसङ्ग हेर्दा मेरो हृदयले प्रश्न गरिरहेको थियो– 'यिनीहरू केटाकेटीदेखि नै एउटै आँगनमा खेल्दै आएका साथीभाइ त होइनन् ?'

मोदनाथ प्रश्रितका निर्देशनमा उनका कुरुवाहरूबाट त्यहाँ राखिएका स्याउ ताछिए, सुन्तला छोडाइए । अनि रिकापीबाट स्याउका चाना र सुन्तलाका केस्राहरू खाँदै हामी विभिन्न विषयमा उडिरहेका थियौँ । हाम्रा बातचितले थकाइ मार्न नपाई त्यहाँ जनकलाल शर्मा पनि झुल्किए । त्यसपछि जनकलाल शर्माले आफ्ना एकोहोरो तर्कबाट हामीलाई अलमल्याउने प्रयास गर्न थाले । उनले अरू धेरैलाई पेच हान्दै आफू सुकिलो, इमानी र प्रजातन्त्रप्रेमी भएको टिप्पणी गरिरहे । वास्तवमा त्यस दिन भने मलाई जनकलाल

शर्माका कुरा पचेनन् । त्यस बेला यिनका बारे नबोलौँ, नबोलौँ भन्दाभन्दै पनि यिनको उग्र रूप देखा पर्न थालेपछि भने मेरो मुखबाट एउटा संवादचाहिँ फुत्केछ– 'हेर्नुहोस्, शर्माजी ! तपाईंको जीवनको अधिकांश समय नै पञ्चायती व्यवस्थाको आडमा चल्यो, फेरि तपाईं नै दुनियाँलाई हेपेर नचाहिँदा शब्दहरू प्रयोग गर्नुहुन्छ । के मान्छेको इमान भनेको यही हो त ?' मेरो ठाडो कुराले बूढाको कोख घोचेछ क्यारे, त्यसैले एकछिन मौन रहेर लोसे पाराले यिनले सुस्तरी एउटा शब्द ओकले, 'वाहियात ।' जे होस्, मेरा कुरा निखेपछि बूढाका मुखमा बुजोचाहिँ कोच्चिएछ, त्यसैले यी निक्कै भलाद्मी भए । अथवा त्यसपछि यी त्यहाँ पर्यवेक्षकजस्तो मात्र भएर हाम्रा कुरा श्रवणमा मग्न देखिन्थे । मेरा यथार्थ कुराले यिनको अनुहार भने अलिक खच्केको नै देखिन्थ्यो । त्यस बेला यिनका अनुहारमा मेरा आँखा पुन: जाक्किएपछि मेरा दृष्टिहरूले फेरि प्रश्नहरू फ्याँक्न थाले– 'नेपालका प्रत्येक जनकलालले यो तीस वर्षलाई दोष त दिए, तर दोषीचाहिँ को हो ?'

त्यहाँ हाम्रा कुराका तेजले आकाश छोएको अनुभूति म समेट्तै थिएँ । डा.तारानाथ शर्मा र मोदनाथ प्रश्रित आआफ्नो बेलीबिस्तारलाई बढाउन खोजिरहेका देखिन्थे । यी दुवै व्यक्तिहरू आपसी बातचितमा नतमस्तक देखिन्थे । केही बेरपछि नचाहँदानचाहँदै हामी त्यहाँबाट उठ्यौँ । डा.शर्माको अरू सारा काम छोडेर केही बेर त्यहीँ बस्ने इच्छा हुँदाहुँदै पनि व्यावहारिकतालाई पछ्याउँदै हामी बिदा भयौँ । प्रश्रितको पनि डा.शर्मासँग अझै जम्ने रहर थियो क्यारे, हामी उठेपछि प्रश्रितले नमीठो मानेको बेहोरा मैले उनको अनुहार हेरेर अड्कलेको थिएँ ।

अस्पतालबाट ओर्ले पनि डा.शर्मा र मेराबीच प्रश्रितकै चर्चा भइरहेको थियो । डा.शर्मा प्रश्रितसँग दङ्ग देखिन्थे । तल भुइँमा आइसकेपछि मैले फेरि भनेँ– 'कस्तो सरल मान्छे रहेछन् ।

मैले त ऱ्वाँक्की र उग्र छन् भन्ठानेको थिएँ ।' मेरा कुराबाट डा. शर्मालाई अप्ठ्यारो लागेछ क्यारे, त्यसैले यिनले गम्भीर मुद्रामा भने– 'मोदनाथ प्रश्रित भनेका त स्रष्टा पो हुन् त भाइ ! स्रष्टाले अरूलाई सम्मान गर्न जान्दछन्, आफू पनि आत्मसम्मानमा बाँच्न चाहन्छन् ।'

•

केही दिनपछाडि मोदनाथ प्रश्रितले अस्पताल छाडेछन् । अथवा भनौँ, यी त्यहाँबाट आफ्ना निवासस्थान स्वयम्भूपछाडि गएछन् । त्यसपछि हामीबीच टेलिफोनमा बराबर बातचित हुन थाल्यो । वास्तवमा मैले क्रमश: प्रश्रितको कमलो मनलाई ऱुन् श्रद्धा, माया र आदर गर्न थालेँ । यिनका व्यवहारले मलाई यिनीप्रति ऱुम्म पार्न थाल्यो । फलस्वरूप म यिनको प्रशंसामा बिस्तारै डुब्न थालेँ ।

केही दिनपछि भने मलाई मोदनाथ प्रश्रितको निवासस्थान जान सकसक लाग्न थाल्यो अथवा मलाई यीसँग बसेर गफ गर्ने रहरले कुतकुत्याउन थाल्यो । त्यसैले एक दिन मैले गोपीकृष्ण प्रसाईलाई भनेँ– 'भतिज ! मलाई मोदनाथ दाइका घरमा पुऱ्या न !' गोपीले तुरुन्तै पुऱ्याउने निर्णय गरे । गोपीकृष्ण स्वयम् पनि कवि हुन् । फेरि गोपीकृष्ण पनि प्रश्रित भनेपछि हुरुक्कै हुन्थे । अनि गोपीकृष्णको भरखरै प्रकाशित कवितासङ्ग्रह 'एक वेदना : दुई कल्पना'मा प्रश्रितकै भूमिका थियो । त्यसैले गोपी फुरुङ्ग पनि थिए । यिनलाई मोटरसाइकल चढाएर लगेपछि मैले कतै पनि सोधीखोजी नगरी प्रश्रितकै घरमा पुग्थेँ ।

गोपीकृष्णको निर्देशनमा स्वयम्भूपछाडिको चक्रपथबाट मेरो मोटरसाइकल पश्चिमतिरको कच्ची बाटोतिर हुत्तियो र तुरुन्तै देब्रे मोडियो । प्रश्रितका घरदेखि केही तल मोटरसाइकल अडचाएर हामीले एउटा सानो ग्रिलको दैलो खोल्यौँ । त्यसपछि बारीको लामो

भऱ्याङ चढेर हामी प्रश्रितको निवासस्थानको आँगनमा पुग्यौँ । गोपी सटासट प्रश्रितको कोठामा लागे । म पनि गोपीको पछाडिपछाडि लागेर प्रश्रितको कोठैमा पुगेँ । प्रश्रित आफ्ना ओछ्यानमा बसिरहेका रहेछन् । उनले मलाई आफ्नो ओछ्यानमा हातले चिल्याउँदै भने– 'यता बसुँ न !' प्रश्रितले मलाई आफ्ना खाटमा बसुँ भनेर अनुरोध गर्दा म फेरि झल्याँस्सै भएँ । अथवा त्यस बेला मैले आफूलाई २०२१ सालमा यिनको पहाडको घरमा पुगेको जस्तै ठानेँ । त्यस बेला पनि यिनले मलाई जस्तै गरी एक जना सेतै फुलेका, कुप्रो परेका, दमको रोगले स्याँस्याँ गर्दै यिनका घरमा पुगेका चिरञ्जीवी छेत्रीलाई यसै गरी आफ्ना खाटमा बस्न अनुरोध गरेका थिए । वास्तवमा त्यस बेलादेखि अहिलेसम्म यिनको आगन्तुकप्रतिको बानी नफेरिएको देख्ता मलाई आश्चर्य र खुसी लाग्यो ।

त्यस दिन हाम्रा कुराहरू झन् आत्मीय ढङ्गले भए । एकअर्कामा विगतका कुराहरू कोट्टिएर छलफल झन् सुन्दर भइरहेको थियो । त्यस बेला हाम्रासामु बेलाबेला साहित्यका कुरा चल्थे, बेलाबेला कला र संस्कृतिका विषयमा कुरा घुम्थे त बेलाबेला राजनीतिमा गएर हाम्रा कुराहरू टकटकिन्थे । प्रश्रित प्रत्येक वाणीमा इमानका कुरा निकाल्थे, देशको वर्तमान स्थितिमा चिन्तन व्यक्त गर्थे र सच्चाइको नै जीत हुनुपर्छ भन्ने कुरामा जोड दिन्थे । वास्तवमा यी यथार्थ रूपमा मुलुकको वस्तुस्थिति केलाउन पनि खप्पिस रहेछन् । उनका टिप्पणीहरू सुन्दा मभित्र अरू जिज्ञासाहरूले बाटो खनिरहेका हुन्थे । त्यस बेला मेरा लागि यी एउटा ज्ञानबर्द्धक र जानकारीमूलक अभिभावक पनि थिए । यिनका कुराले मलाई चित्त मात्र बुझेको थिएन मभित्र त्यति नै कौतूहल पनि बढिरहेको थियो । मानौँ, प्रश्रित त्यस बेला मेरा लागि बीबीसी लन्डन नै थिए किनभने यिनले संसारका टिप्पणीहरू विश्लेषणात्मक पाराले मेरा अगाडि थुपारेका थिए ।

डा.तारानाथ शर्माको विषयमा पनि त्यहाँ केही बेर छलफल भइरह्यो । प्रश्रितचाहिँ डा.शर्माको साहित्यिक व्यक्तित्वमा अत्यन्त गर्व मान्दा रहेछन् । अथवा डा.शर्माले यिनलाई जति मान्थे यी पनि डा.शर्मालाई त्यस्तै महान् ठान्दा रहेछन् । शर्माका विषयमा प्रश्रित भन्थे– 'एउटै विचारमा रहेका भए यी झनै महान् हुन्थे ।' डा.शर्माको प्रसङ्ग कोट्टचाईकोट्टचाई प्रश्रित फेरि भन्थे– 'डा.तारानाथ शर्मालाई नेपालले चिन्दै चिनेन ।'

त्यस दिन हाम्रा कुराहरू ज्यादै खुलस्त रूपमा भएका थिए । वास्तवमा यी भयङ्कर प्रस्ट कुरा गर्दा रहेछन्, मानौँ, त्यस बेला प्रश्रित मेरा लागि टुँडिखेलजस्तै सार्वजनिक थिए । आत्मीय वातावरणको प्रभावमा डुब्दा मैले पनि आफ्ना मीठा, नमीठा संस्मरणहरू बड्काएको थिएँ । गफको सिलसिलालाई अँगालो मार्दै गोपीकृष्ण पनि आफ्ना आलाकाँचा कुराहरू खिप्तै भट्टचाउने गर्थे । त्यस दिन एउटा कोठाभित्र बसेर हामीले बेलाबेला हाँस्ने कुरा पनि गऱ्यौँ र बेलाबेला दुःखात्मक कुराहरू पनि ओइऱ्याइरह्यौँ ।

बातचित गर्दागर्दै समयले निक्कै फट्का हानिसकेको थियो । त्यसैले बिदा माग्ने सुरसार गर्दै मैले प्रश्रितलाई नमस्कार गरेँ । उनले फेरि त्यहाँ आफ्नो बाल्यावस्थाको छनक प्रस्तुत गर्दै मेरा अगाडि आफ्नो हातलाई तेर्स्याए । मैले लाज मानेर नै भए पनि नेपाली साहित्यका महारथीका हत्केलामा आफ्नो हात लगेर खप्टिदिएँ ।

त्यस दिन म प्रश्रितका निवासबाट स्नेहको एउटा पोको बोकेर फर्कें । मेरा लागि अनकन्टार रहेको त्यो स्वयम्भूपछाडिको कोप्चे पाखो पनि क्रमशः नजिक लाग्न थाल्यो, मन पर्न थाल्यो र प्रिय हुन थाल्यो । मेरा सम्झनाका बिम्बहरू घरीघरी स्वयम्भूपछाडिको त्यही घरमा पुग्थे, जुन घरको एउटा साँगुरो कोठाभित्र दुईवटा सामान्य ओछ्यान थिए, दुईवटा कुर्सी थिए, किताप राख्ने सानासाना

दुईवटा दराजमा केही पुस्तकहरू थिए, दैलाको कुनामा एक बोरा चामल ठडयाइएको थियो, पूर्वतिरको भित्तापट्टि एउटा टेबुल थियो अनि त्यसमाथि रातो टेलिफोन थियो र खाटमाथि एउटा हँसिलो अनुहार थियो । ती सबै चीजहरूलाई मैले मेरो भावनाको ढाकरमा राखेको छु र त्यस ढाकरलाई मस्तिष्कको तोक्माले अडयाएको छु ।'

•••

'मेरो मोती पुरस्कार' मेरो कृति निक्कै चर्चित बन्यो । त्यस बेला मेरो कृति पढेर मेरा दाजु सीके प्रसाईले मलाई भनेका थिए– 'भाइ ! मेरो खुट्टो निको भएपछि मलाई पनि प्रश्रितको डेरा पुऱ्याइदेऊ है ! तिमीले लेखेको 'स्वयम्भूपछाडि' पढेपछि प्रश्रितउपर मेरो मनमा झनै ठूलो सद्भावना जाग्यो । प्रश्रित मलाई पनि मन पर्ने लेखक हुनुहुन्छ । उहाँका लेख र कृति मैले धेरै पढेको छु ।' साँच्चै भन्ने हो भने प्रश्रितको जीवनकथा धेरैका लागि प्रेरक मानिन्छ । यति हुँदाहुँदै पनि उनलाई चारैतिरबाट छिर्के हानिन्छ । प्रश्रितको सबैभन्दा ठूलो दोष उनी देशभक्त हुनसँग गाँसिएको मानिन्छ ।

•

कुनै दिन नेपालमा मोदनाथ प्रश्रितको वर्चस्वले कम्युनिस्ट पार्टीकै समेत शिर ठाडो देखिन्थ्यो । उनी जुन ठाउँमा डेरा बसे पनि उनलाई भेट्न समय पर्खनुपर्थ्यो । जस्तोसुकै ठूला मान्छे उनका घरमा पुगे पनि उनले बिहानको समयमा मान्छे भेट्तैन थिए । उनी बिहानभरि आफ्नो साहित्यिक काम मात्र गर्थे । अथवा भनौँ, त्यस समय उनी लेख्ने र पढ्ने मात्र गर्थे । उनका घरमा बराबर नेताकै भीड लाग्ने गर्थ्यो । मदन भण्डारी आदिले आफ्ना गुरुलाई प्राय: अभिनन्दन दर्साइरहन्थे । तर नेपालको राजनैतिक व्यवस्थामा अर्केले

बाघपञ्जा गाड्न थालेको हामीले आभास पाउन थाल्यौँ । त्यसैले नेपालको राजनीतिक मर्यादा नै तहसनहस हुन थाल्यो । राजनीतिमा मूल्य र मान्यताको हक नै पनि समाप्त हुन थाल्यो । त्यतिले मात्र नभएर ठूलाठूला घटना यसै बेला घटे । मदन भण्डारीको रहस्यात्मक मृत्युबारे नै पनि राज्यले ठोस निर्णय लिन सकेन । राजा वीरेन्द्रको वंश नाश हुँदा पनि प्रमाणजति नष्ट गरेर उनैका छोरा दीपेन्द्रलाई हत्यारा बनाएर सबै पन्से । अब त झन् नेपालको राजनीति नै निराशामा रूपान्तरित हुन थालेको देखिँदो छ । यहाँ को नेपालवादी र को पराईवादी भनेर ठ्याक्कै भन्ने अवस्थामा कोही कतै देखिएन । यस मामलामा सबैसबैमाथि विश्वासकै सङ्कट थोपरिएको छ । यी विविध प्रपञ्चका कारण आज तिनै प्रश्रित कम्युनिस्ट पार्टीबाट टाढा भएका छन् । यसको अर्थ नै के होला ? कसैसँग यसको सरल उत्तर छ ?

मोदनाथ प्रश्रितलाई मैले यो तीस वर्षमा झनै राम्ररी चिन्न सकेँ । उनी नेपाली साहित्यका मूर्धन्य साधक मात्र नभएर एउटा सक्रिय राजनीतिज्ञ पनि थिए । उनको राजनैतिक हैसियत धेरै माथिसम्म चुलिएको थियो । यसरी राजनीतिको शिखर आरोहण गर्ने नेपाल कम्युनिस्ट पार्टीमा मदन भण्डारी नै एक्ला थिए । भण्डारीको निधनपछि नेपाल कम्युनिस्ट पार्टी झन्नै टुहुरो अथवा शून्य अवस्थाको झैँ देखिने अवस्थामा अनुवाद हुने सम्भावनामा थियो । त्यस बेला भण्डारीको ठाउँमा बस्ने को होला ? भन्ने अड्कल बाजीको आवाजले बौद्धिक मगज छोइरहेको थियो । नेपाली साहित्यजगत्मा स्वच्छ, निष्पक्ष र मर्यादित रूपमा चिनिएका साहित्यकार विमल निभाले त्यसैताक भनेका थिए– 'हाम्रो कम्युनिस्ट पार्टीको भारी अब प्रश्रितको काँधमा आउँछ; प्रश्रितको जोडा अर्को मान्छे त छँदा पनि छैनन् । प्रश्रित नै कम्युनिस्ट पार्टीका महासचिव हुनेछन् ।' निभाले ठीक कुरा गरेका थिए । हरेक जोडघटाउमा

प्रश्रितकै नाउँले राजनीतिक बजार रङ्गाएको थियो । त्यस बेलासम्म नेपाल कम्युनिस्ट पार्टीमा अध्यक्ष पदको प्रचलन थिएन । तर प्रश्रितको महासचिव हुने हल्ला पनि हल्लामा नै बिलायो । वास्तवमा नेपालको प्रधानमन्त्री हुने प्रश्रितको योग्यता राष्ट्रवादी भएबापत नै खोसिएको थियो ।

•

मोदनाथ प्रश्रित र मेरो सम्बन्ध केवल साहित्यिक नै थियो । तर मलाई राजनीतिमा पनि रुचिचाहिँ थियो । बाल्यकालदेखि नै मलाई राजनीतिको मोह थियो भने अझै पनि छ नै ! त्यसैले हाम्रो भेटका अवसरमा हामीमाझ राजनीतिक वार्ताले पनि ठाउँ ओगट्ने गर्छ । प्रश्रित नइगृहमा आएर हप्ता दिन बस्ता पनि हामीलाई समय गएको थाहै हुँदैनथ्यो । हाम्रो बराबरको भेटमा पनि राजनीति र साहित्यकै विषयको उठान हुने गर्छ र त्यसैमा बैठान हुने गर्छ । हामीमाझ मानवताको कुरा हुन्छ, 'मानव' महाकाव्यको कुरा हुन्छ र 'नारी बन्धन र मुक्ति'को कुरा हुन्छ र 'नारीचुली'को कुरा हुन्छ । त्यति मात्र होइन हामी एकअर्काप्रतिको विश्वासको कुरा हुन्छ । अनि 'गौँथली गुँड'को कुरा हुन्छ । त्यो गुँड बनाएताका मेरो पनि त्यस घरमा मन, वचन र कर्म गाँसिएको थियो । तर प्रश्रितको व्यक्तित्वलाई भत्काउने गिरोहले गौँथली गुडमाथि अत्तो थापेको देखियो । नेपालमा जसले जसलाई जे पनि भने हुँदो रहेछ, प्राय: मान्छेहरू भनिरहन्छन् र धेरैले सुनिरहनुपर्ने रहेछ । वास्तवमा गौँथली गुड बनाउँदा पनि प्रश्रितले अनेक किसिमका स्पष्टीकरण खेप्नुपरेको थियो । तर उनैद्वारा प्रशिक्षित कमरेड प्राय:का ठूलठूला महल बनिँदा पनि कसैले चासो राखेको देखिएन । सायद प्रश्रित देशलाई माया नगर्ने नेता, नाउँ नचलेका लेखक या अयोग्य पात्र भएका भए उनी माथि लाञ्छनाको योजनामा कुनै पनि तानाबाना बुन्ने थिएनन् । तर उनी देशभक्त हुनुका कारण उनले विविध

तरिकाले घरीघरी अनावश्यक निन्दा, कपोलकल्पित लाञ्छनासमेत खेप्तै आउनुपरेको थियो ।

•

खास गरेर २०६३ सालमा प्राय: कम्युनिस्ट र काङ्ग्रेसले पुस २७ गते या पृथ्वी जयन्तीलाई बहिष्कार गरेका थिए । तर प्रश्रितले त्यस दिन पृथ्वीनाराण शाहको सालिकमा माल्यार्पण गरेर कविता वाचन गरे । त्यसपछि उनीप्रति मेरो मन झनै गाँसियो । राष्ट्रिय एकताका सन्दर्भमा बाटो छेक्न चारैतिर ढुङ्गामुढा बर्साइरहेका बेला प्रश्रितले पृथ्वीनारायण शाहबारे चिन्तन गर्नु देशका लागि नै एउटा विशिष्ट कार्य थियो । त्यस बेला आफूलाई नेपालवादी हुँ भन्ने सबैले मुन्टो लुकाएका थिए । त्यसै समयमा प्रश्रित, ईश्वरवल्लभ र हामी नइदम्पती मात्र पृथ्वीनाराण शाहका सालिकमा माल्यार्पण गर्न सिंहदरबारको मूल ढोकामा पुगेका थियौँ । देश दुखेको बेलामा नै राष्ट्रवादी व्यक्तित्वको सग्लो परिचय पाइने रहेछ । त्यसै बेलादेखि नै प्रश्रितप्रति मेरा मन झनै टचाप्पै टाँसिएको थियो । अनि उनको सम्मानमा मेरो शिर झनै उचालिएको थियो । त्यसैले त्यस्ता महान् विचारकका नाउँमा एउटा कृति जन्माउने त्यसै समयमा ममा सोच पलाएको थियो । अन्तत: 'मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म' लेख्न म सफल पनि भएँ ।

'मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म' कृतिलाई यहाँसम्म ल्याउन मोदनाथ प्रश्रितको पनि भूमिका रहेको छ । मलाई आवश्यक सामाग्री अथवा उहाँबारे पूर्व प्रकाशित कृतिहरूबाहेक मेरो जिज्ञासाअनुरूप आवश्यकीय समयसन्दर्भमा मेरो आग्रह स्विकारेर उनी आफैँ मसँग बसेर मेरा प्रश्नहरूको उत्तर दिएका कारण नै मेरो यो कृतिले थप मौलिकता पाएको हो भन्ने मलाई लागेको छ । आफ्नो काम सकेपछि यस कृतिको पाण्डुलिपि एक पटक पढिदिन मैले उनलाई अनुरोध गरेको थिएँ । मेरो त्यही आग्रहबमोजिम उनले यस

कृतिको पाण्डुलिपि आफ्नै घर लगेका थिए । यस कृतिभित्र कहीँ कतै तलमाथि भएका तथ्यसमेत शुद्ध पारी झन्नै छ महिनापछि प्रश्रितबाट यस कृतिउपरको भूमिका नै समेत लेखिनाले यस कृतिमाथि मलाई थप गर्व पलाएको छ ।

'मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म' कृति लेखनमा मेरी गुरुदेवी इन्दिरा प्रसाईको भूमिका अतुलनीय छ । वास्तवमा म यस कृतिको जन्मदाता मात्र हुँ । अनि मैले यो कृति लेखेपछि यसलाई नुहाइधुवाइ गर्नेदेखि भोटो फेराउने कामसमेत मेरी प्रिय इन्दिराले नै गरेकी हुन् ।

**• नरेन्द्रराज प्रसाई**

मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म

# मोदनाथ प्रश्रितका पुर्खा र बुबाको चिनारी

मोदनाथ प्रश्रितका पुर्खाहरू पहिले गुल्मी र पछि बसाइँ सरेर अर्घाखाँची जिल्लामा आएका थिए । सोही जिल्लाको खिदिमको हर्राबोट भनिने ठाउँ प्रश्रितको पैत्रिक थलो थियो । त्यस ठाउँमा सात पुस्ताअघिदेखि नै पौडेलहरूको बसोबास थियो । प्रश्रितका अनुसार ती पौडेलहरू भारतको पौडी गढवालबाट नेपाल राष्ट्रको सुदूर पश्चिम आएका थिए । धेरै वर्षसम्म उनीहरूको बसोबास त्यतै भयो ।

पौडेलहरू सनातनी हिन्दू ब्राह्मण थिए । अनि उनीहरूको पुर्ख्यौली पेसा अध्यापन र पुरेत्याइँ थियो । मोदनाथ प्रश्रितका छ पुस्ताअघिका पण्डित पूर्णभद्र पौडेल आफ्नो पेसालाई शिरमा बोकेर सुदूर पश्चिमबाट गुल्मीतिर लागेका थिए । पण्डित्याइँ गर्दागर्दै त्यहाँ उनी चाँडै जनप्रिय भए । उनको आनीबानी, चरित्र र ज्ञानको कुरा गुल्मीका राजाका कानमा पनि पुग्यो । अनि उनी राजाकै पुरोहितमा आसीन भएका थिए । तिनै पण्डितका नातिका पनि नातिको नाउँ शोभाकर पौडेल थियो । शोभाकर पौडेल भन्नु प्रश्रितका बाजे थिए ।

शोभाकर पौडेलको बाल्यकालमा नै विवाह भएको थियो । त्यतिखेरको चलनअनुसार बाह्र वर्षका शोभाकरले दस वर्षकी सत्यकलादेवीसँग वैवाहिक जीवन गाँसेका थिए । शोभाकर कर्मकाण्डी बाहुन थिए । सानो हुँदैदेखि नै उनलाई यसै काममा लगाइएको

थियो । त्यसैले बाल्यकालदेखि नै नागपञ्चमीमा उनी घरघरमा नाग टाँस्न जान्थे, कुसेऔँसीमा कुस बोकेर जजमानका घरघर जान्थे अनि गाउँघरमा आइपरेको न्वारन र श्राद्ध गर्न पनि उनी नै जान्थे ।

•

पण्डित शोभाकर पौडेल र सत्यकलाबाट तीन छोरा शालिग्राम, रुक्माङ्गद र घनश्याम जन्मेका थिए । घनश्याम पौडेलको जन्म १९६१ साल जेठ ६ गते भएको थियो । अनि यिनको जन्म पनि उनका दाजुहरू जन्मेकै ठाउँ अर्थात् अर्घाखाँचीको खिदिमस्थित हर्राबोटमा भएको थियो । घनश्याम पौडेल मोदनाथ प्रश्रितका पिता थिए ।

घनश्याम पौडेलले दस वर्ष पूरा गर्दानगर्दै यजुर्वेद कण्ठ गरेका थिए । उनले रिडीमा प्राथमिक शिक्षा ग्रहण गरे । त्यसपछि उनी अठार वर्षको उमेरमा काठमाडौँ आए र रानीपोखरी संस्कृत पाठशालामा भर्ना भए । त्यस बेला अर्घाखाँचीबाट हिँडेर काठमाडौँ आउन उनलाई सात दिन लागेको थियो ।

काठमाडौँमा बस्न थालेको केही दिनमा घनश्याम कोखो दुखेर थला परेका थिए । अनि वीर अस्पतालमा अप्रत्याशित रूपमा उनको पेटको शल्यक्रिया गरिएको थियो । त्यसै बेला उनको एउटा करङ काटेर पनि निकालिएको थियो ।

केही वर्षपछि घनश्याम पौडेल काठमाडौँबाट काशीतिर लागे । काशीमा छात्रवृति पाएर उनले आफ्नो पठनपाठनलाई कायम राखे । अनि काशीबाट मध्यमा पास गरेर उनी पाल्पा तानसेनमा आइपुगे । त्यहाँ उनले सुधानिधि औषधालयमा काम पनि सिक्तै गरे । साथै उनले आफ्ना जेठा दाजु शालिग्रामसँग आयुर्वेद पढ्दै दाइले जाँचेअनुसार उनी पनि बिरामी जाँच्थे र औषधि बनाउने काम पनि गर्थे । जडीबुटी खोज्न उनी आफैँ जङ्गल पस्थे । क्रमश: उनी यस मामलामा खुकुरीभन्दा कर्द लाग्ने भएर निस्के ।

घनश्याम पौडेल मन, वचन र कर्मले चाँडै प्रसिद्धिको धुरीमा पुगे । परिणामस्वरूप उनलाई सुधानिधि औषधालयमा सहायक वैद्य बनाइयो । त्यसैको प्रेरणाले उनी आयुर्वेदमा उच्चशिक्षा लिने मनसायमा गाँसिएका थिए । तर आफ्ना जेठा दाइलाई क्षयरोग लागेपछि उनीहरूको व्यवहारमा भुइँचालो आएको थियो । त्यसपछि उनीहरूको सबै योजना ऋरामऋुरुम भएको थियो ।

घनश्याम पौडेल न्यायिक थिए । गाउँमा उनी एक प्रकारका जनन्यायाधीश नै थिए । उनी गाउँको सानोतिनो कचिङ्गल मिलाउनेदेखि बालबच्चाहरू खोजीखोजी स्कुल पुऱ्याउनेसम्मको पनि काम गर्न उद्यत हुन्थे ।

घनश्याम पौडेल क्रान्तिकारी थिए । साथै उनी व्यावहारिक पनि थिए । समाजको अँध्यारो जालोलाई भत्काउनुपर्ने उनको सोच हुन्थ्यो । भुतप्रेत, बोक्सी र धामीझाँक्रीमा उनको फिटिक्कै विश्वास थिएन । तर हिन्दू धर्म, संस्कृतिका उनी कट्टर अनुयायी थिए ।

घनश्याम पौडेलले युवाकालदेखि नै शिक्षासेवामा आफूलाई समाहित गरेका थिए । त्यतिखेरै उनले आफ्नै घरमा एउटा कटेरो बारेर स्कुलको सुरुआत गरेका थिए । उनको जनप्रियताका कारण बालबच्चाले त्यो कटेरो दुई महिनामा नै भरिदिएका थिए । त्यसैले घरछेउको चौरमा त्यस कटेराको विकासे अनुवाद भएको थियो । अनि घनश्याम पाठशालाका नाउँबाट त्यतातिरको त्यो स्कुल सञ्चालनमा आएको थियो । त्यसपछि क्रमश: उनी आदर्श गुरुमा रूपान्तरित भएका थिए ।

घनश्याम पौडेल मान्छेलाई फकाउन, सम्झाउन र अर्ती, बुद्धि दिन सिपालु थिए; त्यसैले उनी बर्दियाका धनी, मनकारी र समाजसेवामा जागरूक हरिहर गौतमसमक्ष पुगेका थिए । गौतमसँग अनुनयविनय गरे घनश्याम पाठशालालाई औपचारिक मोड दिन

पौडेल सफल भएका थिए । अनि त्यस स्कुलको नाउँ हरिहर प्राथमिक पाठशाला भएको थियो । त्यस बेला त्यहींका तीन गाउँमा तीनवटा हरिहर पाठशाला थिए ।

घनश्याम पौडेल कुरा गर्न, तर्क गर्न र विद्वता व्यक्त गर्न सिपालु थिए । उनी अरूको पनि भलो चाहन्थे र सही ठाउँमा सही काम परिचालन गर्नुपर्नेमा जोड दिन्थे । परिणामस्वरूप हरिहर गौतमको छत्तिसौँ जन्मोत्सवको मौका पारेर दधिराम मरासिनी र घनश्याम पौडेलका जोडमा खिदिमका तीनवटै पाठशाला एकै ठाउँमा गाभिएका थिए । ती दुई भाइको सल्लाहमा त्यहाँका सबै विद्यार्थीको बस्ने, खाने र लगाउने व्यवस्था गौतमबाटै हुन थालेको थियो । त्यस बेला गुरुहरूले मासिक तलब जनही बीस रुपियाँलगायत लुगाकपडा पनि गौतमबाटै पाउन थालेका थिए । दधिराम मरासिनी र घनश्याम पौडेलको समर्पणका कारणले एक दशकपछि त्यो विद्यालय महाविद्यालयमा रूपान्तर पनि भएको थियो । अनि त्यसलाई बनारसको सरकारी संस्कृत कलेजसँग सम्बन्ध जोड्न पनि यी दुई भाइ कस्सिएका थिए । अन्ततः यस काममा उनीहरू सफल पनि भए । अनि बनारसमा त्यहाँबाट गएका विद्यार्थीको खान, बस्नको सम्पूर्ण खर्च पनि हरिहर गौतमबाटै बेहोरिने चाँजोपाँजो भएको थियो ।

घनश्याम पौडेल गणितफलित ज्योतिष र वेदान्तमा पारङ्गत थिए । उनले शिक्षण गर्दा औषधि उपचार र ज्योतिषमा पनि झिसमिसेदेखि साँझसम्म आफूलाई व्यस्त राख्ने गर्थे । उनका चेला प्रा.यदुनाथ खनालका अनुसार 'घनश्याम पौडेलले आफ्नो जीवनकालमा हजारौँलाई पढाए र स्नातकमा मात्रै पुगनपुग तीन हजार उनका विद्यार्थीले अध्ययन गरेका थिए ।'

प्रा.यदुनाथ खनालचाहिँ घनश्याम पौडेलका भक्त थिए । उनी प्रायः पौडेलको स्मरण गर्न छाड्दैन थिए । त्यसैले खनालले भनेका

थिए– 'पं.घनश्याम पौडेल जनउत्थानमा सधैँ लागिपरे । त्यस बखत दधिराम मरासिनी, हरिहर गौतम र घनश्याम पौडेलले नेपालको पश्चिम भेगको शिक्षाक्षेत्रमा ज्यादै महत्त्वपूर्ण काम गरेका थिए । ती तीन व्यक्तिमध्ये घनश्याम पौडेलचाहिँ बहुआयामिक पनि थिए ।' यसैबारे प्रा.डा.टीकाराम पन्थीले पनि लेखेका थिए– 'दधिराम, हरिहर र घनश्याम यी तीन मुनिको कृपाले पश्चिम नेपालमा विद्याको ज्योति प्रकाशित भएको थियो । साथै घनश्याम पौडेलको आजीवन सेवा अत्यन्तै फलदायी रह्यो ।' उनी संस्कृत पाठशालाका अध्यापक मात्र थिएनन्, संस्कृत विधाका ज्ञाताका रूपमा समेत प्रतिष्ठापित थिए । शिक्षाका साथै घनश्याम पौडेलको अर्को सहायक पेसा पौराणिकता, आयुर्वेदिक उपचार र कृषि मानिन्थ्यो । पौडेलले खिदिमको हरिहर संस्कृत पाठशालाको जगदेखि नै पढाउन थालेका थिए र चौबिस वर्षसम्म यसरी पढाइरहे ।

घनश्याम पौडेलले बिहे नगरी समाजसेवा गरेर नै आफ्नो जीवन समर्पित गर्ने मनसाय राखेका थिए । तर परिवारको दबाब र दधिराम गुरुको ढिपीबाट उनी विवाह गर्न राजी भएका थिए । २७ वर्षको उमेरमा पं.खगेश्वर मरासिनी र गौरादेवीकी काइँली छोरी दस वर्षीय बालिकादेवीसँग उनको विवाह भएको थियो । विवाह गरेको दस वर्षपछि यी दम्पतीबाट मोदनाथ प्रश्रितको जन्म भयो । त्यसपछि यी दम्पतीबाट क्रमश: दुई छोरा हरिप्रसाद र फणीराज या जयप्रकाश किसान अनि दुइटी छोरी वेदमाया र लोकमाया पनि जन्मेका थिए ।

घनश्याम पौडेल समाजसेवाका पनि पथप्रदर्शक थिए । कोही बिरामी परेको सूचना पाउनासाथ उनी औषधिमूलो बोकेर घरघर पुग्थे । साथै पढ्छु भन्ने गरिबलाई उनी अनेक प्रयत्न गरेर पढाइदिन्थे । अनि आयुर्वेदको शिक्षा लिन आउनेलाई पनि उनी मन फुकाएर सिकाइदिन्थे ।

घनश्याम पौडेलको मन ठूलो थियो तर उनीसँग धन थिएन । उनको आर्थिक अवस्था कमजोरै थियो । त्यसैले यिनले कथा वाचनद्वारा पनि घरको नुनतेल जोड्ने व्यवस्था गरे । पुराण वाचनमा उनी उत्कृष्ट थिए । यसै क्रममा उनले शास्त्रीय छन्दका केही कविता पनि लेखेका थिए ।

आर्थिक अवस्थाले रन्थन्याएपछि घनश्याम पौडेलले हरिहर गौतमसँग अनुरोध गरी आफ्ना परिवारलाई डाँडाकटेरीमा लगेर पनि राखे । त्यसको पनि एउटा प्रसङ्ग छ । कुरा के भने हरिहर गौतमले समाजसेवा गरेको नेपाली काङ्ग्रेसका लागि सह्य थिएन । परिणामस्वरूप नेपाली काङ्ग्रेसले हरिहर गौतमका सम्पत्तिको लुटपाट गरेको थियो । त्यसपछि पौडेल र गौतमको सहमतिबाट ज्यान जोगाउन गौतम भारत पस्न बाध्य भएका थिए । अनि पौडेलचाहिँ त्यसै बेला गौतमको जायजेथाको सुरक्षा गर्न उनको बर्दियाको घरमा पनि दुई महिना बसेका थिए । पछि शान्ति सुव्यवस्था कायम भएपछि गौतम आफ्ना घरमा आए र पुरस्कारस्वरूप उनले पौडेललाई डाँडाकटेरीको जग्गा उपहार दिएका थिए ।

घनश्याम पौडेल राजनीतिमा पनि सक्रिय थिए । उनी नेपाली काङ्ग्रेस दलमा आबद्ध थिए । उनले नेपालमा प्रजातन्त्र ल्याउन आफ्ना ठाँउबाट काम पनि गरेका थिए । त्यति बेला उनी बिर्ताप्रथाको विरोधमा थिए । उनले जनहितका लागि राजनीति गरे तर पद र प्रतिष्ठाका लागि गरेनन् ।

घनश्याम पौडेलचाहिँ हरिहर गौतमकै जग्गामा बस्दै आएका थिए । तर उनका माल्दाइ रुक्माङ्गदका कारणले उनको उठीवास लागेको थियो । वास्तविक कुरा के थियो भने उनका माल्दाइको स्वभाव रूखो, टर्रो र अलि उग्र थियो । उनका माल्दाइले एक पटक गाउँलेलाई नै उठाएर हरिहर गौतमको खेतको पाकेको धान लुटाएका थिए । त्यो बेहोरा घनश्यामका दाता हरिहरले थाहा पाए । अनि

उनले अति दुक्ख मान्दै घनश्यामलाई एउटा चिठी लेखे– 'मेरो डाँडाकटेरीको जग्गा खाली गरिदिनू ।' त्यो पत्र पढेर घनश्याम धुरीबाट खसेसरि भए । वास्तवमा त्यस चिठीले उनलाई अति दु:खित बनायो । त्यस घटनाको पीरमा उनका जहानपरिवार सबै रोए । अनि आफैँले आवाद गरेको घरबारी छोडेर उनीहरू हर्राबोटमा नै फर्केका थिए ।

घनश्याम पौडेलले फेरि नयाँ किसिमले आफ्नो वासस्थानलाई सजाउन थाले । तर जहाँसुकै बसाइँ सरे तापनि पौडेलका घरमा कहिल्यै लक्ष्मीको भरपर्दो वास भएन । जीवनको उत्तरार्धसम्म पनि यिनको परिवारलाई भयङ्कर कष्ट, सङ्कट र अभावले ढाकिरह्यो । अनि त्यही रीत खेप्ताखेप्तै उनी थला परे । अन्तत: लालाबाला छोराछोरी र पैंतिस वर्षकी श्रीमती छाडेर पौडेल २०११ साल चैत २२ गते खिदिममा स्वर्गीय भए ।

• •

मोदनाथ प्रश्रितकी आमा बालिकादेवी पौडेलले झन्नै चौसट्ठी वर्षजति पतिविहीन जीवन बिताइन् । आफ्ना छोराबुहारी मोदनाथ प्रश्रित र कविता पौडेलकै काखमा अन्ठानब्बे वर्षको उमेरमा चन्द्रागिरी, काठमाडौँको आफ्नै घरमा उनको निधन भएको थियो ।

बालिकादेवी पौडेलको अन्त्येष्टि क्रिया सात दिनमा सम्पन्न गरिएको थियो । छोराहरूमध्ये हरिप्रसाद दिवङ्गत भइसकेका र जयप्रकाश केही वर्षअघिदेखि हराएका हुनाले मोदनाथ प्रश्रित एक्लैले हिन्दू परम्पराअनुसार शुद्ध काजक्रिया गरेका थिए । कम्युनिस्टले आमाबुबाको काजक्रिया गर्नु हुँदैन भन्ने मान्यताका लागि प्रश्रितको त्यो कार्य एउटा चुनौती नै थियो । विगतमा नेपाल कम्युनिस्ट पार्टीका शीर्षस्थ नेताहरूका बुबाआमाको निधन हुँदा उनीहरूले काजक्रिया नगरेको इतिहास छँदै थियो । काजक्रियाको

कुरा त परै जाओस् आमाबाबुको निधन हुँदा नेपालका कम्युनिस्ट नेताहरूले कपाल पनि काट्तैन थिए ।

पूर्वीय परम्पराअनुसारका सम्पूर्ण काजक्रिया, दानदातव्य, पूजापाठ आदि पूर्ण संस्कार संस्कृतिविद् मोदनाथ प्रश्रितबाट सम्पन्न गरिएको थियो । त्यसबारे संस्कृतिविद् प्रश्रितले जनमाऊ भनेका पनि थिए– 'हाम्रो पूर्वीय सांस्कृतिक परम्परालाई नखलबल्याई वर्तमान समयको मागलाई समेत ध्यानमा राखेर आमाको अन्त्येष्टि कर्म सात दिनमा सम्पन्न गरियो ।'

मोदनाथ प्रश्रितले सात दिन मात्र काजक्रिया गरेबापत उनले समाजको आलोचनाको पात्र पनि हुनुपरेको थियो । हुन त प्राचीन समयमा मृत्यु संस्कार तेह्र महिनाको हुने गर्थ्यो । त्यसपछि सो वार्षिकीलाई घटाएर एक महिनाको बनाइएको थियो । त्यसपछि श्री ३ चन्द्रशमशेरबाट एक महिनालाई पनि घटाएर तेह्र दिनमा ल्याइएको थियो । तर त्यसपछि भने नेपाली धराले भनेजस्ता चेतना र विवेकशील समाजशास्त्री वा समाजसुधारक नेता वा शासक नपाएकाले तेह्र दिनको संस्कार अव्यावहारिक हुँदाहुँदै पनि त्यसलाई घटाउन सकिएको छैन । प्रश्रितका विचारमा पनि यस्ता सुधार अभियानतर्फ हाम्रो राष्ट्र उदासीन छ ।

व्यक्तिगत रूपले खनुप्रूदे (रामबाबू) प्रसाई र कम्युनिस्ट नेताहरू राधाकृष्ण मैनाली तथा चन्द्रप्रकाश मैनालीले पनि आफ्नी आमाको सात दिनको मृत्यु संस्कार गरेका थिए । फाट्टफुट्ट रूपमा कसैकसैले यस प्रकारले दिन छोट्ट्याएर सात दिनको कर्म गरे पनि आम मानिसहरूमा परिवर्तनमा जाने हिम्मत नदेखिएको बेहोरा मोदनाथ प्रश्रितलाई पनि थाहा थियो । त्यसैले पनि उनले चाहिँ सातै दिनमा आफ्नी आमाको मृत्यु संस्कार सकेका थिए ।

# मोदनाथ प्रश्रितको जन्म र शिक्षा

सत्ताइस वर्षका घनश्याम पौडेलको दस वर्षीया बालिकादेवीसँग विवाह भएको थियो । बालिकादेवी बीस वर्षकी भइन्जेलसम्म पनि पौडेलदम्पतीका सन्तान जन्मेका थिएनन् । अनि उनीहरूले सन्तान प्राप्तिका लागि गौरीदेवीको नाउँमा समेत अनेक पूजाआजा गरेका थिए । त्यसपछि उनीहरूको छोरा जन्म्यो । भनौँ, १९९९ साल असार ६ गते एकाबिहानै अर्थात् बिहान ६ बजेर ३० मिनेटमा सूर्योदयसँगै उनीहरूका प्रथम पुत्ररत्नको उदय भएको थियो । गौरीदेवीको प्रसादस्वरूप जन्मेका हुँदा ती शिशुको नाउँ गौरीप्रसाद राखियो । त्यसपछि क्रमश: हरिप्रसाद, वेदमाया, ममता र जयप्रकाश जन्मेका थिए । मोदनाथ प्रश्रितका सबै भाइ र बहिनीहरू हर्राबोट, खिदिममा नै जन्मेका थिए । कालान्तरमा जेठा गौरीप्रसादलाई चाहिँ मोदनाथ प्रश्रितको नामाकरण गरिएको थियो ।

मोदनाथ प्रश्रितले आफ्नो जन्मसँगसँगै सङ्घर्षको भारी पनि बोकेर नै आएका थिए । उनको शिशुकालमा नै उनकी आमाले उनलाई सुमसुम्याउने प्राकृतिक अधिकारबाट उनले अलग्गै सर्नुपरेको थियो । किनभने उनी जन्मेको दुई वर्ष नपुग्दै उनका भाइको जन्म भएको थियो । त्यसपछि उनले प्रत्यक्ष रूपमा आफ्नी आमाको काखबाट चाँडै नै वञ्चित हुनुपरेको थियो ।

बाल्यकालमा नै मोदनाथलाई आमाका काखबाट उनका बुबाले आफ्नै साथमा पढाउन लगेका थिए । पाँच वर्षका हुँदा यिनलाई

घरबाट एक कोश टाढा पोखराथोकमा लगी आफ्ना बुबाले आफ्नै साथमा पढाउन सुरु गरे । त्यहाँ पढ्दापढ्दै प्रश्रितले आफूभन्दा माथिका बाबुहरि ज्ञवालीको चित्रकलाको देखासिकी र सुब्बा होमनाथ केदारनाथको नेपाली महाभारतका चित्र हेरेर उनले पनि चित्र बनाउन सिकेका थिए । वास्तवमा उनी सानैदेखि इलमी थिए । उनी केही न केही गरेर बस्न रुचाउने गर्थे । त्यतिखेर उनका बुबा हरिहर संस्कृत पाठशालामा पढाउने गर्थे । साथै उनका गुरु पनि आफ्नै बुबा थिए । अनि उनका बुबा अनुशासनका नम्बरी सुन थिए । त्यसैले प्रश्रितलाई आफ्ना बुबासँग पढ्न त्यति सजिलो पनि थिएन ।

हरिहर संस्कृत पाठशाला त्यस भेगकै उत्कृष्ट शिक्षा केन्द्र थियो । साथै त्यो स्कुल अनुशासनको पनि एउटा नमुना नै थियो । मोदनाथ प्रश्रित बाल्यकालमा नै बुबा र अरू गुरुजनको अनुशासनको फेरोमा परेका थिए ।

मोदनाथ प्रश्रितले चार वर्षको उमेर ढल्किने बेलातिर वर्णमालाका अक्षर केलाएर ठम्याउन थालेका थिए । यिनले वर्णमालाका प्रारम्भिक अक्षर चिन्नका लागि धुलौटो, पाटी, स्लेट केही पनि प्रयोग गरेका थिएनन् । आफ्नो अक्षर चिनेको समयको कुरा निस्कँदा प्रश्रितले भन्ने एउटा संवाद थियो– 'हरिहरको घरअगाडिको चौतारोको चेप्टे ढुङ्गा नै मेरो पाटी थियो । आज पनि त्यो ढुङ्गा जस्ताको तस्तै छ र मलाई यस्तो लाग्छ, त्यहाँ मेरा थुप्रै शिशु भावनाहरू खोपिएका छन् ।'

मोदनाथ प्रश्रितले एक सातामा अक्षरहरू चिनेका थिए । अनि यिनले दुई महिनामा सजिलो वर्णमाला पास गरेका थिए । वर्णमालाबाट पारङ्गत भएपछि उनलाई दुर्गाकवच, सप्तशती चण्डी र मूल रामायण पढाउँदै लगिएको थियो । वास्तवमा त्यस बेला यिनका बुबाले ती काव्यलाई कण्ठ गर्न यिनलाई सिकाएका थिए । हुन पनि पढ्दै जाँदा बुझे पनि नबुझे पनि यिनका लागि ती विषय केही रसिलो जस्तो पनि

भएको भान परेको थियो । ती विषय छन्दोबद्ध भएकाले यिनलाई पढ्न खास अप्ठेरो भएको थिएन ।

मोदनाथ प्रश्रितको आठ वर्षका उमेरमा व्रतबन्ध भयो र शुक्ल यजुर्वेद सार स्वरसहित तीन वर्ष लगाएर सहपाठीहरूसहित यिनलाई अर्थबिना घनघोरसँग घोक्न लगाइयो । उक्त समयमा प्रश्रितले अर्थबिनाको पढाइ र नुनबिनाको तरकारीजस्तै खल्लो भईभई पाठ पूरा गरेका थिए । त्यस बेला यिनले पढेको वेदका विषयमा यिनी भन्थे– 'दसदेखि पाँच बजेसम्म अर्थ बुझ्नु न सुझ्नु गधा कराएझैँ वेदको वैरागलाग्दो राग लगातार अलाप्नु कस्तो सकस ! कराउँदाकराउँदै हाम्रा घाँटी सुक्थे, ओँठका कुनाकुनामा फिँज उठ्थ्यो र दुईचार महिनामै एकदमै गला सुक्न थाल्थे । औषधालय पनि कति टाढा थियो भने नौ कोस टाढा थियो र त्यो ठाउँ थियो– पाल्पाको तानसेन ।'

मोदनाथ प्रश्रितलाई वेद विद्याको घोकाइले लखतरान पारेको थियो । त्यही विषय पढ्न थालेपछि यिनी परीक्षामा राम्ररी पास हुन नसक्ने स्थितिमा देखा पर्न थालेका थिए । वास्तवमा त्यतिखेर वेद रट्तारट्तै पढाइमा यी बरालिन थालेका थिए । त्यही कालखण्डमा दिग्दार भएकै कारण यिनले चित्र कोर्न थालेका थिए । अनि यिनले सात वर्षदेखि नै चित्रकारितातिर मन दिन थालेका थिए । त्यसपछि क्रमश: उनले विभिन्न प्रकृतिले सुसज्जित ठाउँहरूको चित्र कोर्न थालेका थिए । चित्रकारितामा लागेर आफू नामी चित्रकारमा दरिन्छु भन्ने उनीभित्र जरा पलाउने क्रम थियो ।

मोदनाथ प्रश्रित बाल्यावस्थामा हुँदादेखि नै यिनका बुबाआमाको यिनीप्रति ठूलै भरोसा थियो । संस्कृत साहित्य, ज्योतिष, आयुर्वेद एवम् धार्मिक शास्त्रहरू पढाएर छोरालाई नामी बनाउने यिनका आमाबाबुको सपना थियो ।

मोदनाथ प्रश्रितको बाल्यकाल नै विचित्र ढङ्गबाट बितेको पाइन्छ । यिनलाई चित्र बनाउने खुबै रहर थियो । उनको आफ्नै विद्यालयका दुईतीन जना साथीहरूले गणेशको चित्र बनाउने गर्थे । प्रश्रित ती चित्र हेरेर त्यसको नक्कल गर्न चाहन्थे । तर त्यहाँ शिक्षकले प्रश्रितलाई ती चित्र बनाउने साथीहरूको नजिक पर्न दिँदैन थिए । त्यस बेहोराले प्रश्रितका मनमा विद्रोहको भावनासमेत जागेको थियो ।

मोदनाथ प्रश्रितलाई गणेशको चित्र हेर्न नदिने शिक्षकको हातमा लुतो निस्केको थियो । त्यसैले उनलाई आफ्ना हातले भात खान सहज थिएन । त्यसैले उनले अनेक तरहबाट चम्चा खोजेर ल्याएका थिए । अनि शिक्षकले चम्चाले भात खाने गर्थे । प्रश्रितका मनमा मास्टरलाई दुक्ख दिनका लागि चम्चातिर ध्यान गयो । परिणामस्वरूप उनले मास्टरको त्यही चम्चा चोरेका थिए । तर त्यस बेला प्रश्रित वास्तविक रूपमा चोर बनेका थिएनन्, प्रतिशोधस्वरूप चोर भएका भने थिए । त्यस बेला उनी दस वर्षका थिए ।

मोदनाथ प्रश्रितले मास्टरको चम्चा चोरेपछि यिनलाई केही जितेको अनुभूति भएको थियो । अनि उनको मन क्रमश: चोर बुद्धिमा जान थालेको थियो । भनौँ, चोरीसम्बन्धमा यिनको विचारले यिनका बानीमा चोरीका बीउहरू पलाउन थालिसकेका थिए । यिनी केही न केही नचोरी बस्न नसक्ने अवस्थामा अनुवाद हुन थालेका थिए । हुँदाहुँदै यिनी तगडा चोर नै हुन थाले । त्यतिन्जेलमा प्रश्रितलाई चोर बुद्धिको नशा लागिसकेको थियो । उनी त्यस बेलाका नामी या भनौँ, सुसे चोरमा स्थापित भइसकेका थिए । त्यस बेलाको चोरीको विषयमा प्रश्रितले बयान दिएका थिए– 'सुस्तसुस्त चोरीका सामान घरतिरै लगेर लुकाउने रहर ममा हुर्कन थाल्यो । म नम्बरी चोर बन्दै गएँ । तर कस्तो संयोग, पचासौँ चीज चोर्दा पनि मैले कहिल्यै पक्डाउ खाइनँ ।'

मोदनाथ प्रश्रितलाई चोरेपछि मात्र केवल आत्मसन्तुष्टि हुन थालेको थियो । चोर्ने क्रममा यिनले एक पटक टाँक चोरेका थिए । तर त्यस दिन चोर्दा उनी स्कुलभित्रै पक्राउमा परे । त्यस बेला यिनले दुईचारवटा नराम्रानराम्रा गाली खाए । अनि प्रश्रितका बुबा र गुरुहरूले यिनलाई चोर्नु हुँदैन र चोरेपछि यस्तो सजाय हुन्छ भनेर पुराणका धार्मिक उपदेश दिएका थिए । चोरेपछि यतिसम्म सजाय हुन्छ भन्ने परेपछि र माफ पाएपछि चोरी काममा यिनी आफैँ नियन्त्रित हुन थाले । अनि सानैदेखि लागेको बानीलाई त्याग्न यिनलाई कठिनै भएको थियो । तर यिनले प्रयास गर्दागर्दै यी चोर बुद्धिबाट परपर जान थाले । अन्ततः उनी चोरीचकारीबाट नै सट्टै पर सर्न सफल भए । चोरी गर्नु पनि अपराध हो भन्ने ज्ञान पसेपछि यिनका लागि चोर्ने काम घृणाको विषय नै बन्न पुग्यो ।

मोदनाथ प्रश्रितलाई आफ्ना बुबाले अत्यन्तै प्यारो गर्थे । त्यसैले यी बुबाको साथमा नै रहन थाले । यिनलाई बुबाले प्यारो गरेर बोलाउँदा रामु भन्ने गर्थे । अहिले पनि यी जब आमाबाबुलाई सम्झन्छन् तब यिनका सामुन्ने धार्मिक दृष्टिकोण, सरलपना, नैतिकता र विश्वासको एउटा अनौठो मूर्ति उभिन्छ ।

•

मोदनाथ प्रश्रित तेह्र वर्ष भइन्जेलसम्म उनको नाउँ गौरीशङ्कर पौडेल थियो । त्यसपछि उनले आफ्नो नक्षत्रको नाम आफैँ मोदनाथ पौडेल लेखे । उनी विद्यालयमा पढ्दा उनका साथीको नाउँ पनि मोदनाथ पौडेल नै रहेछ । त्यसपछि उनले आफ्नो थर हटाएर मोदनाथ प्रश्रित लेख्न थालेका थिए ।

२०१५ सालमा मोदनाथ प्रश्रित खिदिमको पढाइ सकेर परीक्षामा उच्च अङ्क पाई माध्यमिक शिक्षा लिन बनारस गए । बनारसमा पनि यिनले हरिहर संस्कृत विद्यालयको छात्रवृत्तिमा नै मध्यमा

(आईएसमकक्ष) पढे । त्यस समयमा प्रतिव्यक्ति मासिक पन्ध्र भारतीय रुपियाँ छात्रवृत्ति दिइन्थ्यो । त्यस पैसाले दुईतीन जना मिलेर एउटैएउटै भान्सा चलाउँथे र पालैपालो पकाएर खान्थे । विद्यालयको विशाल तलामा पाठ लिने, पढ्ने, लेख्ने, सुत्ने, बस्ने, खाना पकाउने व्यवस्था थियो । त्यस छात्रवृत्तिले नपुगेर उनले अन्धा विद्यार्थीलाई पाठ घोकाउने काम गर्न थाले । त्यस बेला त्यस्ता विद्यार्थीलाई पाठ घोकाउन आउनजान दुई कोस बाटो हिँड्नुपर्थ्यो । त्यसबापत उनले महिना मरेपछि छ रुपियाँ पाउने गर्थे । त्यतिले पनि खर्च नपुगेपछि उनले त्यहाँका प्रेसहरूमा कम्पोजिटरको काम गरे । साथै उनले त्यहाँका औषधालयहरूमा पनि काम गरे ।

२०१८ सालमा मोदनाथ प्रश्रित उत्तरमध्यमा (आईएसरह) परीक्षमा सर्वप्रथम भए । त्यसका साथसाथै उनले दुई पेपर अङ्ग्रेजी पनि उत्तीर्ण गरे । अर्को कुरा सर्वप्रथम भएकाले केन्द्रीय छात्रवृत्ति पनि पाएर उनले विश्वविद्यालयमा शास्त्रीस्तरको पढाइ गरे ।

खराब आर्थिक अवस्थासँग जुधेर पनि मोदनाथ प्रश्रितले संस्कृतमा मध्यमा दिए र यिनी त्यस परीक्षामा प्रथम श्रेणीमा प्रथम पनि भए । त्यसपछि यिनले भारत सरकारको केन्द्रीय छात्रवृत्ति पाए र संस्कृत साहित्यमा शास्त्री पढ्न थाले । अनि यिनले आफ्नै प्रयत्नमा आयुर्वेदमा पनि आचार्य गरे ।

• •

मोदनाथ प्रश्रित सानैदेखि साहित्यमा रुचि राख्थे । उनले आयुर्वेदमा पनि स्नातक गरिसकेकै थिए । त्यसैले यी गाउँमा दवाईपानी बाँड्ने काममा लागे । यसका साथै यिनले गाउँमा पण्डितको पनि काम गर्न थाले । प्रश्रितले खिदिममा गुरुपुत्रका नाताले श्रीमद्भागवत, देवीभागवत, ब्रह्मा वैवर्त पुराण, वाल्मीकि रामायण र गरुड पुराणहरू सुनाउने काम गर्न थाले । त्यसपछि राम्रो कथा वाचकका रूपमा

यिनको नाउँ लिन थालियो । गाउँका प्राय: थुप्रै मान्छेले यिनलाई नै पण्डितका रूपमा स्विकार्न थाले । यसका साथै न्वारन र श्राद्ध गर्ने, स्वस्थानी सुनाउन पनि यिनी तल्लीन हुन थाले । प्रश्रितका लागि गाउँमा पण्डित्याइँ एउटा आयस्रोतको पनि राम्रो बाटो बनिसकेको थियो । अब छोराले आम्दानी गर्न थाल्यो भनेर यिनकी आमा ढुक्क पनि थिइन् ।

मोदनाथ प्रश्रित बाह्र वर्षमा प्रवेश गर्दा बुबाले इहलीला त्यागेका थिए । त्यसैले आमाले भुक्तभोगी भएर सन्तान हुर्काएकी थिइन् । तर यसरी आयमूलकको कार्य सम्पादन गर्दागर्दै प्रश्रितले त्यो पण्डित्याइँ पेसा छोड्ने वातावरण तयार गर्न थाले । भनौँ, राजनैतिक नशामा डुब्दा यिनले पुरोहित पद्धतिलाई छाड्ने तरखर गरे । यिनलाई राजनैतिक नशाले खिचेकाले यिनीमाथि पैसाको त्यस्तो प्रभाव पर्न पनि छाडेको थियो । आफ्नी आमाको दु:खद घरायसी वातावरण झेल्नुपर्ने बाध्यतालाई पनि त्यस बेला यिनले वास्ता राखेनन् ।

बनारसबाट फर्की आएपछि लुम्बिनी अञ्चल पञ्चायतबाट ‘लुम्बिनी सन्देश’ (साप्ताहिक) पत्रिकाका प्रधान सम्पादक हुनुका साथसाथै मोदनाथ प्रश्रितले साहित्यिक त्रैमासिक ‘गुराँस’ पत्रिकाको पनि सम्पादन गरेका थिए ।

मोदनाथ प्रश्रितलाई सानैदेखि आयुर्वेद पढ्ने रुचि थियो । बनारस पढेताका उनले आयुर्वेद विषय पढ्ने पनि ठाउँ पत्ता लगाए । अनि शास्त्री पढेकै बेला उनले आयुर्वेद अध्ययनका लागि पनि नाउँ लेखाएका थिए । ‘निखिल भारत वर्षीय आयुर्वेद विद्यापीठ’मा उनले आयुर्वेदमा आचार्य उत्तीर्ण पनि गरे । त्यसपछि उनी नेपाल आए ।

मोदनाथ प्रश्रितले आफ्नो मातृभूमिको सेवा गर्ने मौका पनि पाए । भनौँ, अर्घाखाँचीको बल्कोट हाईस्कुलमा २०२१ सालदेखि अध्यापक भएर उनले काम गर्ने अवसर पाएका थिए । प्राइभेट पढेर

२०२५ सालमा उनले त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा एमए पास गरे । तर त्यति पढेपछि पनि उनी नेपालमा धेरै टिक्न सकेनन् । २०३१ सालमा राजनीतिक कारणले उनी भारत पसे । निर्वासित भएका बेला उनले संस्कृत साहित्यमा आचार्य पढ्नेबारे मन दिए । त्यसैले बनारसको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयमा उनी अभिलिखित भए । अनि २०३३ सालमा त्यहीँबाट उनले संस्कृत साहित्यमा आचार्य पास गरेका थिए ।

मोदनाथ प्रश्रितको पढाइको केन्द्रीय ठाउँ बनारस नै थियो । उनले नेपालबाट एमए र भारतबाट संस्कृत साहित्य तथा आयुर्वेदमा आचार्य गरी तीन विषयमा स्नातकोत्तरको उपाधि लिए । त्यसपछि नेपालमा नै बसेर काम गर्ने उनको उत्कट अभिलाषा भयो । वास्तवमा भारतमा बसेर काम गर्नुभन्दा नेपालमा नै बसेर आफ्नो योग्यता प्रदर्शन गर्न उनले ठीक ठानेका थिए । अन्तत: उनी नेपाल आएर आफ्नो शैक्षिक र आयुर्वेदिक सीप परिचालन गर्न तल्लीन पनि भए । अनि उनले केही वर्ष शिक्षण संस्थामा पनि आफ्नो अध्यापकीय र प्राध्यापकीय अनुभव प्रस्तुत गरे ।

मोदनाथ प्रश्रितलाई नेपालमा शिक्षाक्षेत्रमा काम गर्न सुरुसुरुमा त सहजै थियो । तर बिस्तारै उनी सामन्त ठानिएकाहरूको कड्के दृष्टिबाट पीडित थिए । यति हुँदाहुँदै पनि उनले आफ्नै ठाउँको अर्घाखाँचीको बल्कोटमा अध्यापक भएर काम गरेको अनुभव छँदै थियो । साथै उनले बुटवलको गणेश जनता माध्यमिक विद्यालयको प्रधानाध्यापक भएर पनि काम गरिसकेका थिए । राजनीतिमा सक्रिय हुनुपूर्व उनले केही समय भैरहवामा रात्रि कक्षामा पनि पढाएका थिए । त्यसको अर्को वर्ष उनले बनारसमा संस्कृत आचार्य उत्तीर्ण भएपछि अर्थात् २०२४ सालदेखि बुटवलको लुम्बिनी कलेजमा नै काम गर्न थालेका थिए । बुटवल लुम्बिनी कलेजको संस्थापक भए तापनि प्राध्यापकको भूमिकामा पनि उनी क्रियाशील थिए । रिस,

इबी र डाहा गर्नेहरूले भने उनलाई राजनीतिक तरङ्गको अपजस लगाउँदै जान थालेका पनि थिए । परिणामस्वरूप उनलाई राजकाज मुद्धा लगाएर जेल चलान गरिएको थियो । २०२६ सालको कुरा हो– त्यसैताका उनका सहकर्मी जीवराज आश्रित पनि उनीसँगै थुनिएका थिए । त्यतिखेर उनीहरूलाई दुई वर्ष सजाय तोकिएको थियो । तर उनीहरूले रिट दायर गरेपछि एक वर्षमै दुवै जना रिहा भए । त्यसपछि प्रश्रित सरासर बनारसै गए । त्यहाँ पुगेर उनी शिक्षण संस्थामा नै कार्यरत हुन थाले ।

बनारसमा पुगेपछि मोदनाथ प्रश्रितले एकातिर आफ्नो पेट पाल्ने काम गरे भने अर्कातिर वामपन्थी धारालाई अगि बढाउन पनि उनी अग्रसर भए । सोहीअनुरूप उनैको पहलमा बनारसमा ‘प्रगतिशील अध्ययन मण्डल’को स्थापना भएको थियो ।

# मोदनाथ प्रश्रितको आर्थिक अवस्था

शास्त्री पढिसकेको हुँदा मोदनाथ प्रश्रितले गाउँमा शिक्षक पद पाए । तर पछि यिनले त्यो मास्टरी जागिरबाट पनि हात धुनु पर्‍यो किनभने यिनी बनारसमा बस्दा काङ्ग्रेस थिए । त्यसैले यिनलाई त्यतिखेर अराष्ट्रिय तत्त्वको आरोप लगाइएको थियो । त्यस आरोपका कारण जागिर खानबाट यी स्थानीय प्रशासनबाट वञ्चित भएका थिए । जागिर हिँडेपछि यिनले बिहानबेलुका आफ्नो आयुर्वेदाचार्यको योग्यताको आधारमा रोगीको उपचार गर्ने काम पनि गर्दै गए । आफ्नो छुट्टीको दिनमा उनी साइनबोर्ड बनाउने काममा लाग्न थाले । त्यस बेला यिनले बनाएका साइनबोर्ड गुल्मी जिल्लाभरि नै छाएको थियो । त्यसपछि यिनी क्रमश: राजनीतितिर ढल्कन थाले । विभिन्न झूटा मुद्धामा यिनले जेलको सिकार पनि हुन पर्‍यो । अनि यिनको जीवनको महत्त्वपूर्ण भाग राजनीतिक काममा नै व्यतीत हुन थाल्यो । कसैले यिनीसँग राजनीतिक विषयको जिज्ञासा राख्दा यिनी भन्थे– 'राजनीति झन् महत्त्वपूर्ण रचनात्मक काम हो ।' तर पछिल्ला दिनमा नेता हुँ भन्नेहरूले राजनीतिलाई व्यापार बनाएको बेहोराले यिनलाई ग्लानि हुने गर्थ्यो ।

मोदनाथ प्रश्रितको जीवन आर्थिक अभाव साम्य पार्नका निम्ति नै परिचालित भयो । उनको बाल्यकाल र किशोरवय आर्थिक अभावमा नै बितेको थियो । यिनको बाल्यकालमा नै बुबाको निधन भएकाले यस परिवारकै कन्तबिजोक भएको थियो ।

यिनीहरूले मीठो खानका साथै राम्रा लुगा लगाउन नै पाउँदैन थिए । त्यस बेला यिनीहरूलाई कतिसम्म आर्थिक अभाव थियो भने– त्यस कालखण्डमा उनीहरूका परिवार जुत्ताचप्पलबिनै खाली खुट्टै हिँड्ने गर्थे ।

मोदनाथ प्रश्रित दिन दुईगुनाका दरले मिहिनेत गर्न बाध्य थिए । घर खर्च धान्नका लागि उनले अनेक उपाय झिके । त्यस घडी उनले अनेक प्रकारको काम गर्दा पनि उनीहरूको आर्थिक अवस्था सबल हुन सकेको थिएन ।

मोदनाथ प्रश्रितले घरको दयनीय आर्थिक अवस्थालाई उकास्न धेरै पटक धेरै प्रकारका कसरत गरे । त्यही सिलसिलामा उनले २०२१ सालमा आफ्नो आर्थिक उपार्जनका लागि घरेलु आयुर्वेदिक औषधि बेच्ने काम गरे । त्यस बेला यी वैद्य पनि भइसकेका थिए । उनी आफैँ दवाईमूलो बनाएर पनि बेच्ने गर्थे । यस काममा उनी केही हदसम्म सफलै पनि थिए ।

मोदनाथ प्रश्रितको औषधि बनाएर र बेचेर मात्र घरको आर्थिक अवस्था धान्ने अवस्था थिएन । त्यसैले उनले अर्को पनि इलम लिने सुरसार गरे । त्यही क्रममा उनले आफ्नो कलात्मक सीप पनि अवलम्बन गरे । भनौँ, उनले तम्घासमा गएर पनि साइनबोर्डहरू बनाउन थाले । त्यस पेसालाई पनि उनले आफ्नो कमाइ खाने शुद्ध भाँडो बनाएका थिए ।

•

मोदनाथ प्रश्रितका बाबुले खिदिममा हरिहर संस्कृत पाठशालामा पढाएका थिए र २०१० सालसम्म मासिक बीस रुपियाँ थियो । घरको दयनीय आर्थिक अवस्थालाई ध्यानमा राखेर यिनका बाबुले यिनले थाहा पाएदेखि पुरोहितको काम पनि गरेका थिए । उनले कहिलेकाहीँ कथा, पुराण, श्राद्ध, न्वारान गरेर घरको

नुनतेल सङ्कलन गर्न भ्याउँथे । महाजनहरूका घरमा पुराण भन्दा यिनले केही लुगा लगाउन पाएका हुन्थे । यिनका बुबाले पुरेत्याइँ गर्दा कहिलेकाहीँ दानका रूपमा प्राप्त हुने लुगाकपडाबाहेक आफ्ना परिवारका लागि कहिल्यै पनि अलिक राम्रो कपडा किन्न सकेका थिएनन् ।

आर्थिक अवस्थाले पीडित भएपछि घनश्याम गुरु अर्थात् मोदनाथ प्रश्रितका बुबाले आफ्ना परिवारलाई हरिहर गौतमले दिएको डाँडाकटेरीको बारीमा सानो घर बनाएर राखे । गुरु काङ्ग्रेस पार्टीमा लागेपछि हरिहरले त्यही बारी पनि खोसे । त्यसपछि गुरुले आफ्नो परिवारलाई खिदिमकै हर्राबोटमा फर्काएर राखेका थिए ।

बुबा बाँचुन्जेल मोदनाथ प्रश्रितका परिवारहरू बिरालाले छाउरा सारेसरि भएका थिए । अनि यिनका बुबाको निधनपछि चाहिँ प्रश्रितपरिवार अत्यन्तै दुःखद परिस्थितिमा भास्सिएका थिए । त्यसपछि यिनका परिवारमा भयङ्कर सङ्कट, अभाव र दरिद्रता बढ्न थालेको थियो । ती सबै कठिनाइहरू यिनकी आमाका थाप्लोमा उभिएका थिए । आफूले भोगेका त्यस्ता अप्ठ्यारा दिनहरूमा जस्तोसुकै दुक्ख खेपेर पनि छोराहरूलाई पढाउने कुरामा बालिकादेवी सजग थिइन् । वास्तवमा प्रश्रित दाजुभाइले जति पढे, त्यो सबै देन उनीहरूकी आमाकै थियो ।

मोदनाथ प्रश्रितका बुबा दिवङ्गत भएपछि परिवारले दुवै छाक पेटभरि निर्धक्क खान कहिल्यै पाएनन् । भनौँ, भात खानु पनि यिनीहरूका लागि दसैँ, तिहार नै आउनुपर्थ्यो । त्यति मात्र होइन त्यसपछि यिनकी आमाले कहिले राम्रा लुगा लगाउन पाइनन् । तर प्रश्रितले जागिर खाएर केही कमाउन थालेपछि यिनकी आमाले थोरै सास फेर्ने मौका पाएकी थिइन् । त्यतिखेरको यिनको घरको गरिबीले गर्दा पछिल्ला दिनहरूमा पनि प्रश्रित राम्रो लुगा लगाउन लाज मान्ने गर्थे ।

मोदनाथ प्रश्रित आर्थिक रूपले जहिले पनि थेचारिइ मात्र रहे । एक पटक आफ्ना भाइ हरिलाई काशीमा पढाउन बसेका बेला भाइ पनि अपर्झट बिरामी भएका थिए । त्यही पीडाले यिनी झनै रनभुल्लमा परेका थिए । त्यस बेलाको त्यो कठिनाइबाट मुक्त हुन उनले हरेक कसरत गरे । उनले भाइको उपचारका लागि आफूले 'मदन पुरस्कार' पाउँदाको चाँदीको 'प्रमाणपत्र' २६२ रुपियाँमा बेचेर काम चलाएका थिए । त्यही बेला उनले आफू बसेको ठाउँबाट एक कोस टाढा एउटा विद्यार्थीलाई पाठ घोकाउने काम भेटे । महिनाको छ रुपियाँका लागि यिनी दिनको दुई कोस हिँड्ने गर्थे । उनी बनारस बसेताक 'दीनबन्धु स्वास्थ्य निकेतन'मा पनि रोगीको उपचारमा कार्यरत थिए । सर्वप्रथम उनले त्यहीँबाट जनउपचार गरेर अनुभव ग्रहण गर्न थालेका थिए ।

मोदनाथ प्रश्रितका लुगाफाटा पनि गतिला थिएनन् । जाडो याममा पनि पातलो पाइजामा र कमिज लगाएर यिनी लुगलुग काम्दै बिहानबेलुका हिँड्ने गर्थे । उनी आफैँ भात पकाउँथे, आफैँ भाँडा माझ्थे । यिनले आफ्नो काम सबै आफैँ गर्थे । त्यति गर्दा पनि यिनी अघाउन्जेल भात खान पाउँदैन थिए । त्यसपछि उनले अर्को ठाउँमा पनि बालबच्चा घोकाउने काम खोजे । काशी बसेका बेला यिनले आफ्ना हाडखोर र करङ घोट्नु घोटेका थिए । अन्ततः रगत पसिना निकालेर उनी आफ्ना खुट्टा आफैँ टेक्न सक्षम भएका थिए ।

मोदनाथ प्रश्रितको जीवनमा आर्थिक अवस्थाले उनलाई थेचार्नु थेचारेको थियो । त्यस बेलाको त्यो कहालीलाग्दो समयले उनको जीवन औँसीको रातझैँ अँध्यारो देखिन्थ्यो । यसबारे उनले लेखेकै पनि थिए– 'त्यसबीच हाम्रो परिवारले दुवै छाक निर्धक्क पेट भरेर खान चाडपर्वबाहेक सायदै पाए होला । आमाको शरीरमा राम्रो मसिनो लुगा कहिल्यै परेन । छोराहरू देशविदेश लागे र छोरीहरू आआफ्ना घर गएपछि केही सुक्ख पाए होलान्, आमालाई भने दुक्खले छोडेन ।

मैले नोकरी गर्दाको तीनचार वर्ष र २०३० सालपछि भाइहरूले केही कमाउन थालेपछि आमाले थोरै सास फेर्ने मौका पाउनुभयो । तर मूल रूपले आज पनि उहाँ सङ्कटकै बीचमा हुनुहुन्छ । लामो गरिबीले गर्दा आमामा र ममा कस्तो बानी परिसकेको छ भने अलि राम्रो कपडा पाए पनि लगाएर हिँड्दा कस्तोकस्तो अनुभव हुन्छ । मैले त त्यही लगाउने बानी पार्दै गएको छु, आमा भने पाएको राम्रो कपडा पनि छोडेर सादै कपडा लाउन मन गर्नुहुन्छ । 'आमा किन यसो गरको ?' भन्दा उहाँ भन्नुहुन्छ– 'दुईचार दिन लाएर के गर्ने ? मेरो दु:खको बाटो अझै पार भएको छैन ।'

•

विद्याथी अवस्थामा आर्थिक अवस्थाले मोदनाथ प्रश्रित ज्यादै दु:खित थिए । त्यतिखेर उनको कुनै वैकल्पिक स्रोत पनि थिएन । त्यस कालखण्डमा बाटामा हिँड्दाहिँड्दै पनि आर्थिक कारणको प्रसङ्गले यी ज्यादै भौँतारिएका हुन्थे । त्यस बेला यिनका भावनामा बारम्बार कुराहरू खेल्ने गर्थे– 'के त म रेलको लिकमा काटिएर मरूँ ? के राजघाटको पुलबाट हामफालेर नदीमा मरूँ ?' तर यस्ता कल्पनाले यिनकी आमा, श्रीमती र सानासाना भाइबैना आँखाभरि आँसु बगाउन थाल्थे । अनि यिनी त्यसरी आत्महत्या गर्ने धारणाबाट पनि सम्हालिएका थिए ।

२०२४ सालको कुरा हो– मोदनाथ प्रश्रित लुम्बिनी अञ्चल पञ्चायतको मुखपत्र साप्ताहिक 'लुम्बिनी सन्देश'का सम्पादक नियुक्त भएका थिए । त्यस बेला यिनले त्यहाँ काम गरेबापत मासिक दुई सय पच्चिस रुपियाँ पाउँथे । त्यसताक यिनी विभिन्न ठाउँमा भाडामा कोठा लिएर बसेका थिए । त्यस बेलाको तलबले यिनले भाइहरूलाई पढाउनुपर्थ्यो । त्यस बेला यिनका भाइ हरिप्रसाद पौडेल बनारसमा बिकम पढ्दै थिए । त्यति तलबले नपुगेर यिनी त्यहाँ बिहानबेलुका टयुसन पढाउने काममा पनि अग्रसर हुन थाले ।

मोदनाथ प्रश्रितको आर्थिक अवस्था बिग्रिरहेकै बेला यिनले आफ्नो 'मानव' महाकाव्यबाट मदन पुरस्कार पाए । २०२४ सालमा चार हजार रुपियाँ पाउँदा यिनी अति नै खुसी भएका थिए । उनलाई पुरस्कारको सम्मानभन्दा घरको आर्थिक आवश्यकताले जितेको थियो । त्यतिखेर त्यही पैसामध्येबाट यिनकी आमालगायत उनका घरका अन्य सदस्यले नयाँ लुगा फेरेका थिए । त्यही पैसाबाट यिनले भैरहवामा जग्गा पनि किने । त्यस जग्गामा यिनले एउटा सानो इँटाको घर पनि उभ्याउन खोजेका थिए । तर खर्चले नपुगेर बनाउँदै गरेको घर भने बीचैमा अधुरो भएको थियो । त्यसपछि २०२५ सालतिर लुम्बिनी कलेजमा पढाउन थालेपछि भने केही समय यिनको आर्थिक अवस्था सुध्रिएको देखिएको थियो ।

पछिल्ला दिनमा मोदनाथ प्रश्रितको आर्थिक अवस्था ठीकठीकै अवस्थामा आउन थालेको थियो । यिनले रूपन्देहीको भैरहवामा बाह्र कट्ठा जग्गा पनि जोडे । त्यस खेतबाट वार्षिक पन्ध्र मुरीजति धान उब्जन्थ्यो । जसले गर्दा उनले आफ्नो घरका लागि चामल किन्नु पर्दैनथ्यो । यसका साथै यिनले 'लुम्बिनी सन्देश' पत्रिकामा स्तम्भ पनि लेख्न थालेका थिए र त्यहाँबाट पनि केही पारिश्रमिक पाउँथे । रूपन्देहीमा बसेताक मोदनाथ प्रश्रितकी पत्नी कविताले औषधि पसल पनि चलाएकी थिइन् ।

मोदनाथ प्रश्रित आर्थिक रूपले केही समय तन्नम नै भए । देशमा बहुदलीय व्यवस्था भित्रिनुपूर्व उनीहरूको घरमा एक हजार रुपियाँसम्म पनि बचत हुँदैनथ्यो । त्यसपछि चाहिँ उनीद्वारा लिखित पुस्तकहरू पनि धमाधम बिक्री हुन थालेका थिए ।

•

मोदनाथ प्रश्रितले अनेक गरेर स्वयम्भूपारि गौँथली गुँड बनाए । केही वर्षपछि त्यसलाई बेचेर उनले फेरि अर्को घरजग्गा किने ।

अनि त्यसलाई पनि बेचेर यिनले थानकोटछेउ वाणस्थलीमा झन्नै एक रोपनी जग्गा किने । त्यहाँ फेरि यिनले घर बनाए । पछिल्ला दिनमा प्रश्रितका छोराबुहारी आआफ्नै पेसामा आबद्ध भएका कारण उनलाई पारिवारिक आर्थिक घान परेको देखिँदैन । नेपाल प्रज्ञाप्रतिष्ठानको आजीवन सदस्य भएपछि प्रश्रितको दैनिक गुजाराका लागि आर्थिक अवस्थाले साथ दिइरहेको छ ।

# मोदनाथ प्रश्रितको दुःखद र विपद्को पारिवारिक जीवन

मोदनाथ प्रश्रितका बुबा सिकिस्तै बिरामी भएका थिए । त्यस बेला प्रश्रित घरीघरी एकान्तमा गएर रुन्थे । तर यिनका बुबा जगत्, पृथ्वी र प्रकृति बुझेका उच्चस्तरीय व्यक्ति थिए । त्यसैले उनले आफ्नो बालक छोराको मनोभावनालाई घरीघरी प्रेरणा दिइरहन्थे । दिवङ्गत हुनुभन्दा केही दिनअघि पनि उनले आफ्नो जेठो छोरा प्रश्रितलाई भनेका थिए– 'संसार यस्तै हो, म केही भएँ भने पनि तैँले पढ्न नछोड्नू । पीर नमान्नू, नआत्तिनू र ठूलो ध्येय लिएर जीवनभर अगाडि बढ्नू । साथै तैँले आफ्नी आमा र भाइबहिनीको हेरविचार गर्छस् भन्ने मलाई पूर्ण विश्वास छ ।' आफ्नो छोरासँग संवाद गरेको केही समयपछाडि नै प्रश्रितका बुबाको भौतिक चोला विसर्जन भयो ।

•

बुबाको निधनपछि मोदनाथ प्रश्रितकी आमाको हर्ष, उल्लास र बढाइँ पनि चकनाचूर भएर फुटेको थियो । प्रश्रितका भाइ र बहिनीहरूका लागि बाबु नभए तापनि आमा त थिइन् । तर आमाका लागि त निराशा, उपेक्षा र आँसु नै आँसु मात्र सँगालिएका थिए । प्रश्रित भने आमाका आँसु पुछ्न अनेक उपाय मात्र गर्थे तर त्यसपछि यिनकी आमाको आँखा कहिल्यै सुकेनन् । आमाको कुरा कोट्याइँदा प्रश्रित सधैँ भनि नै रहन्थे– '२०११ सालको अन्त्यतिरदेखि जहिले

पनि मेरी आमासँग मेरो भेट हुन्थ्यो, उहाँका आँसु बर्सिरहन्थे ।' उनकी आमा मानसिक र आर्थिक पीडामा नै सधैँ रन्थनिइरहिन् ।

मोदनाथ प्रश्रितको पारिवारिक जीवन सामाजिक दृष्टिले सामान्यतया सुसंस्कृत ढङ्गबाट नै बितेको थियो । तर उनीहरूको परिवार आर्थिक दृष्टिले निम्नमध्यमवर्गीय जीवनदेखि उकालो लाग्न सकेको थिएन । त्यस बेलाको खिदिममा आधुनिक शिक्षाको त्यति राम्ररी प्रचार भएको पनि थिएन । त्यस बेला बाहुनहरूले पुरोहित पेसा र संस्कृत शिक्षक बन्न मात्र शिक्षा हासिल गर्नुपर्थ्यो । अनि यही प्रयोजनका लागि प्रश्रितले पनि संस्कृत विद्या नै पढेका थिए । त्यस बेलाको नेपाली समाज नै सामन्ती बिर्ताप्रथाले गर्दा गाउँको स्थिति शोषित, उत्पीडित र तनावपूर्ण रूपमा व्यतित भएको थियो । यिनको परिवारभित्र मात्र होइन नेपाल राष्ट्रमा नै २००७ सालको आन्दोलनपछि स्थिति विस्फोटक भई बिर्ताप्रथाको विरुद्ध जनता उठेका थिए ।

मोदनाथ प्रश्रितका भाइहरू हरिप्रसाद उपाध्याय र जयप्रकाश किसान अनि वेदमाया र ममता गरी दुई बहिनीहरू पछिल्ला दिनहरूसम्ममा पनि आआफ्ना काममा नै लागिरहे । प्रश्रितको चाहिँ यता र उतामा नै दिन फालिँदो थियो । तर उनी जीवन चलाउने सङ्घर्षमा नै जोतिएका थिए । अनि पछिसम्म पनि प्रश्रितकी आमाचाहिँ पहाडकै घरमा गृहस्थी चलाउँदै थिइन् ।

२०२१ सालमा मोदनाथ प्रश्रित अर्घाखाँचीको बल्कोटमा शिक्षक थिए । त्यस बेलादेखि २०२६ सालसम्म जागिरमा लाग्दा प्रश्रितले आफ्नो परिवारतिर त्यति ध्यान दिन सकेनन् । साथै त्यस समयमा यिनले आफ्नो परिवारका साथ बस्ने पनि मौका पाएका थिएनन् । त्यसपछि पढाइ, लेखाइ, दलगत समूह र जेलनेलले गर्दा यिनी परिवारबाट टाढाटाढै भए । २०४८ सालबाट भने बल्ल केहीकेही समय यिनले आफ्नी पत्नी र छोराछोरीका निकटमा बस्ने अवसर

पाएका थिए । वास्तवमा त्यसभन्दा अघि यसरी उनी कहिल्यै परिवारसँग बस्न पाएका थिएनन् ।

मोदनाथ प्रश्रित राजनीतिमा लागेको थाहा पाएपछि यिनलाई स्थानीयहरूले खुबै दुक्ख दिन थाले । अनेक बहानामा उनलाई थुन्न पुलिस प्रशासन पनि प्रयोग गरिएको थियो । परिणामस्वरूप २०२६ साल चैत १६ गते उनलाई राजकाज मुद्धामा जेल पठाइएको थियो । त्यतिखेर उनलाई तीन वर्षका लागि जेल हालिएको थियो । तर घरपरिवारबाट अन्याय भयो भनी सर्वोच्च अदालतमा रिट हालियो र सर्वोच्चको फैसलाअनुसार उनी एक वर्ष नपुग्दै जेलबाट छुटेका थिए । अनि उनी २०२७ साल फागुन २६ गते जेलबाट मुक्त भएका थिए । प्रश्रितका अनुसार पञ्चायती व्यवस्थामा परिचालित न्यायालयचाहिँ गणतान्त्रिक व्यवस्थाको भन्दा केही फरक, अझ न्यायिक र निकै शुद्ध देखिन्थ्यो । जेलबाट छुटेपछि प्रश्रित पुष्पलाललाई भेट्न काशी गएका थिए । पुष्पलालसँग कुरा मिलेपछि उनले त्यहीँ नै सङ्गठन गर्न थाले । भनौँ, पुष्पलालको आग्रहमा उनले त्यहाँ नेपाल कम्युनिस्ट पार्टीको काम गर्न थाले ।

मोदनाथ प्रश्रितले राजनैतिक बाटामा आफूलाई उभ्याएकाले उनी आफ्नो गृहस्थी जीवनमा राम्ररी लाग्न पाएनन् । भनौँ, यिनले जीवनको महत्त्वपूर्ण भाग पारिवारिक जीवनलाई छाडेर एक्लो जीवन भोग्न बाध्य भएका थिए । पहिला राजनीतिमा सक्रिय भएका बेला यस विषयमा यिनी आफैँ भन्थे– 'पार्टी जीवन, देश र जनताको समस्यासँग गाँसिएको र त्यसै निम्ति जीवन आर्जने आकाङ्क्षा हुनाले गृहस्थी जीवनबाट बाहिर रहँदा नै आफ्नो आकाङ्क्षा र दायित्वअनुरूप काम गरेको अनुभव भएको छ ।' तर पछिल्ला दिनमा नेतृत्वपङ्क्तिले जनता र राष्ट्रउपर गरेका कुकृत्यबाट प्रश्रित धेरै नै दु:खित बनेका थिए । जीवनभरि सङ्घर्ष गरेपछि जब आफ्नो पार्टी शक्तिमा आयो तब त्यस पार्टीमा डरलाग्दो विचलन आउन थाल्यो ।

बहुदलीय प्रणाली भित्रिएदेखि गणतन्त्र नआइन्जेलसम्म मोदनाथ प्रश्रित पारिवारिक रूपमा त्यति नजिक बसेका थिएनन् । अथवा त्यस समयपछाडि अनुपातिक रूपमा हरसाल एकडेढ वर्ष यिनले आफ्नो श्रीमती र छोराछोरीसँग बस्ने मौका पाएका थिए । तर त्यसपछि उनी पूरै परिवारवृत्तमा नै गाँसिँदै आउन थाले । पछिल्ला दिनमा भने उनको पूर्णकालीन समय परिवारभित्रै रहेर साहित्यिक र सांस्कृतिक कार्यमा बितिरहेको छ ।

# मोदनाथ प्रश्रितको कविता गौतमसँगाको सहयात्रा

नारीपुरुष प्रकृतिका शाश्वत बनौट हुन् तापनि समय सन्दर्भले यस्ता मूल्यलाई पनि पिटिक्कै भाँचिदिँदो रहेछ । मोदनाथ प्रश्रित र कविता पौडेलका हकमा चाहिँ नारीपुरुष प्रकृतिका सुन्दर वरदान साबित भएका छन् ।

कविता गौतम अर्घाखाँचीमा नै जन्मेकी थिइन् । अनि उनको जन्म २००२ साल माघ ६ गते स्वस्थानी पूर्णिमाका दिन भएको थियो । उनी मोदनाथ प्रश्रितभन्दा तीन वर्ष कान्छी हुन् ।

मोदनाथ प्रश्रित र कविताका दाइ घनश्याम गौतम मिल्ने साथी थिए । कविताले बाल्यकालमा नै प्रश्रितलाई देखेकी थिइन् । कविताले भेटेका बेला प्रश्रितको नाउँ गौरीशङ्कर पौडेल थियो । तर कविता उनलाई हर्राबोटे दाइका नाउँबाट चिन्थिन् र त्यही नाउँले बोलाउँथिन् ।

कविता एघार वर्ष पुग्दानपुग्दै उनको बिहेको प्रसङ्ग चल्न थाल्यो । 'गौरीशङ्कर पौडेलसँग तेरो बिहे हुन्छ, बुझिस्' भनेर घरकाले भन्दा सुरुसुरुमा उनलाई लाज लागेको पनि थियो । तर उनी भित्रभित्रै हर्राबोटे दाइलाई मन पराउँथिन् । वास्तवमा हर्राबोटे दाइका कविता वाचन, चित्रकलाबाट कविता झन्झनै मोहित भएकी थिइन् ।

सानामा कविताको नाउँ रामप्यारी थियो । मोदनाथ प्रश्रितलाई पनि रामप्यारी मन पर्न थालेकी थिइन् । क्रमश: उनी पनि आफ्ना

साथी घनश्यामसँग रामप्यारीका घरमा जान आउन थालेका थिए । प्रश्रित घर पुग्दा रामप्यारीले प्रश्रितलाई खाजा खुवाउने गर्थिन् । अनि प्रश्रित जे खान पाए पनि भन्थे– 'रामप्यारीले कति मीठो पकाउन जानेकी रहिछिन् ।' हर्राबोटे दाइका कुरा सुनेर त्यस घडी रामप्यारीका खुट्टा भुइँमा हुँदैन थिए ।

अर्घाखाँचीनिवासी दुर्गाप्रसाद गौतम र बुधकुमारी गौतमकी एघार वर्षीय छोरी रामप्यारीसँग मोदनाथ प्रश्रितको २०१३ साल वैशाख ३१ गते लगनगाँठो कस्सिएको थियो । त्यतिखेर छोरी दिएपछि दुर्गाप्रसाद गौतमले प्रश्रितलाई भनेका थिए– 'पण्डित घनश्याम गुरुको विद्यादान र सम्मानलाई सम्झेर मैले तपाईंलाई छोरी दिएको हुँ । तपाईंले पनि आफ्ना पिताको जस्तो सम्मान आर्जन गर्नुहोला र हाम्रो कुलको समेत इज्जत राखिदिनुहोला । मेरी छोरी रामप्यारीलाई माया गरेर पाल्नुहोला ।'

मोदनाथ प्रश्रितलाई दुर्गाप्रसाद गौतमले फुटेको आँखाले पनि मन पराउँदैन थिए । उनले केवल आफ्नी पत्नीको जबरजस्तीका कारणले मात्र छोरी दिएका थिए । आफ्नी छोरीको कन्यादान गरेपछि उनले आफूलाई मरेझैँ ठानेका थिए । त्यसैले उनले आफ्नी पत्नीसँग भनेका थिए– 'तँ मभन्दा पनि ज्यादै ठूली मान्छे भइस् । मैले त्यत्रो विरोध गर्दा पनि नटेरेर हाम्रो धोती बोक्ने रैतीका छोरालाई छोरी दिएरै छोडिस् । म अब आफ्नो समाजमा मुख देखाउन लायक छैन र यस घरमा पनि हेपिएर बस्न सक्तिनँ । म आजदेखि जोगी भएर हिँडें' भनेर त्यसपछि उनी घर छाडेर हिँडेका थिए ।

मोदनाथ प्रश्रित र रामप्यारीको बिहेमा घरपरिवारमाऊ त्यति सहमति र सौहार्दता थिएन । बिहे गर्ने बेलामा प्रश्रितले फेरि कुरा उठाएका थिए– 'रामप्यारी राम्री, मायालु, फुर्तिली र मिहिनेती छ । तर उसको परिवार हैकमी स्वभावको छ । त्यो बिर्तावाल परिवार हो र हामी गरिब र टहुराटुहुरी हौँ । रामप्यारीलाई हाम्रो घरमा टिक्न

गाह्रै पर्ला कि ? उसका बुबा निकै हैकमीखाले हुनुहुन्छ । गौतमहरू आफूलाई शासक, मालिक र हामीलाई रैती ठान्छन् । हामी उनीहरूबाट हेला र हेपाइमा पर्न पनि सक्छौँ । त्यसैले रामप्यारीसँग बिहे गर्दा त्यति राम्रो हुँदैन होला कि ?'

मोदनाथ प्रश्रितले रामप्यारीका विषयमा आफ्नी आमालाई बेलिविस्तार लगाउन छाडेका थिएनन् । उनी रामप्यारी मन पराउँथे तर ससुरा उनका लागि अजिङ्गर थिए । त्यसैले उनले त्यस परिवारबाट अलग्गिने सोचसमेत पनि राखेका थिएनन् । तर एक दिन उनकी आमाले प्रश्रितलाई भनेकी थिइन्– 'हेर छोरा ! हामीलाई उनीहरूले हेपेकै छन् । हामीलाई रैती भनेर हेप्नेहरूकी छोरी ल्याएर हामी ज्वाइँखलक बनेपछि उनीहरूले हामीलाई ढोग्नै पर्छ । तिनीहरूका छोरीहरूलाई बुहारी बनाएर मज्जाले कज्याएपछि पो बल्ल हाम्रो इज्जत बढ्छ त ! नडरा छोरा ! तिनीहरूको धनसम्पत्तिको हालत पनि पहिलेजस्तो कहाँ छ र ? ऋण बढ्दै गएर त उनीहरूले हामीलाई खेत बेचेका थिए ।'

आफ्नी आमाको कर, बल र ढिपीमा पढ्दै गरेका मोदनाथ प्रश्रित रामप्यारी गौतमसँगको वैवाहिक जीवनमा बाँधिएका थिए । एक्ली आमालाई साथी हुन्छिन् भनेर नै उनले विवाहका लागि आफ्नो मञ्जुरी दिएका थिए । विवाहका बेला उनी चौध वर्ष र उनकी पत्नी कविता गौतम एघार वर्षकी थिइन् ।

मोदनाथ प्रश्रित र रामप्यारीको दाम्पत्य जीवन गाँसिएपछि रामप्यारीलाई घर खान साह्रै गाह्रो भएको थियो । त्यतिखेर उनकी सासू बालिकाले आफ्ना छोरालाई सुऱ्याएर भन्ने गर्थिन्– 'स्वास्नीलाई सुरुदेखि आफ्ना अधिनमा राख्नुपर्छ । नत्र मात्तिएर टाउकामा टेक्न थाल्छन् ।' यसै प्रसङ्गमा रामप्यारीले पछिसम्म भनेकी थिइन्– 'गौरीले मसँग सरल र हार्दिक व्यवहार गर्नुहुन्थ्यो । हामी लोग्नेस्वास्नी दुईतीन सन्तान नहुँदासम्म अरूका अगाडि बोलेका पनि थिएनौँ ।' तर पनि

प्रश्रितकी आमा आफ्नो छोरालाई उचाल्न छाड्दिन थिइन्– 'अहिलेका दुलाहादुलही यति चाँडैबाट लाजै नमानी बोल्न थाले । यसो गर्दा तेरी स्वास्नीले मात्तिएर हेप्छे है बाबू ! होस् गर ! स्वास्नीलाई त कडा व्यवहार गरेर अधीनमा राख्नुपर्छ । तँ अलि डराएझैँ गर्छस् ।' आफ्नी आमाका संवाद सुनेर पनि प्रश्रित आमा र पत्नीलाई आआफ्नै ढङ्गबाट परिचालित गर्ने गर्थे ।

एकातिर सासूको कचकच र अर्कातिर झिसमिसेबाट रातिसम्मको खटाइमा रामप्यारीको दिनचर्या धानिन्थ्यो । त्यसमाथि बिहानको भात खाएपछि दिनभरि पानीका भरमा उनले बस्नुपर्थ्यो । वास्तवमा त्यतिखेर रामप्यारीका लागि मोदनाथ प्रश्रितको घर अति नै कष्टकर थियो । यति हुँदाहुँदै पनि उनले आफ्नी सासू रिझाउने प्रयास गर्न भने छाडेकी थिइनन् ।

जस्तोसुकै कठोर परिस्थितिमा पनि रामप्यारी घरव्यवहारमा भिज्न थालेकी थिइन् । उनी हरबिहान सासूका खुट्टा ढोग्ने गर्थिन् र बेलुका एकाधघण्टा सासूका गोडा मिचेर मात्र सुत्ने गर्थिन् । उनको चाकरीले सासू पनि क्रमशः रिझिन थालेकी थिइन् । रामप्यारीले आफ्नी सासूलाई जति नै रिझाउन खोजे पनि सासूले उनलाई बेला बखत व्यङ्ग्य हान्नचाहिँ छाड्दिन थिइन्– 'तँ महाजन र ठालुकी छोरी नै होस् । हामीजस्ता गरिबलाई तैँले खुट्टा ढोग्ने के काम छ र ?'

रामप्यारी घरका प्रायः सबै काम गर्थिन् । यसै प्रसङ्गमा उनले बयान दिइरहिन्– 'म आफू सक्तो काम गर्थें । घाँस, दाउरा, पानी, गोबर, सोत्तर, गाउँबेसी, मेलापातको मैले सकीनसकी काम गर्दै गएँ । हर्राबोटबाट बेसी बाँक्लीफाँट एक कोस टाढा पर्छ । त्यहाँबाट दिनको दुईतीन खेप धानको बोरा र परालका भारी ओसार्नुपर्थ्यो । बिहान चारै बजे उठी घरको काम सकेर बेँसी झर्नुपर्थ्यो । दिउँसो भोक लागेर आन्द्रा बटारिन्थे । भोकले कटकट पेट

काट्ता पटुका कस्थेँ । रातोदिन काम गर्दा पनि मैले मेरी सासूबाट मीठो बोलीवचन पाएकी थिइनँ । सासू बराबरी भन्ने गर्नुहुन्थ्यो– 'तँ धनीको छोरी, हामीलाई गरिब भनेर हेप्छेस् ।' सासूले पछिपछिसम्म पनि मलाई उहाँका छोराको जुत्ता भनिरहनुहुन्थ्यो । त्यतिखेर मलाई घर खान साह्रै गाह्रो भयो । केही दिन माइत गएर बसौँ न भन्ने सोच नआएको पनि होइन । तर म माइत जान्छु केही दिनका लागि भनेर भन्दा सासू भन्ने गर्नुहुन्थ्यो– 'माइत जाने मन छ भने मलाई सोध्नु पर्दैन, जा । अब फेरि घर नफर्कने गरी जानू र उतै बस्नू । गरिबका घरमा बसेर दुःख पाउँछेस्, माइत जा ।'

बिहे गरेको नौ वर्षमा मोदनाथ प्रश्रित र रामप्यारीले छोरा जन्माए । छोराको नाउँ विजय रह्यो । उनको जन्म २०२१ साल चैत १ गते अर्घाखाँचीमा भएको थियो । त्यसै महिना प्रश्रितले आचार्यको परीक्षा पनि दिएका थिए । साथै त्यसै महिना उनी 'लुम्बिनी सन्देश'को सम्पादकमा समेत नियुक्त भएका थिए । त्यो 'आचार्य' पद र 'लुम्बिनी सन्देश' पनि प्रश्रितको जिन्दगीलाई उँभो लगाउने महत्त्वपूर्ण खुड्किला थिए ।

मोदनाथ प्रश्रितदम्पतीबाट २०२६ सालमा छोरी शैलू र २०३३ सालमा छोरी रचना जन्मेका हुन् । प्रश्रितकी ठूली छोरी शैलू अमेरिकामा स्वास्थ्य सेवामा गएकी छन् । अनि सानी छोरी रचनाले क्यानाडामा गएर आफ्नो काम गरेकी छिन् । प्रश्रितका दुवै छोरी उतैका रैथाने पनि भएका छन् ।

छोरा विजय पौडेलले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर र मार्क्सवादी अर्थशास्त्रमा विद्यावारिधिसमेत गरे । विजय पौडेलले पनि आफ्नो छुट्टै व्यक्तित्व बनाए । उनी नेपाल कम्युनिस्ट पार्टीमा नै संलग्न हुँदै एमालेका रूपन्देही जिल्लाका पदाधिकारीमा समेत कार्यरत थिए । पछि उनी पनि त्यही पार्टीबाट निर्वाचित सांसद भए । पछिल्ला दिनमा एमालेमा एक जना अध्यक्षको एकाधिकार

देखेर माधवकुमार नेपालको नेतृत्वमा विजय पौडेलहरूले नेपाल कम्युनिस्ट पार्टी समाजवादीको स्थापना गरे । एक अर्थशास्त्री, एक कथाकार, एक कुशल राजनीतिज्ञ र एक कुशल शैक्षिक व्यवस्थापकमा पनि विजयले आफ्नो नाउँलाई सुरक्षित गरे ।

•

मोदनाथ प्रश्रित र रामप्यारीको खुबै मिलन भयो । त्यसैले रामकी प्यारी 'रामप्यारी' प्रश्रितका लागि त्यति मीठो लागेन । उनले आफ्नी पत्नीको नाउँ फेर्ने उद्देश्य बनाए । अनि एक दिन उनले रामप्यारीलाई भने– 'मलाई त्यो रामकी प्यारी भन्ने नाउँ मन परेन ।' पतिको वाक्य फुटेपछि रामप्यारीले प्रश्रितलाई आफ्नो नाउँ आफैँ राखिदिन अनुरोध गरिन् । त्यसपछि प्रश्रितले रामप्यारीको नाउँ कविता राखे । आफ्ना पतिको मन छामेर कविता पनि खुसी भइन् । २०२३ साल वैशाख १ गते रामप्यारीको कविता न्वारान भयो; अनि त्यसपछि उनी कविता नै भइन् । स्कुलकै दैलो नदेखेकी कविताले सातवटा उपन्यास लेखिन् र एउटा कथासङ्ग्रह र आत्मकथा पनि लेखिन् । उनी गीतकार र गायिकामा पनि स्थापित भइन् । पछिल्ला दिनमा नेपाली भाषाका विविध विषयमा उनका सोह्रवटा साहित्यिक पुस्तक प्रकाशित भए ।

•

कविता पौडेलले काम गरेर नै घर खाइन् । त्यतिखेर उनले अहोरात्र आफूलाई काममा सरिक गराएकी थिइन् । उनले ज्यानै फालेर काम गरेको उनका पति र सासूले पनि देख्न थालेका थिए । त्यति मात्र होइन, उनको काम देखेर गाउँले पनि छक्क पर्थे । त्यसै प्रसङ्गमा कविताले भनेकी थिइन्– 'मैले बलिया बाङ्गा लोग्नेमान्छेहरूसँग जोडका तोड भएर घाँसका ठूलाठूला भारी बोक्न थालेँ । गाग्रीमाथि अर्को गाग्री खापेर डोकोमा खानेपानी ल्याउन

थालें । दिनभरि बन्चरो चलाएर दाउरा चिर्न थालें । ठूलाठूला झिक्रा र थाँक्रा बोकेर बारीमा बार बारेर तरकारी लगाउन थालें । मेरा त्यस्तो काम देखेर गाउँलेले भन्न थाले– 'काम गर्नमा त यो मान्छे भुत नै रहिछे ।' अनि त मेरी सासूले पनि सबैका सामु भन्न थाल्नुभयो– 'हाम्री जेठी बुहारीजस्ती जाँगरिली र निडर आइमाई त सितिमिति हुँदैनन् ।'

•

मोदनाथ प्रश्रितको घरमा ज्यादै आर्थिक सङ्कट थियो । बिहान के खाऊँ, बेलुका के खाऊँ ? भन्ने अवस्थामा त्यो परिवार पुगिसकेको थियो । पहाडको उकालीओरालीमा कविता पनि ढाकर बोकेर गाउँलेको साथमा चामल, नुन र मट्टीतेल बोक्ने काम गर्न थालिन् । त्यतिखेर उनी युवा वयमा थिइन् । त्यस बखत उनीहरूमध्ये देउरानी जेठानीले नै ढाकर बोकेको हेरेर अरू ढाक्रेहरूले भन्ने गर्थे– 'जिम्मुवाल र डिट्ठाकी छोरी भएर बेसाहा बोक्न लाज लाग्दैन ? मोदनाथ आफू त बिग्रियो, बिग्रियो यिनीहरूलाई पनि दुक्ख दियो' भनेर सराप्नेको पनि त्यस गाउँमा अनिकाल लागेको थिएन । कविता र उनकी देउरानी उषालाई त्यहाँका मान्छेले भड्काउन अनेक कसरत पनि गरे । यी युवतीलाई उनीहरू भन्थे– 'त्यस्ता काम नलाग्ने पोइलाई छाडेर थपक्कै हिँडे पनि हुन्छ ।'

मोदनाथ प्रश्रितकी पत्नी कविता र उनकी देउरानी उषाले पौडेलगृहमा धेरै रगत, पसिना बगाएका थिए । उनीहरूले घरको काममा खेताला लगाउँदैन थिए । दाम्लो बाट्ने; चित्रा बुन्ने; गजरा र गुन्द्री बुन्ने; डोको, नाम्लो, थुन्चे बुन्नेदेखि पर्खाल लगाउने कामसमेत उनीहरू आफैँ गर्थे ।

कविता पौडेल राजनीतिमा पनि सक्रिय भइन् । आफ्ना पतिको प्रेरणाले उनी २०२८ सालबाट राजनीतिमा सक्रिय भएकी थिइन् ।

अर्को वर्ष उनी उपप्रधानपञ्चमा पनि उठिन् तर असफल भइन् । त्यतिखेर उनी चुनावमा उठ्ता केहीले उनका छेउमा आएर भनेका थिए– 'यो कलीमा के हुन लाग्यो ? यसले जिती भने हाम्रा आइमाईहरू आफूसँग तानेर बिगार्छे ।' वास्तवमा त्यति बेला नारी जातिलाई घरको कामधन्दाभन्दा बाहिर जान समाजले पचाएको नै थिएन ।

कविता पौडेल सानैदेखि क्रान्तिकारी थिइन् । आफैँ बाँसका भाटा काटेर उनले आफ्नो घरको छाना छाइन् । त्यतिखेरसम्ममा भाटा बनाउने र चोया काट्ने काम उनले गरिसकेकी थिइन् । उनले छाना छाएपछि उनकी सासूले उनका विरोधमा आवाज उठाएकी थिइन्– 'यस आइमाईले छाना पनि छाउन थाली ।'

कविता पौडेलले २०२९ सालमा हलो पनि जोतिन् । त्यतिखेर पनि उनका विरोधमा गाउँका ठालुहरू चम्केका थिए । यिनले हलो जोत्दा कतिले लाज मानेर आँखा छोपे । कतिले अलच्छिनी भनेर धारेहात लगाएर यिनलाई सरापे । एक दिन हलो जोतेकै बेला गाउँका ठालु आएर यिनलाई भनेका थिए– 'ए अलिच्छिनी, पापिनी ! हलो छाड् ।' त्यसै बेला यिनकी देउरानी उषा उनका छेउमा आएर बोलेकी थिइन्– 'दिदी, चारैतिरबाट हामीलाई आक्रमण हुने खतरा छ । सबै जना रामराम भनेर कराउन थाले । भैगो हलो छाडिदिनुहोस् ।' तर पनि कविताले हलो जोत्न छाडिनन् । गाउँलेहरू यिनलाई सराप्तै, धिक्कार्दै र कराउँदै फिर्ता जान थाले ।

•

रातभरि पार्टीको काम र दिनभरि घरको काममा कविताको व्यस्तता बढिरह्यो । उनी काम गरेर थाक्तिन थिइन् । उनको काम पनि गाल टार्ने खालको हुँदैनथ्यो । उनी पूर्ण निष्ठापूर्वक काम गर्थिन् । उनी काममा सानोठूलो भन्दिन थिइन् । जातमा पनि उनी सानोठूलो छुट्ट्याउँदिन थिइन् । त्यसै क्रममा उनी दमाईंको मलामी

पनि गइन् । दमाईंको मलामी गएबापत उनलाई गाउँलेले पानी पनि काडे । 'छि:छि: अलच्छिनी' भनेर थुक्न पनि थाले । तर जति नै उनलाई होच्याउन खोजे तापनि उनी आफ्नो कर्तव्यबाट कहिले विचलित भइनन् । दमाईंको मलामी गएका दिन उनलाई आफ्नै सासूले समेत थुकिन् र घरभित्र पस्न पनि दिइनन् । यसै प्रसङ्गमा उनकी सासूले उनलाई धिक्कार्दै भनेकी थिइन्– 'धिक्कार तेरो जुनी; मरी जा बिग्रेकी आइमाई !'

कविता पौडेलले पुरुषले गर्ने सबै काम गरिन् । खसी काट्ने कामबाट पनि उनी पर गइनन् । समाजविरोधी काम गरेका प्रसङ्गमा यिनलाई अगाडि आएर भक्तबहादुर उमराले भनेका थिए– 'यस आइमाईलाई समाएर पीपलको हाँगामा उँधोमुन्टो र उँभो खुट्टा गरेर फुन्डचाउनुपर्छ ।' कविताले यस्ता अनेक बात र घात पनि सामना गर्दै उनीहरूमाथि निर्भीकतासाथ जबाफ दिन्थिन् ।

मोदनाथ प्रश्रित बनारसमा काम गरेताक कविताले पनि स्कुलमा पढ्न आफ्नो नाउँ लेखाएकी थिइन् । त्यस बेला यिनी सोह्र वर्षकी थिइन् । त्यही उमेरदेखि नै उनले कखरा पढ्न थालिन् । छ वर्षसम्म पढेपछि उनी चिठीपत्र लेख्न जान्न थालिन् । उनन्तिस वर्षसम्म यिनले पढिरहिन् त्यतिखेर उनले (म्याट्रिक) सरह पढिसकेकी थिइन् । एकतिस वर्षको उमेरमा उनले दस कक्षाको परीक्षा दिइन् तर उनको दुई विषयमा दाग लागेको थियो । त्यसपछि उनी पढाइमा उठ्न सकिनन् ।

कविता पौडेल घरको सबै व्यवहार आफैँ धान्ने गर्थिन् । घरभान्सा, बस्तुभाउ, बजार सबै जिम्मा उनकै थियो । एक दिन अर्घाखाँचीको ठाकुरापुरपारि बजार भर्ने काममा गएर आउँदा बाटामा साँझ परेको थियो । त्यतिखेर पानी पनि पर्न थालेको थियो । उनी हिम्मतसँग त्यो जङ्गलको बाटोमा हिँडिरहिन् । राति नौ बजिसकेको थियो । त्यस बेला पानी पनि घनघोर परिरहेको थियो । उनी हिँडेको

बाटो निस्लोट अँध्यारो थियो । त्यतिखेर उनी डालपुर काटेर जङ्गल पसिसकेकी थिइन् । त्यसै समय पानी भन् बर्सिन थालेको थियो । त्यस्तो अनकन्टारमा उनलाई बाघ, भालुको डर लाग्न पनि थालिसकेको थियो । उनी त्यहाँबाट बाटो काट्न नसक्ने अवस्थामा पुगिसकेकी थिइन् । अनि उनी बाटैमा ठडिएको एउटा अग्लो रूखमा चढिन् । त्यस रात एउटा हाँगाको चोक छामेर उनी त्यहीँ बसिन् र भारी त्यहीँ छेउको हाँगामा झुन्डचाइन् । त्यस रातभरि पानी परिरहेको थियो । त्यो रात उनले त्यसरी नै काटेकी थिइन् ।

•

कविता पौडेललाई घर धान्न अति गाह्रो थियो । छोराछोरी पाल्न उनले अनेक कसरत गरिन् । त्यही कालखण्डमा उनले आयुर्वेदिक र एलोप्याथिक औषधि पसल पनि खोलिन् । उनले कपिलवस्तुको मृगौलीमा औषधि पसल केही वर्ष चलाइन् ।

कविता पौडेल राजनीति पनि गर्थिन् । पछिल्ला दिनमा उनी खास गरेर ‘अखिल नेपाल महिला सङ्घ’को काममा खट्ने गर्थिन् । कविता पौडेल २०४१ सालदेखि नेपाल कम्युनिस्ट पार्टीको नारी भातृसङ्गठनमा खुबै सक्रिय भइन् । उनी त्यतिखेर अखिल नेपाल महिला सङ्घको रूपन्देहीको सचिवमा छानिएकी थिइन् ।

# मोदनाथ प्रश्रितका छोराबुहारीको रोचक कथा

मोदनाथ प्रश्रित रूखोसूखोमा हुर्के । बाल्यकालदेखि नै उनको जीवन सुकेर केही दुब्लाएको थियो तापनि उनी गतिशील थिए । उनी ढुङ्गामाथि फक्रेका एउटा सिउँडीजस्तै थिए । भनौँ, उनी जता फालिए पनि वास्तवमा उनको महत्त्वाकाङ्क्षा भनेको जीवनलाई रसिलो, हरियाली र सार्थक पार्दै राष्ट्र र जनताका लागि मूल्यवान् कार्य सम्पादन गर्ने थियो । त्यही क्रममा उनीजस्तै जीवनपद्धति बोकेर हिँडेका लेखनाथ ज्ञवालीसँग आफ्नै विद्यालयमा प्रश्रितको भेट भएको थियो । उनीहरू दुवै जना औपचारिक साथी मात्र भएनन् । उनीहरू दुक्ख र सुक्खका साथीमा पनि क्रमश: रूपान्तर हुन थालेका थिए । त्यति मात्र होइन उनीहरू दुवै जना तँतँ र ममका साथी हुँदै आएका थिए । उनीहरूको एकअर्काप्रतिको समर्पण विश्वास र प्रेम किशोरावस्थामै गौरवशाली रूपमा झाङ्गिएको थियो ।

मोदनाथ प्रश्रितको प्रस्तावमा प्रश्रित र लेखनाथ सन्तान नजन्मँदैका सम्धीका नातामा गाँसिएका थिए । त्यस बखत दुवैलाई दुवैको कुरा मन परेको थियो । विद्यार्थी जीवनदेखि नै उनीहरू एकअर्कालाई सम्धी भनेर नै सम्बोधन गर्थे । सम्धीसम्धीको भावनामा रहे तापनि उनीहरू एकअर्कालाई तँतँ नै भनेर सम्बोधन गर्थे । उनीहरू एकले अर्का सम्धीलाई लेख्ने चिठीपत्रमा पनि तँ नै सम्बोधन गरेर लेख्ने गर्थे ।

२०२१ साल चैत १ गतेको कुरा हो, लेखनाथ ज्ञवालीले मोदनाथ प्रश्रितलाई भेटेर भनेका थिए– 'ल सम्धी ! तैँले छोरो पाइछस् । तैँले नै मलाई उछिनेर जितिस् । अब मैले त छोरी नै पाउनुपर्ने भयो । तँलाई बधाई छ; सम्धी ।' त्यतिखेर प्रश्रितले उत्तर दिएका थिए– 'हेर लेखनाथ सम्धी ! तैँले छोरी जन्माइस् भने मात्र यो जित र हारको कुरा आउला ।'

विजय पौडेल जन्मेको तीन वर्षपछि चैतको कुरा हो– लेखनाथकी छोरी नै जन्मिइन् । अनि केही समयपछि लेखनाथबाट मोदनाथ प्रश्रितलाई चिठी पनि आएको थियो– 'चैत १६ गते हाम्री सुन्दर छोरी जन्मिइन् । राशिअनुसार उनको नाउँ रम्भा राख्ने सोच छ । अब हाम्रो सम्धेलो पक्का भएकामा म र मेरी श्रीमती आशा, मेरा बुबाआमासमेतका तर्फबाट तँलाई पनि र मेरी सम्धिनी कविताजीलाई पनि बधाई छ ।'

अर्को वर्ष अर्थात् २०२५ साल माघे सङ्क्रान्तिको कुरो हो, त्यतिखेर मोदनाथ प्रश्रित रिडीको मेला हेर्न गएका थिए । त्यस घडी लेखनाथ पनि मेला भर्न आएका थिए । त्यही बजारमा सम्धीसम्धीको भेट भएको थियो । त्यसै बेला प्रश्रितलाई लेखनाथले भनेका थिए– 'आफ्नी बुहारी हेर्न जाने होइन त ?' त्यतिखेर प्रश्रित फुरुङ्गै परेर लेखनाथकै घर गएका थिए । त्यस बेलाको प्रसङ्गमा प्रश्रितले बयान पनि दिए– 'दलानमा बस्न मात्र के भ्याएको थिएँ, लौ समाउनुहोस् आफ्नी बुहारी भन्दै बूढी सम्धिनी कुन्ता ज्ञवालीले रम्भालाई मेरा काखमा राखिदिनुभयो ।'

पछिल्ला दिनमा मोदनाथ प्रश्रित राजनीतिमा अहोरात्र समर्पित भएर लागे । उनले हुनेवाला बुहारीलाई पनि बालकैमा एकै पटक बोके, देखे र चुम्मा खाएका थिए । राजनीतिमा हिँडेपछि उनको बुहारीसँग भेटै पनि भएन । बेलामौकामा उनी बुहारीलाई सम्झिनेचाहिँ गर्थे । अनि मनमनै कुरा खेलाउँथे– 'बुहारी त भनियो । तर अबको

जमानामा बुबाले मन पराएकी, छानेकी र वाचा गरेकी बुहारी न त छोराले ल्याउला न त बुहारीले हाम्रो त्यो प्रस्ताव स्विकार्लिन् ?' विजय युवा अवस्थामा प्रवेश भएका बेला प्रश्रितको मन रम्भालाई बुहारी पार्ने हिसाबमा जोडिए तापनि आफ्नो छोराले त्यसबारे कुनै दिलचस्पी नदिइरहेको उनको ठम्याइ थियो । त्यसै बेला उनका हातमा छोरा विजयको चिठी पुग्यो । त्यतिखेर प्रश्रित गौरको जेलमा थिए । त्यस बेला बुटवल क्याम्पसमा रम्भा आईए पढ्दै थिइन् । उनले विजयलाई चिठी लेखेकी रहेछिन्– 'विजय मसँग बिहे गर्न सहमत हुनुभयो भने म बुबाहरूको वाचा पूरा गर्ने विचारमा छु । यसबारे तपाईंको सल्लाहको म प्रतीक्षामा छु ।'

विजय पौडेलले रम्भाका संवादसमेत खामेर बुबालाई लेखेको चिठी पढेर मोदनाथ प्रश्रित ज्यादै खुसी भएका थिए । चिठी पढेपछि प्रश्रितले आफ्नो छोरालाई गौर जेलमा नै बोलाए । विजय पनि निर्दिष्ट समयमा बुबासामु हाजिर भए । त्यहाँको भेटमा बाबुछोराको कुरा सयकडा सय नै मिल्यो । वास्तवमा बाबुहरूको वाचा विजय र रम्भाले सानैदेखि सुनेका थिए र एकअर्काप्रति उनीहरू आकर्षित हुँदै आएका पनि थिए । अन्ततः उनीहरूको विवाह हुने निश्चित पनि भयो ।

रम्भाकी फुपू दुर्गा पौडेल र फुपाजु मदन पौडेलबाट किशोरी रम्भाले विजय पौडेलबारेको थप जानकारी पाएकी पनि थिइन् । किशोर वयमा हुँदादेखि नै रम्भाले पौडेलदम्पतीबाट मोदनाथ प्रश्रित भनेका 'ठूला लेखक हुन्' भनेर जानेकी थिइन् । स्कुल पढेकै बेला रम्भाले आफ्ना कक्षा गुरु युवराज ज्ञवालीबाट पनि सुनेकी थिइन्– 'मोदनाथ प्रश्रितले आफ्ना लुगा आफैँ सिलाउँछन् ।' रम्भा आठ कक्षामा पढेकै बेला उनले युवराज ज्ञवालीमार्फत मोदनाथ प्रश्रितको 'नारी बन्धन र मुक्ति'नामक निबन्धसङ्ग्रह पनि पढेकी थिइन् । त्यही कितापको प्रभावमा डुबेर उनलाई बाबुआमाको वाचालाई पुऱ्याउन

मद्दत गरेको थियो । त्यसै बखतको कुरा हो– रम्भाले आफ्नो बिहे आफू नजन्मँदै बाबुहरूले वाचा गरेको बेहोरा पनि सुनेकी थिइन् । अन्ततः रम्भालाई पनि विजय पौडेलसँगै बिहे गर्ने भावनाको जागृति हुँदै जान थालेको थियो ।

२०४३ साल माघ २५ गतेको कुरा हो– त्यसै दिन विजय पौडेल र रम्भा ज्ञवालीको वैवाहिक जीवन पनि गाँसियो । अनि, उनीहरूको बिहे गौर जेलको प्राङ्गणमा नै सम्पन्न भएको थियो । नेपालको इतिहासमा जेलमा बाबु बसेको बेला छोराको बिहे त्यसै जेलमा नै भएको सायद त्यही प्रथम घटना थियो ।

गौर जेलबाहिर काभ्राको ठूलो रूख थियो । त्यही रूखको फेदसम्म मात्र मोदनाथ प्रश्रितलाई आउन छुट थियो । त्यही रूखमुनि विवाह सम्पन्न हुँदा त्यस ठाउँका लागि पनि एउटा रमिता नै थियो । त्यसैले त्यो बिहेमा मान्छेको भीड थियो । त्यतिखेर गौर जेलकै बन्दीहरू मिलेर जन्तीलाई भोज खुवाएका थिए । प्रश्रितका अनुसार– ‘कैदीहरूलाई त्यस बेला बाहिर आउने अनुमति थिएन । त्यसैले भित्र करिडोरमा बेहुलाबेहुलीलाई बोलाएर कैदीहरूले टीका लगाएर उपहार, नगद र फूलमाला लगाइदिएका थिए । त्यस दिनको रमाइलो बेग्लै थियो । सबै जना उत्साही, उमङ्गित थिए ।’ विजय र रम्भाको बिहे त धूमधामसँग भयो । बिहेपछि बेहुलाबेहुलीले आफ्नो यात्रा समाउनु नै पर्‍यो । अनि त्यसै बेला प्रश्रितका मनमा आँधी र हुरी चल्न थालेको थियो । उनका शब्दमा भन्ने हो भने– ‘बेहुलाबेहुली र जन्ती बिदा गरेर म एक्लै जेलभित्र पसेँ ।’ उनी त्यस दिन छोराको बिहेमा जति खुसी थिए छोराबुहारी अन्भाएर एक्लै बस्नुपर्दा त्यति नै दुःखित पनि थिए । वास्तवमा जेल जीवनको विवाह उनले मात्र चाखेनन्, त्यहाँ उपस्थित धेरैका लागि त्यो मन कुँडिने खालकै वातावरण थियो ।

रम्भा विजयकै विवाह प्रसङ्गमा रम्भाले लेखिन्– ‘मोदनाथ प्रश्रित बुबा गौर जेलमा हुनुभएको र उहाँको अनुपस्थितिमा विवाह

गर्न ठीक लागेन र दुवै परिवारको सल्लाहमा जेलको प्राङ्गणमा विवाह गर्ने निधो भयो । विवाहमा प्रश्रित बुबालाई हेर्न जानेको पनि घुइँचो नै थियो । त्यतिखेर जेल प्रशासनले पनि थोरै उदारता देखाएको थियो । प्रश्रित बुबासँग मेरो पहिलो भेट जेलमा नै भयो । बन्दीहरूले भोजको तयारी गरेका थिए । जेलको प्राङ्गणमा सबैले मासुभात खाएपछि बन्दीहरूले भित्र बोलाएर हामी बेहुलाबेहुलीलाई टीका लगाएर उपहार र पैसा दिन थाले । हामीले 'त्यसो नगरौँ न' भन्दा 'यो हाम्रो खुसीको कुरा हो, तपाईंहरूले केही भन्न मिल्दैन' भनेर हार्दिक व्यवहार देखाए । त्यसै दिन हाम्रा बुबाहरूको सपना हामीबाट सार्थक भएको मैले महसुस गरेँ । तर मनमा कताकता कालो बादल मडारिइरह्यो । त्यसै बेला प्रश्रित बुबालाई जेलमा एक्लै छाडेर हामी बिदा भयौँ ।'

•

अहिले विजय पौडेल राजनीतिमा समर्पित छन् भने रम्भा शिक्षा सेवामा आबद्ध छिन् । यी दम्पतीका एक छोरा रवि तथा दुई छोरी निष्ठा र कावेरी उच्चशिक्षा अध्ययनरत छन् ।

# मोदनाथ प्रश्रितको राजनीतिक जीवन

मोदनाथ प्रश्रितका बुबा पं.घनश्याम पौडेल हरिहर संस्कृत विद्यालयका शिक्षक थिए । उनी पनि राजनीतिमा चासो राख्थे । उनी नेपाली काङ्ग्रेसका सक्रिय समर्थक थिए । आफ्ना बुबाको प्रेरणाबाट प्रश्रित पनि बाल काङ्ग्रेसका रूपमा देखा परेका थिए । साथै उनी किशोर काङ्ग्रेसका रूपमा पनि परिचित थिए । खास गरेर पन्ध्र वर्ष पुगेपछि उनी नेपाली काङ्ग्रेसको सिद्धान्तमा आबद्ध विद्यार्थी सङ्गठनमा पनि सक्रिय थिए ।

मोदनाथ प्रश्रितले बनारस बसेर सांस्कृतिक र राजनीतिविषयक नै प्राय: अध्ययन गरे । त्यसताका उनी कम्युनिस्ट सिद्धान्त र राजनीतिको अध्ययन, चिन्तन र विश्लेषण गर्नमा नै केन्द्रित भएका थिए । अनि पछिपछि उनले आफ्नो मन परेको सिद्धान्त भनेर कम्युनिस्ट सिद्धान्तलाई नै अवलम्बन गरेका थिए । त्यसैले उनले आफ्नो मनले खाएकै राजनीतिक दृष्टिकोणका पुस्तकहरू पढ्न थाले । त्यतिखेर उनले पढ्ने तीन महापुरुष थिए– मार्क्स, लेनिन र माओत्सेतुङ । उनले तिनीहरूका विचार पढ्न थालेपछि उनी त्यसैमा लहसिन थाले । अनि उनी यसै सिद्धान्तका लागि २०२४ सालदेखि चाहिँ समर्पितै भएर लागिपरे । उनी त्यसपछि युद्धस्तरमा नै कम्युनिस्ट सिद्धान्तमा समर्पित भइ नै रहे । शक्तिका आडमा बसेका नारीजातिसमेत हातमा लिएर पनि उनी सांस्कृतिक कार्यक्रम गरिरहन्थे । उनको चालचलन प्रशासनलाई पटक्कै मन परेको

थिएन । त्यति बेलै देशमा विद्यार्थी आन्दोलनको डँडेलो पनि सल्कँदो थियो । त्यसैले प्रशासनलाई 'के निहुँ पाऊँ, कनिका बोकाऊँ' भइरहेकै बेला उनले विद्यार्थीलाई भड्काएको निहुँमा पक्राउ गरिएको थियो । त्यसपछि उनी राजकाज मुद्दाको शीर्षकमा जेलमा कोचिएका थिए । त्यति बेला उनलाई तीन वर्षका लागि तोकेर जेल पठाइएको थियो । उनी त्यस बेला अन्यायमा नै थुनिएका थिए । तसर्थ त्यस अन्यायविरुद्ध घरपरिवारले सर्वोच्च अदालतमा नालिस दिएका थिए । त्यसपछि सर्वोच्च अदालतले पनि उनीहरूलाई निसाफ दिएको थियो । वास्तवमा त्यस बेला राजाको सक्रिय नेतृत्व भए तापनि अदालतचाहिँ शुद्ध थियो । भनौँ, पञ्चायती व्यवस्थाबाट अदालत त्यति प्रभावित थिएन । त्यसैले एक वर्षमै उनी जेलबाट छुटेका थिए ।

मोदनाथ प्रश्रित जेलबाट छुटेपछि औपचारिक कम्युनिस्टमा दाखिल भए । भनौँ, २०२५ सालमा उनी नेपाल कम्युनिस्ट पार्टीको सदस्य भएका थिए । कम्युनिस्ट पार्टीमा उनको जोस, जाँगर र समर्पण उच्चस्तरीय थियो । त्यसैले उनलाई स्थानीय पार्टीको सक्रिय पद नै प्रदान गरिएको थियो । त्यतिखेर कम्युनिस्ट पार्टीमा अध्यक्ष र सभापति भन्ने चलन थिएन । महासचिव र सचिव भन्ने प्रचलन थियो । त्यसैले उनलाई भैरहवा नगर कमिटीको सचिवको जिम्मेवारी दिइएको थियो । त्यस बेला सचिव भएर उनले आफ्नो सीप, जाँगर र निष्ठालाई सकेसम्म जागरणको बिन्दुमा पुऱ्याउने प्रयास गरिरहे । त्यही बेलाको उनको सुझावले 'मिर्मिरे मिलन' भन्ने मञ्चको स्थापना भएको थियो । यसका अतिरिक्त उनैको र बुद्धिबहादुर थकाली एवम् जीवराज आश्रितको नेतृत्वमा 'रेलिमाई सांस्कृतिक मण्डल'को पनि स्थापना भएको थियो । यसैअनुरूप उनले कम्युनिस्ट जागरणका लागि सांस्कृतिक अभियान चलाएका थिए । त्यतिखेरको त्यस कृत्यका कारण स्थानीय कम्युनिस्टहरूले भूमिगत रूपमा नै भए पनि सङ्गठनात्मक रूपमा कार्य गर्न पाएका थिए ।

मोदनाथ प्रश्रित राजनीतिमा जति नै सक्रिय भए तापनि उनका लागि त्यस्तो यात्रा सहज थिएन । कम्युनिस्ट राजनीति गरेबापत गाउँका सामन्तदेखि राज्यको प्रशासनसम्मका लागि उनी आँखी भएका थिए । त्यसैले उनले घरीघरी कैदमा बस्नुपरेको थियो ।

मोदनाथ प्रश्रित फेरि २०३७ सालमा पनि पक्राउ परेका थिए । त्यतिखेर उनलाई भैरहवाको जेलखानामा राखिएको थियो । प्रश्रितका अनुसार त्यस बेलाको त्यो पक्राउ उनको जीवनलीला समाप्त पार्ने उद्देश्यले भएको थियो । त्यसैले जेल परेपछि उनले बाँच्ने उपाय मात्र सोचिरहे । त्यही उपाय सार्थक पार्न जेलबाट भाग्नका लागि उनले साथीहरूसँग मिलेर झ्यालका खापा झिकेका थिए । त्यसपछि ती खापाहरू जोड्दै उनीहरूले भऱ्याङ बनाएका थिए । त्यस बेला उनीसँग मतो गरेर झ्यालको भऱ्याङ बनाउन संलग्नमध्ये अर्का एक जना विष्णुप्रसाद पौडेल पनि थिए । जेलबाट मोदनाथ प्रश्रित र विष्णुप्रसाद पौडेलसहित चार जना राजनैतिक बन्दी अनि एक जना चोर गरेर जम्मा सात जना कैदी झ्यालको भऱ्याङ ओर्लेर भागेका थिए ।

त्यति बेला मोदनाथ प्रश्रित र विष्णुप्रसाद पौडेल जेल परेको डेढ महिनामा नै भाग्न सफल भएका थिए । तर भागेको तीन महिनामा नै प्रश्रितलाई गाउँको सेल्टरमा राति गएर समातिएको थियो । उनलाई समाउन सुराकी दिनेचाहिँ उनीसँगै भागेको चोर थियो । प्रश्रित त्यसरी समातिएपछि उनीप्रति प्रहरीको थप अप्रिय व्यवहार हुन थालेको थियो । त्यसैले त्यस बखतको जेलखाना उनका लागि राक्षसी शैलीको थियो ।

जेलखानामा फिर्ता ल्याएपछि मोदनाथ प्रश्रितलाई पुलिसले थानामा लगेर हरेक प्रकारका तनाव दिन थालेका थिए । विविध यातनाका अतिरिक्त उनी मरणासन्न कुटाइको सिकारसमेत हुन थालेका थिए ।

त्यस घडी पुलिसले हरदिन मोदनाथ प्रश्रितलाई कुट्ने पालो बनाएका थिए । त्यतिखेर एक जना पुलिसका भागमा एक सयपल्ट प्रश्रितका पैतालामा डन्डाले पिट्ने तालिका थियो । त्यही दैनिक तालिकाअनुसार उनलाई पिट्दापिट्दै बेहोस पारिन्थ्यो र होस खुलेपछि फेरि पिट्न थालिन्थ्यो । त्यहीअनुरूप आठ जना पुलिसमध्ये सात जनाले एकएक दिन पालो गरी आठ दिनसम्म सयसय पटक डन्डाले पिट्दा उनको शरीर नै सुन्निएको थियो । तर एक जना प्रहरीले भने– 'हाम्रो लापर्बाहीले बन्दीहरू भागेका हुन्, म प्रश्रितलाई पिट्दिनँ भनेका थिए ।' तर ती प्रहरी पार्टीको समर्थनमा लागेकाले उनलाई सरकारले कठोर कारबाही गरेको थियो ।

धेरै कुटाइ खाएपछि मोदनाथ प्रश्रित बाँच्दैनन् भन्ने स्थानीय प्रशासनले अड्कल काटेपछि उनलाई भैरहवाको जेलखानाबाट काठमाडौँको गोलघरमा पुऱ्याइएको थियो । त्यहाँ पनि उनलाई कठोरभन्दा पनि कठोर रूपमा बन्देज गरिएको थियो । त्यहाँ दिसा बगेर जाने नालीमाथि उनको सुत्ने र खाने ठाउँ बनाइएको थियो । त्यस नारकीय ठाउँमा उनलाई सात महिनासम्म नेलकडी र हतकडी बाँधेर राखिएको थियो । सात महिना पुगेपछि चाहिँ उनका हातखुट्टाबाट फलामका सिक्री फुकाइएको थियो ।

मोदनाथ प्रश्रितलाई गोलघरमा राखिएको समयमा पनि एउटा विक्षिप्तको तथ्यसत्य देखा परेको थियो । वास्तवमा पुलिस प्रशासनले प्रश्रितलाई पनि पागल नै बनाउने अनेक उपाय अवलम्बन गरेको थियो । तर उनले त्यहाँ यसबारेको गहकिलो पाठ सिके । अनि उनले लेखे– 'म गोलघरमा बस्दा मेरो सबभन्दा नजिकका साथीसँगाती बौलाहा बन्दीहरू बन्न पुगेका छन् । मेरा अनेक महिना उनीहरूकै तरङ्ग र चर्तिकला हेरेर; उनीहरूका आफ्नै धुनका प्रलापहरू सुनेर अनि उनीहरूका सन्की र अक्कासे कुराहरूसित मुख चलाएर बितेका छन् । मलाई अनुभव भएको छ, निस्पट्ट एकान्तमा बस्नुभन्दा

बौलाहाहरूकै बीच बस्नु धेरै रमाइलो हुन्छ । मैले यहाँको विकट र उराठिलो समय काट्न उनीहरूबाट निकै सहयोग पाएको छु ।'

हातखुट्टाको सिक्री खोलेर मोदनाथ प्रश्रितलाई भद्रगोल जेलमा पठाइएको थियो । त्यही जेलमा मोहनविक्रम सिंहलाई पनि राखिएको रहेछ । त्यहाँ प्रश्रित पुगेपछि सिंह पनि खुसी भएका थिए । त्यस जेलमा उनीहरूको एउटै भान्सा भयो । त्यहाँ उनीहरू सात महिना सँगै बसेका थिए । त्यसपछि प्रश्रितलाई नक्खु जेलमा सरुवा गरिएको थियो ।

नक्खु जेलमा पुगेपछि मोदनाथ प्रश्रितका अरू साथीहरू पनि भेटिए । त्यतिखेरका उनका राजनीतिक साथीहरूमध्ये मोहनचन्द्र अधिकारी, राधाकृष्ण मैनाली, केपी शर्मा वली पनि थिए । अधिकारी हठी, फुर्तिला र बौद्धिक थिए, मैनाली जागरूक, बुद्धिमान र आक्रामक थिए अनि वली ठटचौली, उरन्ठेउला हावाजस्तै चञ्चल थिए । त्यतिखेर जेलमा प्राय: धेरैले जाँडरक्सी खान्थे । यति हुँदाहुँदै पनि वलीचाहिँ आफ्नो शरीरले पनि थाम्न नसक्ने गरेर रक्सी खान्थे । अनि खाएका सुरमा उनी एकोहोरो बरबराइरहन्थे । उनको नाजुक अवस्था देखेर प्रश्रितले वलीलाई घरीघरी 'सकेसम्म रक्सी छोड, नसके रक्सी थोरै मात्र खाऊ' भनेर सम्झाइरहन्थे । तर वली टेर्दैन थिए । भनौँ, उनी प्राय: बेहोस भइन्जेलसम्म रक्सी खान्थे । जेलमा रक्सी किन्नु नपरेका कारण अथवा सित्तै भेटेको रक्सी भनेर पनि उनी प्राय: खाएको खायै गर्थे । यसबारे प्रश्रित फेरि भन्थे– 'अरू राजनीतिक बन्दीहरू किताप पढ्थे, लेख्थे र विविध विचारविमर्श गर्थे तर वली पटकपटक रक्सी खान्थे र एक पटक खाएपछि सात दिनसम्म पनि थला पर्थे । वली रक्सी खाएर घरीघरी बिसन्चो भएका कारण बराबर मैले उनलाई भन्थेँ– 'हेर कमरेड ! यसरी रक्सी खाएका खायै गऱ्यौ भने तिमी चाँडै मर्छौ, यदि बाँचिहाल्यौ भने पनि तिमीलाई नराम्रो रोग लाग्न सक्छ ।' तर जबाफका क्रममा वली भन्थे– 'रोग लागे पनि मलाई नै लाग्छ नि, तपाईंलाई त लाग्दैन क्यारे !' केपी शर्मा वलीको जिद्दीका कारण मोदनाथ प्रश्रित,

मोहनचन्द्र अधिकारी र राधाकृष्ण मैनाली पनि हैरान, दिक्दार र वाक्क थिए । त्यसै कारण अधिकारी र मैनालीले प्रश्रितलाई भन्थे– 'रछ्यान चलाई मुखमा छिटा ! यस्तासँग बोल्नु व्यर्थ छ ।'

मोदनाथ प्रश्रितको जेलमुक्त हुने बेहोरामा उनी अन्धकारमा नै थिए । उनलाई कहिले राजनीतिक अभियोगमा थुनियो र कहिलेकहिले अनेक खोचे थापेर अप्ठ्यारामा पारियो । अनि उनलाई एउटै जेलखानामा मात्र सीमित राखिएन । कहिले गोलघर, कहिले नक्खु, कहिले गौर र कहिले वीरगञ्जका जेल उनका मामाघर बन्दै गए । यही रीतमा उनी थरीथरी जेलका पाहुना बनिरहे । वास्तवमा सरकारले उनलाई अनेक प्रकारका यातना दिएर करिब नौ वर्ष थुनामा राखेको थियो । यति भएर पनि जेलबाट बाहिरिएपछि भने उनी आफ्नो जोस, जाँगर र कर्तव्यमा नै लम्किरहे ।

•

मोदनाथ प्रश्रितले क्रमशः बहुमुखी प्रतिभाद्वारा समृद्ध स्वरूपमा आफ्नो नाउँ लेखाइसकेका थिए । उनको राजनीतिक दृष्टिकोण, जागरण र कृत्यको सुभाष बनारसमा बसेर कम्युनिस्ट सिद्धान्त परिचालन गर्ने पुष्पलालको कानमा पनि पुगिसकेको थियो । त्यसैले पुष्पलालले पनि प्रश्रितको खोजी गरेर आफ्ना ठाउँमा झिकाएका थिए । प्रश्रितका योजना र कार्यक्रमहरूले त्यतिन्जेलसम्ममा पुष्पलाल प्रभावित भइसकेका थिए । त्यसैले उनले प्रश्रितलाई कम्युनिस्ट पार्टीको सांस्कृतिक मोर्चा बनाउनका लागि उत्प्रेरित गरेका थिए । त्यसैले प्रश्रितले पुष्पलालकै नीति र निर्देशनमा रहेर पार्टी विकासको सांस्कृतिक दस्तावेज बनाउन थाले । त्यस काममा प्रश्रित सफल पनि भए । उनको कार्यशैलीबाट पुष्पलाल झनै प्रभावित हुन थाले । त्यसपछि पुष्पलालले प्रश्रितलाई नेपाल कम्युनिस्ट पार्टीको साहित्य, कला तथा सांस्कृतिक प्रशिक्षणको पाटो नै जिम्मा लगाएका थिए । साथै त्यति बेला प्रश्रितको काम वामपन्थी विचारकहरूलाई परिचालन गर्ने पनि थियो ।

मोदनाथ प्रश्रितको सङ्गठनात्मक अनुभवको विस्तार हुँदै गएको थियो । उनका सबै नतिजाको पुष्पलालबाट अवलोकन हुँदै जाँदै थियो । त्यसपछि उनको क्षमतालाई थप ऊर्जावान् बनाउन पुष्पलाल पनि उद्यत थिए । परिणामस्वरूप पुष्पलालकै आग्रहमा 'नेपाली जनवादी क्रान्तिकारी सांस्कृतिक सङ्घ'को स्थापना गरिएको थियो । अनि प्रश्रितका आग्रहमा त्यस सङ्घका अध्यक्षमा युद्धप्रसाद मिश्र र प्रश्रितचाहिँ महासचिव भएका थिए । यो संस्था २०२८ सालमा बनारसमा नै स्थापना भएको थियो । त्यतिखेर मदन भण्डारी पनि त्यहीँ पढ्दै थिए । त्यसै घडी मोदनाथ प्रश्रित र मदन भण्डारीमाझ आत्मीयता बढ्न थालेको थियो ।

मोदनाथ प्रश्रितको कार्य नेपाल कम्युनिस्ट पार्टीमा नै समर्पित हुँदै गयो । उनको पार्टीउपरको कार्यशैली नमुनाका रूपमा नै गणना हुन थालेको थियो । त्यही क्रममा उनलाई पुष्पलालले केन्द्रीय स्तरबाट काम गर्नुपर्छ भन्ने सल्लाह पनि दिएका थिए । यसको निकट भविष्यमा नेपाल कम्युनिस्ट पार्टीको चौथो राष्ट्रिय सम्मेलन हुन गइरहेको पनि थियो । अनि २०३० सालमा सम्पन्न पुष्पलालीय कम्युनिस्ट पार्टीको सम्मेलनबाट प्रश्रित पनि केन्द्रीय सदस्यमा छानिएका थिए ।

नेपाल कम्युनिस्ट पार्टी एमालेबाट २०३५ सालमा सञ्चालित उत्पीडित जातीय उत्थान मञ्चको नेतृत्वको जिम्मा मोदनाथ प्रश्रितलाई नै दिइएको थियो । त्यस बेला प्रश्रितले 'मानवताको कलङ्क : जातपात र छुवाछुत प्रथा' शीर्षक पुस्तक लेखी प्रकाशित गरेका थिए । प्रश्रितको नेतृत्वमा देशव्यापी रूपमा छुवाछुतको विरोधमा नेपालका कम्युनिस्टहरू हिँडेका थिए । त्यस बेलाको यो जागरणको प्रभावले नेपालको कुना कन्दरासम्म छुवाछुत प्रथा ठीक छैन भन्ने स्थितिमा पुगेको थियो ।

•

मोदनाथ प्रश्रित २०४४ सालमा जेलबाट मुक्त भए । त्यसपछि उनी पुन: राजनीतिमा निकै सक्रिय भए । त्यसै बखत रमेश

विकलको अध्यक्षतामा गठित 'प्रगतिशील लेखक सङ्घ'को उनी महासचिव बनेका थिए । त्यस बेलाको विकलद्वारा अध्यक्षता ग्रहण गरिएको प्रलेसका बारे प्रश्रितले भने– 'रमेश विकलको नेतृत्वशैली लोकतान्त्रिक र समन्वयात्मक थियो । विकलले दलीय मतभेदका कुरालाई प्रलेसमा घुस्नै दिएनन् । त्यसैले प्रलेस लोकप्रिय पनि बन्दै गयो ।' त्यसै कालखण्डमा प्रश्रित नेकपा (माले)मा सक्रिय थिए । त्यस बेलाको प्रगतिशील साहित्यिक संस्थाउपर उनले मन दुखाएर लामै कथन लेखेका थिए– '२०४४ सालको दसैँमा म जेलबाट रिहा भएपछि प्रगतिशील लेखक कलाकारहरूसँग भेटघाट, छलफल हुँदै गयो । म तत्कालीन नेकपा (माले)को केन्द्रीय सदस्य पनि हुनाले पार्टीको सांस्कृतिक क्रियाकलापतिर पनि सक्रिय हुन थालेँ । म २०२८ सालमा पुष्पलालको केन्द्रीय समितिमा पुगेदेखि नै पार्टीमा सांस्कृतिक विभाग सम्हाल्दै आएको थिएँ र नेकपा (माले)को स्थापनापछि पनि संस्कृति र प्रचार फाँटमा काम गर्दै थिएँ । बनारसबाट पार्टी प्रकाशन सामग्री छापेर ल्याउँदा पक्राउ परी म आठ वर्ष जेल परेको थिएँ । म रिहा भएपछि पुन: सांस्कृतिक फाँट सक्रिय बनाउने काममा लेखक, कलाकारहरूसित सम्पर्क बढाउँदै थिएँ । अर्कातिर 'प्रगतिशील लेखक, कलाकार सङ्घ'को पुनर्गठन र सम्मेलनको तयारीमा पनि म सहभागी भएँ । छलफलबाट लेखक र कलाकारका छुट्टै सङ्गठन बनाउने निर्णय भयो ।

'त्यस बेला नेपाल कम्युनिस्ट पार्टीमा विभाजनको परिणामस्वरूप अनेक हाँगा बनेका थिए । तिनीहरूमा परस्पर केही सैद्धान्तिक विवाद र सङ्गठनात्मक भिन्नता भएकाले प्रगतिशील लेखक सङ्घको अध्यक्ष र महासचिव पदमा पनि आआफ्नो पक्षका लेखक पुऱ्याउने प्रतिस्पर्धा चलेको थियो । लामो समयको चर्काचर्की बहसपछि कुनै कम्युनिस्ट समूहमा क्रियाशील नभएका लेखक रमेश विकललाई अध्यक्ष र मलाई महासचिव

पदमा राखी केन्द्रीय समितिमा सबैको सहभागिता मिलाउने टुङ्गो लाग्यो । वरिष्ठ साहित्यकार रमेश विकलले पार्टी सङ्गठनलगायत सबै कुरा भोगिसकेका र त्यस बेला तटस्थ बसेका हुनाले उनलाई अध्यक्ष बनाउनेमा सर्वसम्मति भयो । २०४४ साल पुस १७ र १८ गते सम्पन्न प्रगतिशील लेखक सङ्घको प्रथम राष्ट्रिय सम्मेलनले रमेश विकलको अध्यक्षतामा प्रगतिशील लेखक सङ्घको केन्द्रीय समितिको निर्वाचित गऱ्यो र विधान पनि पारित भयो । यो घटना राजनीतिक क्षेत्रका लागि पनि शिक्षाप्रद बन्यो । योग्यता, योगदान र अनुभवमा सबभन्दा वरिष्ठ या इतिहासको भूमिकाले सबभन्दा प्रभावशाली भएका व्यक्तित्वहरूलाई पार्टी या संयुक्त मोर्चाको नेतृत्वमा या अन्य सङ्गठनहरूको प्रमुख पदमा राख्न राजनीतिक दलका नेताहरू पनि सहमत हुँदा रहेछन् । २०४६ सालको संयुक्त जनआन्दोलनको बेला वाम पार्टीहरूमा मनमोहन अधिकारी, तुलसीलाल अमात्य, मदन भण्डारीजस्ता अनुभवी र चर्चित नेता भए पनि नेपाली काङ्ग्रेसका नेता गणेशमानलाई अग्र स्थान दिन सबै सहमत भए र आन्दोलन पनि सफल भयो । त्यसरी नै २०४९ सालको नेकपा (एमाले)को पाँचौँ महाधिवेशनमा मदन भण्डारीको व्यक्तित्व बढी प्रभावशाली हुँदाहुँदै पनि ऐतिहासिक व्यक्तित्वको कारणले अध्यक्ष पदमा मनमोहन अधिकारी पुऱ्याइए । अहिले नेपालको राजनीतिमा इतिहास र योगदानसहितको सर्वमान्य व्यक्तित्व नहुनाले सबैलाई समेट्ने सवालमा ठूलो सङ्कट देखिएको छ ।

'प्रगतिशील लेखक सङ्घमा रमेश विकलसँग सँगै बसेर काम गर्न पाउँदा मलाई ज्यादै खुसी लागेको थियो र सबैले सन्तोष व्यक्त गरेका थिए । २०३७ सालमा निर्दलीय पञ्चायती व्यवस्थालाई छल, प्रपञ्चले विजयी घोषित गरिएपछि त्यसको विरुद्ध रहेका राजनीतिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा जुन मतभेद र विशृङ्खलता देखा

परेको थियो, प्रगतिशील लेखक सङ्घको सहमतिको संयुक्त निर्वाचनले एउटा नयाँ गोरेटो देखायो । त्यसपछि साहित्यिक क्षेत्रमा सिर्जना, सङ्गठन, सैद्धान्तिक छलफल, विचारगोष्ठी, कविगोष्ठी, सांस्कृतिक क्रियाकलाप, पुस्तकपत्रिका प्रकाशनको नयाँ लहर सिर्जना भयो । त्यसको प्रभाव राजनीतिक क्षेत्रमा पनि पऱ्यो । क्रमश: निरङ्कुश पञ्चायती तानाशाहीविरुद्ध संयुक्त जनआन्दोलनको पृष्ठभूमि पनि बन्दै गयो ।

'प्रलेस'को अध्यक्ष पदमा रहँदा रमेश विकलको नेतृत्वशैली लोकतान्त्रिक र समन्वयात्मक रह्यो । उनले दलीय मतभेदका कुरालाई प्रलेसमा घुस्ने मौका दिएनन् । कुनै पनि कुरामा विवाद आउँदा छलफलबाट समाधान निकाल्ने प्रणाली अघि बढ्यो । प्रलेसको विधान २०४४ अनुसार हामीले साहित्यिक आन्दोलनलाई क्रमश: अघि बढायौँ ।

'त्यस बेला वाम पार्टीहरूका आआफ्ना साहित्यिक सांस्कृतिक संस्था कतै बनेका थिए र कुनै बन्दै थिए । उनीहरूका आआफ्ना साहित्यिक सांस्कृतिक प्रकाशन पनि हुँदै थिए । प्रगतिशील लेखक सङ्घमा कलाकार र संस्कृतिकर्मीहरू नरहने भएपछि नेकपा (माले) निकट कलाकारहरू अन्योलमा पर्ने स्थिति आयो । तर तत्काल 'प्रलेस' जस्तै कलासंस्कृतिकर्मीहरूको संयुक्त सङ्गठन बन्ने वातावरण थिएन । अर्कातिर नेकपा (माले) आफ्नो सांस्कृतिक मोर्चा गठननिम्ति सम्मेलनको तयारीमा थियो । प्रलेस सम्मेलनको केही दिनपछि नेकपा (माले)का संस्कृतिकर्मीहरूको भेला भयो र त्यसपछि 'राष्ट्रिय जनसांस्कृतिक मञ्च'को स्थापना गरियो । त्यसमा म अध्यक्ष पदमा निर्वाचित भएँ । त्यस सम्मेलनको विषयलाई लिएर प्रगतिशील लेखक सङ्घको केन्द्रीय सदस्य पारिजातले यथार्थ कुरालाई ढाकछोप गरी एक सार्वजनिक लिखित वक्तव्य प्रसारित गरिन् । त्यसमा उनले 'राष्ट्रिय जनसांस्कृतिक मञ्च' प्रलेसको विरुद्ध समानान्तर

सङ्गठनको रूपमा उभ्याएको आरोप लगाउँदै लेखेकी थिइन्– 'मोदनाथ प्रश्रितले प्रलेसमा अध्यक्ष पद नपाएको भोकमा जनसांस्कृतिक मञ्च बनाएर अध्यक्ष पद हात पारे । यो काम पैसा नतिर्ने आसामीको मासु काटेर असुल गर्ने साइलकको भूमिका हो ।'

'त्यस आरोपले हार्दिक रूपले सम्मेलन सम्पन्न प्रलेसमा एक प्रकारको खल्लो पन ल्याउन खोज्यो । त्यस विषयमा गहिरो छलफल गर्नुपर्ने भयो र प्रलेसको केन्द्रीय समितिको बैठक बस्यो । छलफलमा मसहित एमाले निकट प्रलेस सदस्यहरूले राष्ट्रिय जन सांस्कृतिक मञ्च, नेकपा मालेको सांस्कृतिक सङ्गठन हुनाले प्रलेसविरुद्ध लक्षित छैन । यो नेकपा मसाल आदिको सांस्कृतिक संस्थाजस्तै एमालेको संस्था हुनाले पारिजातले मोदनाथ प्रश्रित र राष्ट्रिय जनसांस्कृतिक मञ्चमाथि लगाएको आरोप फिर्ता लिनुपर्छ' भन्ने निष्कर्ष बैठकले निकाल्यो । त्यसको निष्पक्ष र स्पष्ट निर्क्यौल गर्नमा प्रलेस अध्यक्ष रमेश विकलको महत्त्वपूर्ण भूमिका रह्यो । त्यसमा पारिजातबाहेक प्रलेस केन्द्रीय समितिका सबै सदस्य सहमत भए । गलत आरोप पारिजातले फिर्ता गर्नुपर्ने निर्णय भयो । तर पारिजातले केन्द्रीय समितिको निर्णय नमानी वक्तव्यबाजी गर्दै रहिन् ।' मोदनाथ प्रश्रित समन्वयवादी थिए । त्यसैले उनले कति ठाउँमा आफूलाई नरम पार्न पनि छाडेनन्, आफूलाई होचो पार्ने प्रयास पनि गरे र गालीगलौजको उत्तर दिने हिसाबमा पनि मत्थर नै बसे । तर उनी निराश भने कहिल्यै भएनन् । अनि त्यही बेहोरा नै उनको जितमा रूपान्तर भयो ।

•

मोदनाथ प्रश्रित बाल्यकालदेखि नै क्रान्तिका नमुना थिए । उनी सानैदेखि कुसंस्कारका विरोधी थिए । पछिल्ला दिनमा उनी पशुपतिनाथको जनदर्शनका बारे पनि आक्रामकै थिए । परिणामस्वरूप विभिन्न मित्रसहित उनकै नेतृत्वमा २०५३ सालमा दलितहरू

पशुपतिनाथको मन्दिर पुगेका थिए । मन्दिरपरिसरमा भनाभन र हानथाप भए पनि दलितहरूले पशुपतिनाथको दर्शन गर्न मन्दिरभित्र पसेर पूजा गरी छाडे ।

•

मोदनाथ प्रश्रित पार्टीको नीतिमा रहेकै बेला उनको पुष्पलालसँग मतमतान्तर बढ्न थाल्यो । त्यसपछि अर्थात् २०३५ सालमा उनीसमेत भएर नेपाल कम्युनिस्ट पार्टी (माले)को स्थापना भएको थियो । त्यस पार्टीका संस्थापकमध्येका उनी पनि एक जना बलिया सदस्य थिए । अनि २०४७ सालमा नेकपा (एमाले)को उदय भयो । त्यस पार्टी जन्माउने काममा पनि उनको सशक्त भुमिका थियो । पार्टीको उदय भएदेखि नै उनी सदस्य भए तापनि पार्टीको पाँचौँ तथा छैटौँ महाधिवेशनले उनलाई केन्द्रीय सदस्यका रूपमा मात्र अनुमोदन गरेको थियो ।

मोदनाथ प्रश्रित राजनीतिमा निकै सक्रिय हुँदै आएका थिए । मुलुकमा बहुदल आएसँगै कम्युनिस्ट पार्टीमा प्रश्रितको नाउँ प्रख्यात थियो । उनी लोकप्रिय नेताका रूपमा बहुचर्चित थिए । उनको सैद्धान्तिक सोच, बौद्धिक क्षमता र सक्रियताका कारण मदन भण्डारीको निधनपछि उनी पार्टीको महासचिव हुने भन्ने कुरामा पनि व्यापक चर्चा थियो । साथै उनलाई त्यहाँ पुऱ्याउने शक्ति पनि उनको राष्ट्रिय दृष्टिकोणदेखि अलिक परै पनि थियो । त्यसैले उनले पनि त्यतातिर ध्यान र चासो दिएनन् । किनभने एकातिर नेपालको राजनीतिमा अर्कैतिरबाट चासो राखिँदो अवस्थामा रूपान्तरित हुँदै गएको पनि उनीमा महसुस हुन थाल्दैथ्यो र अर्कातिर साहित्य सिर्जनामा उनी समर्पित नै भएर लागेका थिए । त्यसैले त्यो ठाउँ पनि उनका लागि त्यति उपयुक्त थिएन । यति हुँदाहुँदै पनि उनले राजनीतिक थलोचाहिँ छाडेनन् । यही परिवेशमा उनी २०५१ सालमा सम्पन्न प्रतिनिधि सभाको माननीय सदस्यमा जननिर्वाचित सांसद भएका थिए ।

मनमोहन अधिकारीको प्रधानमन्त्रित्वकालमा मोदनाथ प्रश्रित शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्री भएका थिए । ओहोदामा बसेर त्यस घडी उनले धेरै काम गरेका थिए । उनकै सोचका कारण उनैको मन्त्रित्वको कार्यकालदेखि ज्येष्ठ नागरिकलाई वृद्धभत्ताको व्यवस्था भएको थियो । त्योभन्दाअघि यसबारे कसैको सोचै पनि गएको थिएन । साथै उनकै जोडले माध्यमिक तहसम्मको शिक्षा पनि नि:शुल्क भएको थियो । उनैको सोचका कारण प्राविधिक शिक्षालयहरूको निर्माण भएको थियो । कृषि तथा वन विश्वविद्यालयको पूर्वाधार उनैले तयार गरेका थिए । उनैले शिक्षामा अनिवार्य रूपमा मातृभाषामा हुनुपर्ने प्रारूप खाका तयार गरेका थिए । त्यति मात्र होइन, उनैले राष्ट्रका पाँचै विकास क्षेत्रमा प्राविधिक महाविद्यालयको स्थापना गर्ने योजनासमेत ल्याएका थिए । तर उनका कैयौँ योजना आउनुपूर्व अधिकारीको मन्त्रिमण्डल तुहाइएको थियो । वास्तवमा कम्युनिस्ट सरकारको कामले जनप्रियता हासिल गरिरहेको बेहोराले विपरीत सिद्धान्तकारहरूका मनमा धक, डर र त्रास पलाएको थियो । त्यसैले त्यतिखेर उनले पनि मनमोहन अधिकारीसँगै हात धुनुपरेको थियो । अनि उनी जम्मा नौ महिनाजति मात्र मन्त्री भएका थिए ।

•

नेपालको राजनैतिक व्यवस्थाप्रति जनमन मोडिँदै गयो । राजनीति विदेशी प्रभावका अतिरिक्त व्यापार, नाता र शक्तिको खेलमा रूपान्तर हुन थाल्यो । त्यसपछि तमाम समर्पित र देशभक्त व्यक्तिहरू चिन्तित हुन थाले । त्यही परिवेशमा मोदनाथ प्रश्रित पनि अछुत रहेनन् । त्यसैले उनले यसैबारे भने– ‘एमाओवादी र एमालेमा कति महान् र आदर्शमय छ सर्वसहारा वर्गको एकता । तर दुवै धमिराले ग्रस्त हुँदै छन् । दुवै अहङ्कारले चुलिएर एकअर्कालाई नम्बर एक वर्ग शत्रुजस्तो ठान्दै छन् र एकअर्कालाई समाप्त पारेर मात्र देशमा

जनवादी समाजवादी क्रान्ति पूरा हुने ऐतिहासिक मिथ्या भ्रमको आहालमा डुब्दै छन् ।

'अब यी दुवै जमात शोषित पीडित, श्रमजीवी वर्ग र समुदायका स्वघोषित प्रतिनिधि दलका रूपमा पनि रहेनन् । उनीहरूले आफूलाई जातपात, पूर्वपश्चिम, हिमाल, पहाड, तराईका दुई हजार वर्ष पुराना कबिलातन्त्रका अवशेषका संयुक्त घटकका रूपमा रूपान्तरित गरिसकेका छन् । अन्तर्राष्ट्रिय प्रतिक्रियावादको विराट् षडयन्त्र सञ्जालमा जेलिएका यी कठपुतलीहरू नेपाली जनतालाई हजार टुक्रा र हजार कबिला गणराज्यमा परिणत नगरी शान्तिपूर्ण तरिकाले बस्न सक्ने छैनन् ।

'म कम्युनिस्ट एकताको जुन उज्यालो सपनाले आफ्ना पहिलेका सबै आशा, आकाङ्क्षा, योग्यता, क्षमता समेटी चार दशक क्रियाशील रहें, ती सपना भत्काउने अहङ्कारी गुटबाजहरू अहिले सरकारमा पार्टीका प्रतिनिधि हैन, आआफ्नो गुटका वारिस पठाउने घृणित खेलमा लागेका छन् । त्यसै खेललाई सर्वहारा राजनीति भनी जनतालाई उल्लू बनाउँदै छन् ।'

# मोदनाथ प्रश्रितको पुष्पलालप्रतिको श्रद्धा

मोदनाथ प्रश्रितले बाल्यकालमा नै पुष्पलालको नाउँ सुनेका थिए । उमेर चढ्दै गएपछि उनी पुष्पलालको सिद्धान्त, चिन्तन र योगदाबाट प्रेरित हुन थालेका थिए । वास्तवमा पुष्पलालकै व्यक्तित्वको प्रभावले उनी नेपाल कम्युनिस्ट पार्टीमा आकर्षित भएका थिए ।

पछिल्ला दिनको कुरा गर्ने हो भने मोदनाथ प्रश्रित पुष्पलालसँग निरन्तर पाँच वर्षजति सँगै बसेका थिए । अर्थात् २०२८ सालदेखि २०३३ सालसम्म प्रश्रित पुष्पलालसँगै भारतको बनारसमा बसेका थिए । त्यतिखेर पुष्पलालले जे खान्थे, प्रश्रित त्यही खान्थे र पुष्पलाल जस्तोमा सुत्थे, प्रश्रित त्यस्तैमा सुत्थे । वास्तवमा त्यस कालखण्डमा पुष्पलालको दैनिकी दयनीय थियो । अथवा भनौँ, बिहान खाएपछि उनलाई बेलुका के खाऊँ हुन्थ्यो र बेलुका खाएपछि बिहान के खाऊँ हुन्थ्यो । अनि प्रश्रित पनि पुष्पलालझैँ भोकभोकै हिँड्न पनि सहमत थिए र चौबिस घण्टामा एक छाक खाएर बस्न पनि राजी थिए ।

पुष्पलाललाई भेट्नुअघि उनीप्रति मोदनाथ प्रश्रितको धारणा बेग्लै थियो । अर्थात् पुष्पलाल धनाढ्य छन् भन्ने बेहोरा प्रश्रितले सुनेका थिए । पुष्पलालले प्रशस्त विदेशी पैसा पाउने गर्छन्; किनभने उनी विदेशी एजेन्ट हुन् भन्ने भ्रममा प्रश्रित पनि थिए । तर प्रश्रितचाहिँ पुष्पलालको जति नजिक हुँदै गए उनलाई एउटा आदर्श नेताका रूपमा प्रश्रितले हेर्दै जान थाले । प्रश्रितका लागि पुष्पलाल क्रमश: देशभक्त राजनेतामा रूपान्तरित हुँदै जान थाले ।

पुष्पलाल बनारसको निर्वासित जीवनमा भोकभोकै हिँड्थे, भोकभोकै आफ्ना काम गरिरहन्थे र भोकभोकै पनि सुत्थे भन्ने तथ्य मोदनाथ प्रश्रितले सँगाल्दै जान थाले । एक दिन पुष्पलालले प्रश्रितलाई भनेका थिए– 'आज खाना खानै पाइएन । हिजो पाउरोटी मात्र खाएर गुजारा चलाइयो । आज थोरै चामल किनेर भात खाऊँ ।'

पुष्पलालको दु:खद आर्थिक अवस्थाका बारे मोदनाथ प्रश्रित झनै नजिक हुन थाले । आफ्ना कार्यकर्ताले दुईचार पैसा दिएका भरमा पुष्पलालले छाक टार्थे भन्ने बेहोरा पनि प्रश्रितले बुझ्दै जान थाले । प्रश्रित बनारस बसेताका उनी प्राय: पुष्पलालसँगै हुन्थे । त्यस बखत पुष्पलाल सातु, चना, सुक्खा रोटी खान्थे । त्यति बेला कसैले राँगाको मासु खान बोलायो भने उनी दसैँ आएको ठान्थे । वास्तवमा प्रवासी जीवनमा पुष्पलालको खान्की सर्वहाराकै नमुना मानिन्थ्यो । उनको त्यस्तो हालत देखेपछि प्रश्रितको उनीप्रति झन्झनै आत्मिक भावना बढेको थियो ।

२०३३ सालको कुरा हो– त्यतिखेर केशरमणि पोखेल पुष्पलालको उछित्तो काट्ने उद्देश्यले गुटबन्दी गर्दै थिए । उनी पुष्पलाललाई खसालेर आफू नेपाल कम्युनिस्ट पार्टीको महामन्त्री बन्ने दाउमा भएको कुरा मोदनाथ प्रश्रितले थाहा पाए । त्यतिखेर पुष्पलालकै सल्लाहले मोदनाथ प्रश्रित पोखेललाई थचक्क बसाउन बुटवल पुगेका थिए । त्यति बेला प्रहरी प्रशासनको डरका कारण उनी भेष बदलेर त्यहाँ पुगेका थिए । प्रश्रितले केशरमणि पोखेललाई भेटेर अनेक तर्कवितर्क गरे । अनि केही दिनपछि पोखेल यसबारे मौन भए ।

मोदनाथ प्रश्रितले पुष्पलालको आत्मीयता पाएदेखि नै नेपाल कम्युनिस्ट पार्टीमा भित्री रूपले काम गर्न थालेका थिए । उनको कामबाट पुष्पलाल निकै मोहित हुन थालेका थिए । परिणामस्वरूप २०२८ सालमा प्रश्रित नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय सदस्य

भएका थिए । वास्तवमा उनी पार्टीको केन्द्रीय सदस्य मात्र नभएर पुष्पलालका अति विश्वासिला, भरपर्दा र आँतका पात्र पनि थिए ।

पुष्पलाल राजनेता भएर पनि सरलताको नम्बरी सुन थिए भन्ने कुरा मोदनाथ प्रश्रितले क्रमशः थाहा पाउन थाले । त्यसैले उनी पुष्पलालसँग आफ्नो दिनचर्या पनि धान्न चाहन्थे । मानौँ, पुष्पलाल उनका विश्वविद्यालयसमेत पनि थिए । पुष्पलालको छत्रछायामा बस्न पाउनु उनी आफ्नो राम्रो अवसर सम्झन्थे । त्यसैले उनी पुष्पलाल बसेकै कोठामा डेरा सरेका थिए । वास्तवमा त्यस बेला प्रश्रित पनि आर्थिक कठिनाइमा बामे सर्दै थिए । त्यतिखेर उनको आयस्रोत भनेको टचुसन पढाउने र प्रुफ हेर्ने काम थियो । त्यस बेलाकै प्रसङ्गमा प्रश्रितले भने– '२०३० सालको जेठ महिनादेखि कमरेड पुष्पलाल, म र सन्तोष भाइ एकै ठाउँ खान्थ्यौँ । त्यस बेला भित्र र बाहिरका साथीहरूमा फाटो बढ्न थालेकाले यताउतिबाट यदाकदा आउने सहयोग पनि सुक्तै गएको थियो । सातआठ महिनाको घरभाडा पनि तिर्न बाँकी थियो । गर्मीको छुट्टीमा सबै जना विद्यार्थी घरघर फर्किसकेका थिए । हामी आर्थिक हालतमा चौपट थियौँ । त्यतिखेर हामीसँग जम्माजम्मी तीस रुपियाँ थियो र त्यति पैसाले तीन जनाले एक महिना गुजारा चलाउनुपर्ने अवस्था थियो । त्यतिखेर कतैबाट पैसा आउने सम्भावना नै थिएन । केही जोगाड हुन्छ कि भनी गोविन्द ज्ञवाली नेपालतिर जानुभएको थियो । तर असार लाग्नुअघि आफू फर्कन नसक्ने उहाँले हामीलाई चिठी लेख्नुभएको थियो । त्यतिखेर हामी बिहान भिजाएको चना र साँझ सोडा हालेर फुलाएको एकएक भक्कु रोटी खाएर महिना गुजार्ने उपायमा लाग्यौँ । सितनमा एकदुई टुक्रा प्याज र नुनखुर्सानीबाहेक केही जुर्नु सम्भव थिएन ।'

२०२४ सालदेखि मोदनाथ प्रश्रितले पुष्पलालको निकट रहेर काम गरे । त्यतिखेर पुष्पलालसँग उनको भेट गोरखपुरमा भएको थियो । वास्तवमा प्रश्रितका रचना पढेर पुष्पलाल प्रश्रितसँग मोहित

भएका थिए । त्यसैले बनारसबाट उनले प्रश्रितलाई खबर पठाए– 'हामी गोरखपुरमा भेटौँ ।' अनि त्यस ठाउँमा उनीहरू दुई दिन एउटै कोठामा बसेर व्यापक विचारविमर्श गरेका थिए । त्यसै बेला पुष्पलालले प्रश्रितलाई नेपाल कम्युनिस्ट पार्टीको सांस्कृतिक मोर्चाको गठन गर्न जिम्मा दिएका थिए ।

पुष्पलालले बनारसबाट मोदनाथ प्रश्रितलाई बनारस आउने पत्र पठाइरहन्थे । २०२७ सालमा प्रश्रितलाई सर्वोच्च अदालतबाट जेल मुक्त गर्ने न्याय पाएपछि फेरि पक्रेला भनेर उनलाई डर भइरहेको थियो । अनि त्यसैताक फेरि प्रश्रितका हातमा पुष्पलालको पत्र पर्‍यो– 'सांस्कृतिक मोर्चा गठन गर्ने र बनारसै बसेर काम गर्ने गरी आउनुहोस् ।' त्यसपछि प्रश्रित बनारस हान्निएका थिए ।

मोदनाथ प्रश्रित बनारस पुगेर पुष्पलालकै नीतिनिर्देशनमा कम्युनिस्ट पार्टीको सांस्कृतिक मोर्चा स्थापना गर्ने काममा जागरूक भए । २०२८ सालमा उनले आफूले पनि मानेका क्रान्तिकारी कवि युद्धप्रसाद मिश्रलाई अध्यक्ष बनाएर 'नेपाली जनवादी क्रान्तिकारी सांस्कृतिक सङ्घ'को गठन गरेका थिए । मिश्रलाई पुष्पलालसँग चिनाउने काम पनि प्रश्रितले नै गरेका थिए । त्यस संस्थामा प्रश्रित महासचिव र मदन भण्डारी, जीवराज आश्रित, रामचन्द्र भट्टराई, दिल सहानी, बोधराज काफ्ले सदस्य थिए । अनि त्यो संस्थाको गठनसँगै उनीहरू गुप्त रूपमा नेपाल पसेका थिए । त्यसपछि उनीहरूले साहित्यकार र कलाकारलाई सङ्गठित गर्न थाले । त्यति मात्र होइन, भारतमा जहाँजहाँ नेपालीको बाक्लो बस्ती छ त्यहीँत्यहीँ गएर उनीहरूले सभा, सम्मेलन, गोष्ठी पनि गर्न थालेका थिए ।

पुष्पलालसँगको दिनचर्यामा मोदनाथ प्रश्रित पनि आर्थिक सङ्कटमा नै थिए । तर पनि उनी आफ्नो वैयक्तिक पेसामा लागेका थिए । त्यसैले उनले हातमुख जोड्नचाहिँ चन्दा उठाउनुपरेको थिएन । तर पुष्पलालको आर्थिक अवस्थाचाहिँ दयनीय थियो । त्यसै प्रसङ्गमा

प्रश्रितले लेखेका पनि थिए– 'त्यसताका म बनारस बसी पुष्पलाल समूहमा काम गर्थें । क.पुष्पलाल बस्ने केन्द्रीय कार्यालय (दशपुत्र गल्ली, बनारस)मा डरलाग्दो आर्थिक सङ्कट थियो । म त्यसलाई टार्ने प्रयत्नमा विभिन्न प्रकाशनका निम्ति मुखपृष्ठका चित्रहरू बनाइदिने र प्रुफ पढ्ने काम गर्थें । मैले पार्टी र त्यसका सहयोगी प्रकाशनहरूनिम्ति यी दुवै काम नि:शुल्क गर्ने र अरूसित शुल्क लिने गरेको थिएँ । मलाई एक दिन कमरेड पुष्पलालले आफैँ भन्नुभयो– 'हामी आर्थिक सङ्कटले ज्यादै पीडित भयौँ । दुई छाक चनासम्म खान पनि गाह्रो हुन थाल्यो । त्यसैले पार्टीका सहयोगी प्रकाशनहरूबाट पनि चित्र बनाउने र प्रुफ पढ्ने काममा आधा शुल्क लिने गर्नुहोस् ।' मैले त्यसो गर्नु उचित हुँदैन र यसले पछि भनाइ खानुपर्ने हुन्छ, नराम्रो पर्छ' भनें । तर उहाँले 'म यो कुरा आफैँ नै साथीहरूसित भन्नेछु र तपाईंलाई भनाइ खान पार्ने छैन । बजारका अरू मान्छेले खाने पैसाको आधा हामीले लिएर ज्यानसमेत बचाउँदा के हामीले अपराध गरेको ठहर्छ ? पार्टी र ठूलो ध्येयको हितमा केही भनाइ खानै परे पनि हामी सबैले खाउँला' भनेपछि मेरो भित्री मनले नमाने पनि मैले त्यसै गर्न थालें ।

३० डिसेम्बर १९७२ का दिन प्रवासी कल्याणकारी सङ्घका महामन्त्री हरिराम शर्मा आएर 'भुकभुको' पत्रिकाले सङ्घका संस्थापक एकदेव आलेका स्मृतिमा एउटा विशेषाङ्क निकाल्ने भएको छ । त्यसनिम्ति मुखपृष्ठमा राख्न उहाँको एउटा चित्र बनाइदिनुपर्‍यो' भन्नुभयो । अनि हरिराम शर्माले नै 'यी हालको नियमअनुसार चित्रको आधा शुक्ल' भनी भा.रु. तीस मेरा अघि सार्नुभयो । कति नमीठो कुरा, एकदेव आलेजस्ता महान् क्रान्तिकारीको चित्र बनाएर मैले तीस रुपियाँ लिनुपर्ने ! तर म विवश थिएँ । आर्थिक सङ्कटकै कारणले समयमा उपचार हुन नसक्ता रोग बढेर आलेको मृत्यु भएको थियो । कतै त्यस्तै दु:खद स्थिति क.पुष्पलालसहित हामी

सबैमाथि आइनपरोस् भनेर अमिलो पानी निल्दै पैसा छुनुअगाडि नै म चित्र बनाउन बसेँ । चित्र सिध्याएर उहाँलाई सुम्पी त्यस पैसाको चामल, दाल ल्याएर केन्द्रीय कार्यालयमा बस्नेहरूले केही छाक गुजाऱ्यौँ ।'

'भुकभुको' निस्क्यो । चित्र बनाएको २७ दिनपछि एकदेव आलेको स्मृतिगोष्ठी केन्द्रीय कार्यालयमै आयोजित भयो । पुष्पलाल अध्यक्षको आसनमा हुनुहुन्थ्यो । मैले पनि त्यहाँ केही बोलेँ । बोल्ने क्रममा एक जना कार्यकर्ताले भने– 'अब त पार्टीभित्र पनि व्यापार चल्न थालेको छ । कार्यकर्ताहरू पुँजीवाद पन्थी हुन थालेका छन् । आश्चर्य छ, अरू त स्वयम् मोदनाथ प्रश्रितले एकदेव आलेको फोटो बनाएर पैसा खानसम्म हिचकिचाउनु भएन रे ! अनि अर्का कार्यकर्ताले पनि त्यस 'पैसा खाने' घटनाको भर्त्सना गरे । मैले बीचमै अध्यक्षको अनुमति लिएर चित्र बनाउँदा पैसा लिनुपरेको पूरै पृष्ठभूमि बताएँ र त्यसबारे अध्यक्षको आसनमा बस्नुभएका महामन्त्री पुष्पलालले पनि निश्चय नै तथ्य जानकारी दिनुहुनेछ, भनेँ । त्यस्तो भनाइ खानुपर्छ भन्ने अन्दाज पहिले नै मलाई थियो र सोचेजस्तै भोग्नुपर्दा स्वभावत: म ज्यादै दु:खी भएँ । त्यो दु:ख झन् पराकाष्ठामा तब पुग्यो जब अध्यक्ष पुष्पलालले आफ्नो समापन भाषण टुङ्ग्याउँदासम्म पनि त्यसबारे एक शब्द केही बोल्नु भएन । म ज्यादै आहत भएर उठेँ, स्वाभिमानमा साह्रै नै ठेस लाग्यो, तर मसित तीस रुपियाँ थिएन । मैले तुरुन्तै एक जना प्रकाशककहाँ गएर सापटी लिई गोष्ठीका केही मानिसहरू त्यहीँ छँदै आएर 'यो तीस रुपियाँ क.पुष्पलालकै हातबाट हरिरामजीलाई फिर्ता होस्, किनभने उहाँकै सल्लाहअनुसार मैले चित्रको पैसा लिएँ र त्यसबाट किनिएको खाना स्वयम् उहाँले पनि खानुभएको छ' भनी टेबुलमा पैसा फालेँ । वातावरण स्तब्ध भयो । हरिराम शर्माले पैसा लिन मान्नु भएन । त्यो रुपियाँ पछि के भयो मलाई थाहा छैन । निश्चय नै त्यस कुराले पुष्पलाल पनि दु:खी हुनुभयो । तर उहाँजस्तो महान् मान्छेले मलाई

त्यस्तो चोट पर्दा एक शब्द पनि बोल्नु भएन । अहिले स्वयम् उहाँ पनि जीवित हुनुहुन्न । तर मेरो छाती भने त्यो कुरा सम्झ्यो कि कताकता चसक्क दुख्छ ।'

•

समयक्रममा पुष्पलालसँग मोदनाथ प्रश्रित नजिक पुगेको बेहोरा सरकारका कानमा पनि पुग्यो । पुष्पलाललाई भेटेको, सङ्घर्ष चर्काएको र पार्टी सङ्गठन बढाउन थालेको आरोपमा प्रश्रितलाई तीन वर्ष कैद र दुई हजार जरिवाना तोकियो । त्यस बेलाको प्रसङ्गमा प्रश्रितले लेखे– 'भैरहवा र काठमाडौँको भद्रगोल जेलमा मैले एक वर्ष बिताएँ । त्यसै बेला 'देवासुर सङ्ग्राम', 'नारीबन्धन र मुक्ति'लगायत अरू तीनवटा पुस्तक पनि लेखियो ।'

# मोदनाथ प्रश्रितको मदन भण्डारीसँग सम्बन्ध

मोदनाथ प्रश्रितको मदन भण्डारीसँग पहिलो पटक देखादेख, भेटघाट र परिचय २०२६ सालमा बनारसमा भएको हो । त्योभन्दा अघि मदन भण्डारी आफ्ना दाइसँग संस्कृत पढ्न वृन्दावन गएका थिए । उनका दाजुको झुकाव नेपाली काङ्ग्रेसतिर थियो । मदन भण्डारीलाई काङ्ग्रेस त्यति मन परेको थिएन । उनको सामान्य झुकावचाहिँ वाम विचारतिर थियो । दाजुभाइको बीचमा अलिक फरक मत भएपछि मदन भण्डारीले स्वतन्त्र हुन चाहेका थिए । त्यसैले उनी वृन्दावन छोडेर बनारस पुगेका थिए ।

बनारसमा समृद्ध परिवारहरूले टाढाबाट आएका विद्यार्थीहरूलाई खानपिन र आवासको व्यवस्था गर्दथे । त्यहाँ बसेका जगन्नाथ नामका विद्यार्थी बसेको ठाउँमा मदन भण्डारीले पनि आफ्नो झोलीतुम्बा बिसाएका थिए । त्यतिखेर उनले त्यहीँ आफ्नो डेरा जमाउने मनसाय राखेका थिए ।

त्यतिखेरसम्ममा मदन भण्डारीले मोदनाथ प्रश्रितका कतिपय कृति पढेका थिए । त्यसैले उनी प्रश्रितसँग नजिक हुने चाहना राख्तै छन् भन्ने बेहोरा प्रश्रितले जगन्नाथबाट थाहा पाएका थिए । परिणामस्वरूप भेटघाट गर्न जगन्नाथलाई साथ लिएर मदन भण्डारी प्रश्रितको डेरा पुगेका थिए ।

मोदनाथ प्रश्रित त्यति बेला राममन्दिर धर्मशाला मङ्गलागौरीमा डेरा गरी बसेका थिए । त्यस बेला प्रश्रितचाहिँ नेपाली संस्कृत

महाविद्यालयमा पढाउने गर्दथे । राममन्दिर धर्मशालामा नै प्रश्रित र भण्डारीको पहिलो भेट भएको थियो । त्यस घडी परिचयका क्रममा मदन भण्डारीले प्रश्रितसमक्ष भनेका थिए– 'मैले तपाईंका दुईतीनओटा पुस्तक पढेको थिएँ । मैले पनि फाटफुट कविता, गीतहरू रचेको छु र निबन्ध, प्रबन्ध पनि लेखेको छु । अहिले मैले एउटा पुस्तक पनि लेखेको छु । तपाईंले हेरेर छाप्न योग्य छ छैन, केही कमजोरी भए मिलाइदिनुस् । म साहित्य क्षेत्रमा अघि बढ्न इच्छुक छु, मलाई सहयोग गरिदिनुहोस् ।'

मोदनाथ प्रश्रितले मदन भण्डारीलाई तीक्ष्ण स्वभावका बौद्धिक कवि भनेर चाल पाएका थिए । साथै भण्डारीको झुकाउ वाम विचारतिर रहेको पनि प्रश्रितले बुझेका थिए । त्यसैले भण्डारीप्रति उनको स्नेह पलाएको थियो । त्यसपछि प्रश्रितले भण्डारीप्रति पनि थप ध्यान दिन थालेका थिए । भण्डारी हरेक कुरामा तर्क दिन सिपालु भएकाले उनीप्रति प्रश्रितको थप आकर्षण बढ्न थालेको थियो । भनौँ, भण्डारीको व्यक्तित्वबाट प्रश्रित लोभिएका थिए ।

मोदनाथ प्रश्रितले पुष्पलालसँग मदन भण्डारीका बारेमा बेलिबिस्तार लगाएका थिए । प्रश्रितका कुरा सुनेर पुष्पलालको पनि भण्डारीसँग लालसा बढेको थियो । त्यति बेलासम्ममा भण्डारी नेपाल पुगिसकेका थिए, पुष्पलालसँग सल्लाह गरेर भण्डारीलाई भेट्न प्रश्रित आफ्ना सहकर्मी जीवराज आश्रितसँग बनारसबाट कोसी अञ्चलको मोरङस्थित मदन भण्डारीका घरमा गएका थिए । केही समयअघि सरकारले भण्डारीका बुबा देवीप्रसाद भण्डारीलाई थोरै जग्गा वितरण गरेको बेहोरा त्यसै बेला प्रश्रित र आश्रितले थाहा पाएका थिए । दु:खजिलो गरेर त्यसै जग्गामा भण्डारीपरिवारले सानो कच्ची घर बनाएका रहेछन् । त्यस बेला भण्डारीलाई आर्थिक कठिनाइले चेप्नु चेपेको पनि प्रश्रित र आश्रितले जानकारी लिएका थिए । भण्डारीको घर पुगेपछि उनीहरूले भण्डारीको परिवारका

विषयमा पनि थाहा पाए । भण्डारीको परिवारिक जनसङ्ख्या पनि ठूलै भएको त्यसै बेला उनीहरूले देखेका थिए । भण्डारीका जेठा दाजु वृन्दावनमा जोगी बनिसकेको बेहोरा पनि प्रश्रित र आश्रितलाई त्यसै बखत थाहा भएको थियो । त्यसैले परिवारप्रति भण्डारीको ठूलै दायित्व भएको तथ्य पनि उनीहरूले आकलन गरेका थिए । तर पनि प्रश्रितले भण्डारीलाई भनेका थिए– 'तपाईं हामीजस्ता मान्छेले जनताका लागि समर्पित हुनुपर्छ । यसका लागि तपाईंले राजनीतिमा सक्रिय हुनुपर्‍यो ।' प्रश्रितका कुरा सुनेर भण्डारीले प्रश्रितलाई जबाफ फर्काएका थिए– 'भविष्यमा म राजनीतिमा सक्रिय नभए पनि तपाईंसँग सांस्कृतिक फाँटमा काम गर्नचाहिँ सक्छु ।' आफ्नो पढाइ पूरा गर्नेतिर उन्मुख भएको कुरा भण्डारीले प्रश्रित र जीवराज आश्रितलाई त्यसै घडी भनेका थिए । भण्डारीले तुरुन्तै घरव्यवहार नछोड्ने अठोट गरेपछि प्रश्रित र आश्रित त्यहाँबाट फर्केर पुन: बनारस पुगेका थिए ।

मदन भण्डारीको व्यक्तित्व नै तेजस्वी भएको बेहोराले मोदनाथ प्रश्रित भण्डारीसँग लोभिएका थिए । भण्डारीको थप नालीबेली र दृष्टिकोण प्रश्रित र आश्रितले पुष्पलाललाई भनेपछि भण्डारीलाई कुनै पनि हालतमा पार्टीभित्रै राख्न उनीहरू तीन जनाको सल्लाह भएको थियो ।

मदन भण्डारीलाई सकेसम्म काशी ल्याउने कुराको विश्वास दिलाएर पुष्पलालसँग बिदा मागेर मोदनाथ प्रश्रित फेरि मदन भण्डारीलाई सम्झाउन उनका घर पुगे । प्रश्रितले जति कर लगाए तापनि भण्डारीले उनका कुरामा सहमति जनाउने छाँट ल्याएका थिएनन् । तर पनि प्रश्रितले भण्डारीलाई फकाउन छाडेनन् । जति नै प्रयत्न गरे पनि राजनीतिमा तत्काल जानका लागि भण्डारीले प्रश्रितसमक्ष आफ्नो मन दिएनन् । भण्डारीका भाइबहिनीहरू धेरै भएकाले सबै व्यवहार उनैका टाउकामा आएको बेहोराबाट पनि

प्रश्रित अनभिज्ञ थिएनन् । आयस्ता नहुने ठाउँमा गएर घरपरिवारलाई भोकै राख्न भण्डारीको मनले मानेको थिएन । त्यतिखेर भण्डारीले प्रश्रितलाई फेरि भनेका थिए– 'मेरो परिवार पहाडबाट मधेस झरेको, घरबस्ती राम्रो नबनेको, मातापिता वृद्ध भएको कारणले म अहिले सक्रिय राजनीतिमा आउन सक्तिनँ । घरपरिवारको व्यवस्था र आफ्नो पढाइ पूरा गरेपछि विचार गरौँला ।' भण्डारीका गार्हस्थ्य कुरा सुनिसकेपछि प्रश्रितले राजनैतिक चेतना, राष्ट्रिय विकास र राष्ट्रमा योग्य मान्छेको खाँचोबारे भण्डारीलाई सम्झाएका थिए । प्रश्रितको गहन व्यावहारिक र राष्ट्रवादी धारका सल्लाह, सुझाव र आग्रहबाट भण्डारी क्रमश: गल्न थालेका चाहिँ थिए । तर पनि भण्डारीले 'राजनीतिमा समय दिन सक्तिनँ' भनेर प्रश्रितसमक्ष निकै आनाकानी गरिरहे । त्यसपछि प्रश्रितले भण्डारीका बुबा देवीप्रसाद भण्डारीसँग आफ्ना छोरालाई पार्टीको काम गर्न मनाउन विनम्र अनुरोध गरे । अनि मदन भण्डारीलाई उनका बुबाले भनेका थिए– 'हेर् माइला ! तेरा गुरुले पटकपटक आएर तँलाई राजनीति र साहित्यमा डोऱ्याउन जोड दिनुभयो । भाइबहिनीहरू यतै पढ्छन्, तँ पार्टीमा काम गर्न जाने भए जा ! तेरा गुरुका कुरा मलाई चाहिँ चित्त बुझेको छ ।' आफ्ना बुबाले त्यसो भनेपछि भण्डारी सक्रिय रूपमा वामपन्थी राजनीतितिर मोडिन राजी भए ।

मदन भण्डारीको कम्युनिस्ट प्रवेश सन्दर्भमा नन्दकुमार प्रसाईले भनेका थिए– 'ताप्लेजुङमा छँदै मदन भण्डारी कम्युनिस्ट भइसकेका थिए । मैले नै उनलाई पहिलो चोटि माओत्सेतुङको बिल्ला लगाइदिएको थिएँ ।' तर पछिल्ला दिनमा मोदनाथ प्रश्रितकै कर, बल र आग्रहका कारण मदन भण्डारी कम्युनिस्ट पार्टीमा मन, वचन र कर्मबाट सक्रिय भएका थिए ।

मदन भण्डारीलाई नेपाल कम्युनिस्ट पार्टीमा पूर्णकालीन कामको जिम्मा दिइएको थियो । मोदनाथ प्रश्रितको सल्लाहमा मदन भण्डारीले

पहिले आफ्नो निकटतम गाउँ र त्यहाँकै जिल्लास्तरमा काम गर्दै गए । काममा भिज्दै जाँदा उनलाई पनि अघि बढ्ने उत्साह जाग्यो र क्रमश: उनी पूर्ण रूपमा अघि बढी पार्टी सम्मेलनमा केन्द्रीय समितिमा पुगे ।

पुष्पलालको निर्देशनमा मोदनाथ प्रश्रितले बनारसमा नै सांस्कृतिक मोर्चाको निर्माण गरेका थिए । त्यस मोर्चामा मदन भण्डारीको पनि सक्रियतापूर्णको सहभागिता थियो । भनौँ, उनी सांस्कृतिक मोर्चाको काममा पूरै खट्न थालेका थिए । त्यति बेलासम्ममा उनको बनारसको पढाइ सकिएको थियो र नेपालमा घरपरिवारको समस्या पनि हल हुन थालेको थियो ।

•

मदन भण्डारीको बौद्धिक क्षमता र सक्रियताले उनी छिटोभन्दा छिटो चर्चाको शिखरमा पुगे । उनी नेपालका सबैभन्दा प्रखर वाम चिन्तक बने । उनीमा साहित्यिक सिर्जना गर्ने क्षमता र गीत गायनजस्ता विषयमा प्रखरता थियो । मोदनाथ प्रश्रितका अनुसार मदन भण्डारी सांस्कृतिक फाँटमा प्रभावशाली थिए । पछि क्रमश: उनी राजनीतिमा समर्पित भएपछि सङ्गठन, वक्तृत्वकला र उनको चमत्कारी शैलीको धेरैले पारख गरेका थिए । भाषण गर्न उनी बेलायतका चर्चिलका समकक्षीझैँ थिए । अथवा भनौँ, भाषण गरेर जनतालाई आफूतिर तान्न उनी अद्भुत राजनेता थिए । प्रदीप नेपालका शब्दमा भन्ने हो भने– 'अरूले भाषण गर्दा पन्ध्र मिनेटमै सुन्न अल्छी मान्ने श्रोताहरू मदन भण्डारीका भाषण सुन्दा दुई घण्टासम्म हलचल गर्दैनथे । गाउँखाने कथा, उखान टुक्का र नेपालको इतिहासका सरोकार राख्ने विषयहरू समेटेर स्वरको आरोह अवरोह मिलाउँदै बोल्न सक्ने उनको वाक्‌शक्ति बेजोडको थियो । उनको जस्तो प्रभावशाली ढङ्गले भाषण गर्ने न उनीअगाडि कोही जन्मिएका थिए, न उनको हत्यापछि अहिलेसम्म कसैले उनलाई पछ्याउन सकेको छ ।'

मदन भण्डारी घाघडान राजनीतिक चिन्तक थिए । बिस्तारै उनी नेपालको राजनीतिकै केन्द्रबिन्दु नै मानिन थालेका थिए । उनको प्रसिद्धिले देशविदेश ढाकिएको थियो । उनी छोटो जीवनमा धेरै माथि पुगेका थिए । उनको उचाइले जति ठूलो शिखर आरोहण गरे तापनि बाँचुन्जेल उनले 'मेरा राजनीतिक र साहित्यिक गुरु मोदनाथ प्रश्रित हुन्' भन्नचाहिँ छाडेका थिएनन् ।

# मोदनाथ प्रश्रित र शान्ता मानवीको प्रसङ्ग

मोदनाथ प्रश्रितका बुबा पण्डित घनश्याम उपाध्याय र शान्ता मानवीका बुबा पीताम्बर भट्टराई विद्यार्थी जीवनका साथी थिए । प्रश्रित बाह्र वर्षको उमेरमा पनि हरिहर संस्कृत पाठशालामा पढ्दै थिए । त्यसैताक एक दिन मानवीका बुबा आफ्नो छोरा ध्रुव भट्टराईलाई लिएर हरिहर संस्कृत पाठशालामा पुगेका थिए । प्रश्रितका बुबासँग उनले त्यस बखत आफ्नो विद्यार्थी जीवनका संस्मरणहरूलाई उजागर गरेका थिए । त्यतिखेर पं. घनश्याम उपाध्यायसँग भट्टराईले भनेका थिए– 'मेरो एक मात्र छोरा छ । मेरा छोरीहरू धेरै भए । मेरो छोरा ध्रुवलाई तपाईंले पढाइदिनु पर्‍यो । सकिन्छ भने उसलाई पाठशालाको भान्सामा खाने पनि व्यवस्था गरिदिनु पर्‍यो ।' यस विषयको छलफलमा दुवै जनाको सहमति भयो । अनि ध्रुव भट्टराई पनि सोही पाठशालामा भर्ना भए ।

हरिहर संस्कृत पाठशालामा पढ्दै जाँदा मोदनाथ प्रश्रित र ध्रुव भट्टराईको आत्मीयता पनि बढ्दै गएको थियो । परिणामस्वरूप दुवै भाइले एकअर्कामा मीत लगाउने वाचा पनि गरे । अनि केही समयपछि प्रश्रित र ध्रुवले आआफ्ना बुबाको उपस्थितिमा मीत लगाएका थिए । त्यसपछि मीतमीतका घरमा दुवै जना मीतको आवतजावत क्रमशः हुँदै जान थाल्यो ।

मोदनाथ प्रश्रितका मीतबुबा पीताम्बर भट्टराईकी चार जना श्रीमती थिए । तीमध्ये साइँली पत्नीबाट ध्रुव भट्टराई र कान्छीबाट

शान्ता मानवी जन्मेका थिए । मीतका घरमा जाँदा सबैसँग प्रश्रितको गहिरो सम्बन्ध बढ्दै गयो । त्यही क्रममा प्रश्रितले शान्तालाई पनि चिने र उनलाई स्नेह दिन पनि थाले (प्रश्रितका मीत ध्रुव भट्टराईचाहिँ पछिल्लो समयमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको महाप्रबन्धक भएका थिए ।) ।

बाबुआमाले पर सर्नुभन्दा अघि अर्थात् आठ वर्षको उमेरमा शान्ता मानवीको विवाह कुनै एक जना अधिकारी जातसँग गरिदिएका थिए । शान्ताको विवाह भएको पाँच वर्षपछि उनका पतिको निधन भएको थियो । उनले आफ्ना पतिको काजक्रिया पनि गरेकी थिइन् । पतिको निधन भएपछि शान्तालाई सासूले पोइटोकुई भनेर हरसमय हप्काईदप्काई गर्ने गर्थिन् । अनेक प्रकारका लाञ्छना खेपेर शान्ताले पतिका घरमा एक वर्ष बिताएकी थिइन् । अनि पतिको बर्खी गरिसकेपछि उनी माइत आएर बसेकी थिइन् ।

मोदनाथ प्रश्रितले शान्ता मानवीको प्रतिभाको उचाइ अभिवृद्धिका लागि मनन गर्न थाले । शान्तालाई सग्लो रूपमा उभ्याउन उनले चिन्तन गरिरहे । उनैले शान्ताको थरका ठाउँमा 'मानवी' राखिदिए । शान्तालाई पनि 'मानवी' उपनाउँ धूमधामै मन पऱ्यो । अन्ततः सत्र वर्षको उमेरदेखि शान्ता भट्टराईले आफ्नो पूर्ण नाउँलाई शान्ता मानवी नै बनाइन् ।

•

शान्ता मानवीको दिनचर्याका विषयमा मोदनाथ प्रश्रितले चासो राखिरहेकै थिए । शान्ता मानवीलाई घरपरिवारमा लाञ्छना लगाएर जसरी अपहेलना, अपमान र तिरस्कार गरिन्थ्यो, उनी माइत आएपछि पनि उनीमा आफ्नै खुट्टामा टेक्ने हैसियत छँदै थिएन । त्यस बखतको युगमा विधुवा छोरी माइतमा बस्ता तिनको हालत कस्तो हुन्यो भन्ने बेहोरा मोदनाथ प्रश्रितका लागि नौलो थिएन । त्यसैले शान्ता मानवीको व्यक्तित्व विकासका लागि प्रश्रितले

एउटा बलियो सोच बनाए । अनि प्रश्रितले शान्ता मानवीलाई एउटा चिठी लेखे– 'तिमीले अब राम्रोसँग पढेर अघि बढ्नुपर्छ । आफ्नो शैक्षिक हैसियत बढेपछि तिमीले अर्को बिहा गरे पनि हुन्छ । तिमीले सकेसम्म माइतकै स्कुलमा पढ्नू । तिमीलाई त्यहाँ पढ्नका लागि अनुकूल नपरे मलाई खबर गर्नू । अहिले म बुटवलमा 'लुम्बिनी सन्देश' पत्रिकाको सम्पादक बनेको छु । तिमी यतै आयौ भने सानोतिनो नोकरी गरेर पढ्न पनि सकिन्छ । तिमीलाई यो कुरा ठीक लाग्छ भने तिमी बुटवल आए पनि हुन्छ । तिम्रो पढाइका लागि यता म उचित प्रबन्ध गर्ने प्रयास गर्नेछु ।'

शान्ता मानवीलाई चिठी लेखेको केही दिनमा नै मोदनाथ प्रश्रित सरकारबाट गिरफ्तारीमा परेका थिए । प्रश्रित पक्राउ परेको अर्को दिन प्रश्रितलाई खोज्दै शान्ता बुटवल पुगेकी थिइन् । अनि प्रश्रित पक्राउ परेको जानकारी पाएपछि शान्ता पानीपानी भएकी थिइन् । यसबारे प्रश्रितले नरेन्द्रराज प्रसाईलाई भनेका थिए– 'म पक्राउ परेकाले शान्तालाई झन् सङ्कट पऱ्यो । उनी रनभुल्लमा परिछिन् । के गरौँ र कसो गरौँ भन्दाभन्दै उनले दिल्लीतिर जाने चिनजानका मान्छे पनि भेटाइछन् । ती मान्छेसँग उनको सामान्य नाता नै पनि थियो । साथै शान्ताकै नाता पर्ने एक जना नारी दिल्लीमा भएकी तिनै मान्छेले उनलाई भनेका थिए । त्यसैले त्यस बेला उनका लागि 'के खोज्छस् कानो ? आँखो !' भएको थियो । अनि उनी तिनै मान्छेको साथ लागेर आफ्नो भविष्य निर्माण गर्नेहेतु दिल्ली गएकी थिइन् ।' त्यस बेला शान्ता तेइस वर्षकी थिइन् ।

दिल्लीमा पुगेपछि ती मान्छेसँगै शान्ता मानवी पनि अप्सरा गौतमको डेरामा पुगिन् । अनि अप्सराले शान्ताको खुबै खातिरदारी गरिन् । साथै 'नातामा हाम्रो साह्रै नजिकको नाता छ' भनेर पनि अप्सराले शान्तालाई विश्वास दिलाइन् । त्यतिखेर अप्सराले शान्तालाई तामाका डालाभरि सुनका गहना देखाउँदै भनेकी थिइन्– 'यी गरगहना

तिमीले लाउन पाउँछ्यौ ।' त्यस बेला शान्तालाई स्वर्गीय अनुभूत भएको थियो । तर केही दिनपछि शान्ताले आफू दिल्लीको त्यही नर्ककुण्डमा परेको थाहा पाइन् । अनि त्यतिखेर उनी छाँगाबाट भुइँमा झरेसरह भएकी थिइन् । चिनजानका मान्छे भनेर उनी जोसँग दिल्ली पुगेकी थिइन् ती मान्छे केटी बेच्ने दलाल भएको पनि उनले त्यसै बेला थाहा पाइन् ।

अप्सरा गौतमले दिल्लीमा केटी बेच्ने काम गर्थी । मोदनाथ प्रश्रितका अनुसार 'अप्सराले केटीहरूलाई फकाईफकाई राम्रो काम लगाइदिन्छु भनेर रन्डीखानामा पठाउँदी रहिछ । अनि उसले नोकरी लाइदिन्छु भनेर शान्ता मानवीलाई पनि त्यहाँ पुऱ्याएकी रहिछ ।'

शान्ता मानवीलाई रन्डीखाना पुऱ्याउन अप्सरा गौतम सफल भएकी थिई । त्यसपछि त्यहाँ शान्ताको खुबै खातिरदारी हुन थालेको थियो । रन्डीखानाकी मालिक्नीले डालामा राखेका सुनका गहना र राम्राराम्रा लुगा, कपडा शान्तालाई देखाउँदै भनेकी थिई– 'यी सबै गरगहना र लुगाहरू तिम्रै हुन् ।' तर आफू रन्डीखानामा आएको बेहोराले शान्ताको पेट भतभती पोल्न थालेको थियो । त्यसपछि उनले त्यहाँबाट फुत्कन हरेक जुक्ति लगाउन थालिन् । अनि उनले पनि वेश्यालयकी मालिक्नीसँग अति आत्मीयता दर्साएर आफू सधैँ त्यहीँ बस्ने मनसाय राखिन् । कुरैकुरामा शान्ताले वेश्यालयकी मालिक्नीलाई भनिन्– 'मलाई यहीँ रमाइलो लागेको छ, म यहीँ बस्छु । मेरा राम्राराम्रा लुगाफाटा डेरामा छन् र म त्यहाँ गएर लुगाफाटा लिएर झट्टै आउँछु ।' त्यसो भनेर नै शान्ता मानवी त्यहाँबाट उम्किन सफल भएको बेहोरा उनले नरेन्द्रराज प्रसाईलाई बताएकी थिइन् ।

शान्ता मानवी वेश्यालयबाट निस्किइन् । त्यसपछि उनी फेरि कामको खोजीमा लागिन् । मोदनाथ प्रश्रितका अनुसार उनी काम खोज्दै एउटा स्कुलमा पसेकी थिइन् । त्यसै बेला स्कुलका नानीहरूको

हेरचाह गर्ने त्यस स्कुलमा एक जना नारीको आवश्यकता परेको रहेछ । अनि उनले त्यसै स्कुलमा काम गर्न थालिन् ।

दिल्लीमा शान्ता मानवीले बच्चाबच्ची हेर्ने काम पाएपछि पढ्न पनि रहर गरिन् र उनले पढ्न पनि थालिन् । उनले छसात कक्षासम्म त्यहीँ बसेर पढिन् । उनको अङ्ग्रेजी भाषा कमजोर भएकाले स्कुलका मालिक रमेश गोस्वामीले उनलाई अङ्ग्रेजी सिकाउने ठाउँमा पुऱ्याएका थिए । अङ्ग्रेजी टचुसन पढाउने अमृता र ग्लाडेस नाउँ गरेका दुई जना केटी थिए । तर तिनीहरूको भित्री कामचाहिँ केटी बेच्ने थियो । ती दुवै जना केटी रण्डीखानाका दलाल भएको शान्ताले पछिपछि थाहा पाउन थालेकी थिइन् । त्यही प्रसङ्गमा शान्ता मानवीले नरेन्द्रराज प्रसाईलाई भनेकी थिइन्– 'अङ्ग्रेजी सिक्न भनेर म ती केटीहरूसँग उनीहरू बसेकै डेरामा बसेकी थिएँ । मैले बिस्तारै थाहा पाउन थालेँ; तिनीहरूले मलाई पनि बेच्न ठिक्क पारेका रहेछन् । तर म तिनीहरूको चङ्गुलबाट फुस्किएकी थिएँ ।'

दिल्लीको जीवनयात्रामा शान्ता मानवीका हरेक पाइलामा तीखातीखा काँडाले घोच्न थालेका थिए । त्यस ठाउँमा उनलाई जोगिएर हिँड्न साह्रै कठिन परेको थियो । त्यहाँ उनले जता गयो त्यतै एउटा न एउटा भाँजो देख्न थालेकी थिइन् । त्यसैले उनले त्यति बेला मोदनाथ प्रश्रितलाई सम्झिइन् । त्यस बेला प्रश्रित भद्रगोल जेलमा थिए । शान्ताले प्रश्रितलाई सम्झेर आफ्नो सजिलो र अप्ठेरो सबै कुरा खोलेर लेखी प्रश्रितलाई पत्र पठाइन् । प्रश्रितले जेलैमा बसेर शान्ताको दु:खात्मक पत्र पढेका थिए ।

शान्ता मानवीले घरीघरी मोदनाथ प्रश्रितलाई चिठी लेखिबस्थिन् । उनले अर्को एक पटक चिठीमा लेखेकी थिइन्– 'म सबैतिरका छट्टुहरूबाट अपहरणमा पर्ने स्थिति आउँदै गयो । म

जता हेर्छु त्यतैबाट मलाई बिटुलाउन खोज्नेहरू नै म देख्तै जान थालें । मलाई माइततिर जान पनि अप्ठेरै छ । अब मलाई बाँच्नुसँगको सरोकार पनि रहेन जस्तो लाग्न थाल्यो । यस्तै हो भने म आत्महत्या गर्छु ।'

शान्ता मानवीको चिठी पढेपछि मोदनाथ प्रश्रित ज्यादै दु:खित भए । त्यसपछि उनले शान्तालाई तुरुन्तै पत्र लेखे– 'त्यसो गर्नु अत्यन्तै ठूलो गल्ती हुन्छ । जसरी हुन्छ अर्को ठाउँमा काम खोज र पढ ।' शान्ताले पनि प्रश्रितको आज्ञा पालन गरिन् । उनी त्यहाँ कामको खोजीमा लागिरहिन् । विभिन्न ठाउँमा उनले पिउनदेखि माथिको काम पाएकी भने थिइनन् र उनले कतै पिउन र कतै घरेलु कामदारका रूपमा काम गरेकी थिइन् ।

जेलबाट निस्केपछि मोदनाथ प्रश्रित बनारस गए । त्यहाँ पुष्पलालसँग भेटेर उनले सर्वप्रथम शान्ता मानवीका कारुणिक दिनचर्याका बारेमा खीप लगाए । त्यसपछि पुष्पलालकै सल्लाहमा प्रश्रित शान्तालाई लिन दिल्ली गएका थिए । तर दिल्लीमा पुगेपछि उनलाई शान्तसँगको सम्पर्क सजिलो भएन । त्यसैले त्यहाँ पुगेर उनले शान्तालाई धूम धडाधड खोज्न थाले । आफूलाई लिन प्रश्रित दिल्ली आएको भन्ने कुरा शान्ताले पनि थाहा पाइन् । प्रश्रितले आफूलाई फर्काएर नेपाल लान्छन् भन्ने डरले शान्ता प्रश्रितसँग तर्कन थालेकी थिइन् । किनभने त्यतिखेर उनलाई नेपाल फर्कने मनै थिएन । अन्तत: केही दिनमा नै प्रश्रितले शान्तालाई भेटेरै छाडेका थिए । शान्तालाई भेटेपछि उनीहरूमाझ विचारविमर्श भयो । एकअर्कामा छलफल भएपछि शान्ताले बनारसमा जान निको हुने ठहर गरिन् । अठार महिना दिल्ली बसेर शान्ता प्रश्रितसँगै बनारसै लागिन् ।

बनारसमा पुगेपछि पुष्पलालसँग मोदनाथ प्रश्रितले शान्ताको परिचय गराइदिएका थिए । त्यसै घडी पुष्पलालले शान्तालाई भनेका थिए– 'प्रश्रितजीले तपाईंको धेरै बयान गर्नुभएको थियो र मलाई

पनि तपाईंसित भेट्ने इच्छा थियो ।' शान्ताले आफ्नो जीवनमा सबैभन्दा ठूला नेतालाई भेटेको त्यही पहिलोपल्ट थियो । पहिलो पटककै भेटमा पुष्पलालको मान्छेप्रतिको प्रस्तुत हुने शैली, बोलीचाली र व्यवहारबाट शान्ता प्रभावित भएकी थिइन् । पुष्पलाललाई पनि शान्ताको कुराकानी र व्यवहारबाट प्रभाव पारिसकेको थियो । त्यसपछिका दिनमा शान्ताले बनारसमा कम्युनिस्ट पार्टीकै काम गर्न थालिन् । त्यही क्रममा पुष्पलालको नेतृत्वमा शान्ता मानवीको अध्यक्षतामा 'क्रान्तिकारी महिला सङ्घ'को स्थापना भएको थियो ।

मोदनाथ प्रश्रितले बनारसमा नै शान्तालाई उनकै गच्छेअनुसारको काम खोजिदिए । 'क्रान्तिकारी महिला सङ्घ'मा रहेरै उनले आम्दानी हुने काम पनि गर्न थालिन् । साथै पढ्नका लागि पनि उनलाई प्रश्रितले त्यहींको स्कुलमा भर्ना गरिदिए । त्यसपछि शान्ताले पनि मिहिनेत गरेर पढ्न थालिन् । उनले बनारसबाटै प्राइभेटमा आईएसम्मको अध्ययन गरिन् । त्यसै बेलासम्ममा उनको पुष्पलालसँग पनि गहिरो सङ्गत भइसकेको थियो । पुष्पलाल र प्रश्रितको नीति, निर्देशन र नेतृत्वमा रहेर उनी राजनीतिमा पनि झनै डटेर लागेकी थिइन् ।

मोदनाथ प्रश्रितका सबै प्राय: आनीबानी र कामबाट शान्ता सानैदेखि प्रभावित थिइन् । प्रश्रित पनि नारीले गर्ने कुनैकुनै काममा पनि गहिरो रुचि राख्थे । त्यही सिलसिलामा प्रश्रितले रुमालमा राम्राराम्रा फूल राखेर बुट्टा हानेको पनि शान्ताले सानैमा देखेकी थिइन् । त्यसैले उनी पनि त्यही सिको गरेर रुमालमा फूलबुट्टा भर्ने गर्थिन् । त्यति मात्र होइन, प्रश्रितद्वारा लेखिएका हरेक लेखरचना शान्ताले सानैदेखि पढ्ने गरेकी थिइन् । प्रश्रितकै जाँगर, सीप र रचनाले प्राय: उनलाई मोहित बनाउने गरेको थियो । 'नारी बन्धन र मुक्ति'को पाण्डुलिपि पढेर प्रश्रितमाथि शान्ताका दृष्टि झनै माथि उठेको थियो । किनभने यस कृतिमा उनले एकातिर नारीजागरणको

गीता देखिन् भने अर्कातिर यो कृति लैङ्गिक विभेदविरुद्धका लागि नारीलाई सङ्घर्ष गराउन उपदेश दिएको मानिन् । तर प्रश्रितले यो कृति लेखेर छपाउन सकेका थिएनन् । २०३३ सालको कुरा हो– शान्ताले आफूले जोडेका कानका टप बेचेर नै 'नारी बन्धन र मुक्ति'नामक कृति छपाएकी थिइन् ।

बनारसबाट नेपाल फिरेपछिका दिनदेखि शान्ताले राजनीति र साहित्यमा बराबरी ध्यान दिन थालिन् । भूमिगत भएर पनि उनी नेपालका गाउँगाउँमा महिला सङ्घ स्थापना गर्दै हिँडिन् । उनको योगदान र बनारसी अनुभव, इमान र सक्रियताका कारण बनारसमा 'क्रान्तिकारी महिला सङ्घ'को स्थापना भएको नौ वर्षपछि अर्थात् २०३७ सालमा उनैको अध्यक्षतामा नेपाल कम्युनिस्ट पार्टीले 'अखिल नेपाल महिला सङ्घ'को स्थापना गरेको थियो । त्यहाँ उनले झन्नै दस वर्ष काम गरेकी थिइन् । अनि त्यसपछि अष्टलक्ष्मी शाक्य, सहाना प्रधान र विद्यादेवी भण्डारी पनि त्यस सङ्घका क्रमश: अध्यक्ष भएका थिए । वास्तवमा पुष्पलाल, मोदनाथ प्रश्रित र युद्धप्रसाद मिश्रको सिद्धान्तको पाठ पढेर शान्ताले आफूलाई सक्षम, योग्य र शक्तिशाली बनाउँदै ल्याएकी थिइन् । एकातिर उनले पार्टीका विभिन्न क्षेत्रमा काम गर्दै गइन् र अर्कातिर साहित्यका क्षेत्रमा पनि राम्ररी प्रगति गर्दै गइन् । वास्तवमा उनले सधैँ निष्ठाको राजनीति गरिन् तर पदमा जान उनी कहिले पनि तम्सिनन् । इमानदारी उनको जीवनको मुख्य गहना थियो । त्यसैले उनलाई धेरैले आदर पनि गरे । उनी झन्नै पाँच दशक राजनीतिमा सक्रिय भइन् । धेरै वर्षसम्म नेपाल कम्युनिस्ट पाटी एमालेमा काम गरेपछि उनी देशकै मन्त्री पनि भइन् । वास्तवमा त्यस बेला अर्थात् २०२८ सालमा प्रश्रितले शान्तालाई दिल्लीबाट फर्काएर आफूसँगै नल्याएका भए शान्ता के हुन्थिन्, के कसो हुन्थिन् र कहाँ हुन्थिन् कुन्नि ! यही कुरा शान्ता मानवीले नै नरेन्द्रराज प्रसाईलाई भनेकी थिइन् ।

# मोदनाथ प्रश्रितको मन्त्रित्व

पछिल्लो समयको कुरा गर्ने हो भने संसारकै प्रजातान्त्रिक देशको इतिहासमा कम्युनिस्टहरूद्वारा शासन गरेको तथ्य खोज्न बत्ती नै बाल्नुपर्ने अवस्था रहेको थियो । त्यस परिवेशको यसै कालखण्डमा नेपालको इतिहासमा कम्युनिस्टहरूले पहिलो चोटि सरकार बनाउने अवसर पाएका थिए । मनमोहन अधिकारीको प्रधानमन्त्रित्वमा नेपाल कम्युनिस्ट पार्टी एमालेले २०५१ साल मङ्सिर १४ गतेदेखि २०५२ साल भदौ २७ गतेसम्म नौ महिनाजति मुलुकमा शासन गरेको थियो । त्यस बखत नौ जना मन्त्री र छ जना राज्यमन्त्रीसमेत गरी पन्ध्र जनाको मन्त्रिमण्डल गठन गरिएको थियो । तीमध्ये मोदनाथ प्रश्रित पनि मन्त्री भएका थिए । साथै उनको जिम्मामा शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय परेको थियो ।

नेपालको मन्त्रालयको इतिहासमा मन्त्रीले गर्ने कामहरूको धेरै फेरबदल भए । जति मन्त्री आउँथे प्राय: कान चिरेकै जोगीजस्ता मात्र आउँथे । कति मन्त्रीहरूलाई त आफूले जिम्मा लिएको मन्त्रालयमा केके विषय पर्छ भन्ने पनि ज्ञान हुँदैनथ्यो । अहिलेसम्म पनि त्यस्तै मान्छे प्राय: मन्त्री हुन्छन् भन्नु परेकै अवस्था छ । खास गरेर नेपालमा बहुदलीय व्यवस्था भित्रिएपछि मन्त्रीहरूको यस्तो हबिगत हुन थालेको थियो । अनि गणतन्त्र आउनुअघि राजा ज्ञानेन्द्रले गठन गरेको मन्त्रिमण्डलको पनि झन्नैझन्नै यस्तै हालत थियो । त्यतिखेर

पनि रानीको झोला बोक्नेदेखि, व्यापारी, ठेकेदार, टपर्टुय्याँ र बैठकेसम्मले पनि मन्त्री पदको टीका लगाउन पाएका थिए । झन् पछिल्ला दिनमा त पार्टीका भरौटे, खुर र दासहरूको पनि त्यस्तो ठाउँमा प्रतिनिधित्व हुँदै जान थालेको थियो । त्यति मात्र होइन हाकाहाकी आफ्नै छोराछोरी र आफ्नै बुहारीलाई पनि मन्त्री बनाउन परिपाटी बसाउन थालिएको थियो । आफूलाई प्रजातन्त्रका महासेनानी भनाउने गिरिजाप्रसाद कोइरालादेखि जनयुद्ध जितेर राजा फालेँ भन्ने पुष्पकमल दाहाल 'प्रचण्ड'सम्मले यस प्रकारको आफ्नो सग्लो कृत्य देखाएका थिए । यसै कालखण्डमा राजाको दौराको फेरो समाउने सूर्यबहादुर थापादेखि लोकेन्द्रबहादुर चन्दसम्म पनि आफ्ना छोराहरूलाई मन्त्री बनाउन सफल भएका थिए । तर अर्थशास्त्रमा विद्यावारिधि गरेका मोदनाथ प्रश्रितका छोरा डा.विजय पौडेल सांसद हुँदाहुँदै पनि उनलाई मन्त्री बनाउन न प्रश्रित लागे, न त्यस पदका लागि विजयले नै र्‍याल काढे ।

भौगोलिक र जनसङ्ख्याका आधारमा भन्ने हो भने संसारमा सबैभन्दा धेरै मन्त्री हुने देश नेपाल नै हुनुपर्छ । २००७ सालदेखिको मन्त्रीको हिसाब गर्ने हो भने एक हजार पाँच सय जनाभन्दा बढी मन्त्री भएको देखिन्छ । आफूले सपथ खाएअनुसार काम गर्ने मान्छेचाहिँ मन्त्री पदमा त्यति गएको देखिएन । तर काम गर्ने मनसाय भएका इमानदार मन्त्रीले आफ्नो छवि देखाईकन छाड्छ भन्ने केहीकेही प्रमाण पनि इतिहासले रच्तै आएको छ । त्यही सिलसिलामा आफ्नो मन्त्रित्वको जिम्मेवारी इमानपूर्वक सम्पन्न गर्ने मोदनाथ प्रश्रितले पनि सग्लो प्रमाण प्रस्तुत गरिदिए । अरूहरू धेरै, धेरै र धेरै मन्त्रीले जिन्दगीमा गर्न नसकेका अनेकन् कामहरू नौ महिनामा नै गरेर प्रश्रितले देखाइदिएका थिए ।

मोदनाथ प्रश्रित मन्त्री भएपछि उनले मन, वचन र कर्म जोडेर मन्त्रित्वको धर्म निर्वाह गरेका थिए । मन्त्री भएपछि उनले सर्वप्रथम

आफ्नो मातहतका कार्यालयहरूको लेखाजोखा गरे । अनि उनले आफ्नो डायरीमा सबै विवरणहरू टिप्न थाले । जसअनुसार उनी मन्त्री भएका बेला नेपालभरिका सरकारी स्कुलको मात्र हिसाब गर्दा पनि पच्चिस हजारजति विद्यालयहरू थिए । संस्कृतिको हाँगाबिँगा पनि एकातिर थिए भने समाज कल्याण मन्त्रालयको त्यत्तिकै राष्ट्रव्यापी नै व्यापकता पनि थियो । रानी ऐश्वर्यको चाहनाबाट स्थापित र उनैले अध्यक्षता गर्दै आएको सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को अध्यक्षता पाएका नीलाम्बर आचार्यका पालादेखि नै परिषद् क्रमश: ध्वस्तै हुन थालेको थियो । तर प्रश्रित मन्त्री भएपछि उनी मातहतको शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयअन्तर्गतका सम्पूर्ण संरचनाहरू सही बाटामा ल्याउन उनले धेरै कसरत गरेका थिए । काम गर्दागर्दै उनी कति ठाउँमा विजयी पनि भए र कति ठाउँमा काम गरिनसक्तै मन्त्री पदबाट पाखा लाग्नुपर्‍यो । तर जे भए तापनि उनले गरेका कृत्यहरू स्तुत्य थिए र ती कार्य इतिहासमा सुरक्षित पनि हुँदै आए । मोदनाथ प्रश्रितको मन्त्रित्वकालमा उनीद्वारा सम्पादन गर्न चाहेका तर गर्न नपाएका अनि सम्पन्न भएका मुख्य कामहरूचाहिँ यस प्रकार थिए–

१. मोदनाथ प्रश्रित मन्त्री भएपछि आफ्नो योजनामा क्रियाशील थिए । त्यति बेला पनि उनी जनउत्थानका लागि आफूलाई समाहित गर्थे । त्यसैले उनी मन्त्री भएपछि उनले राष्ट्रव्यापी रूपमा रातोरात माध्यमिक विद्यालयहरूमा आठ र नौ कक्षाको शिक्षा नि:शुल्क नै गर्ने प्रस्ताव पेस गरे । अनि उनले त्यो काम मन्त्रिपरिषद्बाट तुरुन्तै सदर पनि गराए । उनको त्यो कामको सबैतिर हाईहाई भएको थियो । साथै उनकै योजनाअन्तर्गत पछिल्ला दिनमा दस कक्षासम्मको शिक्षा नै नि:शुल्क गरिएको थियो ।

२. मोदनाथ प्रश्रित मन्त्री भएपछि उनले बाह्र वर्षदेखि पैँतालिस वर्षसम्मका नेपालीलाई साक्षर पार्ने योजना ल्याएका थिए । त्यस

विषयको कार्यान्वयनलाई पनि उनले बलियो पारेर नै छाडेका थिए । त्यति मात्र नभएर उनी मन्त्री भएको मितिबाट पाँच वर्षभित्र देशबाट निरक्षरता उन्मूलन गर्ने योजना पनि उनैले बनाएका थिए ।

३. मोदनाथ प्रश्रितले मन्त्रालयको बागडोर समाएपछि प्राथमिक शिक्षालाई अनिवार्य गर्दै जाने निर्णय गराए । साथै शिक्षामा मातृभाषालाई नै प्रमुखता दिने नीति तथा कार्यक्रमलाई उनैले अघि सारेका थिए । यसको सफलताका लागि आवश्यकीय भाषाका पाठचपुस्तकको समेत तर्जुमा गरिएको थियो ।

४. मोदनाथ प्रश्रितले जातभात मानेनन् । त्यसैले पनि उनलाई ब्राह्मण जनाउने पौडेल थर उनैले सानैमा नै मासेर 'प्रश्रित' लेखेका थिए । उनले सानै उमेरमा जनजाति र दलितहरूउपर क्षत्री, बाहुनबाट हुने शोषण देखेका थिए । उनको मन त्यसै बेलादेखि ती जातिउपर संवेदनशील भएको थियो । त्यसैले उनी मन्त्री भएपछि सर्वप्रथम दलितउपर हुने भेदभावलाई निमिटचान्न पार्ने थप अभियानमा लागेका थिए । त्यति मात्र नभएर समाजमा अत्यन्तै पिछडिएका जातिहरू जस्तै– चेपाङ, धिमाल आदि सुनेजति, भएजति र देखेजति जनजातिहरूको अवस्थाको सर्वेक्षण गर्ने काम पनि प्रश्रितले नै गरेका थिए । त्यसैअनुसार प्रत्येक जिल्लाका दसदस जना जनजाति विद्यार्थीहरूको पठनपाठनका लागि उनले यथोचित शैक्षिक सामग्रीका लागि आवाश्यकीय खर्च दिने निर्णय र कार्यान्वयन गराएका थिए । साथै उनैले सहिदका छोराछोरीहरूलाई पनि स्नातक तहसम्म अध्ययन गर्नका लागि यथोचित छात्रवृत्तिको व्यवस्था पनि गराएका थिए । प्रश्रितकै मन्त्रित्वकालमा उत्पीडित दलितमध्ये वादी, देउकी आदि समुदायका सन्तानहरूको सर्वेक्षण गराए । त्यही आधारमा उनीहरूमध्ये निश्चित सङ्ख्यामा काठमाडौँ उपत्यकाका आवासीय विद्यालयहरूमा पठनपाठनका लागि उनैले व्यवस्था मिलाएका थिए । त्यही विभिन्न जिल्लामा रहेका पिछडिएका जनजातिका जेहनदार छोराछोरीको

उच्चशिक्षा अध्ययनका लागि उनैले छात्रवृत्तिको व्यवस्था गरेका थिए । यसका साथै अन्धा, अपाङ्ग विद्यार्थीहरूका निम्ति पनि हरेक जिल्लाबाट पच्चिसपच्चिस जना विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था प्रश्रितले नै मिलाएका थिए ।

५. मोदनाथ प्रश्रित क्रान्तिकारी मन्त्री थिए । उनैको प्रत्यक्ष पहलमा देशभरिका विद्यालय भवनको स्तर वृद्धि भएको थियो । अथवा भनौँ; कतै स्कुल भत्केका थिए, कतै चर्केका थिए र कतै निर्माणका क्रममा रोकिएका थिए । त्यति मात्र नभएर कतै अर्केका घरमा स्कुलको पढाइ हुन्थ्यो भने कतै बरपीपलका फेदमा राखेर विद्याथीलाई पढाइने गरिन्थ्यो । तर उनी मन्त्री भएका बेला उनले ‘स्कुल भवन बनाऊँ’ अभियान नै चलाएका थिए । जसअनुसार उनले मन्त्रालयले धान्ने खर्च पनि निकासा गरिदिएका थिए । सोहीअनुसार देशभरिमा उनले तर्जुमा गरेका संरचनाभित्रै स्कुलहरू निर्माण हुने क्रम सञ्चालन हुन थालेका थिए ।

६. मोदनाथ प्रश्रितले जीवनमा मन्त्री पद खान पाइन्छ भन्ने सोचेका पनि थिएनन् । साथै उनी माननीय भएर आउँदासम्म पनि उनले मन्त्री पदमा पुग्ने हेक्का पनि राखेका थिएनन् । तर आफ्नो सोचबाट बाहिर हुँदा पनि उनी मन्त्री बने । त्यसैले मन्त्री भएपछि उनले काम गर्न आफूले कति भेउ पाए र कति उनले सम्बन्धित विशेषज्ञसँग परामर्श लिएर पनि आफ्नो मातहतलाई बलियो पार्ने कसरत गरिरहे । त्यहीअनुसार उनले शिक्षालाई कृषितर्फ पनि झनै अग्रगामी बनाउने सोच राखे । उनको मन्त्रित्व कालसम्मको हिसाब गर्दा नेपालमा तीन विश्वविद्यालय थिए । अनि पच्चिस हजारजति विविध विद्यालयहरूअन्तर्गत लाखौँ विद्यार्थी अध्ययनरत थिए । त्यस बेला उनले सोचे– ‘जागरूक, चेतनशील, श्रमशील, उत्पादनशील र सामाजिक प्राणीको उन्नत स्तरमा लैजान त्यसैअनुरूपको नयाँ र वैज्ञानिक शिक्षाको खाँचो छ । नेपाल कृषिप्रधान मुलुक हो । वन

यसको आय र उत्पादनको ठूलो स्रोत हो । जलस्रोत र पर्यटन यसको ठूलो सम्भावना हो । खनिज क्षेत्र पनि यसको ठोस आधार बन्न सक्छ । यसबाहेक नयाँ उत्पादनमा अनेकौँ क्षेत्रको विकास हुन सक्छ । तर हाम्रो विकासको यात्रा कृषि, वन, जलस्रोत, ऊर्जा, पर्यटन र खनिजजस्ता क्षेत्रको कामबाट नै अघि बढ्नुपर्छ । त्यसैले सर्वप्रथम यिनै क्षेत्रलाई परिचालन गर्न सक्ने सानोदेखि उच्चस्तरसम्मको दक्ष जनशक्ति आफ्नै देशमा उत्पादन गर्नु आवश्यक छ ।' उनैको यो सोचअनुसार नै कृषि तथा वन विश्वविद्यालयको स्थापना गर्न उनी समाविष्ट सरकारले योजना बनाएको थियो ।

७. मोदनाथ प्रश्रित सधैँ व्यावहारिक ज्ञानलाई प्राथमिकता दिन्थे । त्यसैले उनी भन्थे– 'नेपाललाई विज्ञान, प्रविधि र विविध व्यवसायको क्षेत्रमा विभिन्न खालका लाखौँ दक्ष कार्यकर्ता र विशेषज्ञहरूको खाँचो छ ।' त्यसैले उनले यस विषयपट्टि नै आफ्नो सोच केन्द्रित गरिरहे । सानाठूला जुनसुकै पनि प्राविधिक कामहरूमा नेपालकै दक्ष जनशक्ति स्थापनाका लागि उनको जोड भइ नै रह्यो । सोहीअनुरूप राष्ट्रका पाँचै विकास क्षेत्रमा उनले विविध विषयका पाँच प्राविधिक महाविद्यालयको स्थापना गर्ने योजना बनाएका थिए । यसबारे बजेटसमेत छुट्टयाएर सिटिइभिटीको माध्यमबाट उनैको प्रत्यक्ष निर्देशनमा सम्भाव्यताको सर्वेक्षण पनि गरिएको थियो । त्यस बेला उनले गरेको सर्वेक्षण वैज्ञानिक र उपयोगी थियो । तर उनले सोचेअनुसारका कार्यक्रम सञ्चालन हुन नपाउँदै एमाले सरकारले सत्ताबाट हात धुनुपरेको थियो ।

८. मोदनाथ प्रश्रित साहित्य लेखनमा जसरी नारीवादलाई प्राथमिकता दिन्थे; काम गराइमा पनि उनी नारीहित, संरक्षण र अधिकारका लागि सोच राख्थे । खास गरेर स्वास्थ्यसेवामा समर्पित विश्वविद्यालयअन्तर्गतका नर्सहरूको मर्यादा, इज्जत र प्रतिष्ठालाई थप प्रभावकारी पर्ने काममा उनले दिलचस्पी दिएका थिए । नर्सहरूलाई

अपमानबाट मानमा बढोत्तरी गर्ने हेतु उनले अस्पतालहरूमा नर्सहरूको महत्त्वलाई बढवा दिने नीति शिरमा सिउरिएका थिए । प्रश्रित मन्त्री भएका बेलाअघिसम्म पनि आन्तरिक रूपबाट एमबीबीएसलगायत उच्च शिक्षामा जान नर्सहरूका लागि प्रशिक्षणको सुविधा ज्यादै नगण्य नै थियो । त्यति मात्र होइन, उनीहरू आफ्नो पेसामा जति नै दक्ष, जति नै जागरूक र जति नै समर्पित भए तापनि प्राय: उनीहरूमध्ये कतिले डाक्टरहरूको अधीन, अपहेलना, उपेक्षाको सिकारसमेत हुनुपरेको अवस्था थियो । साथै उनीहरूको सुनुवायी हुने खासै मातहत पनि थिएन । यस प्रकारका धेरै समस्या समाधान गर्ने अभिप्रायले उनैको पहलमा नर्सिङ काउन्सिल र नर्सिङ अध्ययन संस्थान स्थापना गर्ने योजना बनेको थियो । अनि उनकै शक्तिका कारण नर्सिङ काउन्सिलचाहिँ केही समयपछि भए पनि स्थापना भएको थियो । त्यसपछि नर्सहरूले आफूहरूलाई धेरै बलियो भएको मानेका थिए ।

९. मोदनाथ प्रश्रित दूरदर्शी सोचका धनी थिए । स्रष्टाहरू भनेपछि त उनी हुरुक्क नै हुन्थे । औषधि उपचार गर्न नपाई दिवङ्गत हुने स्रष्टाहरूको उनले इतिहास पढेका थिए । अनि उनले रोगी स्रष्टा बचाउने प्रबल उद्देश्य राखेका थिए । यसैबारे प्रश्रितले भनेका पनि थिए– 'नेपालले राम्रो उपचारको अभावमा क्यान्सर वा अन्य गम्भीर रोगहरूका कारणले महाकवि लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, पारिजातजस्ता राष्ट्रिय प्रतिभाहरूलाई गुमाउनुपरेको गहन पीडा र भविष्यमा पनि यस्तो दुर्घटना दोहोरिने खतरालाई ध्यानमा राखी साहित्यकार, कलाकार, सिनेकर्मी र वैज्ञानिक प्रतिभाहरूलाई गम्भीर रोग लाग्दा उपचारको व्यवस्था गर्न महाकवि देवकोटाको स्मृति र सम्मानमा 'लक्ष्मीप्रसाद देवकोटा प्रतिभा उपचार कोष'को स्थापना गरियो ।' साथै प्रश्रितकै बलले यस कोषमा पचास लाख रुपियाँको अक्षय कोषको बजेट छुट्टचाइएको थियो । त्यस

राशिबाट प्राप्त हुने ब्याजबाट उपचार खर्च गरिने निर्णय भयो । यसको सबैले समर्थन पनि गरे । त्यसै कालखण्डमा उनको मन्त्रित्व हिँडिदियो । अनि संयुक्त सरकारका प्रधानमन्त्री शेरबहादुर देउवाले सो उपचार कोष नै खारेज गरिदिएका थिए ।

१०. मोदनाथ प्रश्रित आफू मन्त्री भएपछि उनले नेपाली वाङ्मयलाई फुलाउन र फलाउन अनेक तरहमा ध्यान दिइरहे । त्यही सोचमा उनले राष्ट्रिय स्मारक कोषको पनि स्थापना गरेका थिए । यस कोषअन्तर्गत नेपाली वाङ्मयका विभूतिहरूको स्मृतिमा स्थापित संस्थाहरूलाई स्थायित्व गर्नेहेतु सरकारले सामान्य र आवश्यकीय रकम प्रदान गर्ने व्यवस्था गर्न थाल्यो । तर पछिल्ला दिनमा यही कोषका आडमा पहुँचवाला राजनीतिज्ञका नाउँहरूमा पनि संस्थाहरू खोलिन थाले । अनि यस्ता प्रक्रियाले जरा गाड्न थाल्यो । क्रमश: करोडौँको बजेटबाट राजनीतिक व्यक्तिहरूका नाउँमा संस्थाहरू परिचालन हुन थाले । वाङ्मयका नाउँमा सरकारले प्रदान गरेको पैसाको पनि सदुपयोग भएको त्यति देखिन छाड्यो । जजसले सक्यो उउसले सरकारबाट बडेमाबडेमाको कोष लगेर आआफ्नो घर चलाउन थालेका अनगिन्ती प्रमाण प्रश्रितले पनि देख्तै जान थाले । पछिल्ला दिनहरूमा गठित सरकारबाट उनको सोचअनुसारको राष्ट्रिय स्मारक कोषले काम गरेन । मन्त्रीका स्वार्थ, विवेक र निगाहमा नै यसरी कोषको दुरुपयोग भइरह्यो । यस प्रकारको कोषको बाँडचुँडले राजनैतिक व्यक्तिका नाउँमा स्थापित प्राय: संस्थाका मूलहरूलाई पनि मोटाउन त्यति असजिलो भएन ।

११. मोदनाथ प्रश्रित मन्त्री भएपछि उनले देशका विभिन्न भागमा बसी साहित्य, सङ्गीत, चित्रकला, मूर्तिकला, चलचित्रकला आदि क्षेत्रमा साधनारत प्रतिभाहरूको सम्मानका लागि ‘राष्ट्रिय प्रतिभा पुरस्कार’को स्थापना गरेका थिए । यस पुरस्कारलाई देशको प्रत्येक विकास क्षेत्रका जनही पाँच जनाका दरले हरेक वर्ष पच्चिस

जनालाई प्रदान गरिँदै आएको थियो । यति पवित्र उद्देश्य राखेर स्थापना गरिएको यस पुरस्कारले सुरुका दिनमा आफ्नो राम्रो पहिचान स्थापना गर्दै पनि आएको हो । भनौँ, सुरुमा यस पुरस्कारले राष्ट्रिय गरिमा प्राप्त गरेको पनि थियो । तर क्रमश: त्यो पुरस्कार भनेको पहुँचवालाको अधीनमा सीमित हुँदै जान थाल्यो । जिल्लामा काम गरेर बसेकालाई प्रदान गर्ने भनिएको पुरस्कार विभिन्न जिल्लाबाट काठमाडौँमा बसेर जागिर खानेदेखि राजनीति गर्नेसम्मलाई समेत प्रदान गर्न थालिएको थियो । यस प्रकारको दृश्य साह्रै लाजमर्दो भएकाले नइ प्रकाशनले संस्कृति मन्त्रालयलाई निवेदन दिएपछि यी पुरस्कार कम्तीमा पनि पाँच वर्ष जिल्लामा नै बसेर सेवा गरेका स्रष्टालाई समर्पण गर्ने व्यवस्था पनि भएको थियो । तर शक्तिका आडमा बसेकाहरूले त्यस निर्णयलाई पनि बीचैमा भङ्ग गराएर जिल्लाका स्रष्टा बीसौँ वर्ष राजधानीमा बस्नेहरूले नै पुरस्कार पाउँदै जान थाले । त्यति मात्र होइन, पछिल्ला दिनमा नेपाली काङ्ग्रेस र एमाले भनौँ, नेपाल कम्युनिस्ट पार्टीको सरकार बनेपछि त त्यसलाई वाङ्मयको नाउँमा दलकै कार्यकर्ताहरूमध्ये साहित्यमा सामान्य रूपमा नै देखिन थालेकाहरूलाई प्रदान गर्न थालियो । खास गरेरै खड्गप्रसाद वली प्रधानमन्त्री भएर गठन गरिएको नेपाल प्रज्ञाप्रतिष्ठानको सिफारिसको बाहुल्य हुन थालेपछि त 'राष्ट्रिय प्रतिभा पुरस्कार' नेपाल कम्युनिस्ट पार्टीका खुर, पाउ र झोलेदेखि बाहिर जान पनि गाह्रै हुन थालेको थियो । वास्तवमा प्रश्रित कम्युनिस्ट नै भए तापनि उनले सबै विचारधाराका स्रष्टाको सम्मान गर्ने भावनाबाट एक इन्च पनि पछि सरेका थिएनन् । तर सरकारमा बस्नेहरूबाट उनको त्यो सपना कुठाराघात भएको थियो ।

१२. मोदनाथ प्रश्रित मन्त्री भएपछिकै कुरा हो– सङ्गीत, नाटच, चित्रकला, मूर्तिकला क्षेत्रको उत्थानका लागि सङ्गीत, नाटच ललितकला प्रज्ञाप्रतिष्ठानको स्थापनाका लागि योजना बनाइएको

थियो । उनैको परिकल्पनाअनुसार नै ती प्रज्ञाप्रतिष्ठानहरू पनि निर्माण हुँदै गए । अन्ततः ती प्रज्ञाप्रतिष्ठानहरू पनि प्रश्रितका सोचको बिब्ल्याँटोतिर फर्कन थाले । भनौँ, दलमा नै समर्पित स्रष्टाहरूको पहुँचबाहिर ती प्रज्ञाप्रतिष्ठानहरू जान सकेनन् । खास गरेर खड्गप्रसाद वली प्रधानमन्त्री भएर गठन गरिएका नेपालका सबै प्रज्ञाप्रतिष्ठानका पदाधिकारीहरू वाङ्मयमा रुचि राख्नेमध्ये वाङ्मयमा प्रवेश गरी टोपल्ने दलवादीले वलीको निगाहा पाएका थिए । त्यसपछिका दिनमा नेपालका बुद्धिजीवीहरूले भन्न थालेका थिए– 'खासै नपढेका र अज्ञानी नेताहरू सरकारमा पुगेपछि उनीहरूको छनौट पनि त्यस्तै हुँदो रहेछ । अनि यो बेहोरा प्रश्रितका लागि पनि दुःखदायी नै बनेको थियो ।

१३. मोदनाथ प्रश्रित मन्त्री भएपछि उनको मातहतमा बृहत्तर विकासको लहर लहरिँदो थियो । राजा महेन्द्रबाट स्थापित नेपालको एक मात्र पुरानो सांस्कृतिक धरोहर राष्ट्रिय नाचघर जीर्ण नै भइसकेको थियो । त्यस घरभित्र पस्न पनि डरमर्दो नै थियो । अन्ततः त्यो घर भत्कने क्रममा थियो र त्यहाँका कलाकारहरू अलपत्र नै पर्ने अवस्थामा थिए । अनि त्यसै घरमा पनि प्रश्रितको दृष्टि पुगेको थियो । यसै प्रसङ्गमा प्रश्रितले भनेका थिए– 'राष्ट्रिय नाचघर राजधानीको ज्यादै महत्त्वपूर्ण केन्द्र स्थलमा रहेकाले त्यसलाई बहुआयामिक ढङ्गले निर्माण गरेमा त्यसको आयबाट नाचघरको सम्पूर्ण खर्चसमेत चल्न सक्ने र भवन बनाएको खर्च पनि क्रमशः तिर्न सकिने स्थिति देखियो ।' यस विषयमा कार्यान्वयन हुन थालेको पनि थियो । तर लगत्तै एमाले सरकार विघटित भयो । यति हुँदाहुँदै पनि प्रश्रितको सपनाचाहिँ साकारै भयो । उनैको सोचअनुसारको राष्ट्रिय नाचघरको भव्य भवन पनि बन्यो ।

१४. मोदनाथ प्रश्रित मन्त्री भएपछि उनका मनमा राष्ट्रको विकासहेतु अनगिन्ती कुराहरू थिए । तर उनले काम गर्ने समय

त्यति धेरै थिएन तापनि उनको सोच कहिले हतोत्साही पनि भएन । त्यसैले उनले फेरि सोचे– 'नेपाल विविध जातिका विविध रङ्गीन संस्कृतिको परिपूर्ण मुलुक हुनाले विभिन्न जाति जनजातिका सांस्कृतिक पक्षहरूको संरक्षण र संवर्द्धन गरेमा मात्र राष्ट्रिय संस्कृति समृद्ध हुन सक्छ । यसै कुरालाई ध्यानमा राखी देशका कुनाकुनामा बस्ने विभिन्न जातिहरूले परम्परादेखि बजाउँदै आएका तर हाल लोप हुन लागेका बाजाहरूको खोजी गर्ने, तिनलाई परिष्कृत रूप दिने र तिनका वाद्य विशेषज्ञहरूको खोजी गरी अरूलाई पनि सिकाउने साथै नेपाली बाजाहरूको रूप र ध्वनिलाई पनि सुन्दर र उत्तम रूप दिएर आफ्नै पञ्चे बाजा, नौमती बाजा र अन्य विविध बाजाहरूको समन्वय गर्नै पर्छ ।' यस कार्यका लागि प्रश्रितले एउटा बृहत् योजना ल्याएका थिए । अनि त्यसको स्थायित्वका लागि सरकारबाट रकम पनि छुट्ट्याइएको थियो । तर त्यसै बखत उनी मन्त्री पदबाट धपाइए । त्यसपछि शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि गठबन्धन सरकारले त्यो कार्यक्रमलाई तुहाएको थियो ।

१५. नेपालको राजनीतिक इतिहासमा थोरै समयमा धेरै काम गर्ने कोटिमा मोदनाथ प्रश्रितकै नाउँ आउँछ । उनैका पालामा नेपालले कहिले सोच्नै नसकेका धेरै ठूलाठूला कामहरू पनि भएका थिए । उनी मन्त्री भएका बेला उनका मनमा एउटा समाज कल्याणकारी राज्यले बूढाबूढी, केटाकेटी, असहाय, विधवा, अपाङ्ग र बिरामीहरूका निम्ति विशेष सहयोग व्यवस्था गर्नै पर्दछ भन्ने विचारले पनि जरा गाडेको थियो । त्यसैअनुरूप उनैको कार्यकालमा नेपाल सरकारले नेपालको इतिहासमा पहिलो पटक एउटा अर्को चमत्कारी कार्य गरेको थियो र जुन काम पछिल्ला दिनहरूमा पनि यथावत् चल्दै गयो । अनि यस कार्यलाई प्रत्येक पल्ट गठन हुने सरकारले पनि बढावा दिँदै गयो । सुरुमा प्रधानमन्त्री मनमोहन अधिकारीले चाहिँ पचहत्तर वर्ष पुगेका वयोवृद्धहरूलाई भत्ता दिने कामको थालनी

गरेका थिए । यो भत्ता सुरुमा एक जनालाई वार्षिक एक हजार दुई सय मात्र प्रदान गरिन्थ्यो । पछिपछिका सरकारले त्यस भत्तालाई मासिक रूपमा नै कायम गर्न थाल्यो र त्यसको राशि पनि बढाउँदै लान थाल्यो ।

मोदनाथ प्रश्रित नौ महिना मन्त्री भए । तर उनको योजना र कार्यक्रमले नेपालको राजनीतिक इतिहासमा ऐतिहासिकता प्रदान गऱ्यो । उनी एउटा चमत्कारी मन्त्रीका रूपमा दरिए । त्यति मात्र होइन, स्वच्छ छविका मन्त्रीको लेखाजोखामा पनि उनी अग्रपङ्क्तिमा उभिएका थिए । त्यति मात्र नभएर उनले आफ्नो मन्त्रित्वलाई देश र जनतामा समर्पित गरेका थिए । वास्तवमा उनी खुलस्त, निष्कलङ्क र कर्तव्यवादी मात्र नभएर सक्कली देशभक्त नेताका रूपमा नै स्थापित हुँदै पनि आए ।

नेपालमा बहुदलीय व्यवस्था आएपछि मोदनाथ प्रश्रित मन्त्री भए । उनले सकिन्जेल, भ्याइन्जेल र मरुन्जेल मन्त्रीले गर्ने प्रायः धेरै काम गरे । त्यतिन्जेलसम्म पनि मन्त्री भनेको शक्तिको टाप या खुर मानिन्थ्यो । भनौँ, उनीहरू प्रायःजसो नेताको चाकरका रूपमा आफूलाई प्रस्तुत गर्न सहज ठान्थे । तर प्रश्रितले मन्त्रीको सही पाठचाहिँ जनजनका आँखामा पुऱ्याउने धेरै प्रयास गरेका थिए ।

# मोदनाथ प्रश्रितको देशभक्ति र पृथ्वीनारायण शाह

मोदनाथ प्रश्रितको नेपाली भाषासाहित्य, कला, संस्कृति, विज्ञान आदि क्षेत्रमा महत्त्वपूर्ण भूमिका रह्यो । राजनैतिक दृष्टिकोणबाट उनी नेपाल कम्युनिस्ट पार्टी (एमाले या एकीकृत समाजवादी)ले मानेका शीर्षस्थ व्यक्ति भए पनि उनको नेपाली समाजमा सम्पन्न योगदानको गैरवामपन्थी या विपक्ष तथा विभिन्न खेमाका राजनीतिज्ञहरूले पनि उनको मुग्ध कण्ठले प्रशंसा गरेको पाइन्छ । कम्युनिस्टको सिद्धान्तमा उनी फलाम भए तापनि राष्ट्र, राष्ट्रियता र राष्ट्रको धरोहरका निम्ति उनी जसजससँग पनि सम्झौता गर्दै अघि बढे । नेपाल र नेपालीको अक्षुण्ण अस्तित्व कायम गर्नुपर्छ भन्ने उनको जीवनको मौलिक विशेषता भएकाले उनी धेरैका प्रिय, आदरणीय र श्रद्धेय पनि भए ।

मोदनाथ प्रश्रित सानैदेखि आफ्नो नेपाली राष्ट्रियताका प्रेमी थिए । उनी देशमा चलेको शासन व्यवस्थाका कारणले प्रशासनसमेत तानाशाही भएको बेहोराले विद्रोही थिए । तर उनी त्यस्ता राष्ट्रवादी जरा थिए, जुन बेला देशको अस्तित्व धराशायी हुने सम्भावना हुन्छ त्यतिखेर दायाँबायाँ केही नहेरी देश जोगाउनुपर्छ भन्ने मान्यतामा उनी केन्द्रित हुने गर्छन् । उनको त्यही राष्ट्रवादी सोचको बिम्ब हो– ‘पृथ्वीनारायण शाह । पृथ्वीनारायण शाह भनेका नेपाल र नेपालीको

अस्तित्व हुन्' भन्ने प्रश्रितको मान्यता हो । अन्ततः नेपालमा गणतन्त्र भित्रिएपछि उनी पृथ्वीदर्शनका अगुवामा नै स्थापित भए ।

नेपालमा गणतान्त्रिक व्यवस्था भित्रिनुपूर्वदेखि नै राष्ट्रियताका सम्बन्धमा नराम्रो आँच पुग्ने खेलको प्रादुर्भाव हुन थालेको थियो । त्यही प्रसङ्गमा देशभक्त हुनका कारण मोदनाथ प्रश्रित झन्नै एक्लाजस्ता भएका थिए । कुरा के हो भने राष्ट्रिय एकताका प्रतीक पृथ्वीनारायण शाहका विषयमा प्रश्रित समाहित नेपाल कम्युनिस्ट पार्टीमा पनि ठूलै कचिङ्गल मच्चिएको थियो । त्यसै परिवेशमा उनीभित्र आफू नेपाल कम्युनिस्ट पार्टीका सक्रिय सदस्य भएको सन्दर्भप्रति नै पनि वितृष्णा उब्जिएको थियो । तर पृथ्वीनारायण शाहउपर नेपाल कम्युनिस्ट पार्टीले जेजस्तो धारणा राखे पनि र पृथ्वीनारायण शाहलाई आत्मसात् गरेबापत प्रश्रितलाई जेजस्तो कार्यवाही गरे तापनि उनले नेपालका राष्ट्रनिर्माता पृथ्वीनारायण शाहलाई शिरमा बोक्न छाडेनन् । जब पृथ्वीनारायण शाहमाथि वादविवादको सुरुवात भयो तबदेखि नै उनीचाहिँ पृथ्वीनारायण शाहको योगदानका बारेको प्रचारप्रसारमा अति सक्रिय भएर लागे । नेपालमा गणतन्त्र भित्रन आँटेको सुरुका दिनमा पृथ्वीनारायण शाहको जयजयकारमा लाग्ने उनी एक जना मात्र कम्युनिस्ट नेता थिए । तर क्रमशः उनका सहकर्मीहरूले पनि पृथ्वीनारायण शाहको योगदानको महत्त्व बुझ्दै जान थाले । अनि उनीहरूमध्ये केही जना पनि प्रश्रितका कित्तामा उभिन गौरव मान्न थाले । उनी पृथ्वीनारायण शाहको अभियानमा लाग्दा नै उनले त्यसबारे एउटा कृति नै पनि निर्माण गरेका थिए । राजनीतिको कालो बादल मडारिरहेकै बेला नै उनले हिम्मतका साथ 'नेपालको एकीकरण र पृथ्वीनारायण शाह'नामक कृति २०६३ सालमा छपाएर जनमाझ ल्याइदिए ।

राजनीतिमा जति चम्के पनि मोदनाथ प्रश्रितचाहिँ नेपाली भाषासाहित्यका महारथीको नाउँ हो । उनले भानुभक्तकालीन नेपालदेखि

हृदयचन्द्रसिंह प्रधानकालीन नेपालसम्मको व्यापक अध्ययन पनि गरे । त्यसैले उनले आफ्ना अर्का एक जना आदर्श स्रष्टा हृदयचन्द्रसिंह प्रधानबारे पनि गहिरो चासो लिएकै थिए । अनि प्रधानको राजनैतिक र साहित्यिक धारा नै पनि प्रश्रितले समाए । त्यसैले उनले प्रधानको पृथ्वीविचार पनि शिरमा राख्न छाडेनन् । वास्तवमा प्रधानले त्यतिखेरै नेपालको राष्ट्रिय एकताको निर्माणमा पृथ्वीनारायण शाह र भानुभक्तको भूमिकाबारे महिमा गाएका थिए– 'पृथ्वीनारायण शाह नेपाललाई बनाउने र नेपाली राष्ट्रमा एकता स्थापना गर्न खोज्ने एउटा महान् सपूत हुन् । उनीबाट नेपालमा केही रगत बगे पनि उनको हिंसाबाट भौगोलिक राष्ट्रियता जाग्रत भई नेपालको गौरव बढेको हुनाले नेपालका निम्ति उनी प्रात:स्मरणीय महात्मा हुन् । तर उनको सपना पूरा हुनुमा भानुभक्तको कलम सबभन्दा बढ्ता सहायक हुन आएको छ । त्यसैले पृथ्वीनारायण शाहको तरबारभन्दा पनि भानुभक्तको कलम अहिले नेपालमा बढ्ता गौरवपूर्ण र प्रभावशाली छ । भानुभक्तको कलम प्रचारमा खूब आइदिएकाले पृथ्वीनारायण शाहको खुकुरीलाई आज संसारमा मानिसहरूले गोरखाली दापबाट झिकी नेपाली दापमा राख्तै छन् ।' (भानुभक्त : एक समीक्षा, २०१३, पृष्ठ १५)

२०६३ सालको आरम्भदेखि नेपालको राष्ट्रियतामाथि समर्थन र विरोधमा चर्को आवाज उठिरहेको थियो । त्यतिखेर पृथ्वीनारायण शाहलाई समाउनु भनेको निकै ठूलो खतरा पनि मानिन्थ्यो । त्यसपछिका दिनमा त नेपालको नाउँ र झन्डा नै फेर्नुपर्छ भन्ने संसद् सचिवालयमा नै पनि नारा लगाउनेहरू देखा परेका थिए । दूरदर्शी सोचका देशभक्त मोदनाथ प्रश्रितले भोलिका दिनमा यो अवस्था आउँछ भनेर नै सोचेका थिए । त्यसैले उनी आफ्नो देशका लागि जे भोग्न पनि तयार भए र यसैमा नै एक्लै लडीबुडी खेल्दै आए । त्यतिखेर देशभक्तहरूमाथि ढुङ्गामुडा बर्सिरहेका बेला पनि उनले

राष्ट्रियताप्रतिको आफ्नो धर्म निर्वाह गरिरहे । अनि त्यसै वर्ष अर्थात् २०६३ सालको पुस २७ गते गणतान्त्रिकहरूमध्ये उनी एक्लैले राष्ट्रिय एकता दिवस मनाउने हिम्मत गरे । त्योभन्दा अघिल्ला वर्षहरूमा बिहान छ बजेदेखि नै सिंहदरबारस्थित पृथ्वीनारायण शाहका सालिकको ओतमा सयौँ बहुदलवादीहरू जम्मा हुन्थे । तर गणतन्त्र भित्रिने सम्भावना देखिएकाले त्यस वर्ष त्यहाँ मानिसहरूको उपस्थिति शून्य थियो । त्यतिखेर बिहान सात बजेको कुरा हो; त्यस ठाउँमा जनराष्ट्रकवि ईश्वरवल्लभ, मोदनाथ प्रश्रित र नइदम्पतीको मात्र उपस्थिति थियो । त्यति बेला प्रश्रित र वल्लभले कविता नै वाचन गरेर पृथ्वी जयन्ती मनाएका थिए । त्यतिखेर पृथ्वीनारायण शाहप्रति प्रश्रितले वाचन गरेको कविता यस्तो थियो–

**'तिमीलाई बिर्से सबै बिर्सिनेछौँ**
**यसै देशभित्रै बिराना हुनेछौँ ।'**

मोदनाथ प्रश्रितले वाचन गरेपछि आफ्नो त्यो कवितांशको एउटा प्रति ठूलो अक्षरमा लेखी पृथ्वीनारायणको सालिकमा राखेका थिए । उनी चित्रकार पनि भएकाले पृथ्वीनारायण शाहको चित्र बनाई सालिकमा नै कविता राख्नका निम्ति उनले घरैबाट साजसज्जा गरी एउटा पृष्ठ ल्याएका थिए । तर त्यो चित्र हेर्ने त्यहाँ केवल ईश्वरवल्लभ, इन्दिरा प्रसाई र नरेन्द्रराज प्रसाई मात्र थिए । त्यस दिन कुनै पनि सञ्चारमाध्यम त्यस घडी त्यहाँ उपस्थित भएको पनि देखिएन ।

•

मोदनाथ प्रश्रितले पृथ्वीनारायण शाहको दर्शन सानै वयमा अध्ययन गरिसकेका थिए । उनीभित्र परेको त्यही भावना उनले पछिल्ला दिनमा पनि व्यक्त गरे– 'पटकपटक हुने विस्तार र विखण्डनपछि करिब पचासओटा राजारजौटा र नौदसओटा जनजातीय क्षेत्रहरूमा टुक्रिएर लडिरहेको नेपाललाई पृथ्वीनारायण शाहदेखि

थालिएको अभियानले पछिल्लो पालि स्थायी रूपले एकीकृत हुनका निम्ति सफलता पायो ।' यदि त्यस बेला पृथ्वीनारायण शाहले यो कदम नचालेको भए नेपाल यसरी यस्तो बृहत् आकारमा रहन सक्तैनथ्यो भन्ने प्रश्रितको मान्यता थियो । त्यसैले प्रश्रित एकोहोरो भएर पृथ्वीदर्शनमा केन्द्रित भइ नै रहे । यसबारे उनको दृष्टिकोण पनि उनले आफ्ना लेखनमा अग्रसर गराइरहे– 'अहिले हामी जुन मुलुकमा बसेका छौँ, त्यो पृथ्वीनारायण शाहदेखि भीमसेन थापासम्मको नेतृत्वमा बीसौँ हजार देशभक्त नेपालीको अथक प्रयत्न र हजारौँको वीरतापूर्ण बलिदानले अङ्ग्रेजी उनिवेशवादविरुद्ध जुधेर एकीकरण गरिएको गौरवशाली देश नेपाल हो ।' यस्तो पवित्र मुलुकलाई विखण्डन गरेर हामीले फेरि दुई सय वर्ष पछाडि फर्कन हुँदैन भन्ने प्रश्रितको तर्क भइरह्यो ।

मोदनाथ प्रश्रितले जुन बेला पृथ्वीनारायण शाहको दर्शन बोकेर पृथ्वी विचारको अभियान सञ्चालन गरे त्यस बेला कुनै पनि राजनेता यसबारे अघि सर्न सकेका थिएनन् । तर प्रश्रित युद्धस्तर, आक्रामक शैली र एक प्रकारको हमलाकै ढाँचामा आफ्नो सुरक्षाको समेत ख्याल नराखी पृथ्वीनारायण शाहको महिमा गाउँदै हिँडेका थिए । उनको त्यो विशिष्ट कृत्यउपर देशभक्त राजनेता कीर्तिनिधि विष्टले भनेका थिए– 'नेपालको इतिहासमा पृथ्वीनारायण शाहको राष्ट्रिय एकता बुझ्ने बुद्धिजीवी केहीकेही मात्र रहेछन् । दुक्खका बेला मात्र यस्ता मान्छेको अनुहार हेर्न सकिने रहेछ । यति बेला मोदनाथ प्रश्रितको भूमिका अत्यन्तै प्रेरक र हौसलाको भयो ।'

मोदनाथ प्रश्रितले पृथ्वी जयन्ती मनाउनेहेतु औपचारिकता मात्र निभाएका थिएनन् । नेपालैभरि नै पुगेर उनले यस सिद्धान्तको व्याख्या र विश्लेषण गरेका थिए । त्यस कालखण्डमा जताजता पृथ्वीनारायण शाहको सालिक हुन्थ्यो त्यतात्यता ती सालिक भत्काएका सूचना सुनिरहनुपरेको हुन्थ्यो । वास्तवमा २०६३ सालपछाडिका

केही वर्षसम्म पृथ्वीनारायण शाहको नाउँ लिनु भनेको पनि जीवन समाप्तै पार्ने अवस्था पनि थियो । तर उनले आफ्नो भौतिक जीवनको कुनै पर्बाह गरेका थिएनन् । उनी एकोहोरा यसैमा केन्द्रित थिए । कतिसम्म भने कालो बादल साम्य नभइन्जेल उनी पृथ्वीनारायण शाह, पृथ्वीनारायण शाह र पृथ्वीनारायण शाहमा नै मात्र एकोहोरिएका थिए ।

•

मोदनाथ प्रश्रित एक जना विशिष्ट राजनीतिज्ञको नाउँ हो । खास गरेर नेपालमा गणतान्त्रिक व्यवस्था भित्रिएपछि राजनीतिमा राष्ट्रवादको अर्को एउटा सुरिलो आवाज आउन थाल्यो । किनभने त्यस बेला नेपालको राजनीतिमा भारतको प्रत्यक्ष आक्रमणको सङ्केत आएको थियो । त्यस कालखण्डमा राष्ट्रियता जोगाउनका लागि प्रश्रितको नेतृत्वमा सारा नेपाली पृथ्वीनाराण शाहलाई प्रतीक बनाएर हिँड्न थाले । वास्तवमा नेपालको राष्ट्रियतालाई धराशयी पार्नेहेतुले पृथ्वीनाराण शाहकै सालिक भत्काउनेदेखि फोटोमा आगो लगाउनेसम्मका काम हुन थालेका थिए । अनि त्यस बेला प्रश्रित बोलेका थिए– 'सम्पूर्ण नेपालीहरूले गम्भीर रूपले सोच्नुपर्ने बेला आएको छ । एकताबद्ध, गतिशील, स्वाधीन राष्ट्र भएर बाँच्ने कि विखण्डित र गतिहीन कबिलातन्त्रका रूपमा प्रतिक्रियावाद र उपनिवेशवादको सिकार भएर विनाशतिर जाने ? त्यसैले हामीले यस घडी राष्ट्रनिर्माता पृथ्वीनारायण शाह र उनका सहयोगी सयौँ, हजारौँ वीरहरूलाई भुल्नु नै हुँदैन । हामीले पृथ्वीनारायण शाहलाई भुल्नु भनेको आफ्नै टेक्ने धरातल भुल्नुसरह हो । पृथ्वीनारायण शाह भन्नु नेपाल र नेपालीको सिङ्गो अस्तित्व हो ।' देशको राष्ट्रियतामाथि नै आइपरेको घना सङ्कट मास्नका निम्ति पृथ्वीविचारउपर प्रश्रितले झनै सशक्त आवाज दिन थाले । अनि उनले त्यसबारेको परिभाषा पनि दिइ नै रहे– 'पृथ्वीनारायण शाहभन्दा अघिका राज्यविस्तारकहरूले

ठूलठूला क्षेत्रहरू कब्जा गरेर शताब्दीयौँ शासन गरे तापनि किन ती राज्यहरूले स्थायित्व हासिल गर्न सकेनन् र पछिल्लो एकीकरण किन स्थायी हुन सक्यो, यसका पछाडि अनेकौँ कारण रहेका छन् ।'

गणतान्त्रिक व्यवस्था भित्रिएपछि अप्रत्यक्ष रूपमा नै भए पनि नेपाली राष्ट्रियतामाथि झम्टने प्रक्रियाको सुरुवात भएको थियो । पृथ्वीनारायण शाहका नाउँमा विरोध गर्ने र राष्ट्रियतालाई नै तिलाञ्जलि दिने अभिप्रायका शक्तिहरू पनि देखा परेका थिए । साथै त्यति बेला पृथ्वीनारायण शाहलाई नै अगाडि सारेर राष्ट्रियता जोगाउने नेतृत्व लिने राजनेता पनि थिए । त्यस बेला त्यो बिँडो समाएर एकोहोरो हिँड्ने देशभक्त मोदनाथ प्रश्रित नै एक जना थिए । त्यसै बेला उनले पृथ्वीनारायण शाहबारे आफ्नो पार्टीमा समेत अनेकौँ स्पष्टीकरण पेस गर्नुपरेको थियो । अनि त्यतिखेर उनले बोलेका थिए– 'नेपालको एकीकरणका सन्दर्भमा प्राचीन र मध्यकालीन इतिहासको ज्ञान नभएका कारणले या जातीय पूर्वाग्रहका कारणले केही मानिसहरू पृथ्वीनारायण शाहलाई विस्तारवादी र एकीकृत नेपाललाई 'खस साम्राज्यवादी' भन्ने गर्दछन् । तर हाम्रो देशको इतिहासले प्रस्ट रूपले के देखाउँछ भने पृथ्वीनारायण शाहद्वारा सुरु भएको अभियान विस्तारवाद वा साम्राज्यवाद नभई पहिले पटकपटक एकीकृत भएपछि विशृङ्खलित भएको नेपाललाई जनआकाङ्क्षाअनुरूप एकीकृत गर्ने महान् ऐतिहासिक अभियान थियो । स्पष्ट छ, पृथ्वीनारायण शाहको अभियान अङ्ग्रेजको जस्तो साम्राज्यविस्तार या 'खस साम्राज्यवाद' नभई नेपालको पुनः एकीकरण अभियान हो ।'

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको खासै मूल्याङ्कन नभएको बेहोरामा राष्ट्रवादी नेपालीहरूसँगसँगै मोदनाथ प्रश्रित पनि दुःखित थिए । त्यसैले उनले आफ्नो विचार पनि जनसमक्ष प्रस्तुत गरिरहे । त्यति बेला उनले भनेका थिए– 'पृथ्वीनारायण शाहभन्दा थोरै पछि अमेरिकाको एकीकरण गर्ने जर्ज वासिङटनको त्यहाँ कत्रो सम्मान

छ । पृथ्वीनारायण शाहभन्दा पचासी वर्षपछि जर्मनीका अनेकौँ रजौटाहरूको एकीकरण गर्ने विस्मार्क कति सम्मानित छन् । इटलीको एकीकरण गर्ने मेजिनी, काबुर र गैरीवाल्डीको उस्तै महत्त्व छ ।'

मोदनाथ प्रश्रित सिद्धान्तका कुबेर भएका कारण उनको राजनैतिक आवरण खुर्कनेको पनि अनिकाल लागेन । खास गरेर उनले पृथ्वीनारायण शाहको सिद्धान्तलाई शिरमा बोकेर हिँड्न थालेपछि उनको व्यक्तित्वलाई तहसनहस पार्ने खेल पनि खेलिएकै थियो । त्यसैको परिणतिका कारण उनी आफ्नो दलको शीर्षस्थ नेता हुँदाहुँदै पनि क्रमशः उनको बोक्रा ताछ्न थालिएको थियो । अन्ततः उनको हैसियत, भूमिका र कृत्य नेपाल कम्युनिस्ट पार्टीभित्र ओझेलमा नै पारियो । क्रमशः नेपाल कम्युनिस्ट पार्टीभित्र प्रश्रितको भूमिका निष्क्रिय नै बनाइयो । यति हुँदाहुँदै पनि त्यति बेलासम्ममा उनको व्यक्तित्व निकै, निकै र निकै माथि पुगिसकेको थियो । उनले पृथ्वीनारायण शाहमार्फत राष्ट्रियताको नरसिङ्गा फुक्न थाल्दा उनका पछि समस्त देशभक्त नेपालीको भावना गाँसिएको थियो । उनी नेपालीत्व ग्रहण गर्ने नेपालीका नैतिक समर्थनबाट चुलिएका थिए । पछिल्ला दिनमा उनैको नेपाल कम्युनिस्ट पार्टीसमेतले नै पृथ्वीनारायण शाह भनेका त नेपालका राष्ट्रनिर्माता हुन् भन्न थालिसकेको छ ।

# मोदनाथ प्रश्रितको विद्रोह, सीप र कला

मोदनाथ प्रश्रित सानै उमेरदेखि जागरूक थिए । उनी मानवताका सुन थिए । खास गरेर बनारसमा बस्न थालेपछि उनी स्वावलम्बनका एउटा साक्षात् नमुना पनि भएका थिए । त्यति मात्र होइन, उनी सहयोगी पनि थिए । कतिसम्म भने यदि कुनै साथी या आफ्नो मनले खाएकालाई अप्ठचारो नै पऱ्यो भने पनि उनी उसका घरमा गएर यथासक्दो काम गर्थे । सानैदेखि उनीभित्र मानवीय शक्ति प्रबल थियो । जयप्रसाद यूकेका अनुसार युवाअवस्थामा प्रश्रित 'वसुधैव कुटुम्बकम्'का हिमायती थिए ।

मोदनाथ प्रश्रितको मन पर्ने विषय पुस्तक थियो । उनी बाल्यकालदेखि नै पुस्तकप्रिय थिए । अनि यसको कारण के थियो भने– उनका बाबुबाजे पुस्तकका संरक्षक थिए । त्यसैले बाल्यकालदेखि नै प्रश्रितले आफ्ना घरमा किताप देखे र लेख्न, पढ्न थाले । लेख्तालेख्तै उनी कितापहरू पनि बटुल्न थाले । त्यतिखेरसम्ममा उनका बाजेले कर्मकाण्डका समेत गरेर दसओटाजति र बुबाले नब्बेओटाजति पुस्तकहरू सङ्कलन गरिसकेका थिए । त्यसपछि उनले आफ्नै घरमा पुस्तकहरू सुरक्षित गर्न थाले । किशोरावस्थाको मध्याह्न कुल्चिसकेपछि उनले आफ्ना बाजे शोभाकर पौडेल र बुबा घनश्याम पौडेलको नाउँ मिलान गरेर 'श्यामशोभा पुस्तकालय'को नाउँ जुराएका थिए । साथै उनले किताप राखिएको कोठाबाहिरको दैलोमाथि राम्रा अक्षरले कागजमा लेखेर 'श्यामशोभा पुस्तकालय' खिदिम भन्ने बेहोरा टाँसे । २०१५

सालको कुरा हो, त्यतिखेरसम्ममा उनले त्यो पुस्तकालयमा झन्नै एक सय पन्ध्र पुस्तकहरू जम्मा गरिसकेका थिए । अनि उनले आफ्ना जेठा बुबा पण्डित रमानाथ पौडेललाई उक्त पुस्तकालयको बेलिविस्तार लगाएका थिए । उनले यसबारे भनेका थिए– 'मैले मेरा घरमा स्थापना गरेको पुस्तकालय मेरा जेठा बाबाट नै मैले उद्घाटन गराएको थिएँ ।' पछिल्ला दिनमा उनले उक्त पुस्तकालय काठमाडौँको चन्द्रागिरीस्थित वाणस्थलीको आफ्नै घरमा सारे । थानकोटको छेउमा पर्ने वाणस्थलीको एउटा कोठामा उनले आफ्नो जीवनमा सङ्कलित सबै कितापहरू व्यवस्थित गरेर राखे । अनि त्यस पुस्तकालय कक्षाको बाहिर दैलोमाथि उनकै हस्ताक्षरमा 'श्यामशोभा पुस्तकालय' भनेर टाँसियो । पछिल्ला दिनमा उनले त्यहाँ पाँच हजारजति पुस्तक सङ्कलन गरिसकेका थिए ।

•

मोदनाथ प्रश्रित सानैदेखि विद्रोही स्वभावले चुलिएका क्रान्तिकारी थिए । क्रान्तिमा सिद्धान्त र व्यवहार बराबरी हुनुपर्छ भन्ने उनको मान्यता हुन्थ्यो । त्यसैअनुरूप उनी आफूद्वारा आफैँ परिचालित हुँदै गए । समाजका कुरीति मास्न उनको मनमा विद्रोहको भावना झनै पलाउने गर्थ्यो । उनी आफ्नो क्षमताअनुसारको सङ्घर्ष गर्न चम्किरहन्थे । त्यतिखेरसम्म उनका गाउँमा बाहुनले हलो जोत्ने काम गर्नु हुँदैन भन्ने मान्यता थियो । हलो जोत्ने बाहुनलाई समाजले पानीबाट काड्ने चलन थियो । अथवा भनौँ, हलो जोत्ने बाहुनले छोएको पानी गाउँलेले खाँदैन थिए, उसलाई घरभित्र छिर्न दिँदैन थिए र उसलाई दलितसरहको मान्यतामा हेपिन्थ्यो । अनि समाजको अन्धो परम्परा तोड्नेहेतु उनले यसबारे साहस नै गरे । अनि सर्वप्रथम कसैले जोत्दै गरेको हलोको अनौ समाएर उनले हलो जोतेर समाजलाई देखाएका थिए । त्यति मात्र नभएर उनले हलो अभियान नै चलाएका थिए । पछि गाउँकै वृद्ध रेणु गौतमद्वारा हलो जोतेर हलो अभियानको

प्रश्रितले उद्घाटन गराएका थिए । त्यस बेलाको कथन गर्दै प्रश्रितले भनेका थिए– 'हलो अभियानलाई सार्थक पार्दै उद्घाटनकै दिन करिब हामी तीस जनाजति बाहुनले हलो जोतेर ब्राह्मणवादको विरोध गरेका थियौँ ।'

२०२२ सालको कुरा हो– झापामा रामनाथ दाहालदेखि शिवप्रसाद शिवाकोटीसम्म र अर्घाखाँचीमा मोदनाथ प्रश्रितले जातपातको विरोधमा आफूहरूलाई उभ्याएका थिए । सामन्ती युगमा सुरु भएको यस प्रथालाई समाप्त गर्नेहेतुले प्रश्रित पनि दलितका घरमा गएर पानी खाने गर्थे । उनले दलितले छोएको खाने अभियान नै चलाएका थिए । यस अभियानअन्तर्गत पानी नचल्ने भनिएका जातका मान्छेको भेला गराई उनैले वनभोजको आयोजना गरेका थिए । वनभोजबाट 'सामन्ती प्रथा समाप्त गरौँ, छुवाछुत अन्त्य गरौँ' भन्ने नारा लगाउँदै साँझ उनीहरू आआफ्ना घर फर्केका थिए ।

• •

मोदनाथ प्रश्रितले बाल्यकालदेखि नै कष्ट खेप्तै आएका थिए । वनको काँडा तिखार्नु पर्दैन भनेझैँ उनी हरेक तरिकामा आफैँ तिखारिँदै आए । भनौँ, सानै वयदेखि उनी आफ्नै पसिनामा हुर्कन उद्यत हुन थाले । उनले जेजसरी चोट पाउँदै गए, ती सबै चोटलाई उनले पाठका रूपमा स्विकार्दै जान थालेका थिए । त्यसैले स्वावलम्बनमा पनि उनी उत्तीर्ण हुँदै जान थालेका थिए । अनि उनलाई सानैमा स्वावलम्बन हुने पहिलो पाठ गोपी र बाँके दर्जीले सिकाएका थिए ।

२०१५ सालमा अर्घाखाँचीको कुरा हो– मोदनाथ प्रश्रितकी आमा बालिकादेवीले आफ्नो गाउँ खिदिम हर्राबोटको बाँके दर्जीलाई आफ्ना लागि चोलो सिउन दिएकी थिइन् । दर्जीले तोकेको मितिमा उनलाई चोलो दिन सकेनन् । त्यसपछि दर्जीले भोलिभोलि भनिरहे ।

भोलिभोलिका दिनमा पनि आमाछोरा चोलो लिन दर्जीका घरमा धाइ नै रहे । तर चार वर्ष बितिसक्ता पनि उनीहरूका हातमा चोलो परेन । त्यसपछि दिक्क भएर प्रश्रितले दर्जीलाई मुख छोडे– 'तिमीले सिलाएका लुगा हामी लगाउँदैनौँ, बुझ्यौ बाँके !' अनि उनी आफ्नी आमालाई चोलो कसरी दिने भन्नेबारे मन खेलाउन थाले ।

बाँके दर्जीको झूटो बोलीकै रनाहामा मोदनाथ प्रश्रितले लुगा सिउने थोत्रो कल खोजे । सामान्य मूल्य हालेर उनले कल पनि किने । त्यसपछि उनले लुगा सिउन सिके । अनि कपडा काट्न र सिउन जान्न थालेपछि सर्वप्रथम उनले आफ्नी आमाको चोलो सिलाएका थिए । उनको सीप देखेर उनकी आमाका आँखामा खुसीका आँसु छचल्किएका थिए । त्यसपछि प्रश्रितलाई झन् हौसला हुन थाल्यो । अनि उनले आफ्नो कोट, कमिज, पेन्ट, सर्ट आदि आफैँ सिलाउन थाले । घरपरिवारको लुगा पनि उनी आफैँ सिउँथे । त्यतिखेर उनी सामाजिक जागरणमा अग्रपङ्क्तिमा देखा परेका युवक थिए ।

भारतको बनारसमा पढेका बेलासम्म पनि मोदनाथ प्रश्रितले आफैँले सिलाएका लुगा लगाए । उनले शास्त्री पढिन्जेल पनि त्यसै गरे । अनि पछिल्ला दिनमा उनी राजनीतिमा सक्रिय भएपछि उनले भनेका बेला आफ्ना लुगा आफैँले सिउने समय पनि रहेन । त्यसपछि उनले यस कामबाट क्रमश: हात झिक्तै गए ।

• •

मोदनाथ प्रश्रितका घरको आर्थिक अवस्था सहज थिएन । उनका घरमा खानलाई समेत धौधौ हुन्थ्यो । त्यस्तो अवस्था आइपरेपछि उनले अनेक कला सिक्तै जान थाले । त्यही क्रममा उनले चित्र कलात्मक ब्लक बनाएका थिए । अनि ती कला बिक्री हुन पनि थालेका थिए । त्यही कालखण्डमा उनले पेन्टिङको काम पनि सिके ।

त्यसपछि उनी स्कुल र पसलहरूको साइनबोर्ड बनाउने काममा डटेर लागेका थिए । उनले त्यसै कलाबाट घरखर्च गर्न थालेका थिए ।

मोदनाथ प्रश्रितले भारतमा आयुर्वेद पढे । उनको त्यो विद्याबाट उनले आफ्नै गाउँका लागि फाइदा उठाएका थिए । एकातिर सेवा र अर्कातिर आफ्नो बाँच्ने कलाका लागि उनले आफ्नै घरमा आयुर्वेद विषयक औषधि बनाउने काम गरेका थिए । त्यतिखेर उनले जङ्गलबाट आफैँ जडीबुटी ल्याएर औषधि बनाउन सुरु गरेका थिए । औषधिको माग बढ्न थालेपछि उनले च्यवनप्रास पनि बनाए । यी दुवै काममा उनी सफल भएका थिए । साथै उनले त्यस बेला तम्घासमा गएर आंशिक रूपमा वैद्यको काम पनि गरेका थिए । अनि त्यसैताका उनको आयुर्वेदाचार्य परीक्षाको समय पनि आएको थियो । तर उनीसँग घरबाट खर्चपर्च लैजाने स्थिति थिएन । त्यसैले परीक्षातिर नलागेर उनी फेरि आफ्नो पाखुरा चलाएर आयआर्जन गर्ने काममा नै लागे ।

•

मोदनाथ प्रश्रित एकातिर कामकै खोजीमा थिए भने अर्कातिर उनले तम्घास बजारका विविध संस्था, स्कुल, अड्डा, अदालत आदि क्षेत्रमा सामान्य कागज कोरेका साइनबोर्ड देखे । अनि उनले तानसेन गएर विविध रङ्गरोगन, ब्रस ल्याए । त्यसपछि उनी मट्टीतेल बिक्री भएका खाली टिनहरू खोजेर ल्याउने काममा लागे । उनले ती टिनहरू काटकुट गरी काठका फ्रेम ठोकेर विविध खाले साइनबोर्ड बनाएर बेच्न थाले । अनि तम्घास बजारको सौन्दर्यमा नै पनि पालिस लगाएझैँ देखियो । उनको त्यो सीपको हल्ला गुल्मी र अर्घाखाँचीमा पनि पुग्यो । त्यसै क्रममा गुल्मी र अर्घाखाँचीका अड्डा, विद्यालय, पसल आदि ठाउँहरूमा उनले बनाएका साइनबोर्ड यत्रतत्र फैलिन थाले । सात महिनासम्म त्यही कलामा घोटिएर उनले आफ्नो पौरख गरेका थिए ।

२०२२ सालको कुरा हो– मोदनाथ प्रश्रितको गाउँ अथवा भनौँ, खिदिम हर्राबोटमा त्यतिखेर पानीको हाहाकार थियो । घरका मान्छेलाई सहयोग गर्ने र छिमेकीलाई पनि उपकार हुने विषयमा उनी घोत्लिन थाले । परिणामस्वरूप उनले आफ्नै पाराको एउटा पानी तान्ने यन्त्र बनाएका थिए । अनि त्यो यन्त्रका माध्यमबाट एक सय फिटसम्मको उचाइमा पानी पुऱ्याउन पनि उनी सफल भएका थिए । ऋन्डै दसओटा बाँसका आँख्ला खोल्दै तिनै बाँसबाट उनले पानीको निकासा गरेका थिए । प्रश्रितद्वारा निर्मित 'प्रश्रितधारो'बाट उनी केही समय गाउँमा चर्चित पनि भएका थिए । त्यसपछि उनी गाउँबाट अन्यत्रको काममा लागेपछि 'प्रश्रितधारो' पनि क्रमशः सुक्न, बिग्रन र भत्किन थालेको थियो ।

# मोदनाथ प्रश्रितको साहित्यिक यात्राको बीउ

मोदनाथ प्रश्रित सानैदेखि कविता लेख्थे । उनको लेखनीले उनका मावली हजुरबुबा खगेश्वर मरासिनी छक्क पर्थे । फाट्टफुट्ट कविता लेखेर उनले बाल्यावस्थामा नै आफ्नो प्रतिभाको स्वरूप देखाउन थालिसकेका थिए । औपचारिक रूपमा चाहिँ बाह्र वर्षको उमेरदेखि उनले कविता लेखेर अरूलाई देखाउन थालेका थिए । किशोरावस्थाको चुचुरोमा पुगिसक्ता त उनी स्थानीय साहित्यिक फाँटका नै सुपरिचित कवि भइसकेका थिए ।

मोदनाथ प्रश्रितको कवितालेखनको एउटा अविष्मरणीय प्रसङ्ग पनि छ । २००९ सालको त्यो कुरा के हो भने प्रश्रित त्यतिखेर खिदिम पोखराथोक हरिहर संस्कृत विद्यालयमा पढ्थे । 'सर्देवा खोलामाथिको भीरबाट झरेको ठूलो चेप्टो ढुङ्गामा विचित्रका कुरा देखिन्छ' भन्ने गाउँमा हल्ला चलेको थियो । त्यस हल्लाले प्रश्रितका कान पनि छोएको थियो । त्यसैले प्रश्रित र उनका घनिष्ठ मित्र विष्णुराज आत्रेयले त्यो ढुङ्गा हेर्न जाने निर्णय गरे । त्यस बखत दुई दिन विद्यालयको छुट्टी थियो र प्रधान गुरुसँग बिदा नमागी उनीहरू भागेर त्यस ठाउँमा गएका थिए । उनीहरू एक दिन सर्देवामा नाता पर्नेकहाँ वास बसेका थिए ।

अर्को दिन मोदनाथ प्रश्रितहरू आफ्नै लहडी तालमा सर्देवाको गाउँ घुमे । अनि उनीहरू तीन दिनमा मात्र आफ्नो विद्यालय फर्केका थिए । उनीहरू समयमा विद्यालयमा पुग्न सकेका थिएनन् । तर विद्यालयको नियम धेरै कडा थियो । त्यसैले सकी नसकी डराईडराई

उनीहरू प्रधान गुरुलाई ढोग्न गएका थिए । ती गुरुले आँखा नचाउँदै त्यस बेला उनीहरूलाई भनेका थिए– 'तिमीहरू ठीक समयमा विद्यालय किन आएनौ ?' अनि उनीहरूले गुरुउपर जबाफ फर्काएका थिए– 'हामी सर्देवा खोलाको ढुङ्गे देवता हेर्न गएका थियौँ र एक दिन गयल पर्‍यौँ ।' त्यस संवादसँगै प्रधान गुरुले उनीहरूलाई जबाफ दिएका थिए– 'अब तिनै देवताले तिमीहरूलाई खान दिऊन्, छात्रावासमा तिमीहरूले खान पाउँदैनौ ।' गुरुको त्यस संवादसँगै प्रश्रितहरू गल्नु गले । गुरुसँग सवालजबाफ गर्ने त्यस बेलाको चलनै थिएन । त्यसैले उनीहरू झोक्राएर छात्रावासतिर लागे । त्यस दिन उनीहरूले छात्रावासमा भात खाने पनि कुरै आएन । उनीहरूले आफूहरूसँग भएका दुईदुईओटा सुन्तला खाए । त्यतिले नपुगेर साँझपख आफ्नै परिवारकी विधवा राइँली काकीका घरमा गएर उनीहरूले खाना खाए । अनि राति दुवै भाइ भएर कविता लेख्न थाले ।

त्यो राति निकै बेरसम्म बसेर मोदनाथ प्रश्रितले पाँचओटा छन्दमा कविता रचेका थिए । ती कविता उनका लागि अति प्रिय भए । किनभने त्यस समयको उनको बालमनोविज्ञानमा सकारात्मक ढङ्गबाट ती कविता फुरेका थिए । उनले रचेका 'हरि प्रार्थना'सहितका पाँचओटा कवितामध्ये 'दशावतार स्तुति', 'मातृभक्ति', 'गुरुभक्ति' र 'देशभक्त केटो' उनलाई धेरै मन परेका रचना थिए र नै ती रचना पछिसम्म पनि यिनलाई कण्ठै थियो ।

मोदनाथ प्रश्रितले 'दशावतार स्तुति' शार्दूलविक्रीडित छन्दका दस अवतारका दस श्लोक, 'मातृभक्ति'का साढे छ श्लोक, 'गुरुभक्ति'का पाँच श्लोक र 'देशभक्त केटो'का केही श्लोक रचेका थिए । दशावतारका श्लोकचाहिँ यस्ता थिए–

> **'श्री कृष्णप्रभु गोपिनीहरूसँगै खेलीलडी हाँसदै**
> **गर्नुभो हरि दिन्दिनै चटक फेर् खेल्बाड् गरी नाँचदै**
> **कंशै मारि खुसी भई प्रभुजि फेर्ना माथि चढ्नूभयो**
> **शिर्मा टेकि समाति हात जिउरो नाग् सेखि तोड्नू भयो ।'**

यसरी नै मोदनाथ प्रश्रितकृत मातृभक्तिको एक श्लोक–

**'मातृभक्ति गरेर यो जगतमा बस्नू छ भाग्यै हरि !**
**मातृभक्ति छ यो बहुत असलै संपूर्ण जन्ले गरी**
**धर्मै गर्नु र मातृभक्ति गरनू एकै छ सन्सार महाँ**
**पाप् गर्नू किन हो यथार्थ सबले भन्द्यौँ मलाई यहाँ ।'**

त्यस बेला गुल्मीमा सप्ताह पुराण लगाइएको थियो । त्यस पुराणमा मोदनाथ प्रश्रितका बुबा मूल वाचक थिए । उनी पुराण वाचनबाट डेरामा फर्केपछि आफ्नो सिरानीमा उनले आफ्नो जेठा छोराले लेखेको कविता कापी भेटेका थिए । अनि उनले त्यो कापी पढे । छोराको कविता पढेर उनी चकित परे र विद्यालयका महागुरु दधिराम मरासिनीलाई पनि देखाए । ती कविता हेरेर दधिराम गुरु छक्कै परे । त्यति सानो केटाले त्यति उच्चस्तरीय कविता लेखेको देख्ता गुरुको हृदय राम्ररी पग्लेको थियो ।

मोदनाथ प्रश्रितका गुरु पण्डित दधिराम मरासिनी आफ्नो छात्रको प्रतिभा देखेर साह्रै मोहित भएका थिए । भोलिपल्ट मरासिनीले आफ्ना विद्यार्थीलाई फूलमाला उन्न लगाए । अनि उनी मलमलको पगडीसहित अबिर लिएर विद्यालय पुगेका थिए । समय मध्याह्नकै थियो । अनि उनले स्कुलको आँगन सफा गर्न र कुर्सी, गुन्द्री बिछ्याउन लगाएका थिए । त्यसपछि उनले विद्याथीहरूलाई भनेका थिए– 'मोदनाथलाई खोजेर ल्याओ ।'

मोदनाथ प्रश्रित छात्रावासको आफ्नै कोठामा बसिरहेका थिए । त्यति नै खेर एक जना विद्यार्थी मिनप्रसाद आएर उनलाई भनेका थिए– 'तिमीलाई हेड गुरुले खोजेर ल्याऊ भन्नुभएको छ ।' ती संवादसँगै प्रश्रित छक्क परेका थिए । हेड गुरुको कारबाहीमा पो परिने भएजस्तो छ भन्ने उनले अडकल काटेका थिए । त्यसैबीच मिनप्रसाद फेरि बोलेका थिए– 'राम्रा लुगा लगाएर हिँड ।' प्रश्रित मिनप्रसादको पछिपछि लागेर हेड गुरुको समीपमा पुगे । त्यहाँ

पुगेपछि हेड गुरु दधिराम मरासिनीले उनलाई कुर्सीमा बस्न आदेश दिए । अनि उनले भने– 'यी कविता तिमीले नै लेखेको हो ? उठेर नडराई दुईतीनओटा कविता सुनाऊ ।' अनि मोदनाथले कविता वाचन गरेका थिए–

**'प्रभो ! लोक्का स्वामी, हरि हजुरले बालककन**
**दयामाया गर्नोस् खुसी भई पियारो गरिकन**
**म सारै दुःखी छु यस घरि परि यो विपतमा**
**गजैलाई जस्तै दुःख हरि दिनोस् छ शरणमा ।'**

कविता सुनाइसकेपछि नौ वर्षीय मोदनाथ प्रश्रितलाई उनका हेड गुरुले पगडी बाँधिदिए । त्यसको साथै उनलाई पाँच रुपियाँ पुरस्कार पनि दिए । पाँच रुपियाँ प्रश्रितका हातमा राख्तै गुरु बोलेका थिए– 'भविष्यमा तैँले लेखनाथ कविलाई पनि जित्नू ।' त्यस दिन अरू गुरुहरूले पनि उनलाई अबिर, पाती लगाइदिएका थिए । स्कुलको परिसरभित्रै प्रश्रितलाई अबिर र फूलमालाले ऋकिऋकाउ गरिएको थियो । अबिरजात्रापछि गाउँलेलाई समेत देखाउने अभिप्रायले यिनलाई अन्य विद्यार्थीका साथ गाउँ घुम्न पठाउने कार्यक्रम रहेको थियो । अनि हेड गुरुले सबै विद्याथीलाई भनेका थिए– 'मोदनाथलाई गाउँ घुमाएर ल्याओ ।' त्यसपछि सबै विद्यार्थीको लस्करमा उनी गाउँ घुमेर विद्यालय फर्केका थिए । त्यो गाउँ परिक्रमा प्रश्रितका लागि अर्को पुरस्कार थियो । वास्तवमा त्यस घडी प्रश्रितका भुइँमा खुट्टा थिएनन् । यस घटनाले उनी बेजोडसँग रमाएका थिए । उनको जीवनमा पहिलोपल्ट सबैभन्दा खुसीको क्षण नै त्यही थियो । त्यसै बेलादेखि उनको साहित्यिक बीउ मौलाउन सुरु भएको थियो । यसै प्रसङ्गमा उनले भनिरहे– 'सर्देवा खोलाको ढुङ्गे देवताको हल्लाले मलाई साहित्यकार बनायो ।'

केही वर्षपछि 'हरिहर संस्कृत विद्यालय छात्र सङ्घ'को स्थापना भएको थियो । त्यस बखत मोदनाथ प्रश्रित सोह्र वर्षका थिए । त्यस बेला उनी त्यस सङ्घको अध्यक्ष भएका थिए । त्यही सङ्घले 'किरण'

वार्षिक पत्रिका पनि प्रकाशनमा ल्यायो । अनि त्यस पत्रिकाको प्रधान सम्पादक प्रश्रित नै थिए । प्रश्रितका अनुसार 'किरण' वार्षिक पत्रिका तत्कालीन अर्घाखाँची जिल्लाको नै पहिलो पत्रिका थियो । त्यसपछि उनी नेपाली साहित्यकारमा क्रमशः देखा पर्न थालेका थिए । वास्तवमा प्रश्रितको साहित्यिक यात्राको औपचारिक जग र बीउ नै त्यही अबिर जात्रा थियो । अनि उनलाई यस मार्गमा लाग्न प्रेरित गर्ने नै दधिराम मरासिनी थिए ।

# मोदनाथ प्रश्रितको क्रान्तिकारी सांस्कृतिक यात्रा

२००९ सालमा मोदनाथ प्रश्रित कवि हुन लागेका थिए । अर्थात् दस वर्षको उमेरमा शास्त्रीय छन्दमा राम्राराम्रा कविता रचेर उनले आफूलाई हुने बिरुवाको चिल्लो पातमा रूपान्तरण गराउन खोजेका थिए । हरिहर संस्कृत विद्यालयमा कविता सुनाएर उनले आफ्नो लेखनीको औपचारिक यात्रा आरम्भ गरेका थिए ।

मोदनाथ प्रश्रितले २०२१ सालमा महाकाव्य लेख्न सुरु गरे । भनौँ, किशोरावस्था पार गर्दानगर्दै उनले 'मानव' महाकाव्य लेख्न थालेका थिए । त्यसै समयमा पाल्पाको तानसेनमा अञ्चलस्तरीय साहित्य सम्मेलन पनि भएको थियो । त्यस सम्मेलनमा अर्घाखाँचीबाट जाने समूहमा प्रश्रित पनि चुनिएका थिए । यिनले त्यहाँ आफ्ना रचना पाठ गरेका थिए । उनले त्यहाँ गद्य कविता पनि पाठ गरे र पद्य कविता पनि पाठ गरे । साथै यी दुवै विषयमा प्रश्रित नै पहिला र दोस्रा पनि भएका थिए ।

मोदनाथ प्रश्रितका मावली हजुरबुबा पण्डित दधिराम मरासिनी आफैँ पनि महाकवि थिए । तिनै मरासिनीले नै लेखनाथ पौडयाललाई कविता लेख्न सिकाएका थिए । मरासिनीका कविता र मरासिनीका मुखबाट लेखनाथबारे गरिएका चर्चाबाट प्रश्रित पनि कविताका फाँटमा लाग्न प्रेरित भए । फेरि यिनका हजुरबुबा मरासिनी यिनलाई

बारम्बार लेखनाथ पौड्यालका कविता सुनाउने गर्थे । अनि त्यो प्रभाव पनि प्रश्रितका छातीमा गाँठो परेको थियो । नेपाली साहित्यमा प्रवेश गर्न प्रश्रितलाई सुब्बा होमनाथ, केदारनाथहरूले अनुवाद गरेको महाभारतको अध्ययनले पनि प्रेरित गरेको थियो ।

•

मोदनाथ प्रश्रितले बाल्यकालदेखि नै सांस्कृतिक क्षेत्रमा जानी नजानी आफ्नो वैयक्तिक परिचय प्रस्तुत गर्दै आएका थिए । किशोरावस्थामा उनले त्यस विधाको ज्ञान बटुल्न आरम्भ गरेका थिए । साथै यसबारे उनको प्रस्तुतिको क्रम पनि स्थापित भएको थियो । युवाकालमा उनले सांस्कृतिक पद्धतिलाई परिमार्जन गर्ने शैली उपयोग गर्न थाले । त्यसपछि क्रमश: उनीद्वारा प्रतिपादित सिद्धान्त र व्यवहारले झाङ्गिने मौका पनि पायो । उनीबाट सम्पन्न सांस्कृतिक योगदानलाई निम्न लिखित बुँदामा राख्न सकिन्छ–

१. नाटचक्षेत्र
२. दलितमुक्ति आन्दोलन
३. नारीमुक्ति आन्दोलन

१. **नाटचक्षेत्र** :

मोदनाथ प्रश्रितको नाटचक्षेत्रमा बाल्यकालदेखि नै झुकाव थियो । उनले नौदस वर्षको उमेरदेखि नाटकहरूमा भाग लिन थालेका थिए । उनी उमेरमा आफूभन्दा ठूला व्यक्तिहरूलाई पनि नाटकमा मञ्चित हुन अनुरोध गर्थे । किशोरावस्थामा नै उनले 'सत्यवादी हरिश्चन्द्र' र 'बभ्रुबाहन'नामक नाटक आफ्नै गाउँ खिदिमको हर्राबोटमा प्रस्तुत गरेका थिए । त्यस बेला उनैको निर्देशन र नायकत्वमा सो नाटक घरीघरी त्यस गाउँमा प्रस्तुत हुने गरेको थियो ।

प्रौढ अवस्थामा पुग्दा मोदनाथ प्रश्रित बहुआयामिक व्यक्तित्वका धनी मानिए । कुनै पनि कथा र विषयवस्तुलाई तुरुन्तै मञ्चन गर्ने

खुबी उनीसँग सधैँ कायम भइरह्यो । प्रश्रित एक्लै सांस्कृतिक कृत्यमा हिँडेनन् । गाउँलेहरू बटुलबाटुल पारेर उनी सांस्कृतिक क्रान्ति अभियानमा हिँड्थे । कतिसम्म भने उनले कवितासँग बिहे गरेपछि आफ्नी पत्नीलाई पनि यसै क्षेत्रमा लाग्न प्रेरणा दिए । परिणामस्वरूप प्रश्रितदम्पतीबाट त्यस भेगमा नाटकहरू प्रदर्शन भइरहे ।

(क) '**मुनामदन**' : मोदनाथ प्रश्रितको युगल जोडीले भैरहवामा महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' पनि नाटकका रूपमा प्रस्तुत गरेको थियो । 'मुनामदन'का निर्देशक प्रश्रित थिए । साथै मदनको भूमिका पनि प्रश्रितले नै खेलेका थिए । मुनाको अभिनयचाहिँ कविता पौडेलले गरेकी थिइन् । त्यस बखत 'मुनामदन' हेर्ने गाउँमा अभियान नै चलेको थियो । प्रश्रितको सांस्कृतिक योगदानको प्रसङ्गमा 'मुनामदन'को नाटक मञ्चन बिर्सिनसक्नुको घटना थियो ।

(ख) '**पचास रुपियाँको तमसुक**' : मोदनाथ प्रश्रितले युवा अवस्थामा आफैँ नाटक लेख्तै नाटकहरू खेले । उनले लेखेको 'पचास रुपियाँको तमसुक' २०२४ सालदेखि २०२९ सालसम्म अलिखित रूपमा नै प्रस्तुत गरिरहे । त्यस नाटकको परिकल्पनाकार, निर्देशक र लेखन आफ्नै भएर पनि उनले आफ्नो गाउँवरिपरिका ठाउँमा र रूपन्देहीका विभिन्न ठाउँमा घरीघरी प्रस्तुत गरिरहे । त्यति बेला त्यस नाटकमा खेल्ने पात्रहरू मोदनाथ प्रश्रित, बुद्धिबहादुर थकाली, सीता थकाली, रामप्रसाद प्रदीप, पन्नालाल शाक्य आदिआदि थिए ।

मोदनाथ प्रश्रितको 'पचास रुपियाँको तमसुक' पाँच वर्षसम्म अलिखित रूपमा नै प्रदर्शन भइरह्यो । त्यसपछि उनले त्यसलाई लिपिमा आबद्ध गरेर त्यसको पुस्तकसमेत प्रकाशित गरे । अनि त्यसपछि त्यस नाटकलाई नेपालभित्रका अन्य जिल्लाहरूमा पनि देखाउन थालियो । जिल्लाजिल्लाका कलाकारहरूले आआफैँ पनि यस नाटकको मञ्चन गरिरहे । प्रश्रितका त्यस बेला यो नाटक नेपालका

सयकडौँ ठाउँमा मञ्चन भएको थियो । प्रश्रितका अनुसार नेपालमा कम्युनिस्टको भावनालाई एकत्रित गर्न, त्यस सिद्धान्तको प्रचार गर्न र सङ्गठनलाई एकता गर्न 'पचास रुपियाँको तमसुक'ले महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

बुटवलका साथी बुद्धिबहादुर, जीवराज आदिले सांस्कृतिक गतिविधि र नाटक सञ्चालन गर्ने उद्देश्यले मोदनाथ प्रश्रितलाई नाटक लेख्न अनुरोध गरिएको थियो । साथै उनलाई प्रशिक्षण गर्नसमेत पनि अनुरोध भयो । अनि प्रश्रितकै नेतृत्वमा त्यहाँ 'रेलिमाई सांस्कृतिक मण्डल' पनि गठन भयो । त्यसका निम्ति उनले जाली, फटाहाहरूले कसरी जनतालाई ठग्छन् भन्ने बुझाउन र त्यसको प्रतिरोध गर्नुपर्छ भन्ने ध्येयले 'पचास रुपियाँको तमसुक' शीर्षक नाटक लेखेका थिए । त्यस नाटकमा खेल्न कलाकारहरू पनि तयार भए । त्यो नाटक रूपन्देहीबाट सुरु गरी नेपाल र भारतका विविध ठाउँमा प्रदर्शन गरियो । साथै नाटक लोकप्रिय पनि भयो ।

**(ग) 'आमाको काखमा'** : मोदनाथ प्रश्रितले २०३२ सालमा 'आमाको काखमा' नाटक लेखेका थिए । यो नाटक तराई र पहाडी क्षेत्रका जनतालाई जाली, फटाहा, शोषक, सामन्तीले कसरी फसाउँछन् भन्ने हिसाबमा प्रस्तुत भएको छ । यो नाटक नेपालका विभिन्न सुगम दुर्गम जिल्लामा प्रस्तुत गरिएको थियो । यस नाटकले पनि निकै लोकप्रियता कमाएको थियो । त्यसैले यस नाटकको भिडियो पनि निर्माण गरिएको थियो ।

**(घ) 'सपनाहरू उपहार देशलाई बलिदान'** : मोदनाथ प्रश्रितको 'सपनाहरू उपहार देशलाई बलिदान'नामक नाटक राष्ट्रव्यापी रूपमा सुपरिचित भयो । सांस्कृतिक फेरोमा अटल भए तापनि यस नाटकलाई राजनीतिक रूपमा प्रमुखता दिइयो । त्यसैले 'बलिदान' नाउँ राखेर यसलाई ठूलो पर्दाको चलचित्रका रूपमा पनि प्रस्तुत गरियो । त्यसपछि झनै यो जनप्रियताको नापोमा नापिन थाल्यो । दर्शकहरूका अनुसार

राजनीतिक रूपमा मञ्चित यो सिनेमा पहिलो हो र यसले त्यति नै ख्याति पनि कमाएको थियो ।

नेपालमा २०४६ सालको राजनीतिक परिवर्तनले जनजनको पनि भावनामा परिवर्तनका लहरहरू आउन थालेका थिए । राजनीतिक कित्ताका सक्रिय नेताहरूको नेतृत्व अशुद्ध भए तापनि प्रचुर मात्रामा जनजागरण भने देखिएको थियो । जनताको त्यही चाहनाको प्रतिबिम्ब हो– 'बलिदान' ।

(ङ) '**बुद्ध र चाण्डाल युवती**' : मोदनाथ प्रश्रितकृत 'बुद्ध र चाण्डाल युवती'नामक गीतिनाटकले नेपाली समाजलाई निकै प्रभाव पारेको थियो । जापानमा अन्तर्राष्ट्रिय गीतिनाटक महोत्सवमा यो नाटक पनि प्रदर्शन भएको थियो । 'बुद्ध र चाण्डाल युवती' नेपालबाट त्यस सम्मेलनका लागि छानिँदा त्यसमा भाग लिन नेपालबाट कलाकारको एउटा डफ्फा नै गएको थियो । अनि त्यस महोत्सवमा यही नाटक प्रथम घोषित भएको थियो ।

'बुद्ध र चाण्डाल युवती' बौद्धधर्ममा आधारित छ । अनि यस नाटकले मानवतावादी सिद्धान्त विश्वभरि फैलाउने काम गरेको छ । त्यसैले यो नाटक जहाँ प्रदर्शन हुन्थ्यो, त्यहीँ यसले जनप्रेम भेट्ने गर्थ्यो । यस नाटकलाई नेपाल कम्युनिस्ट पार्टीको महाधिवेशनमा मोदनाथ प्रश्रित स्वयम्ले एकल अभिनय गरेर प्रस्तुत गरेका थिए ।

(च) '**जनताको देश र शहीदको सपना**' : मोदनाथ प्रश्रितले राजनीतिक कारणले भारतको पनि शरण लिनु परेको थियो । त्यस बेला पनि उनी चुप लागेर बसेनन् । एक पटकको भारत प्रवासका बेला यिनको सिलाङ आसाममा धेरै बसउठ भएको थियो । त्यसै बेला यिनले प्रस्तुत 'जनताको देश र शहीदको सपना'नामक नाटकलाई व्यापक प्रचार गरेका थिए । त्यहाँ उनले यो नाटक प्रस्तुत पनि

गरेका थिए । यस नाटकमा उनी आफूले पनि अभिनय गरेर अरूलाई पनि अभिनय गर्न लगाएका थिए । त्यस भेकमा यस नाटकले राम्ररी प्रशंसा पाएको थियो ।

२. **दलितमुक्ति आन्दोलन**

मोदनाथ प्रश्रित सानैदेखि जनताको हितमा लागे । उनको जीवनमा जातजाति र रूपरङ्गभन्दा मानवता प्यारो भइरह्यो । यसै हिसाबमा उनी जनउत्थानमा निकै लागिरहे । त्यति बेला यस मामलाको जागरणमा लाग्दा न यिनले घरपरिवारको डर माने र न समाजसँग नै फिक्री माने । यी निस्फिक्री रूपमा निरन्तर आफ्नो यात्रामा नै आबद्ध भइरहे ।

मोदनाथ प्रश्रितले दलितमुक्ति आन्दोलनमा बोलेर, भाषण गरेर र लेखेर आफूलाई बराबर प्रस्तुत गरिरहे । यस मामलामा उनीद्वारा लेखिएका दस्तावेजहरू यस प्रकार छन्–

**(क) 'मानव' (महाकाव्य)** : 'मानव'नामक महाकाव्य मोदनाथ प्रश्रितको जीवनमा सबैभन्दा चर्चित कृति बन्यो । यो कृति उनले किशोरावस्थाको चुलीमा पुगेदेखि लेख्न थालेका थिए । अनि यसको सम्पादन र मुद्रण गर्न उनलाई दुई वर्ष लागेको थियो । किनभने यस कृतिमा रहेका सम्पूर्ण चित्रहरू पनि उनैद्वारा सृजना गरिएका हुन् । अनि प्रश्रितको मानव (महाकाव्य) २०२३ सालमा प्रकाशित भयो । त्यसपछि नेपाली साहित्यको फाँटमा यस कृतिले धेरै चर्चा पायो । सबैतिर यस कृतिको बखान सुनिन थाल्यो । चर्चाको त्यो लहर र 'मानव' कृति मदन पुरस्कार गुठीमा पनि पुग्यो । अनि २०२३ सालमा यसै कृतिमा मोदनाथ प्रश्रितले मदन पुरस्कार पाएका थिए । सबैभन्दा सानो उमेरमा सो पुरस्कार पाउने उनी प्रथम स्रष्टा थिए । २०४६ सालअघिसम्म यस पुरस्कारलाई प्राय: सबैले मान्थे । पछिपछिका वर्षहरूमा मदन पुरस्कारमा क्रमश: राजनीतिक रङ, भनसुन, चिनाजान, दयामाया आदिको घुन लाग्न थालेको थियो; तापनि २०४६ सालसम्म

चाहिँ यस पुरस्कारको स्रष्टा या पर्यवेक्षकले त्यति कुरा काट्न सकेका थिएनन् । मदनशमशेर भन्ने मान्छे जसरी जाँडरक्सी र रन्डीबाजमा दरिए त्यसरी नै केदारमणि दीक्षितदेखि कमलमणि दीक्षितसम्मले मदनशमशेरलाई चोखो, सत्य र पवित्र बनाउने प्रयासमा खोलिएको मदन पुरस्कार अन्ततः नेपाली समाजमा एउटा मूर्धन्य पुरस्कारका रूपमा स्थापितचाहिँ भइछाडचो ।

(ख) '**मानवताको कलङ्क : जातपात र छुवाछुत प्रथा**' : मोदनाथ प्रश्रितकृत 'मानवताको कलङ्क : जातपात र छुवाछुत प्रथा'नामक प्रबन्ध २०१९ सालमा छापिएको थियो । 'आमाको आँसु'नामक कवितासङ्ग्रहमा यो प्रेसित छ । यस कृतिमा वैदिक कालदेखि हालसम्मको प्रसङ्गका कथन गाँसिएका छन् ।

अछुत नाउँ मेटेर एउटै लहरको शिक्षा, एकै प्रकारको वर्गीय सोच, एकअर्काप्रतिको भ्रातृत्वप्रेम र मानवता कहिले देख्न पाउँला भन्ने बेहोरा 'मानवताको कलङ्क : जातपात र छुवाछुत प्रथा' कृतिको मेरुदण्ड हो । मोदनाथ प्रश्रितको सांस्कृतिक नेतृत्वको जरा पनि यहीँबाट पलाएको पाइन्छ ।

२०२२ सालको कुरा हो– मोदनाथ प्रश्रितले अर्घाखाँची खिदिमनिवासी गोपी दमाईंको घरमा पौराणिक कथा भनेका थिए । कथा वाचन गरेपछि उनले त्यहाँ दमाईंकै हातबाट प्रसाद लिएर खाए र स्रोताहरूलाई पनि खुवाएका थिए । त्यसपछि यी घरदेखि गाउँसम्मका ब्राह्मणहरूको खिसीटिउरी, अपमान, बेइज्जती र अन्ततः बहिष्कारसम्मका सिकारसमेत पनि भए । उनलाई यो पनि दमाईं भयो भनेर जातबाट पनि काडे । त्यति मात्र होइन बिहेबारी र सभाहरूमा उनलाई नातेदार, आफन्त र गाउँलेहरूले पनि बोलाउन छाडे । दसैँजस्तो महान् चाड पनि उनका लागि एक्लो भयो । उनी पनि अछुत नै जस्तो भए ।

घर र गाउँबाट जति नै अपमानित भए तापनि मोदनाथ प्रश्रितले टेरपुच्छर लगाएनन् । त्यति बेला पनि उनी बाटामा जोजसलाई भेट्थे, दुवै हात जोडेर 'जय मानवता !' भन्थे । साथै कसैलाई चिठी लेखेर अन्त्यमा पनि उनी 'जय मानवता' नै लेख्थे । लेख्दालेख्दै उनले आफ्नो महाकाव्यको नाउँ पनि 'मानव' राखे । 'जय मानवता'को फेरोमा बसेर नै उनले शान्ता भट्टराईको नाउँ पनि शान्ता मानवी राखेका थिए ।

२०१९ सालको कुरा हो– राजा महेन्द्रद्वारा प्रतिपादित संविधान निस्केपछि मोदनाथ प्रश्रित खुसी भए । जब उनका हातमा संविधान पुग्यो तब उनी दलितहरू बटुलेर वनभोज गए । अनि क्रमश: दलितहरूसहितको जुलुस बोकेर उनी उनलाई बहिष्कार गर्ने ब्राह्मणका घरघरमा पुगे । त्यस बेला यिनका हातमा राष्ट्रिय झन्डा हुन्थ्यो । साथै त्यस बेला यिनीहरूको नारा थियो– 'नेपालको संविधान जिन्दाबाद !' जातपातको भेदभाव गर्नेहरू मुर्दावाद !'

(ग) '**जातपातको सङ्क्षिप्त इतिहास**' : मोदनाथ प्रश्रितको दलित समस्या समाधानको बाटो केन्द्रित 'जातपातको सङ्क्षिप्त इतिहास' प्रबन्ध कृति हो ।

### ३. **नारीमुक्ति आन्दोलन**

मान्छेको गुण हेरेर त्यसको कदर गर्ने मोदनाथ प्रश्रितको किशोरावस्थादेखिकै परिपाटी थियो । उनले खास गरेर 'मानव' महाकाव्य लेखेदेखि नै यो लहरलाई औपचारिकता दिएका थिए । 'मानव' महाकाव्यको मुख्य पात्र सरिताले आफ्नो लोग्नेले विश्वकर्माकी छोरीबाट अवैध रूपमा जन्माएको शिशु बचाउन, हुर्काउन र बढाउन धेरै कष्ट खेप्नुपरेको थियो । यस प्रयोजनका लागि सरिताले घरबार नै पनि छोडेकी थिइन् । वास्तवमा सरिताको उच्च मानवीय गुण पनि थियो । प्रश्रितले सरितालाई उठाएर जातभातको कुप्रथालाई पनि समाजबाट लखेट्ने प्रयत्न गरे ।

(क) '**नारी बन्धन र मुक्ति**' : मोदनाथ प्रश्रितका कृतिहरूमध्ये 'नारी, बन्धन र मुक्ति'ले पनि प्रसिद्धि हासिल गऱ्यो । मार्क्सवादी दृष्टिकोणबाट प्रश्रितले महिला मुक्तिका समस्या र समाधानको बाटो खोजे । उनले नारीबाटै सशक्त नारी जागरणमा हुनुपर्छ भन्ने बेहोरा उल्लेख गरे । नेपाली भाषासाहित्यका त्रिनारीको क्रान्तिकारी भावनाको तथ्य उनले यसै कृतिमार्फत प्रकाश पारे । एउटै हारमा राखेर प्रेमराजेश्वरी, गोमा र पारिजातको भूमिकाको व्याख्या गर्ने उनी पहिलो व्यक्ति मानिन्छन् । त्यही प्रसङ्ग गाँसिएर नइ प्रकाशनको सौजन्यमा त्रिमूर्ति निकेतनबाट त्रिनारीरत्नको सालिक निर्माण हुन लागेको हो ।

मोदनाथ प्रश्रितलाई कुशल सङ्गठनकर्ताका रूपमा नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी लेनिनवादी)ले पत्याएको थियो । त्यहीअनुसार 'नारी बन्धन र मुक्ति' लेखेपछि कम्युनिस्ट पार्टीले उनलाई एक पटक महिला विभागको नेतृत्वसमेत सुम्पेको थियो । त्यस घडी पनि नारी जागरणका लागि उनले मन, वचन र कर्मले आफ्नो गच्छे अर्पण गरेका थिए । 'नारी वन्धन र मुक्ति'चाहिँ शान्ता मानवीले नै चासो राखेर आफ्ना गहनासमेत बेचेर छापेकी थिइन् ।

(ख) '**शीलाको अठोट**' : मोदनाथ प्रश्रितले नारी जागरणमा आधारित 'शीलाको अठोट'नामक नाटक पनि लेखे । यस नाटकमा आधारित उनले गाउँगाउँमा आफैँ नाटक खेलेर पनि नेपालका नारीहरूको अवस्था प्रस्तुत गरे । तर यस पाण्डुलिपिले प्रकाशनको दैलोचाहिँ देख्न पाएन ।

(ग) '**यहाँ सीता खोज्नेले राम बन्न सक्नुपर्छ**' : मोदनाथ प्रश्रितले नारीको आदर्शमा केन्द्रित भएर 'यहाँ सीता खोज्नेले राम बन्न सक्नुपर्छ'नामक नाटक पनि लेखे । त्यस नाटकलाई सुरुमा उनले अर्घाखाँचीको खिदिममा प्रदर्शन गरेका थिए । यो नाटक लुम्बिनी अञ्चलाधीश टेकबहादुर रायमाझीकी श्रीमती मनोरमा रायमाझीको

आग्रहमा प्रश्रितले लेखेका थिए । त्यस बेला प्रश्रितकै निर्देशनमा श्रीमती रायमाझी र अरू नारीहरूले सो नाटक मञ्चन गरेका थिए । त्यस नाटकलाई हेरेपछि टेकबहादुर रायमाझी प्रश्रितसँग रिसाएका थिए । त्यस घडी रायमाझीले भनेका थिए– 'प्रश्रितले हाम्रो परिवारलाई बिगार्‍यो, त्यसलाई डाँडा कटाउनुपर्छ या खोरभित्र हुल्नुपर्छ ।' तर त्यतिन्जेलमा त्यस नाटकले त्यस ठाउँको जनमन छोइसकेको थियो ।

मोदनाथ प्रश्रितले नाटक मञ्चन गरेको एकाध महिनामा अञ्चलाधीश रायमाझीको ठाडो आदेशमा प्रश्रित पक्राउ परेका थिए । त्यति बेला विद्यार्थी आन्दोलन पनि भइरहेको थियो । त्यही निहुँ पारेर प्रश्रितलाई पक्राउ गरिएको थियो । तर 'प्रश्रितले हाम्रो परिवारलाई बिगार्‍यो' भन्ने कारणले नभई 'बुद्धलाई बन्दुक बोकाएर नाटक देखाएबापत' प्रश्रितले जेल जानु परेको बेहोरा रायमाझीदम्पतीकी छोरी तारा रायमाझीले नरेन्द्रराज प्रसाईलाई बयान दिएकी थिइन् ।

मोदनाथ प्रश्रितले नेपाली संस्कृतिमा चल्दै आएको रूढिवादी प्रथा र अन्धविश्वासलाई चिर्न धेरै साहस गरेका थिए । उनले कहिले लेखेर, कहिले बोलेर, कहिले काम गरेर यस बारेको भ्रम निवारणमा आफ्नो यात्रा चलाएका थिए ।

# मोदनाथ प्रश्रितको साहित्यिक पत्रकारिता

मोदनाथ प्रश्रितले किशोरावस्थादेखि नै साहित्यिक पत्रकारितामा आफूलाई संलग्न गराउँदै ल्याएका थिए । २०१५ सालमा खिदिमको हरिहर संस्कृत पाठशालाबाट प्रकाशित वार्षिक मुखपत्र 'किरण'को उनी सम्पादक भएपछि उनले साहित्यिक पत्रकारिताको इतिहास सुरुआत गरेका थिए ।

मोदनाथ प्रश्रितले बनारस नेपाली छात्र सङ्घबाट वार्षिक रूपमा प्रकाशित हुने 'छात्रप्रवाह'को २०१९ सालमा सम्पादन गरेका थिए । त्यस पत्रिकाको सम्पादक भएपछि उनी यस मामलामा विशेष चर्चित पनि भएका थिए ।

मोदनाथ प्रश्रित २०२२ सालमा 'लुम्बिनी साहित्य परिषद्'बाट प्रकाशित 'गुराँस' त्रैमासिकको सम्पादक भए । त्यस पत्रिकाले उनको साहित्यिक पत्रिकाको सम्पादकमा उचाइ ऊनै बढाएको थियो ।

मोदनाथ प्रश्रितको साहित्यिक पत्रकारितामा २०१५ सालदेखि २०२२ सालसम्म सामाजिक अभियान थियो । अनि २०२९ सालदेखि उनी राजनैतिक दृष्टिकोण राखेर उनको सम्पादनमा साहित्यिक पत्रिका चलेको थियो । प्रश्रितको सम्पादनको 'मुक्तिमोर्चा'नामक सांस्कृतिक पत्रिकाले समेत राजनैतिक नारालाई प्रश्रय दिन थालेको थियो । पछि त्यस पत्रिकालाई नेपाल कम्युनिस्ट पार्टी (माले)ले आफ्नो मुखपत्र

बनाएको थियो । अनि त्यसको सम्पादकमा प्रश्रित नै रहेका थिए । त्यस बखत प्रश्रितले आफ्नो भूमिगत नाउँ 'असीम' राखेका थिए । असीमका नाउँबाट पनि उनका लेखहरू आइरहे ।

मोदनाथ प्रश्रितकै सम्पादनमा नेपाल कम्युनिस्ट पार्टी (माले)ले 'युगदूत' त्रैमासिक प्रकाशनमा ल्याएको थियो । यो पत्रिका नेपालमा कम्युनिस्ट आन्दोलनको प्रचारप्रसारमा नै केन्द्रित थियो ।

'भृकुटी' त्रैमासिक मोदनाथ प्रश्रितको विशुद्ध सांस्कृतिक पत्रिका लामै समयसम्म रह्‌यो । यसमा कुनै प्रकारका राजनैतिक रङ्गहरूले प्रवेश पाएनन् । लिखत पाण्डेको प्रकाशनमा प्रस्तुत 'भृकुटी' नेपाली भाषासाहित्यको अर्को एउटा उत्कृष्ट पत्रिकाका रूपमा स्थापित भयो ।

मोदनाथ प्रश्रितका घरमा जतिसुकै ठूलो आर्थिक चोट परे तापनि उनी कहिले पनि हतोत्साही भएनन् । बरु उनले अनेक दुक्ख गरेर, कस्ट खेपेर र विगत भोगेर आफ्नो घरको समस्या टार्दै जान थालेका थिए । उनले कुनै बेला बनारसमा प्रेसको कम्पोज पनि गरेका थिए । त्यति बेला अहिलेजस्तो कम्युटरद्वारा अक्षर लेखिएर छापिन जस्तो सजिलो अवस्था थिएन । त्यसैले त्यस समय एउटाएउटा सिसाका अक्षर हातले जोडेर शब्द बनाइने प्रचलन थियो । अनि त्यसैलाई लेटर प्रेस भनिन्थ्यो । बनारस पढेताका पनि उनले केही समय कम्पोजिटरमा काम गरेका थिए ।

२०२१ सालमा पाल्पाको तानसेनमा अञ्चलस्तरीय साहित्य सम्मेलन भएको थियो । त्यस सम्मेलनमा मोदनाथ प्रश्रितले पनि भाग लिएका थिए । साथै प्रतियोगितात्मक सम्मेलनमा उनी प्रथम भएका थिए । त्यही सम्मेलनपछि प्रश्रितहरूले 'लुम्बिनी साहित्य परिषद्' स्थापना गरे । त्यसै बेला उनलाई 'लुम्बनी सन्देश' साप्ताहिकको सम्पादक बन्ने अनुरोध आयो ।

२०२२ सालको कुरा हो– मोदनाथ प्रश्रित लुम्बिनी अञ्चल पञ्चायतको मुखपत्र 'लुम्बिनी सन्देश'को सम्पादक बने । तर खासखास समयमा उनी त्यस पत्रिकाको आफैँ पनि कम्पोज गर्थे, आफैँ ट्रेडिल यन्त्र पनि चलाउँथे र आफैँ बाइन्डिङ पनि गर्थे । त्यतिखेर बिजुलीको व्यवस्था पनि थिएन र छाप्ने मेसिन खुट्टाले चलाएर काम गर्नुपर्थ्यो । अनि त्यसरी प्राप्त भएको आम्दानीले उनी घरखर्च पुऱ्याउने काम गर्थे ।

मोदनाथ प्रश्रित सानैदेखि गुणी, परिश्रमी र तीक्ष्ण बुद्धिका थिए । त्यसैले उनी धेरैका भरपर्दो पनि थिए । उनको हरिहर संस्कृत पाठशालाप्रतिको लगन, समर्पण र निष्ठाका कारण उनलाई सबै गुरुहरूले पनि माया, प्रेम र स्नेह गर्थे । त्यति मात्र होइन, गुरुजनले उनले भनेको कुरा पनि सुन्ने गर्थे । त्यही परिणामले गर्दा हरिहर संस्कृत पाठशालाको छात्र सङ्घको मुखपत्र 'किरण' प्रकाशनका लागि उनैले प्रस्तावना गरे । अनि यो बेहोरा सबैका लागि उचित लाग्यो र उनैको सम्पादनमा 'किरण' प्रकाशनमा आएको थियो । त्यो पत्रिका अर्घाखाँची जिल्लाको प्रथम प्रकाशित पत्रिका थियो । 'लुम्बिनी सन्देश'मा उनले तीन वर्ष आफ्नो सीप प्रस्तुत गरेपछि 'गुराँस' साहित्यिक त्रैमासिकको सम्पादन पनि गरेका थिए । यिनै अनुभवका कारण उनले पछिल्ला दिनहरूमा नेपाल कम्युनिस्ट पार्टीसँग सम्बन्धित 'नयाँ जनवाद', 'वर्गसङ्घर्ष', 'मुक्तिमोर्चा' आदि पत्रिकाको पनि सम्पादन गरेका थिए । साथै उनले २०४४ सालदेखि २०७१ सालसम्म केही पत्रिकामा स्तम्भकार भएर पनि आफ्ना दृष्टिकोणहरू प्रस्तुत गरिरहे । त्यतिखेर उनले साप्ताहिक, दैनिक पत्रिकामा आफ्ना स्तम्भहरू लेखिरहेका थिए । त्यस क्रममा दैनिक पत्रिकाहरूमध्ये 'राजधानी'मा दुई वर्ष, 'कान्तिपुर'मा आठ वर्ष र 'अन्नपूर्ण पोस्ट'मा दुई वर्ष साप्ताहिक रूपमा उनले स्तम्भ लेखेका थिए ।

# मोदनाथ प्रश्रितको कलाकारिता

मोदनाथ प्रश्रितलाई बाल्यकालदेखि नै चित्रकारिताको पनि सोख थियो । त्यसै बेलादेखि उनी भुइँमा पनि चित्र कोर्ने गर्थे । पछिपछि बालुवाको थुम्को बनाएर पनि मूर्तिको नमुना बनाउने गर्थे । खास गरेर उनी हरिहर संस्कृत विद्यालयमा पढ्दा चित्रकारिताका लागि थप लोभिएका थिए । त्यस विद्यालयमा अध्ययनरत बाबुहरि ज्ञवालीले पनि चित्र कोर्थे । उनी राम्रा चित्र बनाउँथे । उनले बनाएको चित्र हेरेर बाल्यकालमा नै प्रश्रितलाई पनि चित्र बनाउन जाँगर चलेको थियो ।

बाबुहरि ज्ञवाली आफ्नो चित्रकारितामा गौरव गर्थे । उनी आफूले बनाएको चित्रको खुबै जतन गर्थे । त्यसैले उनले बनाएका चित्र कसैले पनि छुन पाउँदैनथ्यो । उनले बनाएको चित्र कसैलाई हेर्न मन लाग्यो भने अलि परबाट उनैले देखाइदिन्थे । त्यही क्रममा मोदनाथ प्रश्रितलाई पनि उनले आफ्नो चित्र परैबाट हेर्न निर्देशन दिन्थे । तर प्रश्रित नजिकैबाट उक्त चित्र हेरेर त्यसको नक्कल गर्न चाहन्थे । भनौँ, बाबुहरि ज्ञवालीका चित्र हेरेर उनी पनि आफू त्यस्तै चित्र बनाउन चाहन्थे । अनि प्रश्रित जतिजति चित्रको छेउ जान्थे, ज्ञवाली उनलाई भन्ने गर्थे– 'नजिक नआऊ, मेरा चित्रमा छिटा पर्छ ।' त्यस बेलाको उनका संवादले प्रश्रितको बालहृदय कुँडिएको थियो ।

मोदनाथ प्रश्रितका लागि त्यति बेला बाबुहरि ज्ञवाली नै पृथ्वीमा 'सर्वोत्कृष्ट' चित्रकार थिए । त्यसैले ज्ञवालीले गाउँका केही घरमा

बनाएर टाँसेका चित्र पनि देख्न थाले । अनि प्रश्रितले तिनै चित्र हेरेर आफूलाई पनि सोही चित्र अनुवादमा क्रियाशील पार्न थालेका थिए । उनी त्यसैमा एकोहोरो हुँदाहुँदै चित्रहरू बनाउन जान्ने भइसकेका थिए ।

मोदनाथ प्रश्रितले सुरुमा चित्र बनाएर आफ्ना आमाबुबालाई देखाउँदा उनी छ वर्षका थिए । घरबाट पनि जस पाएपछि उनले त्यसैलाई निरन्तरता दिन पनि थाले । त्यसपछि उनी चित्रकारितैमा पनि लग्गू भएर लागे । वास्तवमा सानैदेखि उनी जुन काममा लाग्थे पूर्ण रूपमा ध्यान दिएर नै लाग्थे । चित्रकारितामा उनको मनमस्तिष्क बसिसकेपछि किशोरावस्थाको चुलीमा पुगेर उनले 'प्रश्रित कलाकुटी' नाउँको संस्था पनि सञ्चालन गरेका थिए । अनि त्यही संस्थाबाट उनले वाराणसेय संस्कृत विश्वविद्यालयमा चित्रकला प्रदर्शनीको आयोजना गरेका थिए । २०१८ सालको कुरा हो, उनले दुईदिने चित्रकला प्रदर्शनी गरेपछि उनी विश्वविद्यालयका कुलपतिबाट सम्मानित भएका थिए । त्यस सम्मानले उनलाई चित्रकलाप्रति उत्प्रेरणा जगाएको थियो । त्यसै बखत उनका साथीहरू पनि उनको कृत्यबाट प्रभावित भएका थिए । त्यसपछि उनी उत्साहकै शिखर आरोहणमा लम्केका थिए । परिणामस्वरूप उनले पश्चिम नेपालका ठाउँठाउँमा चित्रकला प्रदर्शनी पनि गर्दै गए । २०२२ सालदेखि तीन वर्षसम्म उनले रूपन्देहीको भैरहवा र बुटवल अनि गुल्मीको रिडी र नवलपरासीको त्रिवेणीसमेतमा चित्रकला प्रदर्शनी गरेका थिए । त्यस बेलाको चित्रकला प्रदर्शनीबाट उनको नाउँ निकै चम्केको पनि थियो ।

मोदनाथ प्रश्रितले बाल्यकालदेखि नै बालुवा र माटाका मूर्ति बनाउन पनि सिकेका थिए । उनी हरदम आफ्नो सीपमा लागिरहने भएकाले स्कुल पढेका बेला उनले आफ्ना गुरुहरूबाट पनि स्याबासी पाउँथे । उनी आफूले बनाएका मूर्तिहरू आफ्ना बुबाआमालाई पनि देखाएर प्रोत्साहन पाउँथे । बुबाआमा र गुरुजनहरूको प्रोत्साहन

पाएर नै उनले छिटोभन्दा छिटो मूर्ति बनाउन पनि जान्दै गए। अन्ततः उनी माटोका मूर्ति बनाउने कालिगडजस्तै हुन थाले। परिणामस्वरूप उनले बनाएको देवीको राम्रो मूर्ति त्यतिखेर बाजागाजा र लस्करका साथ खिदिमको खुलौलेको मालिका मन्दिरमा दसैँको बेला स्थापना गरिँदा उनका खुट्टा भुइँमा थिएनन् । त्यस बेला उनी तेइस वर्ष लागेका थिए । त्यस घटनाले उनी थप यसैमा डुब्न थाले । वास्तवमा त्यो बेहोरा उनको जीवनमा बिर्सिनसक्नुको उत्प्रेरक घटना थियो । त्यसो त उनले बनाएका शिव, सरस्वती आदिका मूर्ति विभिन्न ठाउँमा राखिएका थिए ।

मोदनाथ प्रश्रित मूर्तिकला र चित्रकलामा बराबरी लाग्दै गए । तर उनी बौद्धिक अध्ययनशील भएका हुँदा मूर्तिका लागि सामग्री सङ्कलन गर्न पनि उनका निम्ति त्यति सहज थिएन । तर पनि उनी मूर्तिकलाका लागि अरूलाई प्रोत्साहन दिइ नै रहन्थे। उनी भने मूर्तिकलालाई छाडेर चित्रकारितामा नै संलग्न हुन थाले। उनले आफ्ना बुबाआमादेखि पृथ्वीनारायण शाहसम्मका चित्र पनि बनाए । साथै उनीद्वारा धेरै पत्रिका र अरूका कितापहरूका आवरण पनि बन्दै जान थाले । यसै गरेर उनले आफ्ना कृतिहरूको पनि आवरणचित्र बनाउन थाले । खास गरेर उनले आफ्नो कृति 'मानव' महाकाव्यका भित्री पृष्ठहरूमा पनि उनी स्वयम्बाट निर्मित चित्रहरू समावेश गराए ।

मोदनाथ प्रश्रितलाई आफ्नो चित्रकलाको सङ्ग्रह गरेर बेग्लै कृति प्रकाशनमा ल्याउने खुबै रहर थियो। रहरैरहरमा उनका चित्रकलाहरू पञ्चायती प्रशासनले लुटेर लाँदै जलाउने गरेको थियो । यसबारे उनले लेखे– 'दुक्खको कुरा पञ्चायती निरङ्कुश व्यवस्थाले मलाई जेलमा जाकेपछि तत्कालीन प्रशासनले मेरा सयकडौँ पुस्तकहरू लुट्ने र उठाउने क्रूर कर्मको अभियान थालेको थियो । त्यस बेला ती आततायीहरूले धेरै परिश्रमले बनाएका र विभिन्न ठाउँमा प्रदर्शन गरिएका मेरा चित्रहरू घरबाट लुटेर लगी जलाइदिनेसम्मका कुकर्म

गरेका थिए । मेरो युवाकालका ती सिर्जनाहरूको हत्याले अहिलेसम्म पनि मेरो मन पोलिरहेको छ ।

'पछिल्लो चरणमा मलाई पनि आफ्ना चित्रहरूको शृङ्खला प्रकाशित गर्ने रहर त बाँकी थियो । तर युवा उमेरमा जस्ता जीवन्त चित्रहरू बनाउन नसके पनि केही बाँकीटाँकी पुराना र नयाँ चित्रहरूको चित्रावली मात्र प्रकाशित गर्न सकिन्थ्यो । नइ प्रकाशनले मेरो चित्रावली प्रकाशन गरिदिएकोमा मेरो भत्केको सपना फेरि ब्यूँझेको छ ।' नइकै आयोजना र मोदनाथ प्रश्रितकै उपस्थितिमा 'मेरो चित्रकारिता' कृतिको शताब्दी पुरुष डा.सत्यमोहन जोशीले २०७४ सालमा लोकार्पण गरेका थिए ।

मोदनाथ प्रश्रितले जीवनयापन गर्ने काममा धेरै दुक्ख, कष्ट र हन्डर खेपे । जीवन परिचालनका लागि उनले अनेक उपाय सोचे । अनि उनले बनारसमा नै सिकेको अर्को पेसा नेपालमा आएर अपनाएका थिए । अथवा भनौँ, उनले आर्थिक आर्जनका लागि अरूका घरका डिजाइन कोर्नेदेखि साइनबोर्ड बनाउने कामसमेत गरे । २०२२ सालको कुरा हो– सुरुमा उनले गुल्मी, तम्घासमा साइनबोर्ड बनाउने पसल खोलेका थिए । त्यस पसलको नाम थियो– 'प्रश्रित कलाकुटी' । त्यो कुटी त्यसै सन्दर्भमा बनारस पढ्नका लागि थप आर्जन गर्न सहयोगी बनेको थियो । त्यस ठाउँमा उनले सात महिनाजति मात्र साइनबोर्ड बनाउने काम गरे । साथै त्यसै बखत उनले 'मानव' महाकाव्य पनि लेखिरहेकै थिए ।

मोदनाथ प्रश्रित गुल्मी, तम्घास बसेको बेला उनले प्रश्रित कलाकुटी सञ्चालन गरेका बेला गुल्मी जिल्लाभरिका प्राय:जसो विद्यालय, कार्यालयका साथै अर्घाखाँचीका विद्यालयहरूका साइनबोर्डसमेत प्रश्रितले नै बनाउने गर्थे । त्यसै सन्दर्भमा उनले उपल्लो तम्घासमा दैनिक रूपमा बिहानको समय रोग उपचार कक्षा पनि सञ्चालन गरेका थिए ।

साइनबोर्ड बनाउन व्यस्त भइरहेकै बेला मोदनाथ प्रश्रितलाई स्कुल पढाउन निम्ता आएको थियो । अर्थात् अर्घाखाँची बल्कोटको विद्यालयले उनलाई अध्यापकको रूपमा बोलाएको थियो । त्यहाँ उनले लगभग एक वर्षजति अध्यापन गरेका थिए ।

स्कुलमा पढाएकै समयको कुरा हो, पाल्पा तानसेनमा अञ्चलस्तरीय साहित्य सम्मेलनमा साहित्यकारहरूसहित मोदनाथ प्रश्रित पनि आमन्त्रित भएका थिए । सम्मेलनमा गद्य र पद्य दुवै विधाका विषयमा उनका दुईओटा नै रचना उत्कृष्ट ठानिएका थिए र उनी पुरस्कृत पनि भए । त्यस सम्मेलनको आयोजना रूपन्देही जिल्ला समितिका सचिव रवीन्द्रनाथ शर्माले गरेका थिए । पुरस्कृत भएपछि उनले प्रश्रितलाई भनेका थिए– 'हामीले अञ्चलस्तरबाट एउटा साप्ताहिक पत्रिका प्रकाशन गर्ने योजना बनाएका छौँ । यदि तपाईंलाई समय मिल्छ भने त्यसको सम्पादनमा समय दिनुहोस् ।' अनि त्यसपछि नै उनले 'लुम्बिनी सन्देश' साप्ताहिक पत्रिका र तीनमहिने 'गुराँस' पत्रिका सम्पादन गरेका थिए ।

# मोदनाथ प्रश्रितको नेपाल प्रज्ञाप्रतिष्ठानसँगको नाता

मोदनाथ प्रश्रित नेपाली भाषासाहित्य, कला र संस्कृति भनेपछि हुरुक्कै हुने नाउँ हो । उनका लागि नेपाली मौलिक संस्कृति नै ठूलो मानिन्छ । त्यसैले उनले राजा महेन्द्रले परिकल्पना गरेर उभ्याएको नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानलाई झन् विकसित मोड दिन चाहे । वास्तवमा त्यो प्रज्ञाप्रतिष्ठानलाई मलजल गरेर त्यसको स्वरूपलाई अरु विकसित गर्ने काम प्रश्रितकै मन्त्रित्वकालमा भयो ।

२०१४ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले आफ्नो शिक्षा मन्त्रित्वमा नेपाली शिक्षा क्षेत्रलाई नेपालीकरण गरेका थिए । वास्तवमा देवकोटा मन्त्री हुनुअघि नेपालका स्कुलमा प्राय: हिन्दी भाषाका किताप पढाइ हुने गर्थे । राजा महेन्द्रको निर्देशन, सल्लाह र इच्छामा देवकोटाले स्कुल, कलेजबाट हिन्दी भाषालाई हटाएर नेपाली भाषामा मात्र पढाइ हुने व्यवस्था गरेका थिए । साथै उनले आफ्नो समकक्षी मन्त्री जनरल भूपालमानसिंह कार्कीसँगको सल्लाह, सहयोग र पहलमा त्रिभुवन विश्वविद्यालयका लागि कीर्तिपुरमा पाँच हजार रोपनी जग्गासमेत अधिकरण गरेका थिए । त्यस बेलाको शिक्षा विकासका लागि पचास रोपनी जग्गा नै पर्याप्त हुन्थ्यो । तर राजा महेन्द्रको सपना ठूलो थियो । त्यसैले देवकोटा आफ्नो मन्त्रित्वकालमा सफल भएका थिए । त्यसै गरेर मोदनाथ प्रश्रितले पनि मन्त्री भएपछि आफ्नो छवि देखाएर नै छाडे । उनले पनि आफ्नो मन्त्रित्व कालमा

अनेक अनौठा कृत्य गरेर नेपाली समाजलाई गुन लगाइदिए । उनले गरेका काममध्ये अर्को प्रमुख काम नै नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको विशेषता बढाउने प्रयत्न थियो ।

मोदनाथ प्रश्रितको मन्त्रित्वकालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानलाई अझ बृहत् स्वरूप प्रदान गरिएको थियो । जसअनुसार नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, नेपाल राजकीय सङ्गीत नाटच प्रज्ञाप्रतिष्ठान र नेपाल राजकीय कला प्रज्ञाप्रतिष्ठानको स्थापनाका लागि प्रश्रितले खाका तयार गरे । साथै उनैको योजनाअनुसार प्रज्ञाप्रतिष्ठानहरू पनि स्थापना भए । तर गणतन्त्रको आगमनसँगै राजा महेन्द्रबाट स्थापित 'राजकीय' भन्ने शब्दलाई राजाले अपनाएको भनेर नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको साइनबोर्डको 'राजकीय' भन्ने शब्दलाई केही उच्छृङ्खल कलाकारले आफैँ प्रज्ञाप्रतिष्ठानको धुरी चढेर कालो मसीले पोतिदिएका थिए । अनि त्यसबापत उनीहरूमध्ये किरण मानन्धरलाईचाहिँ पुरस्कारस्वरूप नेपाल कला प्रज्ञाप्रतिष्ठानको कुलपति नै समेत बनाइएको थियो । त्यस बेलादेखि नेपालका प्रज्ञाप्रतिष्ठानहरू प्राय: पूर्ण रूपले आफूलाई क्रान्तिकारी देखाउने र चाकरीदारहरूको घेराबन्दीमा सीमित हुन थाले । कतिसम्म भने प्रज्ञाप्रतिष्ठानहरू प्राय: दलवादी, नातावादी र कृपावादीहरूको नै एकाधिकारमा बन्धक हुन थालेको बेहोरा प्रश्रितले पनि देख्तै आउन थाले । राजकीय भन्ने शब्दलाई मेटेर प्रज्ञाप्रतिष्ठानहरूको गरिमा खच्काइएको तथ्य पनि प्रश्रितले महसुस गर्न थाले । तर त्यस बेलाको वातावरण नै त्यस्तै विकृतिले भरिएको थियो । मानौँ, 'राजकीय'को अर्थ 'राजा' हो कि भन्ने चाकरीले ओतप्रोत साहित्यकार र कलाकारलाई भ्रम भएको तथ्य प्रश्रितले पनि बुझेका थिए । धेरै जान्ने हुँ भन्नेहरूका हातमा शासनको बागडोर आएका कारणले संस्थाको काम कार्यवाही पनि अमर्यादितै हुन थालेको प्रश्रितले पनि टुलुटुलु हेर्नुपरेको थियो । त्यहाँबाट प्रकाशित गरिने कृति र प्रदान

गरिने प्राय: सम्पूर्ण पुरस्कारको पनि मर्यादा त्यसै गरेर खस्किन थालेको थियो । अन्तत: जेजस्तो भए तापनि प्रश्रितको पहलमा नेपाल प्रज्ञाप्रतिष्ठानहरूको आविष्कार भएको चाहिँ थियो । वास्तवमा महाकवि देवकोटापछाडि सबैको हितमा जुट्ने साहित्यिक मन्त्री प्रश्रित नै देखिन्थे । तर उनको दृष्टिकोणलाई पनि पन्छाउन थालिने क्रमको सुरुवात भएको थियो ।

नेपाल प्रज्ञाप्रतिष्ठानको अवस्था अति बिजोकै हुन थालेको थियो । उदाहरणका लागि नेपाल कम्युनिस्ट पार्टी एमालेको जिम्मामा संस्कृति मन्त्रालय भएका बेला मन्त्रालयबाट डा.मोदनाथ प्रश्रितलाई हर्ताकर्ता बनाएर प्राज्ञ छनौट समिति गठन गरिएको थियो । उनी छनौट समितिमा आएपछि राष्ट्रव्यापी रूपमा उनले स्रष्टाहरूको थप सर्वेक्षण गरेका थिए । सर्वेक्षणमा नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानको कुलपतिका लागि ख्यातिप्राप्त कलाकार विजय थापाको नाउँ छनौट भयो । थापा भन्नु एकातिर पुराना कलाकार र अर्कातिर विश्वविख्यात नेपाली कलाकार पनि मानिन्थे । त्यति मात्र होइन उनी राजा वीरेन्द्रलाई पनि चित्र सिकाउने गुरु थिए । यी सबै कारण जोडेर थापाको नाउँ संस्कृति मन्त्रालयमा पेस गरियो । प्रश्रितले प्रेसित गरेपछि मन्त्री, सचिव र मन्त्रालयका मान्छेहरूबाट पनि विजय थापालाई अनौपचारिक बधाई दिन थालियो । त्यति मात्र होइन प्रश्रितबाट विजय थापा कुलपति हुने बेहोरा पास भएपछि थापालाई मन्त्रालय बोलाइएको थियो । प्रज्ञाप्रतिष्ठानको कुलपति चढ्ने मोटर थापालाई लिन चाबेलस्थित थापागृह पठाइएको थियो । उनी त्यही मोटर चढेर मन्त्रालयमा पुगेका थिए । त्यतिखेर प्रश्रितले पनि उनलाई बधाई दिएका थिए ।

२०७५ साल पुस १६ गतेको कुरा हो– विजय थापालाई नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानको कुलपति पदको शपथ गर्न प्रधानमन्त्री खड्गप्रसाद वलीसमक्ष पुऱ्याइएको थियो । उनी

प्रधानमन्त्रीको कार्यालयमा टेकेपछि उनैका आँखाले के दृश्य देखे भने जुन पदमा उनलाई शपथ खान बोलाइएको थियो त्यसै पदमा कान्छाकुमार कर्माचार्यले शपथ गरिरहेका थिए । कान्छाकुमार कर्माचार्य भनेका नेपाल सरकारको हुलाक टिकट बनाउने कलाकारसमेत थिए र उनी शाखा अधिकृत स्तरमा टेकेपछि पेन्सन पाउने कर्मचारीको रूपमा अवकाश पाएका थिए । चित्रकारका रूपमा चाहिँ उनी कुशल थिए । उनको चित्रकारिता पनि अब्बल मानिन्थ्यो । कर्माचार्य कुलपतिमा बहाली हुनुभन्दाअघि त्यसै प्रतिष्ठानको सदस्यसचिवमा पनि मौजुदै थिए । तर त्यस बेलाको त्यस दृश्यले एकातिर विजय थापालाई भीरबाट चिप्लेर रसातल भास्सिएको अनुभूत भयो भने अर्कातिर आफ्नै पार्टीको सरकार र प्रधानमन्त्रीबाट नेपालको ख्यातिप्राप्त स्रष्टाको अपमान भएबाट प्रश्रितलाई पार्टी र सरकारको कामउपर वितृष्णा भएको थियो । त्यस घटनाबारे प्रश्रितले भनेका थिए– 'मलाई बेकारमा किन छनौट गर्ने ठाउँमा राखियो ? जबकि मैले कर्माचार्यको नाउँ सिफारिस गरेकै थिइनँ, उनलाई कसरी र कुन आधारमा कुलपति बनाइयो ?'

२०४६ सालपछि नेपालका प्रज्ञाप्रतिष्ठानका सम्पूर्ण मनोनयन प्रधानमन्त्रीबाट हुन थाले । त्यसपछि त्यहाँ प्राय: दलका कारिन्दाले मात्र ठाउँ पाउँदै आएको बेहोरा मोदनाथ प्रश्रितलाई पनि ज्ञात हुन थालिसकेको थियो । वास्तवमा सर्वमान्य प्राज्ञहरूको चयन होस् भन्ने प्रश्रितको मान्यता थियो र उनी मन्त्री भएपछि अरू दुईओटा प्रज्ञाप्रतिष्ठान पनि थपिएका थिए । तर उनको सोचलाई गलतमा अनुवाद गर्ने किसिमकै प्रधानमन्त्रीहरूको आगमन भइरह्यो । यति हुँदाहुँदै पनि प्रश्रित भन्न छाड्दैन थिए– 'प्रज्ञाप्रतिष्ठान भनेको वास्तविक प्राज्ञिकतालाई सही ढङ्गले छनौट गर्ने, राजनीतिक भेदभाव नगरीकन उत्कृष्ट प्रज्ञा भएका मान्छेलाई छनौट गर्ने, तिनको अधिकतम सिर्जनशीलतालाई सदुपयोग गर्ने र विकसित गर्नुपर्थ्यो; तर त्यसो भइरहेकै छैन । त्यसैले प्रज्ञाप्रतिष्ठानहरू रद्दी हुन थालेका छन् । रद्दी

हुन थालिसकेका मात्र छैनन्, अहिले त सबैभन्दा रद्दी भएको छ । खड्गप्रसाद वलीले मनोनीत गरेका प्राज्ञलाई पनि खोइ के प्राज्ञ भन्ने ? उनले त प्रज्ञाप्रतिष्ठानमा आगो नै लगाइदिए भने पनि हुन्छ । अहिलेका प्रज्ञाप्रतिष्ठानहरू पार्टी प्रतिष्ठानहरू भइरहेका छन् । पार्टीको नेताको जयजयकार गरेका भरमा प्राज्ञ भएपछि सकिएन त ? प्रज्ञाप्रतिष्ठानलाई जागिर खाने थलो नै बनाइयो ।'

प्रज्ञाप्रतिष्ठान एकातिर सत्ताधारीले आफ्ना भरियालाई सुरक्षित थन्क्याउने ठाउँ बन्यो र अर्कातिर यसको संरचना नै भताभुङ्ग पार्ने किसिमको खेल भइरह्यो । त्यसैले नइ जोडीले मोदनाथ प्रश्रितलगायत सरकारका मान्छेहरूलाई भन्न छाडेका थिएनन्– 'सरकारी प्रज्ञाप्रतिष्ठानहरूमा योग्य पात्र मात्र चुनियोस् र यसलाई एउटै छातामुनि राखेर नै चलाइयोस् ।' अनि पछिल्ला दिनमा नइको यस प्रकारको दृष्टिकोणमा प्रश्रित पनि केन्द्रित थिए (प्रज्ञाप्रतिष्ठानको ढाँचाबारे नरेन्द्रराज प्रसाईकृत 'शताब्दी पुरुष सत्यमोहन जोशी'नामक जीवनीकृति, २०७२ पृष्ठ १२९–१३० मा पनि यसबारे सङ्क्षिप्त विवेचना गरिएको छ) ।

मोदनाथ प्रश्रितले प्रज्ञाप्रतिष्ठानहरूको स्वर्णिम भविष्यका लागि अनेक सपना देखे । अन्त्यमा नपढेका प्रधानमन्त्री अर्थात् खड्गप्रसाद वलीका हातमा शासन गएपछि उनले साहित्य भन्ने कुन चराको नाउँ हो भनेर सोच्नै सकेनन् । कला, सङ्गीत र नाटक भनेको पनि शासकले नबुझेपछि नेपाल प्रज्ञाप्रतिष्ठानहरू पनि उँटजस्तै बन्न थालेको बेहोरा प्रश्रितले अनुभव गर्न थाले । वास्तवमा राजा, देवकोटा र उनका चेत, भावना र दृष्टिकोणलाई धारिलो हतियारले खुर्केको प्रमाण पनि नेपालका प्रज्ञाप्रतिष्ठानहरू नै साबित भएको प्रश्रितले पनि देख्तै आए ।

# मोदनाथ प्रश्रितको नेतृत्वमा देवकोटा शतवार्षिकी

नेपाली भाषासाहित्यको इतिहासमा साहित्यको विशाल पर्वका रूपमा राजधानी काठमाडौँमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकी समारोह मनाइएको थियो । नइ प्रकाशनको संयोजनमा त्रिमूर्ति निकेतनबाट आयोजित उक्त समारोह डा.मोदनाथ प्रश्रितको अध्यक्षतामा गठन भएको थियो ।

'त्रिमूर्ति निकेतन' भन्नु कविशिरोमणि लेखनाथ पौड्याल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको श्रद्धा, सम्मान र स्मृतिमा स्थापित संस्था हो । साथै त्रिमूर्ति निकेतनले काठमाडौँको सञ्चारग्राममा यी तीन विभूतिको पूर्ण कदको सालिक २०६१ सालमा स्थापना गरेको थियो । २००९ सालमा कविशिरोमणि, नाटचसम्राट् र महाकवि एकै साथ भारतको दार्जिलिङ पुगेका क्षण भारतीय त्रिरत्न सूर्यविक्रम ज्ञवाली, धरणीधर शर्मा र पारसमणि प्रधानबाट नेपालका तीन जना कवि 'त्रिमूर्ति'मा ससम्मान नामाङ्कित भएका थिए । त्यही 'त्रिमूर्ति' शब्दलाई स्थायित्व प्रदान गर्नेहेतु नइ प्रकाशनको संयोजनमा घटराज भट्टराई, नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईबाट त्रिमूर्ति निकेतनको स्थापना र त्रिमूर्तिका पूर्ण कदका सालिक निर्माण भएका थिए । त्रिमूर्ति निकेतनका सदस्यमध्ये एक जना सदस्य डा.मोदनाथ प्रश्रित पनि हुन् ।

२०६५ साल साउन ३१ गते त्रिमूर्ति निकेतनकी अध्यक्ष इन्दिरा प्रसाईको अध्यक्षतामा बसेको निकेतनको सभाले निकेतनका सदस्य डा.मोदनाथ प्रश्रितको अध्यक्षतामा 'लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकी समारोह समिति' अर्थात् 'महाकवि देवकोटा शताब्दी महोत्सव'को गठन गरेको थियो । साथै समारोह समितिका सदस्यसचिवका रूपमा त्रिमूर्ति निकेतनका संस्थापक तथा सदस्यसचिव नरेन्द्रराज प्रसाई नै रहने सभाले निर्णय गरेको थियो ।

•

नेपाली भाषा र साहित्यका क्षेत्रमा निरन्तर डेढ वर्षसम्म कुनै पनि व्यक्तिको शतवार्षिकी भव्य, आकर्षक र विशिष्ट किसिमले मनाइएको इतिहास पाइँदैन । साथै देवकोटाको शतवार्षिकीको अन्त्यमा काठमाडौँमा पाँचदिने प्रथम 'अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन' गरेर त्रिमूर्ति निकेतनले अर्को चमत्कारी कृत्य रोपेको थियो । यसैबारे महाकवि देवकोटा शतवार्षिकी महोत्सवका अध्यक्ष डा.मोदनाथ प्रश्रितले भनेका थिए– 'महाकवि देवकोटाजस्ता महान् व्यक्तित्वको स्मृतिमा अठारमहिने कार्यक्रम हामीले सञ्चालन गऱ्यौँ । ती कार्यक्रम सञ्चालन गर्दा धेरै समस्याहरू आए । ती पनि आआफ्ना ठाउँमा छन् र तिनलाई हामीले हरेक तरिकाबाट समाधान गर्ने प्रयत्न गऱ्यौँ । खास कुरा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको निरन्तरको खटाइ र उनीहरूको घरपरिवार र छोराछोरीहरूको रातदिनको खटाइ नभएको भए यस्तो काम हुन सक्ने थिएन र सयौँ जनाले गर्ने काम उनीहरूको घरपरिवार नै लागेर सम्पन्न भएको थियो ।'

'लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकी समारोह समिति'बाट जेजति कार्य भए, ती अचम्मै किसिमले नै सञ्चालित भए । त्यसैले समारोह समितिका अध्यक्ष डा.मोदनाथ प्रश्रितबाट पछिसम्म पनि यसबारे लेख्ने र बोल्ने काम भइ नै रह्यो– 'नेपाल भूमिमा पहिलो पटक भएको पाँचदिने 'अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन' पूर्ण

उल्लाससाथ सम्पन्न भयो । विश्वका तेह्र मुलुकबाट चार सय नेपाली स्रष्टा र मित्रराष्ट्रका स्रष्टा सहभागी भएको सम्मेलनले नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तारको ज्यादै रोचक तस्बिर प्रस्तुत गऱ्यो । सम्मेलनमा प्रस्तुत दर्जन कार्यपत्र र वक्तव्यहरूले स्पष्ट गरे– अब नेपाल राष्ट्रको भाषासाहित्य र संस्कृति केवल नेपालमा मात्र सीमित छैन, यसका विभिन्न अङ्ग विश्वका अनेक मुलुकमा फैलिँदै गएका छन् ।

मोदनाथ प्रश्रितको नेतृत्वमा 'महाकवि देवकोटा शताब्दी महोत्सव' अकल्पनीय रूपमा सम्पादन भयो । यसबारे मुक्तक सम्राज्ञी उषा शेरचनको प्रधान सम्पादन तथा प्रा.केशव सुवेदी र डा.शैलेन्दुप्रकाश नेपालबाट सम्पादित 'देवकोटा शताब्दी अभिलेख'नामक ग्रन्थ २०६७ सालमा त्रिमूर्ति निकेतनले प्रकाशनमा ल्यायो । त्यस ग्रन्थमा देवकोटा शताब्दीको प्राय: सम्पूर्ण अभिलेख समाविष्ट गरिएको छ । यति हुँदाहुँदै पनि मोदनाथ प्रश्रितले हाँकेको त्यो साहित्यिक पर्व कस्तो थियो भन्ने जानकारीका लागि सो समारोह समितिको अन्तिम बैठकका पदाधिकारी र सदस्यको निष्कर्षबारे मुक्तक सम्राज्ञी उषा शेरचनले 'देवकोटा शताब्दी अभिलेख' (२०६७) नामक ग्रन्थमा लेखेकी छन्–

'महोत्सवका सदस्यहरूले देवकोटा शताब्दी महोत्सव एकताको भावनामा आबद्ध एउटा नमुना समिति भएकोमा खुसी व्यक्त गरेका थिए । प्रथम अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलनलगायत योजनाअनुसार सम्पूर्ण काम अभूतपूर्व रूपमा सम्पन्न गरेको बैठकले ठहर गरेको छ ।'

महाकवि देवकोटा शतवार्षिकी समारोह समिति विघटन भएको घोषणा हुँदा मनभित्र एक प्रकारको शून्यपन भनौँ, कि कस्तोकस्तो प्रकारको नमीठो अनुभूति पनि एकैसाथ भएको थियो । बैठकको अन्त्यतिर प्राय: सबै सदस्यका आँखामा हर्षका आँसु छचल्किएका

थिए । एक घण्टा बस्ने भनिएको सो बैठक लगातार चार घण्टा चलेको थियो ।

महाकवि देवकोटा शताब्दी महोत्सवको अन्तिम बैठकमा महोत्सवका पदाधिकारी र सदस्यहरूले आआफ्ना मन्तव्य व्यक्त गरे । त्यस अवसरमा पदाधिकारी र सदस्यहरूले व्यक्त गरेको मन्तव्यको सारसङ्क्षेप यहाँ प्रस्तुत गरिएको छ–

• **डा.मोदनाथ प्रश्रित–** जो मान्छे आफ्नो लक्ष्यमा हिँड्छ, उसलाई जति नै बाधा, अड्चन, टीकाटिप्पणीका बाणहरू आए पनि अविचलित नभएर डटिरहेमा, बिनास्वार्थ लागिरहेमा सफल होइँदो रहेछ भन्ने ज्वलन्त उदाहरण प्रथम अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलनले पनि पेस गरेको छ ।

• **सत्यमोहन जोशी–** तेह्रओटा राष्ट्रको सहभागितामा पहिलो पटक अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन नेपालमा सम्पन्न हुनु भनेकै हामीले पनि आफैँमा एउटा इतिहास बनाउनु हो । यो सम्मेलन यसरी भयो कि यस्तो सम्मेलन नेपालमा 'न भूतो न भविष्यति' जस्तै भएको छ ।

• **खनप्रूदे (रामबाबू)–** हामीले डेढ वर्षसम्म लगाएर देवकोटा शताब्दी महोत्सव मनायौँ र योजना बनाएअनुसारका सबै कार्यक्रमहरू सफलताका साथ सम्पन्न भए पनि । साथै प्रथम अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलनसमेत ज्यादै प्रभावकारी रूपमा सम्पन्न भयो । म यो ऐतिहासिक क्षणको साक्षी मात्र नभएर यसको अभिलेख ग्रन्थ प्रकाशन गर्ने सुअवसरसमेत प्राप्त भएकोमा मलाई गौरव लागेको छ ।

• **श्यामप्रसाद शर्मा–** देवकोटा शताब्दी महोत्सवको अभियान सार्थक रूपमा समापन भयो । यसको आरम्भदेखि समापनसम्मका प्रत्येक कार्यक्रमहरू एकभन्दा अर्को राम्रो हुँदै गए । अन्ततः सम्पूर्ण कार्यक्रमहरू माथिल्लो कोटिमा दरिए ।

• **गोविन्द भट्ट–** महोत्सवका सम्पूर्ण कार्यक्रम अत्यन्तै सफलतापूर्वक सम्पन्न भएकोमा मलाई अत्यन्त खुसी लागेको छ । हामी फेरि दोहोऱ्याएर यस्तो कार्यक्रम गर्न सक्छौँ कि सक्तैनौँ; तर एक पटकचाहिँ हामीले गरेर नै देखाइदियौँ ।

• **डा.राजेन्द्र विमल–** दलितहरूका लागि समेत संवेदनशील र करुणाशील महाकवि देवकोटाले समेट्नुभएको आदर्श र महानतालाई जीवन्त पार्दै विविध किसिमका अति महत्त्वपूर्ण कार्यक्रम गरेर देवकोटा शताब्दी महोत्सव सम्पन्न भएकोमा सन्तोष लागेको छ ।

• **प्रा.डा.गार्गी शर्मा–** यस्तो ऐतिहासिक क्षणको साक्षी हुने अवसर प्राप्त भएकोमा म गौरवान्वित भएकी छु । यति सानो साधन र स्रोतमा पनि ठूलाठूला कार्यक्रम त्यो पनि अत्यन्त सफलताका साथ सम्पन्न भएकोमा ज्यादै हर्ष लागेको छ ।

• **प्रा.डा.चूडामणि बन्धु–** महाकवि देवकोटा शताब्दी महोत्सवका कार्यक्रमहरूको आफ्नै विशेषता रह्यो र यही महोत्सवबाट नेपाली भाषासाहित्यमा चिरस्थायी हुने कामहरू पनि भए ।

• **सुश्री शान्ता श्रेष्ठ–** मन, वचन र कर्मले काम गर्दा सोचेको भन्दा पनि राम्रो काम हुँदो रहेछ र यसका लागि धेरै धन र जनको पनि जरुरत नपर्ने रहेछ भन्ने महाकवि देवकोटा शताब्दी महोत्सवबाट मलाई अनुभूति भएको छ ।

• **प्रा.डा.अरुण सायमि–** मान्छेले चाहँदा जस्तो पनि काम गर्न सक्ता रहेछन् भन्नुको प्रमाण विगत डेढ वर्षसम्म सञ्चालित देवकोटा शताब्दी महोत्सवको साहित्यिक ढाँचाले छर्लङ्गै पारिदियो ।

• **रामशरण दर्नाल–** देवकोटा शताब्दी महोत्सव नेपाली भाषासाहित्यको इतिहासमा नै प्रेरक रूपमा अभिलिखित भयो ।

• **प्रा.डा.कुमारबहादुर जोशी–** अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन एउटा परम्पराको थालनी हो । नेपाली भाषासाहित्यका नाउँमा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्ने सोचाइ र सुसम्पन्न कार्यको सबै क्षेत्रबाट प्रशंसा हुनु यसको थप सफलता मानेको छु ।

• **नित्यराज पाण्डे–** देवकोटाको जीवनसँग घनिष्ठता राखेको व्यक्ति भएकाले मैले रोईरोई उहाँबारे किताब लेखेँ । त्यसै कारणले पनि उनासी वर्षको उमेर भएर पनि म यो समितिमा सदस्य हुन सकेँ, त्यसैमा मलाई गौरव लागेको छ । प्रथम अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलनजस्तो विशाल कार्य बिनाअवरोध सम्पन्न भएकोमा मलाई अपार आनन्द र हर्ष लागेको छ ।

• **हरि श्रेष्ठ–** मेरो अठासी वर्षको जीवनसम्ममा मैले यस्तो अभूतपूर्व सम्मेलन देख्न पाएको थिइनँ तर देख्ने सौभाग्य प्राप्त भयो ।

• **पं.श्यामदास वैष्णव–** पहिला नेपाली भाषालाई गरिब भाषा भन्ने गरिन्थ्यो र त्यही गरिब भाषालाई यति समृद्ध बनाउनमा उनै महाकवि देवकोटाको ठूलो हात छ । मलाई जीवनमा अधिकांश भाग देवकोटाकै सामीप्यमा बस्ने सौभाग्य प्राप्त भयो । देवकोटामा साहित्यप्रति जुन अनुराग रहेको थियो, त्यही अनुरागको प्रतिबिम्ब मैले नरेन्द्र र इन्दिरामा देखेको छु ।

• **प्रा.राजेन्द्र सुवेदी–** यो डेढ वर्षको दौरानमा चाहे राष्ट्रिय स्तरमा होस् वा अन्तर्राष्ट्रिय स्तरमा होस्, देवकोटा उत्तिकै लोकप्रिय र श्रद्धेय रहेछन् भन्ने सबैलाई ज्ञान भयो । साथै प्रथम अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलनले नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तार केकसरी भइरहेको छ भन्ने स्पष्ट छाप छाडेको छ; यो नै संसारभरिका नेपाली भाषीहरूका लागि गौरवको विषय बनेको छ ।

• **प्रा.ठाकुर पराजुली–** देवकोटा शताब्दी महोत्सव र प्रथम अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलनबारे हामीबाट जेजति भयो त्यो धेरै ठूलो स्तरमा भएको छ ।

• **सुश्री भद्रकुमारी घले–** महोत्सवले राष्ट्रिय स्तरमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमा समेत नेपाली भाषासाहित्यको महत्त्वपूर्ण छाप राख्न सफल भएकोमा मलाई ज्यादै खुसी लागेको छ ।

• **इन्दिरा प्रसाई–** मोदनाथ प्रश्रितलगायत सम्पूर्ण स्वनामधन्य अग्रजहरूसँग सहकार्यमा बिनारोकटोक, बिनाविवाद, बिनाअवरोध अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलनसमेत सम्पन्न गर्न पाउँदा मलाई अपार हर्ष लागेको छ । यस सफलताका कारण त्यस बखतका ती सबैसबै पीडाहरू आज गौण हुन पुगेकोमा भने मलाई यस बेला ज्यादै खुसी लागेको छ ।

• **नरेन्द्रराज प्रसाई–** प्रथमत: महाकवि देवकोटा शताब्दी महोत्सव यति भव्य रूपमा सञ्चालन भएकोमा सहभागी देशदेशान्तरका नेपाली भाषासेवीप्रति कृतज्ञता ज्ञापन गर्दछु । नेपालमा पहिलोपल्ट अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन हुनुलाई पनि नेपाली भाषा बोल्ने पृथ्वीभरिका मान्छेले नै गर्व मान्नुपर्छ । त्रिमूर्ति निकेतनका अध्यक्ष इन्दिरा प्रसाई, लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकी समारोह समितिका अध्यक्ष मोदनाथ प्रश्रित, अन्तर्राष्ट्रिय नेपाली भाषासहित्य सम्मेलनका संयोजक सत्यमोहन जोशीलगायत समितिका सदस्यहरूको एकअर्काप्रतिको विश्वास र नेपाली भाषासाहित्यप्रतिको निष्ठाका कारणले नै यस्तो अकल्पनीय काम पनि साक्षात् भएको हो ।

•

त्रिमूर्ति निकेतनले महाकवि देवकोटा शताब्दी महोत्सवकै अवसर पारेर अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन गर्ने निर्णय गरेर नेपाली भाषाको अन्तर्राष्ट्रिय विस्तारका लागि महत्त्वपूर्ण उपलब्धि प्राप्त भयो । साथै त्यस सम्मेलनको संयोजकमा शताब्दी पुरुष सत्यमोहन जोशीको मनोनयन हुनु भनेको त्यस योजना र कार्यक्रमको विशेष उपलब्धि नै थियो । वास्तवमा इन्दिरा प्रसाई र मोदनाथ

प्रश्रितको सकारात्मक विचार, सोच र दृष्टिकोण भएकै कारण जोशीले भनेझैँ उक्त सम्मेलन 'न भूतो न भविष्यति' जस्तै चिरस्मरणीय भएको थियो ।

महाकवि देवकोटा शताब्दी महोत्सव नेपाली भाषासाहित्यको फाँटमा एउटा बिर्सिनसक्नुको आयोजना थियो । अनेक व्यवधान उपस्थित भए तापनि मोदनाथ प्रश्रितजस्ता विशिष्ट स्रष्टाको नेतृत्वले यो कार्य सजिलै ढङ्गबाट साकार भएको थियो । वास्तवमा प्रश्रितको त्यस योगदानलाई नेपाली भाषासाहित्यको इतिहासले भविष्यका स्रष्टाहरूलाई अनन्तकालसम्म स्वर्णिम रूपमा प्रेरित गर्ने नै छ ।

# मोदनाथ प्रश्रितको देशविदेश भ्रमण

मोदनाथ प्रश्रितको बाल्यकाल अर्घाखाँची जिल्लाको खिदिम हर्राबोटकै सेरोफेरो र हरिहर संस्कृत पाठशालामा बितेको पाइन्छ । पछि अध्ययन एवम् राजनीतिक, सांस्कृतिक, साहित्यिक आदि क्षेत्रमा संलग्न रहँदै जाँदा उनले स्वदेश तथा विदेशको भ्रमण पनि गरे ।

मोदनाथ प्रश्रितले संस्कृत, आयुर्वेद र नेपाली साहित्यका विषयमा आचार्य एमएस्तरको शिक्षा प्राप्त गरेका छन् । विशेष गरी राजनीतिक सङ्गठन र प्रशिक्षण गर्ने सिलसिलामा प्रश्रितले नेपालका ७२ जिल्लाको भ्रमण गरे । अध्ययनका क्रममा २०१५ सालमा भारतको बनारस जाँदा उनले पहिलो पटक विदेशी भूमि टेक्ने अवसर पाएका थिए । विभिन्न समयमा भारतमा प्रवासी जीवन बिताउँदा उनले उत्तर प्रदेश, बिहार, दार्जिलिङ, सिक्किम, मध्यप्रदेश, दिल्ली, हरियाणा, आन्ध्रप्रदेश, आसाम, मेघालय आदि भारतीय प्रान्तको आधाजसो भागको भ्रमण पनि गरे ।

मोदनाथ प्रश्रितले विभिन्न समयमा विभिन्न उद्धेश्यले विभिन्न राष्ट्रको भ्रमण गरेका थिए । उनले जर्मनी, डेनमार्क, उत्तरकोरिया, बङ्गलादेश, चीन, थाइल्यान्ड, पाकिस्तान, अमेरिका र क्यानाडाको भ्रमण गरिसकेका छन् । प्रश्रित यस्ता भ्रमणबाट विभिन्न जाति, भाषा, धर्म, संस्कृति र सभ्यतासित परिचित हुन मद्धत मिल्ने कुरामा विश्वास गर्छन् । उनी संसारका जति देश गए, ती देशहरूबाट

उनले विविध कुरा सिकेर आए । उनले गरेका देशहरूको भ्रमण र ती भ्रमणको विषय यसरी प्रस्तुत भएको पाइन्छ–

१. **भारत**

मोदनाथ प्रश्रित सबभन्दा पहिले २०१५ सालमा भारतको काशी गएका थिए । उनले 'हितोपदेश'को मित्रलाभ खण्ड नेपालीमा अनुवाद गरेकाले त्यो किताप छपाउनका लागि उनी त्यस बखत बनारस गएका थिए । त्यतिखेर उनी पन्ध्र दिनजति त्यहाँ बसेका थिए । अनि उनले त्यसै बेला पुस्तक र पुस्तकालयसम्बन्धी पर्चा छपाएर नेपालमा ल्याएका थिए । त्यसै बेलाको कुरा हो, विद्वान् रमानाथ पौडेलले खिदिम हर्राबोटस्थित प्रश्रितकै निवासमा बनाएको 'श्यामशोभा पुस्तकालयको उद्घाटन गरेका थिए ।

मोदनाथ प्रश्रितले पछिल्ला दिनमा बनारस गई संस्कृत साहित्यमा सुरुमा मध्यमादेखि साहित्याचार्य अनि आयुर्वेदमा आचार्य पूरा गरेका थिए । उनले नेपालीमा एमएचाहिँ त्रिभुवन विश्वविद्यालयबाट गरेका थिए । बनारसमा पढेपछिका दिनमा उनले भारतका धेरैजसो भूभागमा विभिन्न सम्मेलन, प्रशिक्षण, पर्यटन आदि दृष्टिले भ्रमण गरेका थिए । उनी भारतमा सरदर दस वर्षजति बसेका थिए । त्यसै सन्दर्भमा उनले भनेका थिए– 'म भारतका आधाभन्दा बढी प्रान्तहरूमा नेपालीहरूका बीचमा पुगेर विविध कार्यक्रम, पर्यटन प्रशिक्षण आदिमा क्रियाशील भएको थिएँ ।'

२. **जर्मनी**

शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री भएको बेला डेनमार्कमा हुने 'विश्व शिखर सम्मेलन'मा भाग लिन मोदनाथ प्रश्रित पनि गएका थिए । सो विश्व शिखर सम्मेलनमा सहभागी हुने क्रममा २०५१ सालको फागुनमा उनी जर्मनी पुगेका थिए ।

जर्मनी पुगेका बेला उनीहरूलाई त्यहाँका पर्यटकीय केही दृश्यहरू, कृषि, पशुपालन, उद्योग र उच्चकोटिका औद्योगिक क्षेत्र

आदि घुमाइएको थियो । त्यतिखेरै उनीहरूलाई त्यहाँ कार्ल मार्क्सको घरका सबै कोठाहरू, कृतिहरू, बस्नेसुत्ने ठाउँ, पुस्तक, आलमारी आदिसमेत पनि देखाइएको थियो ।

३. **डेनमार्क**

मोदनाथ प्रश्रित शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री भएको बेला डेनमार्कको कोपेन हेगेनमा आयोजित 'विश्व शिखर सम्मेलन'मा भाग लिन गएका थिए । प्रधानमन्त्री मनमोहन अधिकारीको नेतृत्वमा सो विश्व शिखर सम्मेलनमा सहभागी हुने क्रममा २०५१ सालको फागुनमा उनी त्यहाँ पुगेका थिए ।

राजधानी कोपेन हेगनमा विश्व शिखर सम्मेलन थियो । त्यतिखेरै मोदनाथ प्रश्रितले अलि परको पङ्क्तिमा कमरेड फिडल क्यास्ट्रोलाई देखेका थिए । त्यतिखेर उनले फिडल क्यास्ट्रोसँग बसेर र उभिएर फोटो पनि खिचेका थिए । उनका लागि त्यस बेला धेरै आनन्द र सुखद समय थियो । साथै सम्मेलनकै वरपरको समयमा प्रश्रितहरूलाई त्यहाँका केही महत्त्वपूर्ण ठाउँहरूको पनि भ्रमण गराइएको थियो । त्यसै बेला उनीहरूले डेनमार्कबाट नेपाललाई दुग्ध विकास, वन तथा महिला विकास, प्राविधिक तालिम केन्द्र, संसद् सचिवालय सुदृढीकरण, गैरसरकारी क्षेत्रको सहकारिता, टुबोर्ग बियर कारखाना आदि विषयमा कसरी सहयोगी भएको रहेछ भन्ने नालीबेली पनि सुनाइएको थियो ।

४. **उत्तर कोरिया**

२०५१ सालको कुरा हो; मोदनाथ प्रश्रित, माधवकुमार नेपाल र वामदेव गौतमसहित किमइल सुङको निमन्त्रणामा उत्तर कोरिया गएका थिए । त्यसै बखत उत्तर कोरियाको समग्र राज्यप्रणाली के कस्तो स्थितिमा छ भन्ने बुझ्न र सिक्नलाई प्रश्रितले कमरेड किमइल सुङसँग अनुमति मागेका थिए । प्रश्रितको अनुरोध किमले सहर्ष स्विकारेका थिए । अनि त्यसै घडी प्रश्रितले किमलाई सोधे– 'तपाईं र कमरेड माओले करिब एकै समयमा क्रान्ति र निर्माण विधि

सञ्चालन गर्नुभयो । तपाईं र कमरेड माओको खासखास कार्यशैलीमा केकति समानता रह्यो र कति भिन्नता थियो ?' प्रश्रितको प्रश्नमा किमइल सुङको उत्तर थियो– 'कमरेड माओले पुराना जमिनदारको जग्गा अधिग्रहण गरी जनतामा वितरण गर्ने सन्दर्भमा अलि शक्तिको बल प्रयोग गर्नुभयो । मैले ठूलठूला चार जमिनदारहरूलाई जनताका सभाहरूमा बोलाउने र समान मर्यादासँग सँगै बसेर भनें– 'तपाईंहरूका पितापुर्खाले निकै मेहनत गरेर जग्गा जोड्नुभयो । गरिब किसानहरूलाई काम दिएर सहयोग पनि गर्नुभयो अब हाम्रो देश पुरानो सामन्ती प्रणालीलाई हटाएर जनमुखी मैत्रीभावसहित समानताको दिशातिर अगाडि बढाउनु छ ।'

मोदनाथ प्रश्रितका घतलाग्दा प्रश्नमा किमले आफ्नो भनाइलाई अघि बढाउँदै गए– 'अबको विश्व पुरानो शैलीमा अघि बढ्न सक्तैन । हाम्रो प्रणालीले अब सबै जनतालाई समान मर्यादा, समान आवास, समान शिक्षा, समान उत्पादनतिर सबैलाई अग्रसर गराउनुपर्छ । हामी सबै समान युगतिर बढ्दा सबैको समान मर्यादा हुन्छ । हाम्रो समाजवादमा सबै समुदायले सहकार्य गरेर समान जीवन बिताउने वातावरण बनाउनुपर्छ भनेपछि हाम्रो देशका जनताले त्यो कुरा सहज रूपमा स्विकारे । अहिले उत्तर कोरियामा कसैलाई पनि भोको, नाङ्गो, घर, अन्न, वस्त्रको कमी छैन । यहाँ सबैलाई रोजीरोटी र शिक्षाको व्यवस्था छ । हामीले सबैका लागि घर बनाउँछौँ । विवाह गर्नेहरूलाई हामी सम्पूर्ण तयारी भएका घरहरू उपलब्ध गराउँछौँ । कुनै करकापको शैलीबिना जनताले पार्टीको प्रस्ताव सहज रूपमा स्विकारेकाले हाम्रो समाजवाद बलद्वारा हैन, सल्लाहद्वारा अघि बढिरहेको छ ।' किमका कुराले प्रश्रितहरूलाई पनि नयाँ ढङ्गले काम गर्दै अघि बढ्नुपर्दछ भन्ने प्रेरणा मिलेको थियो ।

मोदनाथ प्रश्रित फेरि पनि कमरेड किमइल सुङको मृत्युपश्चात्को आमन्त्रणमा उत्तर कोरिया गए । दोस्रो पटक उनी कमरेड २०५२ सालमा किमजोङ उलको नेतृत्वको बेला कोरियाकै

सरकारको निमन्त्रणामा नेपाली सांस्कृतिक टोलीमा आबद्ध कलाकारसहित उत्तर कोरिया गएका थिए । त्यस पटक उनीहरू हप्ता दिन कोरिया बसेका थिए । त्यस बेला प्रश्रित प्रमुख अतिथिको रूपमा उत्तर कोरिया पुगेका थिए । त्यहाँका उच्च ओहदाका कमरेडहरूबाट उत्तर कोरियाको प्रगतिबारे प्रश्रितहरूलाई जानकारी दिइएको थियो । साथै त्यहाँका छेउछाउका खेती र उद्योगको पनि उनीहरूलाई अवलोकन गराइएको थियो । साथै प्रश्रितहरूले पनि नेपालको सांस्कृतिक गतिविधिका विविध पक्ष प्रस्तुत गरेका थिए ।

उत्तर कोरियाको भ्रमण सकेपछि मोदनाथ प्रश्रितले भनेका थिए– 'किमजोङ उल आफैँ इन्जिनियर पनि भएकाले विकास निर्माणका कामहरूमा आफैँ पनि खट्ने र अरूलाई सल्लाह दिने गर्दा रहेछन् । त्यहाँ मैले पहिलेभन्दा धेरै प्रगति भएको देखेँ । त्यहाँ कोही पनि निर्धो, दुब्लो, गरिब मानिस प्राय: देखिएन ।'

मोदनाथ प्रश्रितहरू उत्तर कोरिया पुगेताका किमजोङका पिताको निधन भएको रहेछ । त्यसैले किमजोङ बर्खीमा रहेकाले प्रश्रित समूहसँग उनले भेट गर्न सकेनन् । तर उनका विश्वस्त सहचारीहरूले उत्तर कोरियाको वर्तमान विकसित स्वरूप प्रगतिबारे पर्याप्त रूपमा कुराकानीका साथै त्यहाँको अनुभव पनि सुनाएका थिए ।

**बङ्गलादेश**

मोदनाथ प्रश्रित शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री भएका बेलाको कुरा हो– प्रश्रितको नेतृत्वमा २०५२ साल साउन १३ र १४ गते केही पछि हुने बेइजिङ महिला सम्मेलनको सन्दर्भमा एउटा समूह बङ्गलादेश पुगेको थियो । उनीहरू पुग्दा त्यहाँ ठूलो सङ्ख्यामा नारीहरूको उपस्थिति भइसकेको थियो । नेपालको नजिकैको देश भए तापनि प्रश्रित बङ्गलादेशमा धेरै पछि मात्र पुगेका थिए । त्यस बेलाको भ्रमणपछि उनले बङ्गलादेशलाई पनि निकै सुन्दर देशका रूपमा हृदयगम गरेका थिए ।

बेइजिङ महिला सम्मेलनको सन्दर्भमा आआफ्ना धारणा कसरी प्रस्तुत गर्ने भन्ने विषयमा त्यस देशमा छलफलको कार्यक्रम राखिएको थियो । नेपाल र बङ्गलादेशको सल्लाहबाट बेइजिङ महिला सम्मेलनमा दुवै देशका महिलाहरू सहभागी थिए । बङ्गलादेशबाटै रूपरेखा कोरिएका आधारमा नेपालबाट सहभागी तोकिएका थिए । केही समयपछि चीनको बेइजिङ महिला सम्मेलन भव्य रूपमा सम्पन्न भएको थियो । मोदनाथ प्रश्रितलगायत अन्य नेताहरू पनि त्यस सन्दर्भमा पुगेका थिए ।

**पाकिस्तान**

पाकिस्तानमा २०५२ साल मङ्सिर १२ गतेदेखि १८ गतेसम्म लेखक बुद्धिजीवीहरूको अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो । त्यही सम्मेलनमा भाग लिन मोदनाथ प्रश्रितहरू पाकिस्तान पुगेका थिए । त्यस बेलाको प्रसङ्गमा प्रश्रितले भने– 'हामीहरू ठीक समयमा त्यहाँ पुग्न सकेनौँ र अलि ढिलो नै पुग्यौँ । धेरै देशबाट प्रतिनिधि आएकाले अगाडिका स्थान खचाखच भएका थिए । त्यसैले हामी पछाडिको पङ्क्तिमा पऱ्यौँ । अन्तर्राष्ट्रिय प्रतिनिधिहरूको ज्यादै ठूलो सङ्ख्या भएकाले हामीले आफ्ना रचना र विचार प्रस्तुत गर्नसमेत पनि पाएनौँ ।' सम्मेलन पनि भीडभाडकै रूपमा चलेको भए तापनि प्रश्रितका केही परिचित साथीहरू पनि त्यहाँ भेटिएका थिए ।

मोदनाथ प्रश्रितहरूले त्यस बखत पाकिस्तानको भूमिको सरसरी निरीक्षण गरेका थिए । त्यहाँ उनीहरूले तक्षशिला विश्वविद्यालयको विराट् भग्न अवस्था पनि हेरेका थिए । साथै त्यसै बेला उनीहरू सिन्धु नदी पनि पुगेका थिए । 'प्राचीन संस्कृत व्याकरणकार पाणिनि त्यहाँबाट पूर्वतिर लागेर पर्वतीय क्षेत्रतिर गएर शिवको आराधना गरी संस्कृत व्याकरणका सूत्रहरूको रचना गरेको' बेहोरा त्यहाँ उनले आफ्ना सहकर्मीहरूलाई बताएका थिए ।

### अमेरिका

पूर्वीय देशहरूभन्दा धेरै पछि उदाएको पश्चिमी गोलार्धको संयुक्त राज्य अमेरिकामा पनि मोदनाथ प्रश्रित पुगेका थिए । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको निम्तोमा उनी २०७० साल मङ्सिर ११ गते उनकी पत्नी कवितासहित वासिङटन डिसी पुगेका थिए । उनले आफ्ना साथीहरूसँग वासिङटन डिसीको अवलोकन गरे । उनी अमेरिका पुगेको पाँचौँ दिनमा भर्जिनियामा तेस्रो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन सम्पन्न भएको थियो । सम्मेलनपछि मोदनाथ प्रश्रित र कविता पौडेल आफ्नी ठूली छोरी शैलू शर्मा र ज्वाइँ घनश्याम ढुङ्गाना बसेको ठाउँ नर्थ क्यारोलिना पनि पुगे । उनलाई डिसीबाट नर्थ क्यारोलिना मोटरबाट लगिएको थियो । त्यसरी मोटरबाट यात्रा गर्दा बीचको बाटोबाट देखिएका प्राकृतिक दृश्य उनलाई अद्भुत राम्रो लागेको थियो । उक्त साहित्य सम्मेलनमा प्रश्रितले यही रहने साहित्य स्रष्टाहरूले विज्ञानमुखी अध्ययन सोच सिर्जनामा अग्रसर हुनुपर्छ भन्ने विषयमा जोड दिएका थिए । त्यस समयमा उनले अमेरिकाका विविध क्षेत्रमा भ्रमण गरेका थिए ।

### क्यानडा

मोदनाथ प्रश्रित र कविता पौडेल आफ्ना छोरीज्वाइँ रचना पोखरेल र नवीन पोखरेललाई भेट्न अमेरिकाबाट क्यानाडा पुगेका थिए । क्यानाडा पुग्नासाथै मोदनाथ प्रश्रित बोलेका थिए– 'क्यानडा त निकै भिन्न प्रकृतिको देश रहेछ ।' 'क्यानडाको माथिल्लो भागका बस्ती समुद्री सतहमा सयौँ प्राणी पौडेजस्ता देखिएको उनले अनुभूत गरे । अनि ती छरिएका भूभागमा मान्छेहरू कतै चार महिना कतै छ महिना आदि ढङ्गले बस्ने र तल्लो न्यानो भागमा आउने गर्दा रहेछन्' भन्ने पनि प्रश्रितले त्यस बेला प्रत्यक्ष देख्न र सुन्न पाएका थिए ।

# मोदनाथ प्रश्रितका पुरस्कारहरू

नेपाली भाषासाहित्यको श्रीवृद्धिका लागि मोदनाथ प्रश्रितको भूमिका गहन छ । उनले नेपाली भाषाको अन्तर्राष्ट्रिय विस्तारका लागि दिएको योगदान इतिहासमा सुरक्षितै छ । बाल्यकालदेखि नै उनी जसरी नेपाली भाषासाहित्यमा समर्पित भए त्यसै गरी नेपाली समाजबाट पनि उनी सम्मानित हुँदै गए । उनका योगदानका कारण उनले समयसमयमा विविध पुरस्कारहरू पनि प्राप्त गर्दै जान थाले ।

मोदनाथ प्रश्रितले नौदस वर्षकै उमेरमा दशावतार स्तुति, मातृभक्ति, पितृभक्ति, गुरुभक्ति आदि कविता रचेर महागुरु दधिराम मरासिनीबाट पुरस्कृत भएका थिए । २०१० सालको कुरा हो– उनी हरिहर संस्कृत पाठशालाका प्रधानाध्यापक दधिराम मरासिनीका हातबाट पुरस्कृत भएका थिए । त्यस बेला नै उनले स्कुलका तर्फबाट पाँच रुपियाँ पुरस्कार प्राप्त गरेका थिए । त्यस पुरस्कारसँगै अबिर जात्रासमेत गरेर उनलाई विद्यार्थीहरूको जुलुससहित सोही गाउँको परिक्रमा गराइएको थियो ।

मोदनाथ प्रश्रितको लेखनकार्य सानैदेखि बढोत्तरी हुँदै गयो । आफ्नो प्रतिभा देखाएर उनी २०२१ सालमा पनि पाल्पाको तानसेनमा सम्पन्न लुम्बिनी अञ्चल साहित्यिक सम्मेलनबाट आयोजित प्रतियोगितात्मक निबन्धमा प्रथम भएका थिए । त्यसबापत उनले स्वर्णपदक प्राप्त गरेका थिए ।

मोदनाथ प्रश्रितले २०२३ सालमा 'मानव' महाकाव्यका लागि मदन पुरस्कार पाएका थिए । पहिलापहिला यो पुरस्कारको ठूलो इज्जत थियो । त्यसैले पाँच हजार रुपियाँ राशिको यो सम्मानले प्रश्रितको पनि खूबै नाउँ चलेको थियो । खास गरेर २०४५ सालसम्म मदन पुरस्कार गुठीले आफ्नो मर्यादा धानेकै थियो । त्यसपछि नातापाता, दलबल र चाकरीदारको चङ्गुलबाट प्राय: यो बाहिर जान सकेन भन्नेहरू पनि छन् ।

मोदनाथ प्रश्रितलाई २०५२ सालमा भवानी भिक्षु पुरस्कार समर्पण गरिएको थियो । साथै उनी २०५५ सालमा बाबा ओमवीर पुरस्कार, २०५६ सालमा हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार, २०५८ सालमा सिद्धार्थ साहित्य पुरस्कार, २०६४ सालमा महाकवि देवकोटा पुरस्कार, २०६६ सालमा महाकवि देवकोटा शताब्दी सम्मान, २०६६ सालमा नै जनमत प्रकाशन पुरस्कार, २०६८ सालमा दीपज्योति पुरस्कर, २०७० सालमा गोकुल जोशी पुरस्कार, २०७५ सालमा कर्मयोगी गणेशमान सैँजू पुरस्कर, २०७५ सालमा नै गोपालप्रसाद रिमाल पुरस्कार, २०७६ सालमा जीवराज आश्रित पुरस्कार र २०७९ सालमा यात्री वाङ्मय पुरस्कारबाट सम्मानित भएका थिए । प्रश्रितलाई सन् २०१३ मा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अमेरिकाबाट 'जनसांस्कृतिक नायक'को उपाधिले विभूषित गरिएको थियो । त्यस बखत उक्त संस्थाको अध्यक्ष गीता खत्री थिइन् । खत्रीको कार्यकालमा नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तारका लागि महत्त्वपूर्ण कार्यहरू भएका थिए ।

मोदनाथ प्रश्रितलाई राज्यस्तरबाट २०७१ सालमा 'उज्ज्वल कीर्तिमय राष्ट्रदीप विभूषण'द्वारा विभूषित गरिएको थियो । सरकारी स्तरबाटै उनले भानुभक्त स्वर्णपदक (२०७१), भानुभक्त प्रज्ञापुरस्कार (२०७१) र भानुभक्त पुरस्कार (२०७१) ग्रहण गरे । साथै २०७१ सालमा नै उनलाई त्रिमूर्ति पदक र २०७६ सालमा सत्यमोहन जोशी शताब्दी पदकले पनि सम्मान गरिएको थियो ।

मोदनाथ प्रश्रित नेपाल प्रज्ञाप्रतिष्ठानबाट प्रदान गरिने त्यहाँको सबैभन्दा ठूलो पुरस्कारबाट पनि पुरस्कृत भएका थिए । 'नेपाली वाङ्मयका संस्कृति, साहित्य एवम् दर्शनलगायत बहुविधामा सुदीर्घ साधना गरी नेपाल राष्ट्रको गौरव बढाउनमा विशिष्ट योगदान पुऱ्याउनु भएको हुँदा तपाईं श्री मोदनाथ प्रश्रितज्यूलाई वि.सं.२०७० को 'पृथ्वीप्रज्ञा पुरस्कार' ससम्मान प्रदान गरिएको छ' उल्लेख गरेर उनलाई सो पुरस्कार प्रदान गरिएको थियो । प्रश्रितले पाउनुअघि कुनै पनि स्रष्टाले पछिल्लोपल्ट 'पृथ्वीप्रज्ञा पुरस्कार' पाउने स्रष्टा देख्न पाएका थिएनन् । प्रश्रित नै पहिलो स्रष्टा हुन्, उनीभन्दा पछाडि सो पुरस्कार पाउने प्रा.डा.तारानाथ शर्मा र शताब्दी पुरुष डा.सत्यमोहन जोशीलाई उनले देख्न पाएका थिए । प्रश्रितभन्दा ठीक अघिचाहिँ सो पुरस्कार गोविन्दबहादुर मल्ल 'गोठाले'ले २०६० सालमा पाएका थिए । त्यसपछि २०७० सालमा प्रश्रितलाई सो पुरस्कार प्रदान गरिएको थियो ।

पछिल्ला दिनहरूमा प्रज्ञाप्रतिष्ठानमा दलहरूका कट्टर समर्थक मात्र अधिकांश पदाधिकारी र सदस्य छानिने परिपाटी हुन थाल्यो । त्यसैले त्यहाँबाट प्रदत्त प्राय: सबै पुरस्कारहरू पनि विभिन्न दलको भागबन्डामा प्रदान गर्न थालियो । नेपाल कम्युनिस्ट पार्टी (एमाले) पनि शक्तिमा भएका बखत एमालेद्वारा प्रज्ञाप्रतिष्ठानमा पुऱ्याइएका व्यक्तिको बहुमतका कारण प्रश्रितले 'पृथ्वीप्रज्ञा पुरस्कार' प्राप्त गरेका थिए भन्ने हल्ला चलाइएको थियो । वास्तवमा प्रश्रितचाहिँ नेपाली साहित्यका महारथीमध्येका एक भएकाले उनलाई खोट लगाउनु पर्ने ठाउँचाहिँ थिएन । साथै त्यस बेला नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति वैरागी काइँला थिए र उनी नेपाली काङ्ग्रेसका हिस्साबाट प्रज्ञाप्रतिष्ठानका कुलपति भएका थिए । तर प्रश्रितलाई समर्पण गरिएको पुरस्कारचाहिँ उनीभन्दा अग्रजहरूलाई समेत मिचेर प्रदान गरिएको भन्ने टीकाटिप्पणीले ठाउँचाहिँ ढाकिरह्यो । नेपाल प्रज्ञाप्रतिष्ठानले राष्ट्रकवि माधव घिमिरेलाई चाहिँ 'पृथ्वीप्रज्ञा पुरस्कार'का लागि गन्ती नै नगरेर अपमान गरेको बेहोराले प्रश्रित पनि खिन्नै थिए ।

मोदनाथ प्रश्रित सम्मानित भएको अर्को पुरस्कार थियो– 'नइ देरुनीख सुकीर्ति पुरस्कार।' २०७३ सालमा उनले यो पुरस्कार नेपाली भाषासाहित्यमा छ दशकअघिदेखि अहोरात्र समर्पित रहँदै पृथ्वीनारायण शाहको नेपाल एकीकरणबारेको महत्ता जनजनमा फैलाउनुका साथै संस्कृति, चित्रकला र आयुर्वेदका क्षेत्रमा समेत पुऱ्याएको गरिमाशाली योगदानका निम्ति प्राप्त गरेका थिए। २०७७ सालमा उनलाई 'नइ रजत महोत्सव पदक' पनि प्रदान गरिएको थियो। प्रश्रितको विशिष्ट योगदानलाई कदर गर्दै विविध सङ्घसंस्थाबाट उनलाई दर्जनौँ सम्मान र पुरस्कार अर्पण गरिएको थियो।

•

मोदनाथ प्रश्रितका सम्मानमा चूडामणि रेग्मीको परिकल्पना र संरक्षकत्वमा २०६८ साल असार ४ गते भैरहवामा प्रश्रित प्रतिष्ठानको स्थापना गरिएको थियो। डा.बालकृष्ण थापाको अध्यक्षतामा सम्पन्न भेलाले प्रा.डा.कपिल लामिछानेलाई सो प्रतिष्ठानको अध्यक्ष छानेको थियो। साथै प्रश्रितका सम्मानमा रेग्मीकै सम्पादनको 'जुही'ले एउटा विशेषाङ्क पनि प्रकाशनमा ल्यायो। यस विशेषाङ्कमा १८९ जना व्यक्तिका लेख, रचनाले १२२६ पृष्ठ ढाकेको छ। २०६८ सालमा प्रकाशित यो ग्रन्थ उनको जीवनको महत्त्वपूर्ण प्राप्ति हो। साथै २०६८ सालमा नै वासुदेव अधिकारीको सम्पादनमा प्रकाशित 'शब्द संयोजन'ले पनि प्रश्रितको सम्मानमा विशेष र विशिष्ट कोटिको विशेषाङ्क प्रकाशनमा ल्यायो। यो ग्रन्थ रहरलाग्दो, गहकिलो र खँदिलोसमेत पनि देखियो। ४२८ पृष्ठको यस ग्रन्थमा शताब्दी पुरुष डा.सत्यमोहन जोशीलगायत ८० जना व्यक्तिका लेख, रचना रहेका छन्। प्रश्रितको जीवनमा यो कृति गौरवशाली मानिन्छ।

डा.मोदनाथ प्रश्रित ओपन इन्टरनेसनल युनिभर्सिटी कम्प्लिमेन्ट्री मेडिसिन, अल्मायाताबाट सन् २००२ मा डाक्टर अफ फिलोसफी (पिएचडी) उपाधिबाट समेत सम्मानित भएका थिए।

# मोदनाथ प्रश्रितका कृतिहरू

मोदनाथ प्रश्रितले धेरै लेखे । उनले लेखेका झन्डै दुई हजार तीन सयओटा फुटकर लेख, रचना प्रकाशित भए । यसबाहेक उनले पाँच सय सात जना लेखकका कितापमा भूमिका लेखे । नेपाली भाषासाहित्यमा लेखेर नथाक्ने महाकवि लक्ष्मीप्रसाद देवकोटापछि दुईचार जनाको स्रष्टाको नाउँ भन्नुपर्दा प्रश्रितको पनि नाउँ उल्लेख गरे हुन्छ । नेपाली साहित्यका अविश्रान्त साधक प्रश्रितले धेरै चाहिँ वामपन्थी विचारलाई शिरैमा राखेर लेखे । राजनीतिक विचारले ओतप्रोत भए तापनि उनी धाराप्रवाह आफ्नो सिद्धान्त लेखिदिन्थे । उनका लेख पत्रपत्रिकामा छापिएपछि विपरीत खेमाका राजनीतिक पाठकले पनि खोजीखोजी ती लेख पढ्ने गर्थे ।

पछिल्ला दिनमा सम्बन्धितहरूले शक्तिको मातमा परेर नेपाल कम्युनिस्ट टुक्र्याएपछि आफ्ना लेख सम्झेर मोदनाथ प्रश्रित धेरै खिन्न भए । उनले भने– ‘रातोदिन पार्टीलाई बचाउन, फक्र्याउन र बलियो पार्न लागियो । त्यसबीचमा कति जिउँदै मरियो र कति मरेर पनि बाँचियो । तर एकाधको सनकले गर्दा पार्टी नै तहसनहस भयो । पार्टीमा यतिका दिन पसिना बगाएको त यिनीहरूले निरर्थकै पारे ।’ तर मोदनाथ प्रश्रितले जेजसरी चित्त दुखाए तापनि उनका ती लेख, रचनाहरू नेपाली भाषाका भण्डारमा थुप्रिएका नै छन् । लेख्ने क्रममा उनले जेजस्ता तीतामीठा राजनीतिक लेख लेखे तापनि उनका धेरै कृतिले नेपाली साहित्यमा आफ्नो वर्चस्व स्थापितै गरे । जसले गर्दा

उनी सुपरिचित मात्र नभएर सर्वमान्य साहित्यकार पनि बने । वास्तवमा उनीद्वारा लेखिएका केही राम्रा कृतिको मात्रै चर्चा गर्ने हो भने पनि उनी नेपाली साहित्यका नअस्ताउने घाम भए । उनले लेखेका कृतिहरू यस प्रकार छन्–

१. 'नवीन नेपाली हितोपदेश'– मोदनाथ प्रश्रितले पञ्चतन्त्रको नेपाली अनुवादका केही अंश पढ्ने अवसर पाएका थिए । पञ्चतन्त्र पढेपछि उनलाई 'हितोपदेश'को नेपाली अनुवाद गर्न मन लागेको थियो । अनि उनले मित्रलाभ खण्डको अनुवाद गरे । अनि उनले त्यस कृतिको नाउँ 'नवीन नेपाली हितोपदेश' राखे । त्यो किताप उनले २०१५ सालमा बनारसबाट एक हजार प्रति छपाएर गाउँ लगे । त्यतिखेर उनले त्यस कितापको खुबै प्रचार गरेका थिए ।

२. 'आमाका आँसु'– मोदनाथ प्रश्रितको दोस्रो कृति २०१९ सालमा 'आमाका आँसु'नामक कवितासङ्ग्रह प्रकाशनमा आयो । यस सङ्ग्रहबारे उनी भन्छन्– 'मैले नयाँ भाव र विचारका कविता रचेँ । म बनारस पढ्न गएको बेला 'आमाका आँसु' मैले प्रकाशित गरेको थिएँ ।

३. 'बुबा खै ?'– २०२० सालमा मोदनाथ प्रश्रितको 'बुबा खै ?'नामक शीर्षकको काव्य प्रकाशनमा आयो । यस काव्यबारे कवि भन्छन्– 'पश्चिम नेपालका महान् विद्वान्, हाम्रा मावली हजुरबा दधिराम मरासिनी काशीवास गर्न आउनुभएको थियो । केही समयपछि म विश्वविद्यालयको डेराबाट उहाँलाई भेट्न त्यहाँ गएको थिएँ । अनि मैले 'बुबा खै ? दर्शन गर्न' भनी सोध्दा 'उहाँ बित्नुभो' भनी हजुरआमाले भन्नुभयो । त्यही 'बुबा खै ?' शीर्षक राखी छ घण्टामा काव्य पूरा गरेर मैले छपाएँ । त्यो कृति मैले तेह्रौँ दिनमा आगन्तुकहरूलाई प्रदान गरेँ । त्यसको प्रकाशन हजुरआमा गोपिकादेवीले गर्नुभएको थियो ।

४. 'मानव'– मोदनाथ प्रश्रितको प्रसिद्ध कृति 'मानव' (महाकाव्य) २०२३ सालमा छापिएको थियो । समान मर्यादाका जनता सबैले आआफ्नो धर्म, संस्कृति र रुचिअनुसारको जीवन चलाउन पाउनुपर्ने भनी मूल उद्देश्यले प्रेरित भएर कविले यो महाकाव्य रचेको बयान दिएका छन् । कसैका शासनबाट जनतामा भेदभाव हुन नहुने; नारी, पुरुष र जातजातिमा विभेद हुन नपाउने ध्येयमा यो कृति केन्द्रित छ ।

५. 'पचास रुपियाँको तमसुक'– मोदनाथ प्रश्रितको 'पचास रुपियाँको तमसुक'नामक नाटक २०२८ सालमा प्रकाशनमा आयो । ठूला ठालु भनिने सामन्त साहूहरूले श्रमिक या सर्वसाधारण जनतालाई 'पचास रुपियाँ' ऋण दिएर प्रशस्त कज्याउने र ऋण बढाउँदै गरिबको जग्गा कब्जासमेत गरी धेरैलाई सताउने प्रवृत्तिमा यो कृति केन्द्रित छ । यो कृति सामन्तवादको अवसान र समताभावको ध्येयतिर अग्रसर छ ।

६. 'नयाँ जनवादी संस्कृति'– नेपालको राजनीति २००७ सालसम्म पूर्ण रूपमा निरङ्कुश तन्त्रको हुकुमी प्रवृत्तिमा नेपाल मस्त थियो । अनेक शाखाका मानवसमुदायमा केन्द्रीय सत्ताले जकडेको स्थितिले मान्छेहरूका जातपात भरेङका सिँढीजस्तै थिए । विज्ञान प्रविधि क्षेत्रका मान्छे अछुत तल्ला जात, कोही माथिल्ला जात; पुरुषले जति विवाह गरे पनि हुने, नारीले अपहेलित भई अर्को विवाह गर्दा जात तल खस्ने आदि जस्ता प्रवृत्तिले जातीय भेदभाव, चरम विभेदकारी कुसंस्कृतको झलक यस कृतिमा दिइएको छ । त्यस प्रवृत्तिको विरुद्ध 'नयाँ जनवादी संस्कृति' अघि सारेर सबै क्षेत्रबाट हैकम र शासन हटाई समतामय विश्वव्यापी मानवीय समताको निर्माणतिर अघि सर्न, प्रेरणा जगाउने ध्येयले 'नयाँ जनवादी संस्कृति' अघि बढाउने अभियानका निम्ति मोदनाथ प्रश्रितको यो कृति अगाडि आएको हो ।

७. ‘देवासुर सङ्ग्राम’– मोदनाथ प्रश्रितले ‘देवासुर सङ्ग्राम’नामक महाकाव्य २०३० सालमा प्रकाशनमा ल्याए । यस पृथ्वीको माथिल्लो भाग शीतल रहेकाले मानवजातिका रङ्ग गोरो हुने, भूमध्यवर्ती भूभाग कम गोरो हुने र भूमध्यरेखाको तल्लो भागवरिपरि प्रचण्ड गर्मी हुने हुनाले शारीरिक वर्णमा फरकफरक स्थिति देखेर सेताले कालालाई हेप्ने प्रवृत्ति सुरुदेखि नै बढ्दै आएको प्रश्रितको अध्ययनको गहिरो विषय थियो ।

गोरा जातिले आफूलाई विशिष्ट ठान्ने, मध्यम गोरालाई केही नजिक ठान्ने, काला वर्णकालाई घृणा गरी तल्लो स्तरका ठान्ने प्रवृत्ति देखेर सबै वर्ण र रङ्गका महिला र पुरुषले विवाह गर्दा शारीरिक वर्ण र संस्कार पनि फरक, गलत सोच, देव, मानव, असुर, यक्ष, रक्ष आदि नितान्त भिन्नभिन्न हुन् भन्ने सङ्कीर्ण र अवैज्ञानिक सोच आयो भन्ने मोदनाथ प्रश्रितको निष्कर्ष छ । त्यसको समाधानको पक्षपोषण गरी सबै वर्णका देव, मनुज, यक्ष, रक्ष आदि सबै समान अङ्गप्रत्यङ्ग चेतना भएका हुन् भन्ने अवैज्ञानिक सोच समाप्त गरी सबै वर्णले पृथ्वी सुशोभित छ, सबैको मर्यादा समान हुनुपर्छ भन्ने ध्येय ‘देवासुर सङ्ग्राम’को प्रमुख उद्देश्य भन्ने बेहोरा प्रश्रितले व्यक्त्याएका छन् ।

‘देवासुर सङ्ग्राम’ लेख्नुपर्दाको थप उद्देश्यमाथि प्रकाश पार्दै मोदनाथ प्रश्रितले आफ्नो धारणा राखे– ‘स्वर्ग पृथ्वीको माथिल्लो भाग हो । त्यो भूभाग शीतलमय हुनाले त्यहाँका मानिस गोरा भए । त्यसैले तिनलाई देवजाति भनियो । पृथ्वीको मध्यभागका मानिस प्रायश: गहुँगोरा छन् । देवजाति र मानवजातिको निकट व्यवहार राम्रो छ । पृथ्वीको तल्लो भाग प्रचण्ड गर्मी भएकाले त्यहाँका मानिस अधिकांशमा कालो वर्णका हुनाले तिनलाई राक्षस भनी हेपियो ।’

८. ‘देशभक्त लक्ष्मीबाई’– मोदनाथ प्रश्रितकृत ‘देशभक्त लक्ष्मीबाई’ २०३१ सालमा प्रकाशित उपन्यास हो । प्रश्रित सानैदेखि पितृसत्तात्मक समाजको घोर विरोधी थिए । त्यसैले उनले आफ्नो लेखनको शीर्षक नै ‘देशभक्त लक्ष्मीबाई’ बनाए । लामो परम्परादेखि नारीजाति अपमानित हुँदै आएको स्थितिमा देशभक्त लक्ष्मीबाईले अन्याय र असमानताविरुद्ध ठूलो सङ्घर्ष गरेर विश्वलाई नै नारीजातिको करामत देखाइन् भन्ने मान्यतालाई उनले आफ्नो उपन्यासको प्रमुख विषय बनाए । उनले सामन्तवादी पुँजीवादी हैकमको प्रवृत्तिलाई समाप्त गरी नारीपुरुषको मर्यादा अधिकार समान हुनुपर्छ भन्ने विराट् उत्प्रेरणा दिएकीले देशभक्त लक्ष्मीबाईलाई प्रमुख सङ्घर्षशील पात्रका रूपमा यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

९. ‘जीवाणुदेखि मानवसम्म’ (जीवशास्त्र प्रबन्ध)– मोदनाथ प्रश्रितको यो प्रबन्धसङ्ग्रह २०३१ सालमा प्रकाशनमा आयो । यस कृतिको लेखनबारे प्रश्रित भन्छन्– ‘यो विराट् प्रकृति ब्रह्मको शक्ति समन्वयबाट सृष्टिको थालनी र क्रमिक विकासबाट सानो जीवाणुदेखि उच्च स्तरको मानवसम्मको विकास क्रमिक रूपले यहाँसम्म आइपुगेको हो । यो नियम बुझ्न नसक्ता सबै प्राणीहरूका वंशपरम्परा उस्तै रहन्छन् भन्ने अन्धविश्वासलाई चिर्दै विज्ञानले सामान्य सानो जाति क्रमिक रूपले यहाँसम्म विकसित भयो र अझ विकसित हुँदै छ भन्ने विविध मार्ग प्रस्तुत गर्दा असङ्ख्य जीवहरूको विकासक्रम बुझ्न बुझाउन’ प्रश्रितबाट यो कृति नेपालीमा तयार गरिएको हो ।

१०. ‘आमाको काखमा’ (नाटक)– राजनीतिक वातावरण फेरिए तापनि नेपाली जनताले खेप्नुपरेको अन्याय, अत्याचार र शोषणको अवस्थामा खासै हेरफेर नभएको मोदनाथ प्रश्रितले महसुस गरे । अनि २०३२ सालमा उनले ‘आमाको काखमा’ नाटक लेखे । भूमिसुधार, सुकुमबासी समस्या, पुनर्वासका

सरकारी घोषणाहरू गरिब जनतालाई नभएर सत्ताधारी प्रतिनिधिका धन भण्डार बढाउने, 'फर्क हे फर्क नेपाली' भने पनि रोजगारी नपाउने आदि जस्ता समस्या समाधान गर्न शोषित वर्गहरू सङ्गठित रूपले सङ्घर्षमा अघि लगाउने हेतुले प्रश्रितले यस नाटकको सिर्जना गरे ।

११. 'नारी बन्धन र मुक्ति'– मोदनाथ प्रश्रितले 'नारी बन्धन र मुक्ति'नामक कृति सामाजिक जागरणका लागि भनेर २०३३ सालमा प्रकाशनमा ल्याए । यो समाजशास्त्रीय प्रस्तुत कृति मोदनाथ प्रश्रितको प्रख्यात प्रबन्ध मानिन्छ । नेपालजस्तो हाम्रो देशमा नारीहरू पुरुषद्वारा दबाइएका बेहोरालाई आत्मसात् गरी प्रश्रितबाट यो कृति लेखिएको हो । अनेक लैङ्गिक विभेदविरुद्ध समताभावका निम्ति सङ्घर्ष र समाधान आवश्यक छ भन्ने मनसाय राखेर यस कृतिको निर्माण भएको हो ।

१२. 'देवकोटाको वैचारिक विकास'– महाकवि देवकोटाको साहित्य सिर्जनाको प्राथमिक सोचदेखि समाजवादी चिन्तनसम्मका वैचारिक विकासक्रमको व्यवस्थित रूपले अघि बढेको स्थितिको मूल्याङ्कन गरी लेखिएको मोदनाथ प्रश्रितको यो प्रबन्धसङ्ग्रह विशेष चर्चित पनि रह्यो । यो कृति २०३५ सालमा प्रकाशनमा आएको थियो ।

१३. 'शहीदको रगत'– मोदनाथ प्रश्रितकृत 'शहीदको रगत' गीतिकविता हो । २०४० सालमा प्रकाशित यस सङ्ग्रहमा मानिसले समाजको पछौटेपन, दमन, शोषण आदिआदि विरुद्ध र समाजको विकासनिम्ति क्रान्ति र नवनिर्माणको आवश्यकता छ भन्ने सारांश यस सङ्ग्रहमा रहेको छ ।

१४. 'गोलघरको सन्देश'– मोदनाथ प्रश्रितकृत कृतिहरूमध्ये सानै आकारको भए तापनि 'गोलघरको सन्देश'नामक लघु काव्य विशेष चर्चित रह्यो । २०४० सालमा प्रकाशित यस कृतिबारे प्रश्रितको भनाइ रहेको छ– 'सामन्ती समाजको शोषण दमनकारी

प्रवृत्तिविरुद्ध सङ्घर्षमा अघि बढ्दै जाने क्रममा काठमाडौँको केन्द्रीय जेलभित्रको 'गोलघर'मा सात महिनाजति नेल हतकडीसहित कठोर यातना सहनुपरेको स्थितिमा यो कृति जन्मेको हो ।'

१५. 'मिल्काउनुपर्ने पुराना सांस्कृतिक अवशेषहरू'– मोदनाथ प्रश्रितको 'मिल्काउनुपर्ने पुराना सांस्कृतिक अवशेषहरू'नामक कृति २०४२ सालमा प्रकाशनमा आयो । मानवसमाज विश्वमा निकै अघि बढ्दा पनि हाम्रो देश र समाज पुराना, काम नलाग्ने कुसांस्कृतिक अवशेषहरूलाई सटीक ढङ्गले समाप्त गर्दै नयाँ विचार अघि बढाउने आदि विषयहरूमा आधारित कृति हो ।

१६. 'भूतप्रेतको कथा'– समाजशास्त्रमा आधारित अन्धविश्वास विरुद्धमा लेखिएको 'भूतप्रेतको कथा' मोदनाथ प्रश्रितले विभिन्न देशका पछौटे समाजमा धेरै मानिसले रूढिगत भूतप्रेतका कथालाई भयङ्कर डर, आतङ्कको स्थितिलाई ध्यानमा राखेर लेखेका हुन् । प्रश्रितले यस कृतिमा त्यस्तै अन्धविश्वासहरूको समाधानमुखी मनोवैज्ञानिक विश्लेषण गरेका छन् ।

१७. 'अतीतका पाइला'– मोदनाथ प्रश्रितको 'अतीतका पाइला'नामक कृति २०४२ सालमा प्रकाशित निबन्धसङ्ग्रह हो । यस कृतिमा प्रश्रितले आफू र आफन्तले भोगेका कुरा कारुणिक ढङ्गबाट प्रस्तुत गरेका छन् ।

१८. 'प्रश्रितका एक जोडा लेख'– प्रस्तुत कृति २०४३ सालमा प्रकाशित मोदनाथ प्रश्रितको निबन्धहरूको सङ्ग्रह हो ।

१९. 'नानीहरूलाई कसरी असल बनाउने ?'– यो कृति बालमनोविज्ञान र हार्दिकतासँग गाँसिएको प्रबन्ध हो । निकै सरल र मनोवैज्ञानिक तरिकाले बालबालिकाहरूलाई कसरी जागरूक, सिर्जनशील बनाउने भन्ने सन्दर्भको प्रस्तुतिको आवश्यकताले लेखिएको समाजशास्त्रीय कृति २०४४ सालमा प्रकाशित भएको हो ।

२०. 'चोर'– समाजका ठूला ठालुहरूले श्रमजीवी जनतालाई निर्ममता साथ शोषण गर्ने कारण र आफ्नो स्थिति ज्यादै कमजोर भएर मरणासन्न स्थितिमा रहेका बालबालिकाहरूले केही कुरा आफूखुसी टिपेर लैजाने बाध्यात्मक परिस्थितिको चित्रण गरिएको मोदनाथ प्रश्रित प्रस्तुत बाल उपन्यास २०४४ सालमा प्रकाशनमा आएको हो ।

२१. 'आस्था र प्रथा' (प्रश्नोत्तर)– मानवसमाजका भिन्नभिन्न स्थानमा धर्म, संस्कृति, व्यवहार, जीवनमरणका धारणाहरू केही मात्रामा समान र केही मात्रामा फरक रहेका हुन्छन् । हिमाल, पहाड, चुरे र तराईका भिन्नभिन्न आस्था र प्रथा रहने समाजका प्रवृत्तिहरू फरकफरक रूपमा रहेको यस प्रबन्धको विषय रहेको छ र मोदनाथ प्रश्रितको यो कृति २०४४ सालमा प्रकाशनमा आयो ।

२२. 'जातपात र छुवाछुतको संक्षिप्त इतिहास'– मोदनाथ प्रश्रितको यो कृति मानव जातिहरू भिन्नभिन्न भौगोलिक स्थितिमा बस्दा र फरकफरक शारीरिक वर्ण र संस्कृतिले माथिल्लो र तल्लो जात भनिने प्रवृत्ति नेपाल, भारतमा विशेष रूपले चलेको स्थितिलाई केलाएर २०४७ सालमा प्रकाशित प्रबन्ध हो । यो कुरा आदिम समाजतिर थिएन । पछिपछि भिन्नभिन्न व्यवसाय (खास गरी दर्जी, लोहार, चर्मकार) आदिलाई अछुत भन्ने चलन थियो । त्यसकै स्मरण हो यो इतिहास । अहिले भने छुवाछुत र जातपातको विभेद सामाजिक जागरणको साथै हराउँदै गएको अवस्था छ । यो क्रमशः औद्योगिक समाज विकसित हुँदै जाँदा पुरानो हेपाहा प्रवृत्ति घट्दै जान लागेको विषयमा आधारित छ ।

२३. 'केही सांस्कृतिक निबन्धहरू'– मानवसमाजमा विभिन्न भौगोलिक स्थितिले संस्कृति फरकफरक परेको हुन्छ । हिमाली क्षेत्रमा

वर्षदिनमा तीनचार पटक मात्र नुहाउने चलन थियो भने तराईमा दिनको दुई पटक नुहाउने चलन अहिले पनि छ ।

संस्कृति आत्मिक चेतनासँग गाँसिएको विषय हो । विभिन्न भूगोल र जातिहरूमा पर्यावरण परिवेशअनुसारका संस्कृतिहरू प्रचलनमा रहेका हुन्छन् भन्ने विवेचन गरी २०४७ सालमा मोदनाथ प्रश्रितले यो निबन्धसङ्ग्रहलाई प्रकाशनमा ल्याएका हुन् ।

२४. 'नेपालको एकीकरण र पृथ्वीनारायण शाह'– 'नेपालको एकीकरण र पृथ्वीनारायण शाह' राष्ट्रको उत्पति कसरी भयो भन्ने एउटा शसक्त देशभक्ति गाथाले भरिएको कृति हो । मोदनाथ प्रश्रितको यो कृति २०६३ सालमा प्रकाशनमा आयो ।

२५. 'जनसंस्कृतिको नयाँ दिशा'– हाम्रो वर्तमान संस्कृति एकाङ्गी छ । एउटै देश राष्ट्रमा सबै सँगै बसेर पानी खाने र भोजन गर्ने चलनसम्म पनि बल्लबल्ल देखा परेको छ । यसको अर्थ हो, मानिसले मानिसलाई नै समान मर्यादा गर्न सकेका छैनौँ । संस्कृतिका अर्थ संस्कार हुनु हो, समग्र देश राजनीतिक सङ्घर्षमा पुगेको बेला सामाजिक क्षेत्रमा नयाँ विचार अघि सारी त्यसलाई व्यवहारमा लागू गर्ने संस्कारले सही भविष्यतिर अधिकारसहित सही ढङ्गले अघि बढ्ने, बस्ने र दीर्घ जीवन बिताउने वातावरण बन्दै जान्छ । यो प्रक्रिया हो, नयाँ विचारको प्रभाव बढ्दै जाने अवसर हो भनेर २०४७ सालमा मोदनाथ प्रश्रितले यस दस्तावेजलाई प्रकाशनमा ल्याए ।

२६. 'केही ठट्टा : केही मर्का'– मान्छेको स्वभाव, जीवनपद्धतिलाई ध्यानमा राखेर मोदनाथ प्रश्रितले २०४७ सालमा 'केही ठट्टा : केही मर्का'नामक हास्यव्यङ्ग्य पनि प्रकाशनमा ल्याए ।

२७. 'जनसंस्कृतिको नयाँ दिशा' दस्तावेज– मानवजातिको इतिहासका प्रारम्भिक कालदेखि अहिलेसम्मको संक्षिप्त सांस्कृतिक पक्षको

युगमुखी संस्कृतिको विवेचना गरिएको छ । यस कृतिमा अहिलेको समकालीन संस्कृतिबारेको व्याख्यासमेत गरिएको छ । पुरानो संस्कृति एक प्रकार धर्मसँग गाँसिएको र पछिल्लो संस्कृति भौतिकवादी शैलीमा बाँधिएको बेहोरालाई मोदनाथ प्रश्रितले उजागर गर्ने प्रयास गरेका छन् । यो कृति २०४८ सालमा प्रकाशनमा आयो ।

२८. 'जीवनको बाटोमा'– २०४८ सालमा प्रकाशनमा आएको मोदनाथ प्रश्रितको यस कृतिमा मानिसको जीवनको लामो यात्रामा उसले कहिलेसम्म कसरी के काम गर्दै जीवनलाई सार्थक तुल्याउँदै अघि बढ्न सक्तछ ? भन्ने कुरा उल्लेख गरिएको छ ।

२९. 'जब चल्छ हुरी'– २०४९ सालमा प्रकाशनमा आएको मोदनाथ प्रश्रितको क्रान्तिकारी कृति 'जब चल्छ हुरी' गीत सङ्कलन (गीतको सँगालो) हो । प्रगतिशील नाटकहरूमा यहाँ आबद्ध गीतहरू प्रयोग गरेको देखिन्छ । विभिन्न नाटक र अभिनय आन्दोलनमा यहाँका गीत प्रयोगमा ल्याइएको थियो ।

३०. 'सपनाहरू : उपहार देशलाई'– २०४९ सालमा प्रकाशित मोदनाथ प्रश्रितको 'सपनाहरू : उपहार देशलाई'नामक कृति नाटक विधामा आधारित छ ।

३१. 'मानसपटका तस्बिरहरू'– मोदनाथ प्रश्रितको 'मानसपटका तस्बिरहरू'नामक कृति राजनैतिक, साहित्यिक, सामाजिक र जेलभित्रका विविध संस्मरण लेखहरूको सँगालो २०४९ सालमा प्रकाशनमा आएको हो ।

३२. 'अचम्मको नेपाल : विचित्रको संसार'– 'अचम्मको नेपाल : विचित्रको संसार'नामक मोदनाथ प्रश्रितको कृतिमा संसारका विविध पक्ष र दृश्य प्रसारण गरिएको छ ।

३३. 'नेपाली इतिहासको छोटो विवेचना'– २०५३ सालमा प्रकाशनमा आएको मोदनाथ प्रश्रितको प्रस्तुत कृतिमा इतिहासका कुराहरू समावेश गरिएका छन् ।

३४. 'गुटफुटविरुद्ध कम्युनिस्ट आन्दोलन र पार्टी एकताको पक्षमा'– २०५४ सालमा प्रकाशनमा आएको मोदनाथ प्रश्रितको यो कृति राजनीतिक विषयवस्तुमा आधारित छ ।

३५. 'नेपाल : गणयुगदेखि राष्ट्रयुगसम्म'– मोदनाथ प्रश्रितको 'नेपाल : गणयुगदेखि राष्ट्रयुगसम्म'नामक कृतिमा इतिहासको व्याख्या गरिएको सांस्कृतिक इतिहाससँग सम्बन्धित कृति हो । यो कृति २०५७ सालमा प्रकाशनमा आएको हो ।

३६. 'मानवताको कलङ्क जातपात र छुवाछुत प्रथा'– जातपात र छुवाछुतको विवेचना गरिएको मोदनाथ प्रश्रितको यो कृति प्रकाशन र परिचयसँग सम्बन्धित छ । २०५८ सालमा यो कृति प्रकाशनमा आएको हो ।

३७. 'बुद्ध र चाण्डाल युवती'– २०५८ सालमा प्रकाशनमा आएको मोदनाथ प्रश्रितको यो कृति गीतिनाटक हो ।

३८. 'कला, साहित्य, सौन्दर्य समीक्षा'– मोदनाथ प्रश्रितको समालोचना विधाको यो कृति २०५८ सालमा प्रकाशनमा आएको थियो ।

३९. 'वनौषधी चिकित्सा'– २०५८ सालमा 'आयुर्वेद विषयका दुई सय जडीबुटी सय रोगको उपचार' पुस्तक र योगको कृति तयार गरी तीन जना प्रशिक्षकले गुल्मीमा सात दिन, रूपन्देहीमा दस दिन र मोरङमा नौ दिन लगाई ठूला जङ्गल घुमी जडीबुटी चिनाउँदै जीवन प्रकृति सुधार्न दिइएको मोदनाथ प्रश्रितको सुझाव हो ।

४०. 'मोदनाथ प्रश्रितका सङ्कलित रचनाहरू' (खण्ड १)– २०५८ सालमा प्रकाशित मोदनाथ प्रश्रितको कविता, गीतहरूको सङ्कलन गरिएको कृति हो ।

४१. 'मोदनाथ प्रश्रितका सङ्कलित रचनाहरू' (खण्ड २)– २०५८ सालमा प्रकाशित मोदनाथ प्रश्रितको काव्यहरूको सङ्कलन गरिएको कृति हो ।

४२. 'मोदनाथ प्रश्रितका सङ्कलित रचनाहरू' (खण्ड ३)– २०५८ सालमा प्रकाशित मोदनाथ प्रश्रितको प्रस्तुत ग्रन्थ काव्यको सँगालो हो ।

४३. 'मोदनाथ प्रश्रितका सङ्कलित रचनाहरू' (खण्ड ४)– मोदनाथ प्रश्रितको २०५८ सालमा प्रकाशित प्रस्तुत ग्रन्थ उपन्यास र कथाको सँगालो हो ।

४४. 'मोदनाथ प्रश्रितका सङ्कलित रचनाहरू' (खण्ड ५)– मोदनाथ प्रश्रितको २०५८ सालमा प्रकाशित प्रस्तुत ग्रन्थ समाजशास्त्र र विज्ञानसँग सम्बन्धित रचनाहरूको सँगालो हो ।

४५. 'मोदनाथ प्रश्रितका सङ्कलित रचनाहरू' (खण्ड ६)– मोदनाथ प्रश्रितको २०५८ सालमा प्रकाशित प्रस्तुत ग्रन्थ संस्कृतिविषयक रचनाहरूको सँगालो हो ।

४६. 'मोदनाथ प्रश्रितका सङ्कलित रचनाहरू' (खण्ड ७)– २०५८ सालमा प्रकाशित प्रस्तुत ग्रन्थ मोदनाथ प्रश्रितका समालोचनाका रचनाहरूको सँगालो हो ।

४७. 'बहुमुखी प्रतिभा टीकाराम धनञ्जय'– टीकाराम धनञ्जयको जीवनी र उनका विविध कृतिको परिचय भएको मोदनाथ प्रश्रित कृति हो ।

४८. 'आदर्श गुरु पण्डित घनश्याम पौडेलको शताब्दी स्मृतिगन्थ्र'– शिक्षासेवा र जीवनीको विवरण भएको मोदनाथ प्रश्रितको प्रस्तुत कृति स्मृतिगन्थ्र हो ।

४९. 'विचार र अन्तर्सम्बन्ध'– मोदनाथ प्रश्रितको २०६२ सालमा प्रकाशित यस कृतिमा विविध विषयका निबन्धहरूको सङ्ग्रह गरिएको छ ।

५०. 'बज्रसूची उपनिषद'– मोदनाथ प्रश्रितको यो अनुवाद गरिएको कृति हो ।

५१. 'पहिले लेखिएका र अहिले देखिएका कुरा'– मोदनाथ प्रश्रित यस कृति लेखसङ्ग्रहहरूको सङ्ग्रह गरी २०६४ सालमा प्रकाशन गरिएको हो ।

५२. 'शहीदका रगत'– मोदनाथ प्रश्रितको कविताहरूको सङ्ग्रह गरी यसको प्रकाशन गरिएको थियो ।

५३. 'उहिलेका कुरा अहिले'– यो कृति मोदनाथ प्रश्रितको संस्मरणहरूको सङ्ग्रह हो ।

५४. 'आदर्श गुरु पण्डित घनश्याम पौडेलको जीवन'– मोदनाथ प्रश्रितको आफ्ना पिता आयुर्वेद, ज्योतिष, संस्कृतको मध्यमासम्मको परीक्षा; काठमाडौँ, बनारस र अर्घाखाँचीमा तीन दशकसम्म अध्यापक भएका तथ्यहरूसमेत रहेको कृति हो ।

५५. 'जन संस्कृतिको नयाँ दिशा'– यसमा राष्ट्रिय जन सांस्कृतिक मञ्चको २०४७ कात्तिक २३–२४ मा भएको सम्मेलनमा प्रस्तुत गरिएको दस्तावेजहरूको प्रस्तुति रहेको छ ।

५६. 'दर्शन र दृष्टिकोण'– मोदनाथ प्रश्रितको यस सङ्ग्रहमा दर्शनहरूका विविध पक्षको व्याख्या गरिएको छ ।

५७. 'अचम्मको नेपाल : विचित्रको संसार'– यो कृति मोदनाथ प्रश्रितको लेखहरूको सङ्ग्रह हो ।

५८. 'आम्रपाली'– मोदनाथ प्रश्रितको प्रस्तुत कृति नाटक विधाको कृति हो ।

५९. लेनिनको एक लामो कविताको मोदनाथ प्रश्रितले नेपाली भाषामा अनुवाद गरेका छन् ।

# लेखक परिचय

## नरेन्द्रराज प्रसाई

**बुबा** : जयप्रसाद प्रसाई (१९७५–२०२०)

**आमा** : भागीरथा प्रसाई (१९७६–२०६८)

**जन्म** : २०११ साल चैत २९ गते (हाङपाङ, आठराई, ताप्लेजुङ)

### शिक्षा

बीए– त्रिचन्द्र क्याम्पस

### कृति

८९ पुस्तक (जीवनी, निबन्ध, प्रबन्ध, गीत, समीक्षा, अन्तर्वार्ता, लेखनसम्पादन)

### विभूषण

- गद्दीआरोहण रजतपदक (२०५३)
- प्रबल गोरखादक्षिणबाहु (२०५७)
- वीरेन्द्रऐश्वर्य सेवापदक (२०५८)

### पुरस्कार

- जेसिस साहित्य स्वर्णपदक (२०४४)
- युवावर्ष मोती पुरस्कार (२०४९)
- राष्ट्रिय गौरव युवासम्मान (२०५३)
- उत्तमशान्ति पुरस्कार (२०६०)
- भद्र घले पुरस्कार (२०६४)

- दीपज्योति पुरस्कार (२०६७)
- देरुनीख पुरस्कार (२०६७)
- भानुभक्त प्रज्ञापुरस्कार (नेपाल सरकार : २०७१)
- भानुभक्त स्वर्णपदक (नेपाल सरकार : २०७१)
- भारती खरेल पुरस्कार (२०७३)

**बडापत्र**

- चाँदनी शाह (२०४३)
- चाँदनी शाह (२०४४)

**भ्रमण**

- १४ अञ्चलका ६१ जिल्ला
- भारत, चीन, बङ्गलादेश, थाइल्यान्ड, द.कोरिया, बेलायत र अमेरिका

**परिकल्पना तथा प्रबन्धन**

- बालकृष्ण सम शताब्दी महोत्सव (२०५९)
- डा.माधवप्रसाद घिमिरेलाई 'राष्ट्रकवि'को उपाधि (२०६०)
- देवकोटा शताब्दी महोत्सव (२०६५)
- अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन (२०६६)
- विश्वनारी नेपाली साहित्य सम्मेलन (२०७१)
- भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१)
- डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधि (२०७१)
- डा.सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष'को उपाधि (२०७४)
- प्रा.डा.वासुदेव त्रिपाठीलाई 'महासमालोचक'को उपाधि (२०७७) आदि ।

**संस्थापक तथा सदस्यसचिव**

- नइ प्रकाशन (२०५२)
- त्रिमूर्ति निकेतन (२०५९)
- वानीरा फाउन्डेसन (२०७६)

## कृति

### जीवनी

१. अठतीस अनौठा अनुहारहरू (२०४१)
२. केही चर्चित अनुहारहरू (२०४२)
३. समाजका केही चिन्तक (२०४७)
४. नेपाली भाषाका प्रमुख समालोचक (२०५४)
५. पारिजातको जीवनकथा (२०५७)
६. नेपाली सङ्गीतका शिखर (२०५९)
७. बाङ्देलको जीवनयात्रा (२०५९)
८. आदिगायक सेतुराम (२०६०)
९. दौलतविक्रम विष्टको परिक्रमा (२०६०)
१०. कोइलीदेवीको जिन्दगानी (२०६१)
११. नारीचुली (२०६३)
१२. प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरी (२०६४)
१३. कीर्तिबाबु (२०६६)
१४. देवकोटाको जीवनशैली (२०६६)
१५. महाकवि देवकोटा (२०६६)
१६. त्रिमूर्ति (२०६९)
१७. रोहितको आकृति (२०६९)
१८. नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी (२०७०)
१९. त्रिनारी रत्न (२०७१)
२०. भानुभक्त आचार्यको जीवनवृत्त (२०७१)
२१. शताब्दी पुरुष : सत्यमोहन जोशी (२०७२)
२२. सूधपा (२०७३)
२३. विद्रोही प्राज्ञ : प्रेमा शाह (२०७५)
२४. मेरी आमा भागीरथा प्रसाई (२०७६)
२५. शताब्दी पुरुषको सय वर्ष (२०७६)
२६. ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान (२०७८)

२७. झापा विद्रोहका एउटा नायक शिवप्रसाद शिवाकोटी (२०७८)
२८. मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म (२०७९)
29. A biography of Parijat (Translation by Shampo Lama : 2003)
30. A biography of Bangdel (Translation by Shampo Lama : 2003)
31. A biography of Devkota (Translation by Anukritika : 2017)
32. A biography of Dr.Satya Mohan Joshi (Translation by Anu Raj Joshi : 2017)
33. A biography of Bhagiratha Prasai (Translation by Dr. Kanchanjunga Prasai : 2021)
34. A biography of Dr.Banira Giri (Translation by Durga Banwasi : 2021)
35. A biography of Century Person (Translation by Anu Raj Joshi : 2021)
३६. वाङ्मय शताब्दी पुरुष (नेवारी भाषा, अनुवादक– अणुराज जोशी : २०७८)

**निबन्ध**

१. मेरो प्यारो कञ्चनजङ्घा (२०४८)
२. मेरो मोती पुरस्कार (२०४९)
३. जनप्रियताको नाप (२०५३)
४. अक्षरको प्रदर्शनी (२०५५)
५. नमस्कार (२०५८)
६. ठाँगे उक्लेपछि (२०६०)
७. रेलको रमाइलो (२०६१)
८. सहोदरी ठुङ (२०६२)
९. प्रिय इन्दिरा (२०६२)
10. Scaling Thange (Travelogue, Translation by Namita Singh : 2017)

**प्रबन्ध र समीक्षा**

१. दक्षिण एसियाली क्षेत्रीय सङ्गठन (२०४३)
२. शान्तिक्षेत्र : प्रस्ताव र समर्थन (२०४४)

३. श्री ५ ज्ञानेन्द्र र आजको नेपाल (२०५८)
४. राजसंस्था र नेपाली जनता (२०५९)
५. देवकोटाका कृति (२०६६)

**गीत**

१. मेरो मनको देउराली (२०४६)
२. पुग्नुपर्ने टाढा थियो (२०५४)

**अन्तर्वार्ता**

१. सामाजिक सेवा अन्तर्दृष्टि (२०४४)
२. एउटा महारथीको जबाफ (२०५७)

**लेखन तथा सम्पादन**

१. सामाजिक सेवाको नालीबेली (२०४५)
२. नेपाली साहित्यका समालोचक र समालोचना (२०५७)

**सम्पादन**

१. चाँदनी शाह : आफ्नै आकाश, आफ्नै परिवेश (२०४३)
२. चाँदनी शाहका रचना (२०४३)
३. ज्ञानज्योति (२०४९)
४. अरुणा लामा : कथा र व्यथा (२०५०)
५. महाकवि देवकोटा शताब्दी निबन्ध (२०६६)

**इन्दिरा प्रसाईसँगको लेखन**

१. विश्व नारी नेपाली स्रष्टाकोश (जीवनी : २०७१)

**इन्दिरा प्रसाईसँगको सम्पादन**

१. भारती खरेल : सृजना र समीक्षा (२०५२)
२. पौरखी पुरुष (२०५२)
३. एउटा अमर प्राज्ञ : बालकृष्ण सम (२०५४)
४. रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४)

५. गणेश गुरु : साधनादेखि समाधिसम्म (२०५४)
६. भूपाल अर्चना (२०५५)
७. उकाली ओरालीहरूमा तारादेवी (२०५६)
८. ईश्वर बराल : कृति र कीर्ति (२०५७)
९. श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७)
१०. सङ्गीतशिरोभूषण : नातिकाजी (२०५८)
११. ईश्वरवल्लभ : आयाम र आकृति (२०५९)
१२. कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०)
१३. मिश्रका कृति : कविका दृष्टि (२०६०)
१४. शरदचन्द्र भट्टराईको इतिवृत्त (२०६२)
१५. नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तार (२०६७)
१६. विश्व नारी नेपाली साहित्यको रेखाङ्कन (२०७१)
१७. चौध अञ्चलमा नारी साहित्य (२०७१)
१८. वानीरा गिरीको कृतिस्तम्भ (२०७१)
१९. कवितामा वानीरा (२०७१)
२०. विश्व नारी नेपाली साहित्यको समीक्षा (२०७२)
२१. कवितामा घटराज (२०७४)
२२. अविश्रान्त साधक : घटराज भट्टराई (२०७४)
२३. राष्ट्रकविको सय वर्ष (२०७६)

**प्रा.डा.महादेव अवस्थीसँगको सम्पादन**

१. भानु विमर्श (२०७२)

**भीष्म प्रसाईसँगको सम्पादन**

1. Nepal-Spain Relations (1983)

**इन्द्र खत्रीसँगको सम्पादन**

1. The Summit of Women Writers (Faces with Introduction : Drawings by Indra Khatri : 2007)

**पत्रिका सम्पादन**

१. कुटुम्ब साप्ताहिक (२०३९–२०४३)

२. उपकार त्रैमासिक (२०४३–२०४७)

३. प्रज्ञापत्र मासिक (२०५३–२०५५)

४. भानुमोती वार्षिक (२०५६–२०६३)

**श्रव्य सिडी (जीवनी)**

• देवकोटाको जीवनशैली (२०६६)

**गीतलेखन**

१. मिर्मिरेमा तिमीलाई (गीतिक्यासेट : २०४७)

२. यो मनले रोजेको छ (गीतिसिडी : २०५०)

३. हाँसीहाँसी जलिरहें (गीतिक्यासेट : २०५५)

४. कस्तो गरी माया बस्यो (गीतिक्यासेट : २०५६)

५. शिखा (गीतिक्यासेट : २०५७)

६. जुनी (गीतिसिडी : २०५८)

**फुटकर**

आठ सयजति फुटकर लेखरचना प्रकाशित

**नरेन्द्रराज प्रसाईबारे लेखिएका मुख्य कृति**

- **प्रा.डा.वासुदेव त्रिपाठी**

१. भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत (२०७२)

२. नरेन्द्रराज प्रसाईको जीवनीकृति मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श (२०७६)

- **प्रा.राजेन्द्र सुवेदी**

१. नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण (२०७३)

- **इन्दिरा प्रसाई**

१. नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता (सम्पादन : २०७२)

- **प्रा.डा.वीणा पौड्याल**

१. नरेन्द्रराज प्रसाईको अन्वेषणमा ललितत्रिपुरसुन्दरी (सम्पादन : २०७९)

- **नरेन्द्रराज प्रसाईविषयक त्रिभुवन विश्वविद्यालयमा एमए शोधपत्र**

१. गीता बाराकोटी : नरेन्द्रराज प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (२०६५)

२. सन्तोष खरेल : नरेन्द्रराज प्रसाईका गीतिप्रवृत्ति (२०७८)